संविधानसभा

व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति

अवधारणा पत्र सहितको
प्रारम्भिक जस्यौढा प्रतिवेदन, २०६६

संविधानसभा
व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति
संविधानसभा सचिवालय
सिंहदरबार, काठमाडौं ।
ईमेल : legislativebody@can.gov.np
वेब साइट : www.can.gov.np

संविधानसभा

व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति

अवधारणा पत्र सहितको
प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६

संविधानसभा
व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति
संविधानसभा सचिवालय
सिंहदरबार, काठमाडौं ।
ईमेल : legislativebody@can.gov.np
वेब साइट : www.can.gov.np

संविधानसभा
व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति

प.सं.
च.नं.

संविधानसभा सचिवालय
सिंहदरबार ।

मितिः २०६६/०४/१४

सम्माननीय अध्यक्षज्यू,
संविधान सभा ।

विषय : समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्वन्धी प्रतिवेदन पेश गरिएको ।

संविधानसभा, व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको मिति २०६६/०४/१२ मा बसेको बैठकको निर्णयानुसार समितिले तयार पारेको फरक मत सहित अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्वन्धी प्रतिवेदन संविधान सभा नियमावली, २०६५ को नियम ७३ अनुसार संविधान सभामा पेश गर्ने प्रयोजनका लागि सम्माननीय अध्यक्षज्यू समक्ष प्रस्तुत गर्ने निर्णयानुसार यो प्रतिवेदन प्रस्तुत गरेका छौं ।

क्र.सं.	माननीय सदस्यहरुको नाम	हस्ताक्षर	कैफियत
१.	रमेश रिजाल (सभापति)		
२.	उर्मिला महतो कोइरी		
३.	ओमप्रकाश यादव		
४.	कल्पना धमला		
५.	किरण गुरुङ		
६.	केशवकुमार बुढाथोकी		
७.	कृष्णा अमात्य		
८.	गमबहादुर श्रीष मगर		
९.	चलनबहादुर तामाङ्ग		
१०.	जयराम दाहाल		
११.	जुलीकुमारी महतो		
१२.	डम्बर सिंह सम्वाहाम्फे		
१३.	दानबहादुर कुर्मी (चौधरी)		
१४.	दामोदर चौधरी		
१५.	दावा तामाङ		
१६.	देविलाल थापा		
१७.	धिरेन्द्राकुमारी उपाध्याय		
१८.	नन्दकुमार प्रसाई		

फोन नं. ४२००१२४, ४२००१७८ । फ्याक्स : ४२००१२१ । ईमेल : legislativebody@can.gov.np

संविधानसभा
व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति

प.सं.
च.नं.

संविधानसभा सचिवालय
सिंहदरबार ।

१९.	नारायणप्रसाद पौडेल		
२०.	निमा लामा		
२१.	पूर्णबहादुर खड्का		
२२.	प्रमिला राई		
२३.	बवन सिंह		
२४.	भिमप्रसाद गौतम		
२५.	महेन्द्रध्वज जि.सी.		
२६.	महेशप्रसाद यादव		
२७.	मानसिङ्ग राजवंशी		
२८.	यशोदादेवी अधिकारी		
२९.	युवराज कार्की		
३०.	रामकुमार राई		
३१.	रामसरोज यादव		
३२.	रामेश्वरप्रसाद रौनियार		
३३.	रुपा सो.सी चौधरी		
३४.	रेणुकुमारी यादव		
३५.	ललिताकुमारी साह		
३६.	लक्ष्मणदत्त जोशी		
३७.	विजयकुमार यादव		
३८.	विश्वनाथ प्रसाद अग्रवाल		
३९.	शीला कतिला		
४०.	सन्चपाल मादेन		
४१.	संघप्रसाद थारु		
४२.	हलिना खातुन सोखिन		
४३.	ज्ञानेन्द्र कुमाल		

फोन नं. ४२००१२४, ४२००१७८ । फ्याक्स : ४२००१२१ । ईमेल : legislativebody@can.gov.np

मन्तव्य

नेपाल जाति, भाषा, धर्म, संस्कृति र क्षेत्रीयताको दृष्टिले विविधतायुक्त मुलुक हो । मुलुकको शासन संचालनमा पनि यो विविधता प्रतिविम्वित हुन जरुरी छ । २००७ सालदेखि संविधान सभाबाट संविधान निर्माण गर्ने नेपाली जनताको चाहना तथा २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनले देखाएको मार्गचित्र समेतका आधारमा हामीहरु नयाँ संविधान मार्फत नयाँ नेपाल निर्माणको अभियानमा जुटिरहेका छौं । जनताको भावना एवं देशको मौलिक विशेषताहरुलाई ध्यानमा राखेर नयाँ संविधानको व्यवस्थापिकीय अंगको निर्माण गरिनुपर्ने हुन्छ । यस अंगको स्वरुप निर्धारण गर्दा मुलुकले सामना तथा व्यवस्थापन गर्न सक्ने प्रकृति, रोजाई र सीमाहरुलाई मध्यनजर राख्दै राष्ट्रमा समग्र राजनीतिक स्थायित्व, आर्थिक-सामाजिक तथा सांस्कृतिक समृद्धि र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने दिशा तर्फ विशेष ध्यान दिन जरुरी छ ।

व्यवस्थापिकाले मुख्यतया कानून निर्माण गर्ने, कानूनलाई औपचारिकता प्रदान गर्दै अन्तिम रुप दिने कार्य गर्दछ । राज्यका लागि नीति निर्माण गरी अगाडीको बाटो तयार गर्ने निकायको आकृति, ढाँचा तथा स्वरुप निर्धारण गर्ने काम आफैमा एउटा वृहत कार्ययोजना हो । यसका लागि समितिको कार्यक्षेत्र भित्रका विषयमा विभिन्न व्यक्तित्वहरुसंग राय लिने, आम जनसमुदाय तथा विभिन्न क्षेत्रबाट सुझावहरु संकलन गर्ने, तथा सन्दर्भ सामग्रीहरुको गहिरो अध्ययन र विश्लेषण गर्ने कार्य गरिएको छ । यिनै आधारहरु तथा आफ्नै व्यवहार, शैली र सोंचको सृजनात्मक परिमार्जन र सकरात्मक परिवर्तनद्वारा नयाँ नेपालको दरिलो मार्ग तयार गर्न सकिन्छ र त्यो नै दिगो हुन्छ भन्ने तथ्यलाई हृदयंगम गर्दै यिनै मूलभूत तथ्यका आधारमा अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारिएको छ ।

वृहत लोकतान्त्रिक प्रकृयाबाट गठित संविधानसभा मार्फत जनताले आफ्नो संविधान आफै लेख्ने यात्रामा हामी अगाडी बढिरहेका छौं । आम जनसमुदायले आफ्नो राजनीतिक तथा आर्थिक, सामाजिक र साँस्कृतिक लोकतन्त्रका लागि आन्दोलन गरिरहन नपरोस् र आईपर्ने हरेक समस्या र चुनौतिहरुलाई तर्जुमा गरिने संविधानको जिवन्त स्वरुपबाट समाधान गर्दै जान सकिन्छ भन्ने विश्वास लिइएको छ । हामी प्रत्येकसंग आफुलाई परिवर्तन गर्न सक्ने शक्ति अन्तरनिहित छ । देश र जनतासंग रहेको यो शक्तिलाई तर्जुमा भइरहेको यो संविधानको माध्यमबाट प्रगतिमा रुपान्तरण गर्दै लोकतान्त्रिक संस्कारको समष्टिगत, संस्थागत विकासको मार्गमा लाग्नु आजको अपरिहार्य आवश्यकता हो ।

यो संविधानको निर्माणसंगै हामी एउटा नयाँ अध्यायको सुरुवात गर्दैछौं । यसलाई सारभुतरुपमा सफल पार्न नयाँ सोचाइ तथा नयाँ संस्कारको थालनीको आवश्यकता छ । देश र जनताको जीवनमा अर्थपूर्ण सुधार ल्याउनका लागि यो संविधानको स्थायित्व पहिलो सर्त हो । यसका लागि यो संविधानलाई आम नेपाली जनताको वास्तविक जीवनमा रुपान्तरित र प्रतिविम्बित गराउन जरुरी छ । यिनै तथ्यलाई हृदयंगम गरी व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिद्वारा आफ्ना विषयहरुमा अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा तयार पार्ने प्रयास गरिएको हो ।

अन्तमा समितिको यस महान अभियानमा अमूल्य सुझावहरु उपलब्ध गराइ सहयोग गर्नुहुने आम नेपाली जनसमुदाय प्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै समय-समयमा समितिलाई आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने विभिन्न व्यक्तित्वहरु, पत्रकार, नागरिक समाज, संघ-संस्था विभिन्न समुदायहरु, समितिको सचिवालयमा कार्यरत कर्मचारी लगायत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

धन्यवाद ।

मितिः २०६६/४/१४

रमेश रिजाल

(रमेश रिजाल)
सभापति

संविधानको प्रारम्भिक मस्यौदा

संविधानसभा
व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति

संविधानको प्रारम्भिक मस्यौदा

विषय वस्तु	संविधानमा राख्ने प्रस्तावित व्यवस्था	संविधान को कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान	प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी
भाग-१ संघीय व्यवस्था पिका	१. व्यवस्थापिकाको गठनः **(राष्ट्रप्रमुख)*** प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुनेछ जसलाई संसद भनिनेछ ।	**संघीय व्यवस्था पिका**	राज्यका तीन अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मध्ये जनताको सार्वभौमसत्तालाई प्रयोग तथा प्रतिबिम्बित गर्ने क्रममा व्यवस्थापिकाको भूमिका सबैभन्दा बढी हुन्छ । देशमा विद्यमान वर्गीय, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, र क्षेत्रगत विविधतायुक्त विशेषताहरुलाई व्यवस्थापिकामा प्रतिबिम्बित गराउनु आवश्यक छ । राष्ट्रका तर्फबाट के गर्ने भन्ने विषयको नीति निर्माण गरी कानूनका माध्यमबाट वर्तमान र भविष्यको लक्ष्य सुनिश्चित नियमन र निर्देशन गर्ने गहन दायित्व र जिम्मेवारी व्यवस्थापिकामा नै रहन्छ । व्यवस्थापिकीय अंगको गहन जिम्मेवारीको प्रकृति र स्वरुपका आधारमा संघीय व्यवस्थापिकाको शक्ति (राष्ट्रप्रमुख) र दुई सदन सहितको व्यवस्थापिकालाई सुम्पिएको छ, जसलाई संसद भनिएको छ । संघीय व्यवस्थापिकामा दुई सदन रहनुका पछाडि महत्वपूर्ण आधार र कारण छन् । यी अंगहरुको नामाकरणमा आफ्नै मौलिकता र अपनत्व समेतका आधारमा संघीय व्यवस्थापिकाको माथिल्लो सदनलाई राष्ट्रिय सभा र तल्लो सदनलाई प्रतिनिधि सभा नाम राख्न उपयुक्त ठानिएको छ ।
	२. संसदको अधिकारः संसदको व्यवस्थापिकीय अधिकार यस संविधानको अधीनमा रही यस संविधानको अनुसूची (१) को संघीय सूची र साझा सूचीमा उल्लेखित विषयहरुमा निहित रहनेछ ।		संघीय व्यवस्थापिका र प्रदेश व्यवस्थापिकाका बीचमा स्पष्ट अधिकार क्षेत्रको बांडफांड संविधानको अनुसूचीमा नै गर्नु संवैधानिक र कार्यात्मक दृष्टिकोणबाट पनि उपयुक्त र आवश्यक हुँदा अधिकार तथा विषय क्षेत्रको स्पष्ट सीमाङ्कन संविधानमै गरिएको छ ।
	३. प्रतिनिधि सभाको गठनः (१) प्रतिनिधि सभामा एकसय एकाउन्न सदस्य रहनेछन् । जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ७६ जना र समानुपातिक निर्वाचनबाट ७५ जना सदस्यको पूर्ति हुनेछ । प्रतिनिधि सभाको निर्वाचन बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ । (२) प्रतिनिधि सभाका सदस्यहरुको निर्वाचनको लागि छयहत्तर (७६) निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले निर्वाचित हुनेछन् । (३) प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारु, उत्पीडित जाति, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ । स्पष्टीकरण : "अन्य समुदाय" भन्नाले माथि उल्लेख नभएका समुदायहरुलाई जनाउँदछ । (४) उपधारा (२) र (३) बमोजिम निर्वाचित हुने प्रतिनिधि सभाका जम्मा सदस्य संख्याको कम्तिमा पनि		संघीय व्यवस्थापिकाको प्रतिनिधि सभाको गठनमा जनसंख्या, भूगोल, देशको आर्थिक क्षमता तथा प्रतिनिधित्वको तौरतरिका समेतका आधारमा सबैको यथोचित रुपमा प्रतिनिधित्व हुन सकोस् भन्ने उद्देश्यले प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्व गराउने अभिप्रायले प्रतिनिधि सभा सदस्य संख्या १५१ राखिएको छ । प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने ७६ सदस्यको निर्वाचनका लागि जनसंख्या तथा भौगोलिक क्षेत्र समेतको न्यायोचित प्रतिनिधित्व हुने गरी निर्वाचन क्षेत्रको विभाजन कानूनद्वारा गर्ने व्यवस्था गरिएको छ । समानुपातिक निर्वाचनबाट निर्वाचित हुने सदस्यहरुको सम्बन्धमा सबै वर्ग, क्षेत्र, लिङ्ग, जाति, भाषा, धर्म, संस्कृति आदिको न्यायोचित प्रतिनिधित्व सम्बन्धी व्यवस्था र त्यसका आधार तथा क्षेत्र निर्धारण सम्बन्धी व्यवस्था कानूनद्वारा गरिने व्यवस्था गरिएको छ । प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलहरुले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेशी, थारु, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, अन्य समुदाय समेतबाट समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा गर्न उपयुक्त हुने हुँदा यस्तो व्यवस्था गरिएको हो। प्रतिनिधि सभाको कार्यकाल पांच वर्ष कायम गरिएको छ । हाम्रो विगतको संवैधानिक अभ्यासबाट पनि पांच वर्षको

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित रहेको ।

	एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा उपधारा (३) अन्तर्गतको व्यवस्थाबाट हुने गरी कानूनद्वारा व्यवस्था गरिने छ । (५) यस संविधान बमोजिम (**अगावै विघटन भएमा बाहेक**)* प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ । तर देशमा संकटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधि सभाको कार्यकाल बढाउन सकिनेछ । (६) उपधारा (५) बमोजिम थप गरिएको प्रतिनिधि सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुनेछ । (७) यस संविधानको अधीनमा रही प्रतिनिधि सभाको सदस्यको निर्वाचन एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । (८) अठार वर्ष उमेर पुरा भएको प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ । (९) प्रतिनिधि सभाका सदस्यको लागि हुने निर्वाचनमा मतदान गर्न अधिकार पाएको कुनै पनि व्यक्ति धारा ५ र अन्य प्रचलित कानूनको अधीनमा रही कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउनेछ । (१०) प्रतिनिधि सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ । (११) यस धारामा लेखिएका कुराहरुको अधीनमा रही प्रतिनिधि सभाको निर्वाचन र सो सम्वन्धी अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।		कार्यकाल प्रचलनमा रहेको देखिंदा यो पाँच वर्षको कार्यकाल नै उपयुक्त ठानिएको हो । सङ्टकालीन स्थिति लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी कानून बमोजिम प्रतिनिधि सभाको कार्यकाल बढाउन सकिने व्यवस्था गरिएको छ । लोभ, लालच, भय र त्रासबाट मुक्त भएर स्वतन्त्र वातावरणमा मतदाताले योग्य र क्षमतावान उम्मेदवारलाई आफ्नो मत दिन पाउन भन्ने सिद्धान्तको अवलम्बन गरी एक व्यक्ति एक मतका आधारमा गोप्य मतदानद्वारा प्रतिनिधि सभाका सदस्यहरुको निर्वाचन हुने र निर्वाचन सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण गरिने व्यवस्था गरिएको छ । युवापुस्तालाई पनि देशको शासन व्यवस्थामा आफ्ना प्रतिनिधिहरु छान्ने कार्यमा सहभागी गराउन उपयुक्त हुने हुंदा १८ वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्न पाउने अधिकारको व्यवस्था गरिएको छ ।
	४. <u>राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधिः</u> (१) राष्ट्रिय सभामा देहाय बमोजिमका ५१ सदस्यहरु रहनेछन् । (क) प्रत्येक प्रदेशबाट (बराबरी संख्यामा)* कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने ३८ सदस्यहरु, (ख) संघीय संसदको प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक महिला, जाती, भाषिक, धार्मिक, पिछडिएको वर्ग वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरुबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल संक्रमणीय मतको आधारमा प्रतिनिधि सभाद्वारा कानूनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने १३ सदस्यहरु, (२) राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ । यसको गठनमा यथासम्भव समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ । यस सदनका एक-तिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ । (३) राष्ट्रिय सभाका सदस्यहरुको पदावधि छ वर्षको हुनेछ । तर यो संविधान प्रारम्भ भएपछि पहिलो पटकलाई सदस्यको पदावधि कायम गर्दा गोला हाली एक-तिहाईको		इकाईहरुको प्रतिनिधित्व, विज्ञहरुको समूह, स्थायी सदन, समावेशी चरित्र, विषयवस्तुमा पर्याप्त छलफल र प्रतिक्रियाको अवसर, त्रुटी सच्याउने अवसर, मुलुकको आर्थिक क्षमता आदि विभिन्न पृष्ठभूमिका आधारमा संघीय संसदको राष्ट्रिय सभामा ५१ सदस्यहरु रहने व्यवस्था गरिएको छ । राष्ट्रिय सभा मूलतः प्रदेशहरुको प्रतिनिधिको रुपमा रहने हुंदा प्रत्येक प्रदेशबाट बराबर संख्यामा निर्वाचित सदस्यहरु रहने व्यवस्था गरिएको छ । राष्ट्रका लागि विगतको अभ्यासभन्दा केही फरक, केही नयाँ, केही विशेष तथा केही मौलिक भूमिका र दायित्व यस सदनले पुऱ्याउने अपेक्षाका साथ यस सदनको संरचना गरिएको हो । संघ र प्रदेशका विचमा सृजनात्मक र पारस्परिक अन्तरसम्बन्ध कायम राख्नका लागि यस सदनले आफ्नो भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । राष्ट्रिय सभालाई स्थायी सदन कायम गरिएको छ । यसका सदस्यहरुको पदावधि ६ वर्षको हुनेछ । प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको पदावधि समाप्त हुने व्यवस्था राखिएको छ । पदावधि सकिएको सदस्यको पुनर्निर्वाचन हुनमा कुनै प्रतिवन्ध लगाइएको छैन । तल्लोसदनसंगको सहकार्यबाट नयाँ नेपालको वस्तुनिष्ठ मार्गचित्र कोर्न यस

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित रहेको ।

* राज्यको पूनरसंरचना र राज्य शक्तिको बाँडफाँड समितिबाट संघीय इकाईहरु निर्धारण भए बमोजिम निश्चित गरिने ।

	दुई वर्ष, अर्को एक-तिहाईको चार वर्ष र बाँकी एक-तिहाईको छ वर्षको पदावधि कायम गरिनेछ । (४) राष्ट्रिय सभाको प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यहरुको पदावधि प्रारम्भ भएको मानिनेछ । (५) राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति सो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन जुन तरिकाले भएको हो सोही तरिकाले गरिनेछ । (६) राष्ट्रिय सभाको कुनै सदस्यको पदावधि बाँकी छँदै निजको स्थान रिक्त भएमा बाँकी पदावधिको लागि सो स्थानको पूर्ति उपधारा (५) बमोजिम गरिनेछ ।		सदनले परिपूरकको भूमिका र दायित्व निर्वाह गर्ने अपेक्षा गरिएको छ ।
	५. <u>सदस्यको लागि योग्यता</u>: (१) संसदको सदस्य हुनको लागि कुनै व्यक्ति- (क) नेपालको नागरिक हुनु पर्छ ; (ख) प्रतिनिधि सभाको लागि पच्चीस वर्ष र राष्ट्रिय सभाको लागि पैंतीस वर्ष उमेर पूरा भएको हुनु पर्छ ; (ग) कुनै कानूनले अयोग्य हुनु हुँदैन ; र (घ) कुनै लाभको पद धारण गरेको हुनु हुँदैन । <u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ । (२) कुनै पनि व्यक्ति एकै पटक दुवै सदनको सदस्य हुन सक्ने छैन ।		संसदमा योग्य व्यक्तिको प्रतिनिधित्व हुन सकोस् भन्ने अभिप्रायले प्रस्तुत संविधानमा सदस्य हुनका लागि केही योग्यता तोकिएका छन् । यी योग्यताहरु औपचारिक र नभई नहुने योग्यता हुन् । कार्यात्मक योग्यता लाई संविधानमा औपचारिक रुपमा उल्लेख गरिएको छैन तर आफ्ना अगाडि आइपर्ने चुनौतीको सामना गर्न तथा दायित्व निर्वाह गर्न आफूभित्र केही आधारभुत योग्यताको विकास सदस्यले गरुन् भन्ने अपेक्षा गरिएको छ । राष्ट्रिय सभामा परिपक्व व्यक्तित्वको अपेक्षा गर्दै यसका लागि ३५ वर्ष उमेर पुगेको हुनुपर्ने र प्रतिनिधि सभामा युवा ज्ञान, जोश र जाँगर भित्र्याउनु पर्दछ भन्ने मान्यता सहित २५ वर्ष निर्धारण गरिएको छ ।
	६. <u>सदस्यको लागि अयोग्यता सम्बन्धी निर्णय</u>: संसदको कुनै सदस्य धारा ५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय नेपालको प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको अन्य न्यायाधीशले गर्नेछ ।		यो न्यायिक प्रकृतिको कार्य भएकोले यसको निर्क्यौल पनि न्यायिक संस्थाबाट न्यायिक कार्यविधि अवलम्बन गरी तथ्यहरुको न्यायोचित मूल्यांकन र विवेचनाबाट निर्णय होस् भन्ने अभिप्रायले सो कुराको निर्णय गर्ने अधिकार न्याय निरुपण गर्ने व्यक्तिलाई प्रदान गरिएको हो ।
	७. <u>स्थानको रिक्तता</u> : संसदको सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछ :- (क) निजको मृत्यु भएमा; वा (ख) निजले लिखित राजीनामा दिएमा; वा (ग) धारा ५ अनुसार निजको योग्यता नभएमा वा नरहेमा; वा (घ) सदनको कार्यकाल समाप्त भएमा; वा (ङ) सम्बन्धित सदनको स्वीकृति नलिई लगातार तीसवटा बैठकमा अनुपस्थित रहेमा; वा (च) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो सो दलले कानूनमा व्यवस्था भएबमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा ।		स्थानको रिक्तताका विषयमा यसमा गरिएको व्यवस्थाले सदस्यहरुमा आफ्नो कर्तव्य र दायित्वप्रति औपचारिक सजगता मात्र होइन, सारभूत सचेतता समेत बढ्न जाने अपेक्षा गरिएको छ । सदनका बैठकमा निरन्तर अनुपस्थित रहने सदस्यको स्थान रिक्त हुने व्यवस्था गरिएको छ । यसबाट सदस्यहरुमा आफ्ना कर्तव्यप्रतिको सचेतना बढ्न जानेछ । कुनै दलको उम्मेदवार भई जनविश्वास प्राप्त गरी सदनको सदस्य भैसकेपछि जनमतको कदर भइरहोस् र पदलोलुपता र अन्य प्रलोभनले गर्दा दल परिवर्तन गरी सरकारले अस्थिर वातावरणको सामना समेत गर्न नपरोस् भन्ने अभिप्रायले दल परिवर्तनलाई निरुत्साहित गर्न कुनै सदस्यले दल परिवर्तन गरेमा स्थान रिक्त हुने व्यवस्था गरिएको छ ।
	८. <u>शपथ</u> : संसदको प्रत्येक सदनका सदस्यहरुले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि अनुसूचि (२) मा तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।		प्रत्येक सदनका सदस्यहरुले संसदको पहिलो बैठकमा भाग लिनु अघि तोकिएको प्रकृया बमोजिम शपथ लिनु पर्छ । जनप्रतिनिधिको रुपमा आ-आफ्नो जिम्मेवारी पुरा गर्दा पदीय गोपनियता कायम राख्नु तथा आफ्नो काम, जिम्मेवारी र उत्तरदायित्वप्रति हृदयदेखि नै आफूलाई समर्पित गर्नु गराउनु यसको प्रमुख उद्देश्य हो ।

	९. प्रतिनिधि सभाको सभामुख र उप-सभामुख : (१) प्रतिनिधि सभाले यथाशीघ्र आफ्ना सदस्यहरु मध्येबाट एकजना सभामुख र एकजना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुख मध्ये एकजना महिला हुनुपर्नेछ । सभामुख वा उप-सभामुखको पद रिक्त भएमा प्रतिनिधि सभाले आफ्ना सदस्यहरु मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । (२) प्रतिनिधि सभाको सभामुखको अनुपस्थितिमा उप-सभामुखले प्रतिनिधि सभाको अध्यक्षता गर्नेछ । (३) प्रतिनिधि सभाको सभामुख र उप-सभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधि सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरु मध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ । (४) प्रतिनिधि सभाको सभामुख वा उप-सभामुखको पद देहायका अवस्थामा रिक्त हुनेछ :- (क) निज प्रतिनिधि सभाको सदस्य नरहेमा; वा **(तर यस संविधान बमोजिम प्रतिनिधि सभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका सभामुख र उप-सभामुख प्रतिनिधि सभाका लागि हुने निर्वाचनको उम्मेदवारी दाखिल गर्ने दिनसम्म आफ्नो पदमा कायम रहनेछन् ।)*** (ख) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा; वा (ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा । (५) प्रतिनिधि सभाको सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उप-सभामुखले गर्नेछ । सो प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मत दिन पाउनेछ । १०. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष : (१) पहिलो पटक अधिवेशन प्रारम्भ भएपछि राष्ट्रिय सभाले यथाशीघ्र आफ्ना सदस्यहरु मध्येबाट एकजना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन गर्नेछ । अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुनुपर्नेछ । अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा राष्ट्रिय सभाले आफ्ना सदस्यहरु मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । (२) राष्ट्रिय सभाको अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले राष्ट्रिय सभाको अध्यक्षता गर्नेछ । (३) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा राष्ट्रिय सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरुमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ । (४) राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछ :- (क) निज राष्ट्रिय सभाको सदस्य नरहेमा, वा		सदनको कार्य सुचारु र सुव्यवस्थित रुपमा संचालन गर्न सदनको प्रमुख, उप-प्रमुखको महत्वपूर्ण भूमिका हुने कुरा निर्विवाद छ । निर्वाचित हुंदा बहुमतबाट हुने भएपनि निजहरुलाई पद अनुकूलको आचरण नगरेको भनी पदभारबाट मुक्त गर्नु पर्दा दुई तिहाई सदस्यहरुको बहुमतद्वारा मात्र हटाउन सकिने व्यवस्था राखिएको छ । यस्तो व्यवस्था गर्नुको मूल उद्देश्य यी जिम्मेवारीका पदमा रहंदा वाह्य हस्तक्षेप तथा प्रभावबाट मुक्त भई पद अनुकुलको आचरण गर्न सकुन् र निर्भिकतापूर्वक तथा निष्पक्षताकासाथ सत्तापक्ष तथा प्रतिपक्ष दुवै तर्फका सदस्यहरुका भावनाको कदर गर्न सकुन् भन्ने हो । यस स्थितिमा साधारण बहुमतद्वारा हटाउन सकिने व्यवस्था गर्दा अस्थिरता हुन सक्ने र आफ्नो पद अनुकूलको आचरण गर्दा आफू संरक्षित छु भन्ने भावनाको ह्रास हुन गई सदनको निष्पक्षतामा समेत प्रत्यक्ष प्रभाव पर्न सक्ने हुंदा यी सदनका प्रमुख, उप-प्रमुख जुन दलबाट निर्वाचित भएका भए पनि तिनलाई पदबाट मुक्त गर्दा दुई तिहाई बहुमतको आवश्यकता पर्ने व्यवस्था गरिएको छ । सदन संचालन गर्ने व्यक्ति वास्तवमा नेता र व्यवस्थापक दुवै हुन् । उनीहरुले निर्वाह गर्नुपर्ने भूमिका, उत्तरदायित्व, जिम्मेवारी, कार्यक्षमता, कार्यकुशलता, दूरदर्शिता आदिले मात्र सदन संचालन गर्ने एउटा वृहत कार्य योजना सफलतापूर्वक सम्पन्न हुन सक्छ । सदनको कार्यकाल, सदस्यहरुको पदावधिलाई सार्थकतापूर्ण रुपमा उपयोग गर्न उनको महत्वपूर्ण भूमिका रहन्छ । सदनलाई सहि दिशातर्फ सहि ढंगले अगाडि बढाउने गहन दायित्व उनी समक्ष रहन्छ । सदनमा रहने विभिन्न दल तथा सदस्यहरुलाई समेटेर एउटै लक्ष्यतर्फ डोऱ्याउने दायित्व पुरा गर्दै सदनलाई सफलतापूर्वक र उपलव्धीपूर्ण ढंगले संचालन गर्न र सदनका सदस्यहरुलाई, परिस्थिति तथा समाधानका उपायहरुको उचित व्यवस्थापन गर्न यो व्यवस्थाले मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित रहेको ।

	(ख) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा; वा (ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव राष्ट्रिय सभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा । (५) राष्ट्रिय सभाको अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ । सो प्रस्तावको छलफलमा अध्यक्षले भाग लिन र मत दिन पाउनेछ ।		
	११. अधिवेशनको आव्हान र अन्त्य **(तथा प्रतिनिधि सभाको विघटन)*** : (१) राष्ट्र प्रमुखबाट प्रतिनिधि सभाका लागि निर्वाचन भएको एक महिनाभित्र संसदको अधिवेशन आव्हान गरिनेछ । त्यसपछि यस संविधान बमोजिम राष्ट्र प्रमुखबाट समय समयमा अन्य अधिवेशन आव्हान गरिनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिनाभन्दा बढी हुने छैन । (२) राष्ट्र प्रमुखले संसदको दुवै वा कुनै सदनको अधिवेशनको अन्त्य गर्न सक्नेछ । (३) राष्ट्र प्रमुखबाट प्रतिनिधि सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक-चौथाई सदस्यहरुले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिनेछ । त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ । **((४) राष्ट्र प्रमुखले प्रधानमन्त्रीको सिफारिशमा वैकल्पिक सरकार गठन हुने संभावना नरहको अवस्थामा प्रतिनिधि सभाको विघटन गर्न सक्नेछ । त्यसरी प्रतिनिधि सभा विघटन गर्दा छ महिनाभित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकिनेछ ।)** *		राष्ट्र प्रमुखलाई औपचारिक तथा प्रतिकात्मक रुपमा संसदको अभिन्न अंगका रुपमा स्वीकार गदै संसदको कुनै वा दुवै सदनको संयुक्त बैठकलाई आह्वान गर्ने, सम्बोधन गर्ने; त्यसको निमित्त सदस्यहरुको उपस्थिति समादेश गर्ने, सन्देश पठाउने र अन्त्य गर्ने व्यवस्था गरिएको छ ।
	१२. राष्ट्र प्रमुखबाट सम्बोधन तथा सन्देश : (१) राष्ट्र प्रमुखबाट संसदको कुनै वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसको निमित्त सदस्यहरुको उपस्थिति समादेश गर्न सकिनेछ । (२) राष्ट्र प्रमुखबाट प्रतिनिधि सभाको लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिनेछ । (३) राष्ट्र प्रमुखवाट संसदको दुवै वा कुनै सदनलाई सन्देश पठाउन सकिनेछ । त्यस्तो सन्देश प्राप्त गर्ने सदनले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशिघ्र विचार गरी आफ्नो राय राष्ट्र प्रमुख समक्ष पेश गर्नेछ ।		संसदका सदस्य तथा जनताले सरकारको भावी कार्यक्रम, राष्ट्रिय तथा वैदेशिक नीति र विगत वर्षका उपलब्धिका सम्वन्धमा जानकारी पाउन र सरकारको कार्यक्रमप्रति औपचारिक रुपमा सहभागि बनुन् भन्ने उद्देश्यले लोकतान्त्रिक मुलुकमा राष्ट्र प्रमुखले प्रतिनिधि सभाको आमनिर्वाचन पछिको पहिलो र प्रत्येक सालको प्रथम अधिवेशनलाई सम्बोधन गर्ने संवैधानिक व्यवस्था गरिएको हुन्छ । सोही मान्यता अनुरुप यस्तो व्यवस्था राखिएको हो ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित रहेको ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित रहेको ।

	१३. गणपूरक संख्या : यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक संसदको कुनै पनि सदनको बैठकमा सो सदनको सम्पूर्ण सदस्य संख्याको एक-चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुने छैन ।		विभिन्न अवस्था र परिस्थितिलाई मध्यनजर गर्दै सदनको बैठकका लागि एक चौथाई सदस्य उपस्थितको गणपूरक सङ्ख्याको व्यवस्था गरिएको छ । बैठकमा जनताका प्रतिनिधिको बाक्लो उपस्थितको अनिवार्यतालाई सदस्यहरुले आत्मानुभूति गर्ने छन् भन्ने अपेक्षा यो व्यवस्थाबाट गरिएको छ ।
	१४. बहसमा बन्देज : नेपालको कुनै अदालतमा विचाराधिन मुद्दाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संसदको कुनै सदनमा छलफल गरिने छैन । तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।		बहसमा बन्देज सम्बन्धी लोकतान्त्रिक अभ्यास र हाम्रो आफ्नै सवैधानिक अभ्यास समेतबाट कुनै पनि अदालतमा विचाराधीन रहेको मुद्दा एवं न्यायाधीशले आफ्नो कर्तव्य पालनाका सिलसिलामा गरेको न्यायिक कार्यको विषयमा सदनमा छलफल नगरिने अभ्यास रहेको देखिन्छ । यस्तो व्यवस्थाको तात्पर्य शक्ति पृथकीकरणको सिद्धान्त एवं न्यायिक स्वतन्त्रताको अवधारणालाई साकार रुप दिने सन्दर्भमा महत्वपूर्ण रहेतापनि बहसमा बन्देज सम्बन्धी व्यवस्थालाई अदालतमा विचाराधिन मुद्दाका सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषय बाहेकका अन्य विषयहरुमा सदनमा छलफल खुलै राख्नु उपयुक्त हुने देखि यस्तो व्यवस्था गरिएको हो ।
	१५. सदस्यको स्थान रिक्त रहेको अवस्थामा सदनको कार्य सञ्चालन : संसदको कुनै सदनको कुनै सदस्यको स्थान रिक्त छ भने पनि सदनले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र संसदको कुनै सदनको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कार्य अमान्य हुने छैन ।		कुनै सदनमा कुनै सदस्यको स्थान रिक्त भएमा सो रिक्तताले वा सदनको कार्यसंचालनमा भाग लिन नपाउने व्यक्तिले भाग लिएको पछि पत्ता लोगेको अवस्थामा भइसकेको कार्यमा कुनै बाधा वा प्रभाव नपरोस् भन्ने उद्देश्यले यो व्यवस्था गरिएको हो ।
	१६. मतदान : यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक संसदको कुनै सदनमा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुने छैन । तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।		बहुमतको शासन लोकतन्त्रको आधारभूत मान्यता हो । यसैलाई अनुशरण गरि संसदमा प्रस्तुत भएका सम्पूर्ण विषयहरु संविधानमा विशेष अवस्थाका लागि अन्यथा व्यवस्था भएका हकमा बाहेक उपस्थित भई मतदान गर्ने सदस्यको सामान्य बहुमतबाट निर्णय गर्ने गरी व्यवस्था गरिएको छ ।
	१७. **महाअभियोग/विश्वासको मत :***		
	१८. मन्त्रीले दुवै सदनको बैठकमा भाग लिन पाउने : मन्त्रीले संसदको कुनै पनि सदन वा त्यसको समितिमा उपस्थित हुन र कारवाई तथा छलफलमा भाग लिन पाउनेछ तर आफू सदस्य नभएको सदन वा त्यसको समितिमा मतदान गर्न पाउने छैन ।		द्विसदनात्मक व्यवस्थापिका भएका संविधानमा जुनसुकै सदनमा प्रतिनिधित्व गर्ने व्यक्तिले पनि मन्त्री पदको कार्यभार सम्हाल्न सक्ने प्रचलन रहेको पाइन्छ । मन्त्रीले जुनसुकै सदनमा प्रतिनिधित्व गरेपनि उसको जिम्मेवारी प्रत्येक सदन र त्यसका समितिसंग आबद्ध भएको हुन्छ । तसर्थ मन्त्रीले आफू सदस्य नभएको सदन तथा त्यसको समितिको काम कारवाही तथा छलफलमा भाग लिन पाउने व्यवस्था गरिएको छ । तर आफू सदस्य नभएको सदनमा मतदान गर्ने अधिकार निजलाई दिइएको छैन ।
	१९. अनधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय : धारा ८ बमोजिम शपथ नलिई वा सदनको सदस्यताको निमित्त आवश्यक योग्यताको अभाव छ भन्ने थाहा पाउँदापाउँदै पनि कुनै व्यक्ति सदस्यको हैसियतले संसदको कुनै सदनको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा निजलाई सो सदनको अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक दिनको पाँचहजार रुपैयाँको दरले सजाय हुनेछ । सो सजाय सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।		अनधिकृत व्यक्तिले सदनमा भाग लिए वा मतदान गरेमा त्यस्तो व्यक्तिको उपस्थितिबाट सदनको मर्यादामा आँच आउने हुँदा दोषी प्रमाणित हुने व्यक्तिको लागि जरिवाना हुने व्यवस्था गरिएको छ ।
	२०. विशेषाधिकार : (१) यस संविधानको अधीनमा		जनताको विश्वास प्राप्त गरी संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरुले संविधानको अधिनमा रही स्वतन्त्र तथा निर्भीक

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित रहेको ।

	रही संसदको दुवै सदनमा पूर्ण वाक स्वतन्त्रता रहनेछ र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कारवाई चलाइने छैन । (२) यस संविधानको अधीनमा रही संसदको प्रत्येक सदनलाई आफ्नो आन्तरिक काम कारवाई नियमित गर्ने पूर्ण अधिकार रहनेछ र सदनको कुनै कारवाई नियमित वा अनियमित के छ भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन । (३) यस संविधानको अधीनमा रही संसदको कुनै सदनको कुनै पनि कारवाईलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन । (४) यस संविधानको अधीनमा रही उपधारा (१) र (३) को व्यवस्था सदनको बैठकमा भाग लिन पाउने सदस्य बाहेकका अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ । (५) यस संविधानको अधीनमा रही संसदको कुनै सदनले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारवाई चल्ने छैन । <u>स्पष्टीकरण</u> : यो उपधारा र उपधारा (१), (२), (३) र (४) को प्रयोजनको लागि "सदन" भन्नाले सदनको समितिलाई समेत सम्झनु पर्छ र सो शब्दले संसदको संयुक्त बैठक वा संयुक्त समितिको बैठकलाई समेत जनाउँछ । (६) संसदको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन चलुञ्जेलसम्मको अवधिभर पक्राउ गरिने छैन । तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानून अनुसार पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ । (७) संसदको कुनै सदनको विशेषाधिकारको हननलाई संसदको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ । (८) कसैले संसदको कुनै सदनको अवहेलना गरेमा सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिले सदनको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी सो सदनको अधिवेशन चलुन्जेलसम्म कैद गर्न वा दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना सरकारी बाँकी सरह असूल		रुपमा आफ्ना विचारहरु अभिव्यक्त गर्न तथा स्वविवेकका आधारमा मतदान समेत गर्न पाउन् भन्ने उद्देश्यले विशेषाधिकारको व्यवस्था गरिएको छ । यी विशेषाधिकारहरुले संसदलाई सहि रुपमा अग्रगमनतर्फ दिशानिर्देश गर्न अर्थपूर्ण आधार दिनेछ भन्ने अपेक्षा गरिएको छ ।

	उपर गरिनेछ । तर सदनलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा सदनले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ । (९) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकार सम्बन्धी अन्य कुराहरु कानूनद्वारा निर्धारित गरिए बमोजिम हुनेछन् ।		
	२१. कार्य सञ्चालन विधि : (१) यस संविधानको अधीनमा रही संसदको प्रत्येक सदनले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाई र कुनै सदन वा समितिको अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ । त्यस्तो नियमावली राष्ट्र प्रमुखबाट प्रमाणीकरण भएपछि लागू हुनेछ । (२) राष्ट्र प्रमुखबाट संसदको संयुक्त बैठकको कार्य सञ्चालन र संसदको संयुक्त समितिको गठन र काम कारवाई प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षको सिफारिशमा बनाइएको नियमावली बमोजिम हुनेछ । (३) उपधारा (१) र (२) बमोजिमको नियमावली नबनेसम्म सो उपधारामा उल्लेख गरिएका कुराहरु राष्ट्र प्रमुखबाट बनाइएको नियमावली बमोजिम हुनेछन् ।		संसदका प्रत्येक सदन तथा तिनका विभिन्न समितिहरुको गठन र त्यस सम्बन्धी काम कारवाई कानूनकै माध्यमद्वारा संचालित र व्यवस्थित होस भन्ने अभिप्रायले यो संविधानको अधिनमा रही नियमावलीले व्यवस्था गरे बमोजिम गर्न सकिने व्यवस्था गरिएको छ ।
	२२. समिति : प्रतिनिधि सभाले अर्थ, सार्वजनिक लेखा, मानव अधिकार, परराष्ट्र सम्बन्ध, प्राकृतिक स्रोत र साधन, वातावरण संरक्षण, जनसंख्या र आवश्यकतानुसार अन्य विषयगत समितिहरुको गठन र व्यवस्था नियमावलीद्वारा गर्न सक्नेछ ।		संसदको कार्य संचालनमा छिटो छरितो तथा विषयगत विज्ञताको वर्गीकरणका आधारमा होस् र समय समयमा आइपर्ने समस्याको सहज रुपमा निराकरण गरी सदनको कार्य संचालनमा सहयोग पुगोस् भन्ने उद्देश्यले विभिन्न विषयगत समितिहरुको गठन गर्न सकिने व्यवस्था गरिएको छ ।
	२३. संयुक्त समिति : (१) दुई सदनका बीचको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ । (२) संयुक्त समितिमा प्रतिनिधि सभाको सदस्य दुईजना र राष्ट्रिय सभाको सदस्य एकजनाको अनुपातमा बढीमा पन्ध्रजना सदस्यहरु रहने छन् ।		संघीय संसदका दुई सदन बीचको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मत भिन्नता अन्त गर्न वा अन्य कुनै खास कार्य तथा प्रयोजनका लागि आवश्यकता अनुसार दुवै सदनको संयुक्त समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ ।
	२४. संसदको सचिवालय : (१) **(राष्ट्र प्रमुखबाट)*** प्रतिनिधि सभाको सचिवलाई सभामुखको सिफारिशमा,राष्ट्रिय सभाको सचिवलाई राष्ट्रिय सभाको अध्यक्षको सिफारिशमा र संसदको महासचिवलाई सभामुख र अध्यक्ष दुवैसँग परामर्श गरी नियुक्त गरिनेछ । (२) संसदको काम कारवाई सञ्चालन गर्न आवश्यक सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।		संसदलाई व्यवस्थित रुपमा संचालन गर्ने कार्यमा प्रशासनिक सहयोग पुऱ्याउन एउटा सचिवालयको व्यवस्था गरिएको छ । सचिवालय सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण गरिने प्रावधान राखिएको छ ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग सम्बन्धित ।

	२५. पारिश्रमिक : प्रतिनिधि सभाको सभामुख र उप-सभामुख, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष, समितिका सभापतिहरु तथा संसदका सदस्यहरुको पारिश्रमिक र सुविधा कानूनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म राष्ट्रप्रमुखबाट तोकिए बमोजिम हुनेछ ।		संसदका प्रमुख, उपप्रमुख, समितिका सभापतिहरु तथा सबै सदस्यहरुको पारिश्रमिक र सुविधा कानूनद्वारा निर्धारण गर्ने व्यवस्था गरिएको छ ।
भाग-२ संघीय व्यवस्थापन कार्य विधि	२६. विधेयक प्रस्तुत गर्ने विधि : (१) संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिनेछ । तर अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत गरिनेछ । (२) अर्थ विधेयक, नेपाली सेना वा सशस्त्र प्रहरी सम्बन्धी विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिनेछ । (३) "अर्थ विधेयक" भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ :- (क) संघीय कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय, (ख) संघीय सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय, (ग) संघीय सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा नेपाल सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय, (घ) संघीय सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा नेपाल सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय, र (ङ) उपर्युक्त विषयहरुसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरु । (४) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ ।		ससद जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण सस्था हो । शासन प्रणालीमा नीति निर्धारण तथा कानून निर्माण गर्ने जस्तो महत्वपूर्ण कार्य व्यवस्थापन कार्य विधिका माध्यमबाट यसले सुनिश्चित गर्दछ । जनताका प्रतिनिधिको स्वीकृति विना कुनै कर नलगाइने भन्ने सिद्धान्त रहेको र कर सम्बन्धी विषयहरु अर्थ विधेयकद्वारा निर्धारण गरिने हुँदा अर्थ विधेयक जनताद्वारा प्रत्यक्ष रुपमा निर्वाचित भई आएका प्रतिनिधिहरु रहेको प्रतिनिधि सभामा प्रस्तुत गर्ने व्यवस्था गरिएको हो । अर्थ विधेयक बाहेक अन्य सबै विषयमा दुवै सदनको कानून निर्माण गर्ने समान अधिकार प्रदान गर्ने व्यवस्था गरिएको छ ।
	२७. विधेयक पारित गर्ने विधि : (१) संघीय संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइनेछ र सो सदनले पारित गरेपछि प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिनेछ । (२) प्रतिनिधि सभाले पारित गरेको अर्थ विधेयक राष्ट्रिय सभामा पठाइनेछ । राष्ट्रिय सभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिनभित्र कुनै सुझाव भए सुझावसहित प्रतिनिधि सभामा फिर्ता पठाउनु पर्नेछ । (३) उपधारा (२) बमोजिम सुझाव सहित फिर्ता आएको विधेयकमा प्रतिनिधि सभाले छलफल गरी उचित देखेको सुझाव समावेश गरी प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्नेछ ।		विधेयकलाई प्रस्तुत गरिएकै रुपमा पारित गर्ने, संशोधन सहित पारित गर्ने वा अस्वीकृत गर्ने विषयमा दुवै सदनका बीचमा कुनै विभेद गरिएको छैन ।

	(४) उपधारा (२) बमोजिम अर्थ विधेयक प्राप्त गरेको पन्ध्रदिनसम्ममा राष्ट्रिय सभाले सो विधेयक फिर्ता गरेन भने पनि प्रतिनिधि सभाले प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्न सक्नेछ । (५) प्रतिनिधि सभाले पारित गरी राष्ट्रिय सभामा पठाएको अर्थ विधेयक वाहेक अन्य विधेयक राष्ट्रिय सभाले आफू समक्ष प्राप्त भएको दुई महिनाभित्र पारित गरी वा सुझाव सहित फिर्ता पठाउनु पर्नेछ । उक्त समयावधिभित्र राष्ट्रिय सभाले सो विधेयक फिर्ता गरेन भने पनि प्रतिनिधि सभाले तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको निर्णयबाट सो विधेयक प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्न सक्नेछ । (६) कुनै सदनले पारित गरेको विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधनसहित पारित गरेमा सो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्नेछ । (७) उपधारा (६) अनुसार राष्ट्रिय सभाबाट अस्वीकृत भई वा संशोधन सहित प्रतिनिधि सभामा फिर्ता आएको विधेयकउपर विचार गरी प्रतिनिधि सभाको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुले प्रस्तुत रुपमा वा संशोधन सहित पुनः पारित गरेमा सो विधेयक प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिनेछ । (८) उपधारा (६) अनुसार प्रतिनिधि सभाबाट संशोधन सहित राष्ट्रिय सभामा फिर्ता आएको विधेयक राष्ट्रिय सभाले पनि सो संशोधन सहित पारित गरेमा प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिनेछ । (९) देहायको विधेयक दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरिनेछ र संयुक्त बैठकले विधेयकलाई प्रस्तुत रुपमा वा संशोधनसहित पारित गरेमा विधेयक उत्पति भएको सदनले प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्नेछ :- (क) राष्ट्रिय सभाले पारित गरेको तर प्रतिनिधि सभाले अस्वीकार गरेको; वा (ख) प्रतिनिधि सभाले संशोधन सहित राष्ट्रिय सभामा फिर्ता पठाएको, तर राष्ट्रिय सभा सो संशोधनमा सहमत हुन नसकेको । (१०) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा सदनको अधिवेशनको अन्त्य भए पनि सो विधेयकमाथि आगामी अधिवेशनमा कारवाई हुन सक्नेछ । तर कुनै विधेयक प्रतिनिधि सभामा प्रस्तुत भई विचाराधीन रहेको वा सो सदनले पारित गरी राष्ट्रिय सभामा पठाएको तर सो सदनमा विचाराधीन रहेको अवस्थामा प्रतिनिधि सभा विघटन भएमा वा सो सदनको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय भएको मानिनेछ ।		
	२८. विधेयक फिर्ता लिने : विधेयक प्रस्तुतकर्ता सदस्यले सदनको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ ।		कुनै विधेयक पारित हुन नपर्ने प्रस्तुतकर्ता सदस्यलाई लागेमा फिर्ता लिन पाउने व्यवस्था गरिएको छ । प्रस्तुतकर्ता सदस्यले प्रस्तुत गरेको विधेयक छलफलका क्रममा प्रस्तुत गर्नुपरेको उद्देश्य पुरा हुन नसक्ने देखिएमा वा संशोधन गर्न खोजिएको संशोधित प्रस्ताव पारित भएमा विधेयक प्रस्तुतकर्ता सदस्यले सदनको अनुमतिवाट विधेयक फिर्ता लिन सक्ने प्रावधान राखिएको छ ।

विषय-सूची

अवधारणा पत्र

भाग - एक

भाग - दुई

	२९. विधेयकमा प्रमाणीकरण : (१) धारा २७ बमोजिम प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गरी पेश गर्नु पर्नेछ । तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ । (२) यस धारा बमोजिम प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश भएको विधेयकमा प्रमाणीकरण भएपछि त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिइनेछ । (३) अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुनु आवश्यक छ भन्ने राष्ट्र प्रमुखलाई लागेमा निजबाट विधेयक पेश भएको एक महिनाभित्र सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिनेछ । (४) राष्ट्र प्रमुखले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस विधेयकमाथि दुवै सदनको संयुक्त बैठकमा पुनर्विचार गरी सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भई पुनः पेश भएमा त्यसरी पेश भएको पन्ध्र दिन भित्र राष्ट्र प्रमुखबाट प्रमाणीकरण गरिनेछ । (५) राष्ट्र प्रमुखबाट यो धारा बमोजिम कुनै विधेयक प्रमाणीकरण भएपछि सो विधेयक ऐन बन्नेछ ।		अर्थ विधेयकका सम्बन्धमा सभामुखले र अरु विधेयकका हकमा विधेयक उत्पत्ति भएको सदनको अध्यक्ष वा सभामुखले प्रमाणित गरि प्रमाणीकरणका लागि राष्ट्र प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुन आवश्यक छ भन्ने राष्ट्र प्रमुखलाई लागेमा एक महिनाभित्र सन्देश सहित विधेयक फिर्ता पठाउन सकिने व्यवस्था गरिएको छ । त्यस्तो विधेयक उपर संयुक्त बैठकमा पुनर्विचार गरी सो विधेयक प्रस्तुत रुपमा वा सशोधन सहित पारित भै पुनः पेश भएमा पन्ध्र दिन भित्र प्रमाणीकरण गर्नु पर्ने व्यवस्था गरिएको छ ।
	३०. अध्यादेश : (१) संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्र प्रमुख सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरुको प्रतिकूल नहुने गरी राष्ट्र प्रमुखले आवश्यक ठानेको अध्यादेश जारी गर्न सक्नेछ । (२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ । तर यस्तो प्रत्येक अध्यादेश - (क) जारी भएपछि बसेको संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ ; (ख) राष्ट्र प्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ ; र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा जारी भएको छ महिनापछि वा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ । स्पष्टीकरण : संघीय संसदका सदनहरुको बैठक अघिपछि गरी बसेमा यस उपधाराको प्रयोजनको लागि बैठक बसेको गणना गर्दा जुन सदनको बैठक पछि बसेको छ सो मितिबाट गरिनेछ ।		संसदको अधिवेशन नबसेको अवस्थामा तत्काल केहि गर्न आवश्यक परेको तर सो विषयमा कानून नभएको अवस्थामा राष्ट्र प्रमुखबाट कानून सरह लागु हुने गरि अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था विश्वका प्रायः सबै लोकतान्त्रिक मुलुकहरुमा रहे भै यस संविधानमा पनि व्यवस्था गरिएको छ । अध्यादेश व्यवस्थापिकीय अंगलाई छलेर कानून बनाउन राष्ट्र प्रमुखलाई अधिकार दिइएको विषय भने पक्कै होइन । अध्यादेश अपवादको रुपमा कानून बन्ने प्रकृया हो । कानून जारी गर्ने नियमित मार्ग अध्यादेशलाई बनाइनु हुँदैन ।
भाग-३ संघीय आर्थिक कार्य प्रणाली	३१. कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने : (१) कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन ।		प्रत्येक लोकतान्त्रिक संविधानमा व्यक्तिको सम्पत्ति सम्बन्धी हकको संरक्षण गरिएको हुन्छ । प्रतिनिधित्व नभई कर लगाउन नहुने भन्ने सर्वमान्य सिद्धान्त अनुसार कुनै व्यक्तिको सम्पत्तिमा कर लगाई राजश्व संकलन गर्ने काम जनताका प्रतिनिधिद्वारा निर्मित कानूनद्वारा मात्र हुन सकोस् भन्ने मान्यता अनुसार नै प्रस्तुत संविधानले कानून बमोजिम बाहेक कुनै कर लगाउन र उठाउन नपाइनुको साथै कानून

	(२) कानून बमोजिम बाहेक संघीय सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।		बमोजिम बाहेक सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन भन्ने व्यवस्था गरिएको हो ।
	३२. संघीय सञ्चित कोष : गुठी रकम बाहेक संघीय सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई संघीय सञ्चित कोष भनिनेछ ।		अर्थ सम्बन्धी विषय जनताका प्रतिनिधिहरुको रेखदेख र नियन्त्रणमा राख्ने उद्देश्यले सञ्चित कोषको नामबाट एउटा सरकारी कोषको व्यवस्था गरिएको पाइन्छ । सार्वजनिक सम्पत्तिको मनमानी किसिमवाट खर्च नहोस् र त्यस्ता सम्पति माथि जनताको नियन्त्रण कायम रहोस् भन्ने उद्देश्यले जनप्रतिनिधिको रेखदेख, नियन्त्रणमा राज्यको सार्वजनिक सम्पत्ति राख्ने गरी सञ्चित कोषको व्यवस्था गरिएको हो । जुन उद्देश्यका निमित्त त्यस्तो सम्पत्ति खर्च गर्न अख्तियारी दिइएको हुन्छ सो अख्तियारीका अधीनमा रही खर्च गर्नु आर्थिक प्रशासनको सर्वमान्य सिद्धान्त हो । यही सिद्धान्तलाई अगीकार गरी ऐनको अख्तियारी बाहेक कुनै रकम झिक्न वा खर्च गर्न नपाइने व्यवस्था गरिएको हो ।
	३३. संघीय सञ्चित कोष वा संघीय सरकारी कोषबाट व्यय : देहायका रकम बाहेक संघीय सञ्चित कोष वा अन्य कुनै संघीय सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन:- (क) संघीय सञ्चित कोषमाथि व्ययभार भएको रकम ; (ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम ; (ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम ; वा (घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम । तर आकस्मिक कोषका हकमा धारा ४० बमोजिम हुनेछ । ३४. संघीय सञ्चित कोषमाथि व्ययभार : देहायका विषयसँग सम्बन्धित खर्चहरू सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि संसदको स्वीकृति आवश्यक पर्ने छैन । (१) राष्ट्र प्रमुखको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम (२) नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम, (३) निम्न लिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू:- (क) प्रतिनिधि सभाका सभामुख र उप-सभामुख; (ख) राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष; (ग) अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू; (घ) महालेखापरीक्षक; (ङ) लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरू; (च) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू । (४) सर्वोच्च अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोक सेवा आयोग र निर्वाचन आयोग सम्बन्धी प्रशासनिक व्ययहरू,		

	(५) संघीय सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार, (६) संघीय सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, र (७) कानूनले सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।		
	३५. <u>राजस्व र व्ययको अनुमान:</u> (१) राष्ट्र प्रमुखबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा सदनहरुको संयुक्त बैठक समक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउन सक्नेछ :- (क) राजस्वको अनुमान ; (ख) संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू ; र (ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू । (२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।		लोकतान्त्रिक मुलुकमा सार्वजनिक सम्पत्तिमाथि आमजनताको अधिकार रहने, जनताको स्वीकृति बिना सरकारले खर्च गर्न नपाउने र देशको समग्र आर्थिक अवस्थाको जानकारी जनतालाई दिनु पर्ने व्यवस्थाहरु गरिएको हुन्छ । यसै अवधारणा अनुसार कार्यपालिकाले राज्यको आर्थिक स्थितिको जानकारी जनतालाई गराउने, खर्च गर्न रकमको स्वीकृतिको लागि संसदमा माग गर्ने गरेको पाइन्छ । आवश्यकता र औचित्यका आधारमा मागिएको रकम संसदद्वारा स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको हुन्छ । यिनै मूलभूत मान्यतालाई अंगिकार गर्दै यी व्यवस्थाहरु गरिएका हुन् ।
	३६. <u>विनियोजन ऐन :</u> विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।		विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरुमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राख्नु पर्ने व्यवस्था गरिएको छ ।
	३७. <u>पूरक अनुमान:</u> (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा राष्ट्र प्रमुखले प्रतिनिधि सभा समक्ष पूरक अनुमान पेश गर्न लगाउनेछ :- (क) चालू आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा (ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा । (२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।		कुनै आर्थिक वर्षका लागि विनियोजन ऐनले छुट्याएको रकम अपर्याप्त भएमा वा कुनै नयां शीर्षकमा खर्च हुन गएमा पूरक अनुमान सदन समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको हो ।
	३८. <u>पेस्की खर्च :</u> (१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ । (२) धारा ३५ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन ।		आर्थिक वर्ष समाप्त हुनासाथ विनियोजन शीर्षकमा गत वर्ष संसदबाट अनुमोदित रकम खर्च हुन बाँकी भएमा स्वतः सार्वजनिक कोषमा फिर्ता हुनेछ । चालू आर्थिक वर्षका निम्ति संसदबाट विनियोजन ऐन अन्तर्गतका रकमहरु स्वीकृत नभएसम्मका लागि सरकारलाई तत्काल प्रशासन चलाउन निश्चित रकमको आवश्यकता पर्ने हुन्छ । यसले गर्दा विनियोजन विधेयक विचाराधीन रहेका अवस्थामा चालू आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको केही अंश पेस्कीको रुपमा अगावै खर्च गर्नु पर्ने अवस्था आइ पर्दछन् । त्यसैले पेस्की खर्चको सम्बन्धमा विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको एक तिहाई भन्दा बढी नहुने गरी खर्च गर्न सकिने गरी पेस्की खर्च विधेयक पेश गरिने व्यवस्था गरिएको छ ।

	(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।		
	३९. उधारो खर्च : यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा वाह्य आक्रमणको आशङ्का वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा प्रदेश वा राष्ट्रव्यापी सङ्टको अवस्था भएमा धारा ३५ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यवहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा राष्ट्र प्रमुखले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रतिनिधि सभा समक्ष पेश गर्न लगाउन सक्नेछ ।		सकटकालीन परिस्थितिमा देशको सुरक्षाका निमित्त आवश्यक रकमका सम्बन्धमा परिस्थितिको गाम्भीर्यतालाई हेरेर साधारण अवस्थामा प्रस्तुत हुने वार्षिक अनुमानमा जस्तै पूर्ण विवरण खोल्न नसकिने हुंदा आवश्यक व्ययको विवरण मात्र खोली संसद समक्ष उधारो खर्च विधेयक प्रस्तुत गर्ने व्यवस्था गरिएको हो ।
	४०. आकस्मिक कोष : ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष संघीय सरकारको नियन्त्रणमा रहनेछ । संघीय सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।		राष्ट्रमा आकस्मिक परिस्थितिबाट पुग्न सक्ने क्षति र त्यस्ता परिस्थितिको सामना गर्न सञ्चित कोषबाट कुनै रकम ऐनको अधिकार विना खर्च गर्न नसकिने हुंदा विशेष परिस्थितिको सामना गर्न केही रकम रहेको छुट्टै कोषको व्यवस्था गर्नु आवश्यक पर्दछ । यो कोष स्थायी प्रकृतिको हुने र यस्तो कोषबाट आवश्यक रकमहरु चाहिएको अवस्थामा झिक्न सकिने हुन्छ । यसरी यस कोषबाट झिकेका रकमहरु पूरक विनियोजन ऐनद्वारा सोधभर्ना गर्न सकिने मान्यता अनुरुप नै यस्तो कोषको स्थापना गरेको हो ।
	४१. आर्थिक कार्यविधि सम्बन्धी ऐन : ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ ।		एक परिस्थिति र अवस्थामा अनुमान गरिएका कुरा सर्वथा अनुमान अनुकुल हुन्छन भन्न पनि सकिंदैन, त्यसैले एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्नु पर्ने आवश्यकता आइपर्ने हुन्छ । अतः एउटा शीर्षकबाट अर्को शिर्षकमा के कति रकम कसरी सार्ने भन्ने सम्बन्धमा र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुरा ऐनद्वारा व्यवस्थित हुन सक्ने व्यवस्था गरिएको छ ।
भाग-४ प्रदेश व्यवस्थापिका	४२. प्रदेश व्यवस्थापिकाको गठन : प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ । **(प्रदेश प्रमुख सहितको)*** यो व्यवस्थापिकालाई प्रदेश सभा भनिनेछ ।		नेपालको भौगोलिक, राजनैतिक, आर्थिक, सामाजिक,. सांस्कृतिक धरातलका आधारलाई हृदयंगम गरी प्रादेशिक व्यवस्थापिका एक सदनात्मक हुने व्यवस्था गरिएको छ । प्रदेशको वर्ग, क्षेत्र, लिङ्ग, जाति, भाषा, धर्म, संस्कृतिको विविधतायुक्त विशेषतालाई प्रादेशिक व्यवस्थापिकामा सारभूत रुपमा प्रतिनिधित्व गराउनु जरुरी छ ।
	४३. प्रदेश सभाको अधिकार : प्रदेशहरुको व्यवस्थापिकीय अधिकार प्रदेश सभामा निहित रहनेछ । प्रदेश सभाको व्यवस्थापिकीय अधिकार यस संविधानको अधीनमा रही अनुसूची (१) को प्रदेश सूची र साझा सूचीमा उल्लिखित विषयमा सीमित रहनेछ ।		प्रादेशिक व्यवस्थापिका र संघीय व्यवस्थापिकाका बीचमा अधिकार क्षेत्रको स्पष्ट बांडफांड हुन अति आवश्यक हुन्छ । त्यसैले संविधानको अनुसूची मै स्पष्ट व्यवस्था गर्नु संवैधानिक र कार्यात्मक दृष्टिकोणबाट आवश्यक र उपयुक्त समेत हुने हुंदा अधिकार तथा विषयक्षेत्रहरुको स्पष्ट सीमांकन गरिएको हो ।
	४४. प्रदेश सभाको गठन : (१) प्रदेश सभामा जनसंख्याका आधारमा बढीमा ३५ सदस्य रहनेछन् । यसमध्ये प्रत्यक्ष निर्वाचनबाट १८ सदस्य र समानुपातिकबाट १७ सदस्य हुनेछ । प्रदेश सभाको निर्वाचन वालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ । (२) प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक निर्वाचनबाट निर्वाचित हुने जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा समानुपातिक निर्वाचन अन्तर्गतको व्यवस्थाबाट हुनेगरी कानूनद्वारा व्यवस्था गरिने छ । प्रदेश सभाका सदस्यहरुको निर्वाचन क्षेत्र तथा संख्या निर्धारणका आधारहरु कानूनद्वारा व्यवस्था गरिनेछ । (३) प्रदेश सभाको समानुपातिक निर्वाचनको निमित्त राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको		प्रदेश सभाको गठनमा प्रदेश क्षेत्रभित्रका जनसंख्या, भूगोल, आर्थिक क्षमता तथा इकाई क्षेत्रमा वसोवास गर्ने जाति, भाषा, लिङ्ग, धर्म, वर्ग र क्षेत्रको समग्र प्रतिनिधित्व गर्दै विधि तथा नीति निर्माण गरी कानूनका माध्यमबाट अगाडिको बाटो सुनिश्चित गर्ने दायित्व र चुनौती यस सभामा रहन्छ । प्रदेशको समग्र प्रतिनिधित्व एक सदनात्मक व्यवस्थापिकाको रुपमा रहने भएपनि यसमा प्रदेश भित्रका जनताको समग्र प्रतिनिधित्व होस भन्ने उद्देश्यले ३५ सदस्य रहने व्यवस्था गरिएको हो । प्रदेशको भूगोल, जनसंख्या, जाति, भाषा, लिङ्ग, धर्म, वर्ग, क्षेत्र सबैको न्यायोचित रुपमा प्रतिनिधित्व हुन सकोस् भन्ने अभिप्रायले प्रत्यक्ष र समानुपातिक दुवै प्रकारको प्रतिनिधित्व गराउने व्यवस्थाहरु यस धारामा गरिएको छ । यस व्यवस्थापिकाको निर्वाचन क्षेत्र तथा संख्या निर्धारणका आधारहरु कानूनद्वारा व्यवस्था गरिने छ ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसग अन्तरसम्बन्धित ।

	आधारमा महिला, मधेसी, थारु, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ । स्पष्टीकरण : "अन्य समुदाय" भन्नाले माथि उल्लेख नभएका समुदायहरुलाई जनाउँदछ । (४) यस संविधान बमोजिम **(अगावै विघटन भएमा बाहेक)*** प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुनेछ । तर देशमा संकटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढने गरी ऐनद्वारा प्रदेश सभाको कार्यकाल बढाउन सकिने छ । तर यसरी थप गरिएको प्रदेश सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ । (५) अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ । (६) प्रदेश सभाको सदस्यको लागि निर्वाचनमा मतदान गर्ने अधिकार पाएको कुनै पनि व्यक्ति प्रचलित कानूनको अधीनमा रही आफ्नो निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउने छ । (७) प्रदेश सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ । (८) यस धारामा लेखिएको कुराहरुको अधीनमा रही प्रदेश सभाको निर्वाचन र सो सम्बन्धी अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।		
	४५. प्रदेश सभाको सदस्यको लागि योग्यता : प्रदेश सभाको सदस्य हुनको लागि कुनै पनि व्यक्ति : (क) प्रदेशको क्षेत्रभित्र बसोबास गरेको हुनु पर्नेछ , (ख) पच्चिस वर्ष उमेर पूरा भएको हुनु पर्नेछ , (ग) कुनै कानूनले अयोग्य हुनु हुँदैन , (घ) कुनै लाभको पद धारण गरेको हुनु हुँदैन । स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।		प्रदेश सभामा योग्य, नैतिक, चरित्रवान र स्थानीय व्यक्तिको प्रतिनिधित्व होस् भन्ने अभिप्रायले यी योग्यताहरु तोकिएका हुन् ।
	४६. सदस्यको अयोग्यता सम्बन्धी निर्णय : प्रदेश सभाको कुनै सदस्य धारा ४५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय प्रदेशको उच्च अदालत वा निजले तोकेको अन्य न्यायाधीशले गर्नेछ ।		यो न्यायिक प्रकृतिको कार्य भएको हुँदा यसको अन्तिम निर्णय न्यायिक संस्थावाट हुन उपयुक्त हुने भएकोले यो अधिकार प्रदेश उच्च अदालत वा निजले तोकेको अन्य न्यायाधीशले गर्ने व्यवस्था गरिएको छ ।
	४७ स्थान रिक्तता : प्रदेश सभाका सदस्यको स्थान देहायको अवस्थामा रिक्त हुनेछ :–		स्थान रिक्तताका विषयमा यसमा गरिएको व्यवस्थाले पदलोलुपता र अन्य प्रलोभनले गर्दा दल परिवर्तन गरी अस्थिर वातावरणको सृजना नहोस् भन्ने उद्देश्यले कुनै सदस्यले दल परिवर्तन गरेमा स्थान रिक्त हुने व्यवस्था

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित

	(क) निजले लिखित राजीनामा दिएमा ; (ख) धारा ४५ बमोजिम निजको योग्यता नभएमा वा नरहेमा ; (ग) प्रदेश सभाको कार्यकाल समाप्त भएमा ; (घ) निजको मृत्यु भएमा ; (ङ) सभाको स्वीकृति नलिई लगातार तीसवटा बैठकमा अनुपस्थित रहेमा ; वा (च) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो सो दलले कानूनमा व्यवस्था भए बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा ।		गरिएको हो ।
	४८. शपथ : प्रदेश सभाका सदस्यहरुले सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि निर्धारित रुपमा शपथ लिनु पर्नेछ ।		प्रदेश सभाका सदस्यहरुले सभाको पहिलो बैठकमा भाग लिनु अघि तोकिएको प्रकृया बमोजिम शपथ लिनु पर्ने व्यवस्था गरिएको छ ।
	४९. प्रदेश सभाको सभामुख र उप-सभामुखको व्यवस्था : (१) प्रदेश सभाले आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुख मध्ये एकजना महिला हुनुपर्नेछ । सभामुख तथा उप-सभामुखको पद रिक्त भएमा सभाले आफ्नो सदस्यहरु मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । (२) प्रदेश सभाको सभामुखको अनुपस्थितिमा उप-सभामुखले सभाको बैठकको अध्यक्षता गर्नेछ । (३) प्रदेश सभाको सभामुख र उप-सभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रदेश सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरुमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ । (४) प्रदेश सभाको सभामुख वा उप-सभामुखको पद देहायका अवस्थामा रिक्त हुनेछ :- (क) प्रदेश सभाको सदस्य नरहेमा ; (ख) लिखित राजीनामा दिएमा ; (ग) पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव प्रदेश सभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा । (५) प्रदेश सभाको सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव उपर छलफल हुने बैठकको अध्यक्षता उप-सभामुखले गर्नेछ । प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मतदान गर्न पाउनेछ ।		प्रदेश सभाको कार्य सुचारु र सुव्यवस्थित रुपमा संचालन गर्न सभाका प्रमुख, उपप्रमुखको महत्वपूर्ण भूमिका रहेको हुन्छ । निर्वाचित हुँदा बहुमतबाट भएपनि निजहरुलाई पद अनुकूलको आचरण नगरेको भनि पदमुक्त गर्नु पर्दा दुई–तिहाई सदस्यको बहुमतद्वारा मात्र हटाउन सक्ने व्यवस्था गरिएको छ ।
	५०. अधिवेशनको आव्हान र अन्त्य **(तथा प्रदेश सभाको विघटन)**:* (१) प्रदेश प्रमुखबाट प्रदेश सभाको निर्वाचन भएको एक महिनाभित्र प्रदेश सभाको अधिवेशन आव्हान गरिनेछ । त्यसपछि यस संविधान बमोजिम प्रदेश प्रमुखबाट समय समयमा अन्य अधिवेशन आव्हान		प्रदेश प्रमुखलाई औपचारिक भूमिकाको रुपमा प्रदेश सभाको अभिन्न अंगका रुपमा स्वीकार गर्दै प्रदेश प्रमुखबाट व्यवस्थापिकाको बैठकलाई आह्वान गर्ने, सम्बोधन गर्ने, त्यसको निमित्त सदस्यहरुको उपस्थिति समादेश गर्ने सन्देश पठाउने र अन्त्य गर्ने व्यवस्था गरिएको हो ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित

	गरिनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि ६ महिनाभन्दा बढी हुने छैन । (२) प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशनको अन्त्य गर्न सक्नेछ । (३) प्रदेश प्रमुखबाट अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको एक-चौथाइ सदस्यहरुले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिनेछ र त्यसरी तोकिएको मिति र समयमा प्रदेश सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ । **((४) प्रदेश प्रमुखले प्रदेश सरकार प्रमुखको सिफारिशमा वैकल्पिक सरकार गठन हुने संभावना नरहेमा प्रदेश सभाको विघटन गर्न सक्नेछ । त्यसरी विघटन गरेपछि ६ महिनाभित्र नयाँ प्रदेश सभाका लागि निर्वाचन हुने मिति समेत तोक्नेछ ।)***		
	५१. <u>प्रदेश प्रमुखबाट सम्बोधन तथा सन्देश</u> : (१) प्रदेश प्रमुखले सभाको बैठकलाई सम्बोधन गर्न र त्यसको निमित्त सदस्यहरुको उपस्थिति समादेश गर्न सक्नेछ । (२) प्रदेश प्रमुखबाट प्रदेश सभाका लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि प्रदेश सभाको बैठकलाई सम्बोधन गरिनेछ । (३) प्रदेश प्रमुखबाट प्रदेश सभालाई सन्देश पठाउन सकिनेछ । सभाले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशिघ्र विचार गरी आफ्नो राय प्रदेश प्रमुख समक्ष प्रस्तुत गर्नेछ ।		प्रदेश सरकारका तर्फबाट सरकारको भावी कार्यक्रम, नीति र विगत वर्षका उपलब्धीका बारेमा प्रदेश सभाको निर्वाचन पछिको पहिलो र प्रत्येक सालको प्रथम अधिवेशनलाई सम्बोधन गर्ने व्यवस्था राखिएको हो ।
	५२. <u>गणपूरक संख्या</u> : यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक प्रदेश सभाको बैठकमा सो सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुने छैन ।		सभाको बैठकका लागि एक चौथाई सदस्य उपस्थितिको गणपूरक संख्याको व्यवस्था गरिएको भएपनि कार्यगत रुपमा बैठकमा जनताका प्रतिनिधिको बाक्लो उपस्थितिको अनिवार्यतालाई सभाका सदस्यहरुले आत्मानुभूति गर्ने अपेक्षा गरिएको छ ।
	५३. <u>बहसमा बन्देज</u> : नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सभामा छलफल गरिने छैन । तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।		अदालतको काम कारवाही प्रति जनताको आस्था र विश्वास रहोस्, न्यायिक काम कारवाईमा असर नपरोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था राखिएको हो ।
	५४. <u>सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन</u> : प्रदेश सभाको कुनै सदस्यको स्थान रिक्त छ भने पनि सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र सभाको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कार्य अमान्य हुने छैन ।		यी अवस्था र परिस्थितिमा सदनको कार्य संचालनमा कुनै बाधा वा व्यवधान पर्नु हुदैन भन्ने मान्यताका आधारमा यो व्यवस्था गरिएको हो ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित ।

	५५. मतदान : यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक सभामा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ। अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुने छैन । तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ।		बहुमतको शासनको लोकतान्त्रिक मूल्य मान्यतालाई यसमा आत्मसात गरिएको छ।
	५६. **महाअभियोग/विश्वासको मत** : *		
	५७. अनधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय : यस संविधान बमोजिम शपथ नलिई वा सभाको सदस्यताको निमित्त आवश्यक योग्यताको अभाव छ भन्ने थाहा पाउँदा पाउदै पनि कुनै व्यक्ति सदस्यको हैसियतले सभाको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा निजलाई सो सभाको अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक दिनको तीन हजार रुपैयाँको दरले सजाय हुनेछ। सो सजाय सरकारी बाँकी सरह असूल उपर गरिनेछ।		सभा र यसका काम कारवाईको नियमितताका दृष्टिले अनधिकृत व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न नपाउने र भाग लिएमा वा मतदान गरेमा सजाय हुने व्यवस्था यसमा गरिएको छ।
	५८ विशेषाधिकार : (१) यस संविधानको अधीनमा रही प्रदेश सभामा पूर्ण वाक स्वतन्त्रता रहनेछ । सभामा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निज उपर कुनै अदालतमा कारवाई चलाइने छैन। (२) यस संविधानको अधीनमा रही प्रदेश सभालाई आफ्नो आन्तरिक काम कारवाई नियमित गर्ने पूर्ण अधिकार रहनेछ र सभाको कुनै कारवाई नियमित वा अनियमित के छ भनी निर्णय गर्ने अधिकार प्रदेश सभालाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन। (३) यस संविधानको अधीनमा रही प्रदेश सभाको कुनै पनि कारवाईलाई त्यसको असल नियतबारे शङ्का उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन। (४) यस संविधानको अधीनमा रही उपधारा (१) र (३) को व्यवस्था सदनको बैठकमा भाग लिन पाउने सदस्य बाहेकका अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ। (५) यस संविधानको अधीनमा रही प्रदेश सभाले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारवाई चल्ने छैन। स्पष्टीकरण : यो उपधारा र उपधारा (१), (२), (३) र (४) को प्रयोजनको लागि "सभा" भन्नाले सभाको समितिलाई समेत सम्झनु पर्छ र सो शब्दले विशेष समितिको बैठकलाई समेत जनाउँछ।		जनताको मत वा विश्वास प्राप्त गरी प्रदेश सभामा प्रतिनिधित्व गर्ने सदस्यहरुले संविधानको अधिनमा रही स्वतन्त्र तथा निर्भिक रुपमा आफ्ना विचार अभिव्यक्त गर्न सकुन् भन्ने उद्देश्यले यो व्यवस्था गरिएको हो।

* राज्यको शासकीय स्वरुप निर्धारण समिति संग अन्तरसम्बन्धित

	(६) प्रदेश सभाको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन चलुञ्जेलसम्मको अवधिभर पक्राउ गरिने छैन । तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानून अनुसार पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सभाको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ । (७) प्रदेश सभाको सभाको विशेषाधिकारको हननलाई प्रदेश सभाको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन् भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सभालाई मात्र हुनेछ । (८) कसैले प्रदेश सभाको अवहेलना गरेमा सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी सो सभाको अधिवेशन चलुन्जेलसम्म कैद गर्न वा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना सरकारी बाँकी सरह असूल उपर गरिनेछ । तर सभालाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा सभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ । (९) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकार सम्बन्धी अन्य कुराहरु कानूनद्वारा निर्धारित गरिए बमोजिम हुने छन् ।		
	५९. <u>कार्य सञ्चालन विधि</u> : (१) यस संविधानको अधीनमा रही प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाई र कुनै समितिको अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ । त्यस्तो नियमावली प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि लागू हुनेछ । (२) प्रदेश प्रमुखबाट प्रदेश सभाको बैठकको कार्य सञ्चालन, समितिको गठन र काम कारवाई सभाको सभामुखको सिफारिशमा बनाइएको नियमावली बमोजिम हुनेछ । (३) उपधारा (१) र (२) बमोजिमको नियमावली नबनेसम्म सो उपधारामा उल्लेख गरिएका कुराहरु प्रदेश प्रमुखबाट बनाइएको नियमावली बमोजिम हुनेछन् ।		प्रदेश सभा तथा यसका समितिहरुको गठन, काम, कारवाई कानूनकै माध्यमद्वारा संचालित र व्यवस्थित होस् भन्ने उद्देश्यले यो संविधानको अधिनमा रही नियमावलीले व्यवस्था गरे बमोजिम गर्न सकिने व्यवस्था गरिएको छ ।
	६०. <u>समिति</u> : प्रदेश सभाले आवश्यकतानुसार विषयगत समितिहरुको गठन र व्यवस्था नियमावलीद्वारा गर्न सक्नेछ ।		प्रदेश सभाको कार्य सञ्चालन छिटो र छरितो होस् तथा समय समयमा आइपर्ने समस्याको सहज रुपमा निराकरण गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले विषयगत समितिहरुको गठन गर्न सकिने व्यवस्था गरिएको हो ।
	६१. <u>विशेष समिति</u> : (१) सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि विशेष समिति गठन गरियोस् भनी सभाले कुनै प्रस्ताव पारित गरेमा विशेष समितिको गठन गरिनेछ । (२) विशेष समितिमा बढीमा सातजना सदस्यहरु रहने छन् ।		प्रदेश सभालाई कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्य तथा प्रयोजनका लागि विशेष समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ ।

	६२. प्रदेश सभाको सचिवालय : (१) **प्रदेश प्रमुखबाट*** प्रदेश सभाको सभामुखको सिफारिशमा महासचिवको नियुक्ति गरिनेछ । (२) प्रदेश सभाको काम कारवाई सञ्चालन गर्न आवश्यक सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।		प्रदेश सभालाई व्यवस्थित रुपमा संचालन गर्न तथा प्रशासनिक कार्यमा सहयोग पुऱ्याउन सचिवालयको व्यवस्था गरिएको छ । सचिवालय सम्बन्धी अन्य व्यवस्था आवश्यकता अनुसार कानूनद्वारा निर्धारण गरिने प्रावधान राखिएको छ ।
	६३. पारिश्रमिक : प्रदेश सभाको सभामुख, उप-सभामुख, समितिका सभापतिहरु तथा सदस्यहरुको पारिश्रमिक र सुविधा कानूनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म प्रदेश प्रमुखबाट तोकिए बमोजिम हुनेछ ।		प्रदेश सभाका प्रमुख, उपप्रमुख तथा सदस्यहरुको पारिश्रमिक र सुविधा कानूनद्वारा निर्धारण गर्ने व्यवस्था गरिएको छ ।
भाग-५ प्रदेश व्यवस्थापन कार्य विधि	६४. विधेयक प्रस्तुत गर्ने विधि : (१) प्रदेश सभामा कुनै पनि विधेयक प्रस्तुत गर्न सकिनेछ । (२) अर्थ विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिनेछ । (३) "अर्थ विधेयक" भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ :- (क) प्रदेशमा कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय, (ख) प्रदेशमा सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय, (ग) प्रदेशमा सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा प्रदेशको सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय, (घ) प्रदेश सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा प्रदेश सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय, वा (ङ) उपर्युक्त विषयहरुसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरु । (४) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ ।		प्रदेश सभाले कानून निर्माण प्रकृयामा सलग्न रहँदा कानूनले सम्बोधन गर्न पर्ने हरेक विषयलाई ध्यानमा राखी आफ्ना अधिकार, दायित्व र कर्तव्यहरु व्यवस्थापन गर्ने अपेक्षा गरिएको छ ।
	६५. विधेयक पारित गर्ने विधि : (१) प्रदेश सभाले छलफल गरी पारित गरेको विधेयक यथाशीघ्र प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गरिने छ । (२) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा सभाको अधिवेशनको अन्त्य भए पनि सो विधेयकमाथि आगामी अधिवेशनमा कारवाई हुन सक्नेछ ।		हाम्रो संवैधानिक अभ्यासमा रहेका कमी कमजोरीलाई हटाउँदै विधेयक पारित गर्ने सम्बन्धमा यी व्यवस्था गरिएका हुन् ।

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित

	तर कुनै विधेयक प्रदेश सभामा प्रस्तुत भई विचाराधीन रहेको अवस्थामा **(प्रदेश सभा विघटन भएमा)*** वा सो सभाको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय भएको मानिनेछ ।		
	६६. विधेयक फिर्ता लिने : विधेयक प्रस्तुतकर्ता सदस्यले सभाको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ ।		प्रस्तुतकर्ता सदस्यले प्रस्तुत गरेको विधेयकबाट प्रस्तुत गर्नुपर्नाको उद्देश्य पुरा हुन नसक्ने देखिएमा वा समय सापेक्ष रुपमा प्रस्तुत विधेयकमा परिवर्तन गर्न आवश्यक देखिएमा प्रस्तुतकर्ता सदस्यले सभाको अनुमतिबाट विधेयक फिर्ता लिन सक्ने प्रावधान राखिएको छ ।
	६७. विधेयक प्रमाणीकरण : (१) प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष धारा ६५ बमोजिम पेश गरिने विधेयक सभामुखले प्रमाणित गरी पेश गर्नु पर्नेछ । तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ । (२) यस धारा बमोजिम प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश भएको विधेयक प्रमाणीकरण भएपछि त्यसको सूचना यथासम्भव चाँडो प्रदेश सभालाई दिइनेछ । (३) अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुनु आवश्यक छ भन्ने प्रदेश प्रमुखलाई लागेमा निजले विधेयक पेश भएको एक महिनाभित्र सन्देश सहित विधेयक सभामा फिर्ता पठाउन सक्नेछ । (४) प्रदेश प्रमुखबाट कुनै विधेयक सन्देश सहित फिर्ता भएकोमा विधेयकमाथि सभाको बैठकमा पुनर्विचार पछि सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भई पुनः पेश भएमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र प्रदेश प्रमुखबाट प्रमाणीकरण गरिनेछ । (५) प्रदेश प्रमुखबाट यो धारा बमोजिम कुनै विधेयक प्रमाणीकरण भएपछि सो विधेयक ऐन बन्नेछ ।		विधेयकमा सभामुखले प्रमाणित गरि प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुन आवश्यक छ भन्ने प्रदेश प्रमुखलाई लागेमा एक महिनाभित्र सन्देश सहित विधेयक फिर्ता पठाउन सकिने व्यवस्था गरिएको छ । त्यस्तो विधेयक उपर बैठकमा पुनरविचार गरी सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भै पुनः पेश भएमा तीस दिन भित्र प्रमाणीकरण गर्नु पर्ने व्यवस्था गरिएको छ ।
	६८. अध्यादेश : (१) प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा प्रदेश प्रमुख सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरुको प्रतिकूल नहुने गरी प्रदेश प्रमुखबाट आवश्यक ठानेको अध्यादेश जारी गर्न सकिनेछ । (२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ । तर यस्तो प्रत्येक अध्यादेश- (क) जारी भएपछि बसेको प्रदेश सभामा पेश गरिनेछ र सभाले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ, (ख) प्रदेश प्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा जारी भएको छ महिनापछि वा सभाको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।		प्रदेश सभाको अधिवेशन नवसेको अवस्थामा तत्काल केहि गर्न आवश्यक परेको तर सो विषयमा कानून नभएको अवस्थामा प्रदेश प्रमुखबाट कानून सरह लागु हुने गरि अध्यादेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ । अध्यादेश अपवादको रुपमा कानून बन्ने प्रकृया हो । कानून जारी गर्ने नियमित मार्ग अध्यादेशलाई बनाइनु हुँदैन भन्ने मान्यता राखिएको छ ।
भाग-६	६९. कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन		प्रत्येक लोकतान्त्रिक संविधानमा व्यक्तिको सम्पत्ति सम्बन्धी

* राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग अन्तरसम्बन्धित

प्रदेशको आर्थिक कार्य प्रणाली	नपाइने : (१) कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन । (२) कानून बमोजिम बाहेक प्रदेश सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।		हकको संरक्षण गरिएको हुन्छ । प्रतिनिधित्व नभई कर लगाउन नहुने भन्ने सर्वमान्य सिद्धान्त अनुसार कुनै व्यक्तिको सम्पत्तिमा कर लगाई राजश्व संकलन गर्ने काम जनताका प्रतिनिधिद्वारा निर्मित कानूनद्वारा मात्र हुन सकोस भन्ने मान्यता अनुसार नै कानून बमोजिम बाहेक कुनै कर लगाउन र उठाउन नपाइनुको साथै कानून बमोजिम बाहेक सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन भन्ने व्यवस्था गरिएको हो । अर्थ सम्बन्धि विषय जनताका प्रतिनिधिहरु रहेको प्रदेश सभाको रेखदेख र नियन्त्रणमा राख्ने उद्देश्यले सञ्चित कोषको नामबाट एउटा प्रदेश सरकारी कोषको व्यवस्था गरिएको छ । सार्वजनिक सम्पत्तिको मनमानी किसिमवाट खर्च नहोस् र त्यस्ता सम्पतिमाथि जनताको नियन्त्रण कायम रहोस् भन्ने उद्देश्यले प्रतिनिधिको रेखदेख र नियन्त्रणमा प्रदेशको सार्वजनिक सम्पत्ति राख्ने गरी सञ्चित कोषको व्यवस्था गरिएको हो । संविधानले जुन उद्देश्यका निमित्त त्यस्तो सम्पत्ति खर्च गर्न अख्तियारी दिइएको हुन्छ सो अख्तियारीका अधीनमा रही खर्च गर्नु आर्थिक प्रशासनको सर्वमान्य सिद्धान्त हो । यही सिद्धान्तलाई अंगीकार गरी ऐनको अख्तियारी बाहेक कुनै रकम झिक्न वा खर्च गर्न नपाइने गरी सार्वजनिक कोषको व्यवस्था गरिएको हो ।
	७०. प्रदेश सञ्चित कोष : गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई प्रदेश सञ्चित कोष भनिनेछ ।		
	७१. प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय : देहायका रकम बाहेक प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैनः- (क) प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम ; (ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम ; (ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम ; वा (घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम । तर आकस्मिक कोषका हकमा धारा ७८ बमोजिम हुनेछ ।		
	७२. प्रदेश सञ्चित कोषमाथि व्ययभार : (१) देहायका विषयसँग सम्बन्धित खर्चहरू प्रदेश सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि प्रदेश सभाको स्वीकृति आवश्यक पर्ने छैन । (२) प्रदेश प्रमुखको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम ; (३) प्रदेश उच्च अदालतका न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम ; (४) प्रदेश सभाका सभामुख र उप-सभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरु ; (५) प्रदेश सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार ; (६) प्रदेश सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम ; र (७) कानूनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।		
	७३. राजस्व र व्ययको अनुमानः (१) प्रदेश प्रमुखबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभाको बैठक समक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ :- (क) राजस्वको अनुमान ;		लोकतान्त्रिक मुलुकमा सार्वजनिक सम्पत्तिमाथि आमजनताको अधिकार रहने, जनताको स्वीकृति बिना सरकारले खर्च गर्न नपाउने र देशको समग्र आर्थिक अवस्थाको जानकारी जनतालाई दिनु पर्ने व्यवस्थाहरु गरिएको हुन्छ । यसै अवधारणा अनुसार प्रदेशको कार्यपालिकाले आर्थिक स्थितिको जानकारी जनतालाई गराउने, खर्च गर्न रकमको स्वीकृतिको लागि व्यवस्थापिकामा माग गर्ने गरेको पाइन्छ । आवश्यकता र औचित्यका आधारमा मागिएको रकम व्यवस्थापिकाद्वारा

	(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू ; र (ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू । (२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।		स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको हो ।
	७४. <u>विनियोजन ऐन :</u> विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।		विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरुमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राख्नु पर्ने व्यवस्था गरिएको हो ।
	७५. <u>पूरक अनुमान :</u> (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रदेश प्रमुखबाट प्रदेश सभा समक्ष पूरक अनुमान पेश गर्न लगाउनेछ :- (क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा (ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा । (२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।		कुनै आर्थिक वर्षको लागि विनियोजन ऐनले छुट्याएको रकम अपर्याप्त भएमा वा कुनै नयाँ शीर्षकमा खर्च हुन गएमा पूरक अनुमान सभा समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ ।
	७६. <u>पेस्की खर्च :</u> (१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ । (२) धारा ७३ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन । (३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।		आर्थिक वर्ष समाप्त हुनासाथ विनियोजन शीर्षकमा गत वर्ष व्यवस्थापिकाबाट अनुमोदित रकमहरु बाँकी भएमा स्वतः सार्वजनिक कोषमा फिर्ता हुनेछ । चालू आर्थिक वर्षका निम्ति व्यवस्थापिकाबाट विनियोजन ऐन अन्तर्गतका रकमहरु स्वीकृत नभएसम्मका लागि प्रदेशको सरकारलाई तत्काल प्रशासन चलाउन निश्चित रकमको आवश्यकता पर्ने हुन्छ । यसले गर्दा विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालू आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको केही अंश पेस्कीको रुपमा अगावै खर्च गर्नु पर्ने अवस्था आइ पर्दछन् । यसै तथ्यलाई आत्मसात गरी पेस्की खर्चको सम्बन्धमा विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको एक तिहाई भन्दा वढी नहुने गरी खर्च गर्न सकिने गरी पेस्की खर्च विधेयक पेश गरिने व्यवस्था गरिएको हो ।
	७७. <u>उधारो खर्च :</u> यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा स्थानीय वा प्रादेशिक सङ्कटको अवस्था भएमा धारा ७३ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यवहारिक देखिएमा प्रदेश प्रमुखबाट व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रदेश सभा समक्ष पेश गर्न लगाउन सक्नेछ ।		संकटकालीन परिस्थितिमा आवश्यक रकमका सम्बन्धमा परिस्थितिको गाम्भिर्यतालाई हेरेर साधारण अवस्थामा प्रस्तुत हुने वार्षिक अनुमानमा जस्तै पूर्ण विवरण खोल्न नसकिने हुँदा आवश्यक व्ययको विवरण मात्र खोली प्रदेश सभा समक्ष उधारो खर्च विधेयक प्रस्तुत गर्न सकिने व्यवस्था गरिएको छ ।
	७८. <u>आकस्मिक कोष :</u> ऐनद्वारा प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष प्रदेश सरकारको नियन्त्रणमा रहनेछ । प्रदेश सरकारले सो कोषबाट		प्रदेशमा आकस्मिक परिस्थितिबाट पुग्न सक्ने क्षति र त्यस्तो परिस्थितिको सामना गर्न प्रदेश सञ्चित कोषबाट कुनै रकम ऐनको अधिकार विना खर्च गर्न नसकिने हुँदा विशेष परिस्थितिको सामना गर्न केही रकम रहेको छुट्टै कोषको व्यवस्था गर्नु आवश्यक पर्दछ । यो कोष स्थायी प्रकृतिको हुने र यस्तो कोषबाट आवश्यक रकमहरु चाहिएको

	आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।		अवस्थामा भिक्न सकिने हुन्छ । यसरी यस कोषबाट भिकेका रकमहरु ऐनद्वारा सोधभर्ना गर्न सकिने मान्यता अनुरुप नै आकस्मिक कोषको स्थापना गरिएको हो ।
	७९. आर्थिक कार्यविधि सम्बन्धी ऐन : ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ ।		एक परिस्थिति र अवस्थामा अनुमान गरिएका कुरा सर्वथा अनुमान अनुकूल हुन्छन् भन्न पनि सकिदैन । त्यसैले एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्नु पर्ने आवश्यकता आइपर्ने हुन्छ । अतः एउटा शीर्षकबाट अर्को शिर्षकमा के कति रकम कसरी सार्ने भन्ने सम्बन्धमा र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुरा ऐनद्वारा व्यवस्थित हुन सक्ने व्यवस्था गरिएको हो ।
भाग-७ स्थानीय स्वायत्त इकाई सम्बन्धी व्यवस्था	८०. स्थानीय स्वायत्त इकाईको व्यवस्था : स्थानीय स्तरदेखि नै जनताको सार्वभौम सत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको व्यवस्थापिकीय प्रकृयामा जनताको सहभागिता सुनिश्चित गरी स्थानीय स्तरदेखि नै लोकतन्त्रको संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त ईकाइहरुको गठन गरिने छ । विभिन्न प्रदेश सभा अन्तर्गतका स्थानीय स्वायत्त इकाईहरुको स्वरुप र गठन प्रकृयामा समानता र काम कारवाईमा एकरुपता रहने गरी कानूनद्वारा व्यवस्था गरिने छ ।	स्थानीय स्वायत्त इकाई	स्थानीय स्तरदेखि नै जनताको सार्वभौम सत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको व्यवस्थापिकीय प्रकृयामा जनताको सहभागिता सुनिश्चित गरी स्थानीय स्तरदेखि नै लोकतन्त्रको संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त इकाईहरुको गठन गरिनुपर्दछ । विभिन्न प्रदेश सभा अन्तर्गतका त्यस्ता स्थानीय स्वायत्त निकायहरुको स्वरुप र गठन विधि सम्बन्धमा राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति र राज्यको शासकीय स्वरुप निर्धारण समिति समेतबाट तय गरिने आधारहरु महत्वपूर्ण हुन सक्छन् । अतः स्थानीय स्वायत्त इकाईहरुको आकृति, ढाँचा तथा स्वरुपका सम्बन्धमा निश्चित आधार तोकी गठन प्रकृयामा समानता र काम, कारवाईमा एकरुपता समेत कायम गर्ने गरी कानूनमा व्यवस्था गर्न उपयुक्त हुने ठानी यो व्यवस्था गरिएको हो ।

अनुसूची (१)

संघीय सूची, प्रदेश सूची र साझा सूचीमा उल्लेखित विषयहरु:*

* राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाड सम्मतिबाट निर्धारण भएबमोजिम

अनुसूची (२)

(धारा ८ र धारा ४८ संग सम्बन्धित)

प्रतिनिधि सभा /राष्ट्रिय सभा /प्रदेश सभाका सदस्यहरुले लिने पद तथा गोपनीयताको

शपथको ढाँचा

म (प्रतिनिधि सभा /राष्ट्रिय सभा /प्रदेश सभाको सदस्यको पूरा नाम) ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान, २०६७ प्रति पूर्ण बफादार रहँदै प्रतिनिधि सभा /राष्ट्रिय सभा /प्रदेश सभाका सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम, थर : .....

सही : .....

मिति : .....

फरक मत

१. **धारा १ को सम्बन्धमा**

धारा १ को सम्बन्धमा देहाएको व्यवस्था रहनु पर्दछ

व्यवस्थापिकाको गठनः नेपालमा जनताको संघीय लोकतान्त्रिक राष्ट्रिय गणतान्त्रिक शासन व्यवस्थामा आधारित कार्यकारी राष्ट्रपति सहितको एक सदनात्मक व्यवस्थापिका हुनेछ, जसलाई संघीय जनप्रतिनिधि सभा भनिनेछ ।

२. **धारा २ को सम्बन्धमा**

माथि धारा १ मा उल्लेखित व्यवस्थाको अधीनमा रही सोही बमोजिम संघीय जनप्रतिनिधि सभाको अधिकारको व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

३. **धारा ३ र ५ को सम्बन्धमा**

देहायको व्यवस्थाको अधीनमा रही संघीय जनप्रतिनिधि सभाको गठन गरिनु पर्दछ :

(१) संघीय जनप्रतिनिधि सभामा दुईसय पैतालिस सदस्य रहनेछन् । यो सभा देशको शासन व्यवस्थाको सर्वोच्च र सर्वशक्ति सम्पन्न अंग एवं व्यवस्थापिकाको मूल अंग हुनेछ ।

(२) संघीय जनप्रतिनिधि सभाले राज्यका अन्य अंगहरुको निर्माण, निर्देशन, नियन्त्रण एवं अनुगमन आफै वा आफ्नो मातहतका संयन्त्र निर्माण गरी गर्नेछ ।

(३) संघीय जनप्रतिनिधि सभाको गठन वहुसदस्यीय निर्वाचन क्षेत्र प्रणालीअनुसार जनसंख्या र भुगोलको आधारमा महिला, दलित, आदिवासी-जनजाति, मधेशी, मुस्लिम आदि समुदायहरुको समानुपातिक समावेशी प्रतिनिधित्व हुनेगरी प्रत्यक्ष निर्वाचनद्वारा गरिने छ ।

(४) संघीय जनप्रतिनिधि सभाको गठनका निमित्त जनसंख्याको अनुपातमा प्रतिनिधित्व गर्न आवश्यक न्यूनतम संख्या नपुग्ने जाति, आदिवासी-जनजाति, अल्पसंख्यक समुदायका लागि एउटा निश्चित संख्यामा संघीय व्यवस्थापिकाद्वारा मनोनयनको व्यवस्था गरिने छ ।

(५) सोह्र बर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई मतदानको अधिकार हुनेछ ।

(६) यस सभाका प्रतिनिधि हुनको लागि २३ वर्ष उमेर पुगेको हुनु पर्दछ ।

(७) यस सभाका सभाध्यक्ष र उपाध्यक्षको उमेर ३० वर्ष पुगेको हुनु पर्दछ ।

(८) जनप्रतिनिधि सभाको बैठक नवसेको अवस्थामा आवश्यक व्यवस्थापिकीय कार्य समेत गर्न हरेक स्वायत्त प्रदेशबाट कम्तिमा एक जना प्रतिनिधि पर्ने गरी बढीमा २१ जना सदस्य रहने गरी जनप्रतिनिधि सभाका सदस्यहरुमध्येबाट एक स्थायी समितिको व्यवस्था गरिनेछ ।

४. धारा ४ को व्यवस्था आवश्यक नरहेको

५. धारा ७ र धारा ४७ मा निम्न व्यवस्था थप गर्नुपर्ने

कानूनमा व्यवस्था भए बमोजिम प्रत्याह्वान गरिएमा ।

६. धारा ८ र ४८ का सम्बन्धमा

संघीय जनप्रतिनिधि सभा तथा स्वायत्त प्रदेश जनप्रतिनिधि सभाका सदस्यले सपथ लिदा देश र जनताका नागमा मात्र लिन आवश्यक र उपयुक्त हुने हुँदा सोही व्यवस्थाको अधीनमा रहेर शपथ सम्बन्धी व्यवस्था निर्धारण गरिनु पर्दछ ।

७. धारा १० को व्यवस्था आवश्यकता नरहेको

८. धारा १४ र धारा ५३ को सम्बन्धमा

नेपालको कुनै अदालतमा विचाराधीन व्यक्तिगत सरोकारको मुद्दाका बारेमा सभाका सदस्यहरुले प्रश्न उठाउन सक्नेछन् तर यसबारे औपचारिक रुपले बहसमा लगिने र कुनै निर्णय गरिने छैन । त्यस्तो मुद्दा देशको शासन व्यवस्थासंग अन्तरसम्बन्धित भएमा, राजनैतिक अन्तरवस्तु भएको भएमा वा सार्वजनिक सरोकारका विषय भएको भएमा अथवा संविधानसंग कानून बाझिएको भन्ने प्रश्नका विषयमा भने प्रश्न उठाउनुका अतिरिक्त औपचारिक रुपमै प्रस्ताव दर्ता गराई बहसमा लान र निर्णय लिन वा एउटा समिति गठन गरी त्यस मार्फत व्याख्या गर्न लगाई सोको आधारमा निर्णय गर्न सकिने व्यवस्था गरिनु पर्दछ ।

९. धारा १८ को सट्टामा निम्न व्यवस्था आवश्यक रहेको

मन्त्रीले सदनका समितिहरुमध्ये जुनसुकै समितिमा पनि छलफलमा भाग लिन सक्नेछन् तर मतदान भने आफू सदस्य रहेको विषयगत समितिमा मात्र गर्न पाउनेछन् ।

१०. धारा २३ मा रहेको संयुक्त समितिको सट्टामा संघीय जनप्रतिनिधि सभाका बढीमा पन्ध्र जना सदस्य रहने गरी विशेष समिति को

व्यवस्था गर्न उपयुक्त हुन्छ ।

११. धारा ३० र ६८ अध्यादेशको सम्बन्धमा

देहायको व्यवस्थाको अधिनमा रही अध्यादेश सम्बन्धी व्यवस्था गरिनु पर्दछ

- संघीय जनप्रतिनिधि सभा नचलेको बेला प्रचलित कानूनले समेट्न नसकेको विषयमा सरकारले अध्यादेश जारी गरी लागु गर्न सक्नेछ । उक्त अध्यादेश कानून सरह लागु हुनेछ तर,
- विकास निर्माण, सेवा सहुलियत, राष्ट्रिय सुरक्षा र साम्प्रदायिक सद्भाव कायम गर्न बाहेक अन्य विषयमा अध्यादेश जारी गरिने छैन ।
- सरकारले जारी गर्ने त्यस्तो अध्यादेशको आवश्यकता देखिएमा संघीय जनप्रतिनिधि सभाको स्थायी समितिमा पेश गर्नु पर्नेछ । स्थायी समितिले निर्धारित अवधिभित्र सरकारले अध्यादेश जारी गर्ने अनुमति दिएमा अध्यादेश जारी हुनेछ ।
- त्यसरी जारी अध्यादेश जनप्रतिनिधि सभाको अधिवेशन वसेपछि नियम बमोजिम स्वीकृत नभए खारेज हुनेछ ।

१२.संघीय व्यवस्थापन कार्यविधिको सम्बन्धमा

यस भाग अन्तर्गत विभिन्न धारा उपधारामा व्यवस्थापन कार्यविधि सम्बन्धमा दुई सदनबाट गरिने व्यवस्था गरिएकोमा सो को सट्टामा व्यवस्थापन कार्यविधि संग सम्बन्धि सम्पूर्ण प्रकृयाहरु संघीय जनप्रतिनिधि सभाद्वारा मात्र हुने हुँदा सोही अनुरुपका व्यवस्था र प्रकृयाहरुमात्र उल्लेख हुनु पर्दछ ।

१३. भाग ४ अन्तर्गत स्वायत्त प्रदेश व्यवस्थापिकाको सम्बन्धमा

- स्वायत्त प्रदेशलाई आत्मनिर्णयको अधिकार सम्पन्न गराउनु पर्दछ ।

-स्वायत्त प्रदेश व्यवस्थापिकालाई स्वायत्त प्रदेश जनप्रतिनिधि सभा नामाकरण गर्नु पर्दछ ।

-यस भाग अन्तर्गत ठाउँठाउमा रहेको स्वायत्त प्रदेश सभाको सट्टा स्वायत्त प्रदेश जनप्रतिनिधि सभा राखिनु पर्दछ ।

१४. धारा ४४ र ४५ को स्वायत्त प्रदेश जनप्रतिनिधि सभाको गठन सम्बन्धमा

देहायको व्यवस्थाको अधिनमा रही यस सभाको गठन गरिनुपर्दछ:

- भूगोल र जनघनत्वको अनुपात हेरी जाति, भाषा र प्राकृतिक स्रोतको उपलब्धताका आधारमा २५ देखि ४५ जना सम्मको सदस्य रहने गरी स्वायत्त प्रदेश जनप्रतिनिधि सभाहरुको गठन गरिनु पर्दछ ।
- स्वायत्त प्रदेश जनप्रतिनिधि सभाको गठन वहुसदस्यीय निर्वाचन क्षेत्र प्रणालीका आधारमा हुनेछ । सो सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।
- यस सभाका सदस्यहरुको लागि २१ वर्ष उमेर पूरा भएको हुनु पर्नेछ ।
- यस सभाका पदाधिकारीहरुको उमेर भने २३ वर्ष पुगेको हुनु पर्नेछ ।
- यस सभाका सदस्यहरुको निर्वाचनमा १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई मतदानको अधिकार हुनेछ ।

१५. माथि बुँदागत रुपमा उल्लेख भए बाहेकका संविधानको प्रारम्भिक मस्यौदाका अन्य धारा, उपधारा तथा खण्डहरुमा माथि संलग्न फरक मत तथा अवधारणामा प्राप्त फरक मतसंग मेल नखाने अन्य व्यवस्थाका सम्बन्धमा समेत संलग्न फरक मत अनुरुपको व्यवस्था हुनुपर्ने ।

१. मा. कल्पना धमला, एनेकपा (माओवादी)

२. मा. गमबहादुर श्रीष मगर, एनेकपा (माओवादी)

३. मा. जयराम दाहाल, एनेकपा (माओवादी)

४. मा. दावा तामाङ्ग, एनेकपा (माओवादी)

५. मा. धिरेन्द्राकुमारी उपाध्याय, एनेकपा (माओवादी)

६. मा. नन्दकुमार प्रसाई, एनेकपा (माओवादी)

७. मा. नारायणप्रसाद पौडेल, एनेकपा (माओवादी)

८. मा. निमा लामा, मनोनीत

९. मा. भिमप्रसाद गौतम, एनेकपा (माओवादी)

१०. मा. रामकुमार राई, एनेकपा (माओवादी)

११. मा. रुपा सो.सी. चौधरी, एनेकपा (माओवादी)

१२. मा. ललिताकुमारी साह, एनेकपा (माओवादी)

१३. मा. लक्ष्मण दत्त जोशी, एनेकपा (माओवादी)

१४. मा. सन्चपाल मादेन, एनेकपा (माओवादी)

१५. मा. संघप्रसाद थारु, एनेकपा (माओवादी)

१६. मा. हलिना खातुन सोखिन, एनेकपा (माओवादी)

१७. मा. ज्ञानेन्द्र कुमाल, एनेकपा (माओवादी)

फरक मत

१. धारा ३ (२) मा

प्रतिनिधि सभाका सदस्यहरुको निर्वाचनका लागि जनसंख्याको आधारमा प्रत्येक प्रदेशमा निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाको दरले निर्वाचित हुने व्यवस्था राख्नु पर्ने ।

२. धारा ४ (१) (क) मा

प्रत्येक प्रदेशबाट जनसंख्याको अनुपातमा कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने ५१ सदस्यहरु रहने व्यवस्था हुनुपर्ने ।

३. धारा ४ (१) (ख) हटाइनु पर्ने ।

४. धारा १० मा

राष्ट्रिय सभाको अध्यक्षता उपराष्ट्रपतिले गर्ने व्यवस्था हुनुपर्ने ।

५. धारा १४ बहसमा बन्देज सम्बन्धी व्यवस्था हटाइनु पर्ने ।

१. मा. ओमप्रकाश यादव, म.ज.अ. फोरम
२. मा. विजयकुमार यादव, म.ज.अ. फोरम
३. मा. रेणुकुमारी यादव, म.ज.अ. फोरम

फरक मत

१. धारा ३ (१) को अन्त्यमा देहायको स्पष्टीकरण थप गर्ने ।

स्पष्टीकरण: प्रत्यक्ष निर्वाचनका लागि निर्वाचन क्षेत्र कायमा गर्दा जनसंख्या र भुगोलको समानुपातिकताको आधारमा निर्वाचन क्षेत्र कायम गरिने छ ।

२. धारा ३ (३) मा रहेको जनसंख्याको आधारमा भन्ने शब्दको सट्टा जनसंख्या र भुगोलको समानुपातिकताको आधारमा भन्ने शब्दहरु थप गर्ने ।

३. धारा ३ (३) मा रहेको पिछडिएको वर्ग, क्षेत्र, भन्ने शव्दहरुको सट्टा अति पिछडिएको कर्णाली, पिछडिएको क्षेत्र र पिछडिएको वर्ग भन्ने शव्द थप गर्नुपर्ने ।

४. धारा ४ (१) (क) मा रहेको ३८ को सट्टा ५१ हुनुपर्ने ।

५. धारा ४ (१) को (ख) हटाउने ।

६. धारा ४४ (१) मा रहेको प्रदेश सभामा भन्ने शब्द पछि जनसंख्या र भुगोलको समानुपातिकताका आधारमा बढिमा भन्ने शब्दहरु थप गर्नुपर्ने ।

१. मा. देविलाल थापा, ने.क.पा.(एमाले)

फरक मत

१. मस्यौदाको धारा ३ (२) मा प्रतिनिधि सभाको गठन सम्बन्धी व्यवस्थामा प्रत्यक्ष निर्वाचनमा न्यूनतम ५० प्रतिशत उम्मेदवारी महिलाको लागि दिइने छ भन्ने वाक्य थप्नुपर्ने ।

२. प्रतिनिधि सभाको गठन सम्बन्धी संविधानको धारा ३ (४) मा व्यवस्थाबाट पछि "हुने गरी कानूनद्वारा व्यवस्था" भन्ने शब्द हटाउनु पर्ने ।

३. राष्ट्रिय सभाको गठन र सदस्यको पदावधी सम्बन्धी धारा ४ (१) (क) मा "महिलाको समेत प्रतिनिधित्व सुनिश्चितता गराइने छ" भन्ने वाक्य थप्नु पर्ने ।

४. संविधानको प्रारम्भिक मस्यौदाको धारा ४ (२) मा रहेको ..... यसको गठनमा "यथासम्भव" ..... भन्ने शब्द हटाउनु पर्ने । "महिला" भन्ने शब्द थप्नुपर्ने ।

५. प्रदेश सभाको गठन सम्बन्धमा संविधानको प्रारम्भिक मस्यौदाको धारा ४४ (२) मा "हुने गरी" भन्ने शब्द पछि रहेको "कानूनद्वारा व्यवस्था" भन्ने शब्द हटाउनु पर्ने ।

महिलाको समानुपातिक सहभागिताको सुनिश्चितता गर्ने प्रतिवद्वता नेपालको अन्तरिम संविधान, वृहत शान्ति सम्झौता तथा राजनैतिक दलहरुसंगको सम्झौता र प्रतिवद्वताबाट आइसकेको परिप्रेक्ष्यमा परिमाणमुखी सहभागिताको सुनिश्चितताको लागि केही प्रस्तावहरु राखिएको छ । यी माथिका सुझावहरु समावेश भएमा मात्र महिलाको प्रत्यक्ष निर्वाचन प्रणालीको सहभागिताको सुनिश्चितता हुन सक्ने तथा राष्ट्रिय सभामा पनि महिलाको सहभागिता हुन सक्ने हुँदा सम्पूर्ण राजनैतिक दलको प्रतिवद्वतालाई व्यवहारमा रुपान्तरण गरी राज्यको व्यवस्थापिकीय अंगमा महिलाको सहभागिता सुनिश्चित गर्ने थप स्पष्ट प्रस्ताव राखिएको हो । निर्वाचनको लागि छुट्टै ऐन आउने नै हुँदा कानूनद्वारा व्यवस्था भन्ने शब्द हटाउन समेत प्रस्तावित गरिएको छ ।

१. मा. यसोदादेवी अधिकारी, ने.क.पा. (एमाले)
२. मा. शिला कतिला, मनोनीत
३. मा. जुलीकुमारी महतो, ने.क.पा. (एमाले)

अवधारणा पत्र

भाग-एक

प्रारम्भिक

१.१ पृष्ठभूमि

हाम्रो देश जाति, भाषा, धर्म, संस्कृति र क्षेत्रीयताको हिसाबले विविधतायुक्त मुलुक हो । मुलुकको शासन संचालनमा पनि यो विविधता प्रतिविम्बित हुन जरुरी छ । यही विविधताको संवोधनका साथै लोकतन्त्र, शान्ति र अग्रगमनको प्राप्तिका लागि जनताले पटक पटक विविध रुपका संघर्ष र आन्दोलनहरु गरेका छन् । यिनै आन्दोलन र संघर्षको उपलब्धिहरुको जगमा उभिएर अहिले हामीहरु नयाँ नेपाल निर्माणको अभियानमा जुटिरहेका छौं । लोकतान्त्रिक व्यवस्थामा व्यवस्थापिका जनताको प्रतिनिधित्व गर्ने सर्वोच्च निकाय हो । तसर्थ जनताको भावना एवं हाम्रो देशको मौलिक विशेषताहरुलाई ध्यानमा राखेर हामीले नयाँ संविधानको व्यवस्थापिकीय अंगको निर्माण गर्नु पर्दछ ।

नेपाली जनताको संघीयतामा प्रवेश गर्ने चाहनालाई हाम्रा आफ्नै मौलिक विविधता तथा विशेषताका आधारमा व्यवस्थापन गर्नु जरुरी हुन्छ । संघीयताका सम्वन्धमा एउटै सूत्र हुन सक्दैन । प्रत्येक समाज बृहत्, जटील हुन्छ र त्यसका विशेषता पनि विभिन्न तथ्यहरुबाट निर्धारित हुन्छ । संघीयताको सन्दर्भमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण गर्दा हाम्रो मुलुकले सामना तथा व्यवस्थापन गर्न सक्ने प्रकृति, रोजाई र सीमाहरुका सम्बन्धमा गहन रुपमा बुझ्न जरुरी छ । हामीले निर्माण गर्ने व्यवस्थापिकीय अंगको स्वरुपले राष्ट्रमा समग्र राजनीतिक स्थायित्व, आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि र राष्ट्रिय एकतालाई प्रवर्द्धन गरेको हुनुपर्छ ।

व्यवस्थापिकाले मुख्यतया कानून निर्माण गर्ने, कानूनलाई औपचारिकता प्रदान गर्ने तथा अन्तिम रुप दिने कार्य गर्दछ । राज्यका लागि नीति निर्माण गरी अगाडिको बाटो तय गर्ने निकायको आकृति, ढाँचा तथा स्वरुप निर्धारण गर्ने काम आफैंमा एउटा बृहत कार्य योजना हो ।

व्यवस्थापिकाको स्वरुप, भूमिका र अवस्था देशले अवलम्वन गर्ने सारभूत राजनैतिक संरचनाद्वारा प्रभावित हुने गर्दछ । हरेक प्रकृतिको शासन प्रणालीमा व्यवस्थापिकाको भूमिका र अवस्था फरक फरक हुने भएतापनि जुनसुकै प्रकृतिको शासन पद्धति अवलम्वन गरिए पनि व्यवस्थापिकाको आकृति, ढाँचा तथा स्वरुपले त्यस्तो शासन प्रणालीमा अहम् भूमिका खेल्छ । व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति जस्तै अन्य समितिले निर्धारण गर्ने राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरुपमा हुने संरचना, संघीय इकाईहरुको क्षेत्र निर्धारणद्वारा कायम हुने व्यवस्थापिकीय इकाई (प्रदेश) हरु तथा (राज्यको शासकीय स्वरुप निर्धारण समितिबाट निर्धारण हुने) शासन प्रणालीको प्रकृति र स्वरुपमा यस समितिले तय गर्ने विभिन्न संघीय इकाईमा व्यवस्थापिकाको स्वरुप तथा गठन विधि, संघीय इकाईका व्यवस्थापिकाहरु बीचको अन्तरसम्वन्ध, व्यवस्थापन कार्यविधि तथा आर्थिक व्यवस्थापन विधि समेतका कार्य प्रणालीले समष्टिगत स्वरुपको संरचनाको पूर्ण चित्र कोरिने छ ।

१.२ समितिको कार्यक्षेत्र

सविधानसभा नियमावली, २०६५ को नियम ६६ को क्रमसंख्या ४ मा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र देहायअनुसार तय गरेको छ:

- विभिन्न संघीय इकाईमा व्यवस्थापिकाको स्वरुप र गठन विधि,
- विभिन्न तहमा संघीय इकाईका व्यवस्थापिकाहरु वीचको अन्तरसम्बन्ध,
- व्यवस्थापन कार्यविधि,
- आर्थिक व्यवस्थापन विधि,
- समितिको कार्यक्षेत्रसंग सम्वन्धित अन्य आवश्यक कुराहरु ।

माथि उल्लेखित कार्यक्षेत्र र त्यसमा आधारित रहेर यस समितिले तय गरेको "कार्यक्षेत्रको पहिचान" तथा "कार्य विवरण" लाई मूल आधार मानेर तोकिएको विषयमा अवधारणापत्र तयार गर्नु यस समितिको मुख्य कार्यक्षेत्र रहेको छ ।

१.३ अवधारणापत्रको सार्थकता र महत्व

संविधानसभा नियमावली, २०६५ को नियम ७३ को उपनियम (१) को खण्ड (घ) मा "आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पार्ने र सो सम्बन्धी प्रतिवेदन संविधानसभामा पेश गर्ने" भन्ने कानूनी व्यवस्थाबाट तयार हुने अवधारणापत्रकै आधारमा संविधानको प्रारम्भिक मस्यौदा तयार हुने हुँदा संविधान निर्माणमा अवधारणापत्रको महत्वपूर्ण स्थान रहेको कुरा निर्विवाद छ ।

अवधारणापत्र नै संविधानको जग हो । यसले संविधान निर्माणको काममा अभिमुखीकरणको भूमिका खेल्दछ । संविधानमा कुनै प्रावधान किन राख्ने वा कुन उद्देश्ले राख्ने भन्ने कुरा अवधारणापत्रले स्पष्ट गर्दछ । अवधारणापत्र विना संविधान निर्माण गर्नु भनेको अंध्यारोमा ढुङ्गा हान्नु (Shooting in the Darkness) जस्तै हो । संविधानमा व्यवस्था गरिने प्रावधानको विधायिकी मनसाय के हो वा थियो भन्ने विषय अवधारणापत्रबाट अवगत हुने गर्दछ । संवैधानिक प्रावधानहरुको व्याख्या र विश्लेषणको आधारको रुपमा पनि अवधारणापत्रले मुख्य भूमिका निर्वाह गर्दछ । अवधारणापत्रको यही सारभूत महत्वलाई हृदयंगम गर्दै सोही अनुरुप यसलाई तयार गर्ने प्रयास गरिएको छ ।

१.४ अध्ययन पद्धति

संविधानसभा नियमावली, २०६५ को नियम ७३ (१) (ग) मा "आफ्नो कार्यसूचीभित्र पर्ने विषयमा विशेषज्ञको राय लिने, सार्वजनिक बहस गराउ ी, स्वदेश र विदेशमा बस्ने नेपाली नागरिकहरुबाट विभिन्न माध्यम मार्फत सुझाव संकलन गर्ने, गोष्ठी सेमिनार गर्ने, आवश्यकता अनुसार स्थलगत भ्रमण गर्ने र सोही बमोजिम सङ्गलित राय सुझावका आधारमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार गर्न समितिको कार्यक्षेत्रभित्रका विभिन्न विषयहरुमा फरक फरक क्षेत्र र पृष्ठभूमि व्यक्तित्वहरुलाई आमन्त्रण गरी विषयवस्तुका बारेमा बृहत छलफल र अन्तरक्रिया गराईएको थियो । समितिको कार्यक्षेत्रको विषयमा राय सुझावको लागि आम जनसमुदायमा सार्वजनिक सूचना आह्वान गरिए बमोजिम राय सुझावहरु समेत प्राप्त भएका छन् । प्रश्नावली सहित टोली स्थलगत भ्रमणमा गई आम जनसमुदायको घरदैलोमा पुगी राय सुझाव संकलन गरिएको तथा समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त विभिन्न अध्ययन सामग्रीको गहन अध्ययन र विश्लेषणबाट निक्यौल गरिएको विषयवस्तु समेतका आधारमा अवधारणापत्र तयार गर्ने प्रयास गरिएको हुँदा अवधारणापत्रले सैद्धान्तिक र व्यवहारिक, कार्यात्मक अध्ययन पद्धतिलाई अवलम्वन गरेको छ ।

१.४.१ प्रश्नावलीका सम्बन्धमा

समितिको कार्यक्षेत्र भित्रका विषयमा प्रश्नावलीका माध्यम समेतबाट जनताको राय, सुझाव ग्रहण गरी संविधान निर्माण प्रकृयामा जनताको उल्लेखनीय सहभागिता सुनिश्चित गर्न समितिले यो प्रकृया अवलम्बन गरेको हो । जनताले भरेर पठाएका प्रश्नावली/उत्तरपुस्तिका ४१,९०० थान समितिका सदस्य स्वयंबाट अध्ययन र विश्लेषण गरी प्राप्त सुझावहरुको एकीकृत स्वरुप निर्धारण गरिएको छ । विभिन्न प्रश्नका सम्बन्धमा जनताबाट प्राप्त सुझावलाई गणितीय हिसाबबाट मात्र विश्लेषण नगरी जनताबाट अभिव्यक्त ती भावनालाई सारभूत रुपमा ग्रहण गरी यस अवधारणापत्रका प्रत्येक विषयवस्तुमा संश्लेषण गर्ने प्रयास गरिएको छ । प्रश्नावलीका माध्यमबाट प्राप्त सुझावको हालसम्मको यथार्थ चित्रणलाई यसै अवधारणापत्रको अनुसूचीमा समावेश गरिएको छ ।

१.५ अवधारणापत्र (प्रतिवेदन) का सीमाहरु

समितिले संविधानसभा नियमावली, २०६५ को नियम ६६ को क्रमसंख्या ४ मा उल्लेखित कार्यक्षेत्रको सिमाभित्र रही कार्य गर्नुपर्ने भएकोले सोही कार्यक्षेत्र र त्यसका अधिनमा रही समितिले तय गरेको कार्यक्षेत्रको पहिचानका आधारमा यो अवधारणापत्र तयार गरिएको छ । समितिको कार्यक्षेत्रसंग अन्तर सम्वन्धित जस्तो देखिने कतिपय विषयवस्तु अन्य समितिको कार्यक्षेत्रभित्र रहेको हुँदा त्यस्ता अन्तर सम्बन्धित विषय वस्तुहरुलाई यस अवधारणापत्रमा समावेश नगरिएको हो ।

अवधारणापत्रमा समितिको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा औपचारिक सैद्धान्तिक विषय, ऐतिहासिक विकास सम्बन्धी लामो गन्थनयुक्त अवधारणा तथा विभिन्न देशमा रहेको व्यवस्थाको तुलनात्मक अध्ययन गर्ने जस्तो जटिल प्रकृयाबाट

अवधारणापत्र आवश्यक भन्दा बढी बोझिलो तथा अनावश्यक समेत हुने ठानी त्यस्तो लम्बा चौडा प्रकृया अवलम्वन गरिएको छैन ।

आफ्नै व्यवहार, शैली र सोचको सृजनात्मक परिमार्जन र परिवर्तनद्वारा लक्षित स्थानमा पुग्न सकिन्छ र त्यो नै दिगो हुन्छ । यसका लागि उर्ध्वगामी प्रणाली (Bottom up Approach), निगमनात्मक विधि (Deductive Logic) तथा आगमनात्मक विधि (Inductive Logic) समेतलाई अवलम्वन गर्ने र त्यही प्रकृया हाम्रो परिस्थिति र आवश्यकता अनुकूलको हुने यस समितिको ठम्याई रहेको छ । यसका लागि मुलभूत विषय (Major Issues) सम्ममा हाम्रा आफ्नै भाव, अनुभूति, भावना, अनुभव तथा अवधारणाहरुको सृजनात्मक विश्लेषण गर्दै सोसँग सारभूत अन्तरसम्बन्ध राख्ने आवश्यक र सान्दर्भिक वस्तुनिष्ठ जीवन्त सैद्धान्तिक अवधारणालाई मात्र यथोचित रुपमा विवेचना गर्दै विषयवस्तुलाई संश्लेषण गर्ने प्रयास गरिएको छ ।

भाग-दुई

व्यवस्थापिका

२.१ परिचय

व्यवस्थापिकीय अंग राज्यका प्रमुख तीन अंगहरु कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका मध्ये एक महत्वपूर्ण अंग हो । व्यवस्थापिकाले मुख्यतया कानून बनाउने र कानूनलाई औपचारिकता प्रदान गर्ने कार्य गर्दछ । राष्ट्रको सार्वभौमसत्ता जनतामा निहित रहनुपर्छ भन्ने कुरा आजको आम सहमतिको विषय हो । जनतामा अन्तरनिहित सार्वभौमसत्तालाई विभिन्न प्रकृया र कार्यप्रणालीद्वारा प्रतिविम्वित गर्ने र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको अभ्यास गर्ने हुनाले राज्यका तीन प्रमुख अंगहरु मध्ये व्यवस्थापिकालाई सर्वाधिक महत्वपूर्ण अंगको रुपमा लिइन्छ ।

व्यवस्थापिकाद्वारा कानूनको माध्यमबाट सुनिश्चित गरिने सही सिद्धान्त, योजना, नीति, मापदण्ड तथा दिशानिर्देश कै आधारमा कार्यपालिका अगाडि बढ्ने हुँदा व्यवस्थापिका राज्यको पथ प्रदर्शक निकाय पनि हो । व्यवस्थापिका आफुले बनाउने कानूनको सुनिश्चिता, दुरदर्शिता, प्रयोगशीलता, सुस्पष्टता र आफुले बनाएको कानूनको स्वामित्व भाव आफुले लिने र जनतामा दिलाउने तथ्यको आधारमा बाँचेको हुन्छ । यी आधारभूत तत्वलाई जीवन्त राख्न नसकेमा व्यवस्थापिकीय अंगले आफ्नो सार्थकतालाई बचाई राख्न सक्दैन । यसमा पनि संघीय व्यवस्थापिकाका सन्दर्भमा त यी विषयहरुको सान्दर्भिकता र महत्व अझै बढी रहन आउँछ ।

संघीय व्यवस्थापिकाको स्वरुप, भूमिका तथा कतिपय अवस्थामा राष्ट्रले अवलम्वन गर्ने समष्टिगत शासन प्रणालीको प्रकृति र स्वरुपद्वारा प्रभावित हुने गर्दछ । हामीले तय गर्न गैरहेको संघात्मक शासन प्रणालीमा व्यवस्थापिकाको अधिकार तथा आकृति, ढाँचा र प्रारुपका हिसाबले पनि संघीय (केन्द्रीय) व्यवस्थापिका र इकाई (प्रदेश) व्यवस्थापिकाको आधारमा प्रारुप सुनिश्चित गरिनुपर्ने हुन्छ । संविधान स्वयंले संघीय (केन्द्रीय) व्यवस्थापिकाले कानून बनाउन पाउने क्षेत्रहरु र इकाई (प्रदेश) का व्यवस्थापिकाले कानून बनाउन पाउने क्षेत्रहरु निर्धारण गरी संघीय इकाईका व्यवस्थापिकाहरुको निर्धारण गर्दछ । संघीय व्यवस्थापिका कति सदनात्मक हुने, सदस्यहरुको संख्या कति रहने तथा तिनमा प्रतिनिधित्व के कसरी गर्ने, गराउने भन्ने विषयहरुले यी सन्दर्भहरुमा महत्व राख्दछन् ।

व्यवस्थापिकीय अंगको सम्बन्धमा नेपालको संवैधानिक अभ्यासलाई छोटकरीमा उल्लेख गर्नु उपयुक्त हुन्छ । नेपाल सरकार वैधानिक कानून, २००४ मा भारदारीसभा (६०–७० जनासम्म २८ जना मनोनित र अरु निर्वाचित) र राष्ट्रसभा समेतको दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको पाइन्छ । नेपालको अन्तरिम शासन विधान, २००७ ले एक सल्लाकारसभाको व्यवस्था गरी एक सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको पाइन्छ भने नेपाल अधिराज्यको संविधान, २०१५ मा महासभा (राजा, १८ जना मनोनित, १८ जना निर्वाचित) र प्रतिनिधि सभा (१०९ जना सदस्य) गरी द्विसदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको देखिन्छ । नेपालको संविधान, २०१९ ले राष्ट्रिय पञ्चायतमा (१४० जना मध्ये ११२ निर्वाचित र २८ जना मनोनित) एक सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रतिनिधिसभा (२०५ जना) र राष्ट्रिय सभा (६० जना) गरी दुई सदन सहितको व्यवस्थापिकाको व्यवस्था गरेको पाइन्छ भने नेपालको अन्तरिम संविधान, २०६३ ले एक सदनात्मक व्यवस्थापिका-संसदको व्यवस्था गरेको देखिन्छ ।

यसरी एकात्मक शासन व्यवस्था रहेको अवस्थामा पनि नेपालले अधिकांश संवैधानिक अभ्यासमा दुई सदन सहितको व्यवस्थापिकाको संवैधानिक व्यवस्था गरेको देखिन आउँछ ।

२.२ संघीय व्यवस्थापिका कति सदनात्मक हुने

संघात्मक शासन प्रणालीमा प्रवेश गर्ने विषय राजनैतिक तथा संवैधानिक रुपमै सुनिश्चित भईसकेको अवस्थामा निर्क्यौल गरिनु पर्ने अर्को महत्वपूर्ण विषय संघीय (केन्द्रीय) व्यवस्थापिका कति सदनात्मक हुने भन्ने विषय पनि एक हो । विधिशास्त्रीय दृष्टिकोणमा यतिनै सदनात्मक हुनुपर्ने भन्ने कुनै निश्चित सिद्धान्त वा आवधारणा रहेको देखिंदैन । तथापि विश्वका प्रायः सबै संघीय लोकतान्त्रिक मुलुकहरुमा संघीय (केन्द्रीय) व्यवस्थापिका दुई सदनात्मक नै रहेको

देखिन्छ । जस्तो, अमेरिका, भारत, रसीया, क्यानाडा, अष्ट्रेलिया, स्विटजरल्याण्ड, दक्षिण अफ्रिका आदि मुलुकहरुमा केन्द्रमा माथिल्लो सदन र तल्लो सदन गरी दुई सदनात्मक व्यवस्थापिका अवलम्वन गरेको देखिन्छ । यति मात्र होइन कतिपय एकात्मक शासन व्यवस्था भएको देशहरुमा समेत दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था रहेको पाइन्छ । संघात्मक शासन प्रणालीको आफ्नो स्वभाव र चरित्रले केन्द्रमा दुई सदनकै आवश्यकता दर्शाउने हुँदा संघीय व्यवस्थापिका दुई सदनात्मक रहनु नै उपयुक्त हुन्छ ।

२.३ संघीय (केन्द्रीय) व्यवस्थापिकाको तल्लो सदन

तल्लो सदन सामान्यतया: जनताको प्रत्यक्ष मतदान (पहिलो हुने निर्वाचित हुने, समानुपातिक वा मिश्रित प्रणाली) द्वारा निर्वाचित भै गठन हुने संस्था हो । प्रायस: लोकतान्त्रिक मुलुकहरुमा वालिग मताधिकारका आधारमा निर्वाचनद्वारा व्यवस्थापिकाको तल्लो सदनको गठन गरिएको हुन्छ । तल्ला सदनहरु जनसंख्या वा प्रादेशिक आधारमा समानताको सिद्धान्त अनुसार जनताद्वारा प्रत्यक्ष रुपमा निर्वाचित भै गठन हुने सदन हुन् । यी सदनहरु विभिन्न नामले प्रचलित छन् । जसमध्ये प्रतिनिधि सभा (House of Representative) वा (Chamber of Deputies) अमेरिका, अष्ट्रेलिया, इटाली, स्पेन, न्यूजिलैण्ड आदिमा हाउस अफ कमन्स (House of Commons) बेलायत, क्यानडा आदिमा पनि प्रचलित छन् । कतिपय देशहरुमा आ–आफ्नो भाषाका स्थानीय नामहरु पनि राखिएका छन्, जस्तै: रसियाको तल्लो सदनको नाम स्टेट डुमा (State Duma) ।

दोस्रो सदन नभएका मुलुकहरुको व्यवस्थापिकामा एक सदन मात्र हुने हुनाले त्यस्ता व्यवस्थापिकालाई पनि तल्लो सदनकै रुपमा लिने गरिन्छ । एक सदनबाट मात्र बनेको व्यवस्थापिकामा अधिकांश सदस्यहरु निर्वाचनबाट र केही सदस्य मनोनयन, नियुक्ति वा छनौटबाट समेत समावेश गर्ने गरेको पाइन्छ ।

माथिल्लो सदनको सारभूत सम्वन्ध राज्यको नीतिगत विषयवस्तुसँग हुन्छ भने तल्लो सदनको सम्बन्ध नीतिगत विषयका अतिरिक्त आम जनताको दैनिक जीवनसँग सम्वन्धित विषयवस्तुमा पनि रहेको हुन्छ । जनताद्वारा सिधै निर्वाचित भएका प्रतिनिधि हुने भएकाले तल्लो सदनका प्रतिनिधिहरुसंग जनताको मतले पनि परिचय र सरोकार राख्दछ । मतदाताले व्यक्तिगत रुपमा आफ्नो प्रतिनिधिको पहिचान राख्दछ । यसले गर्दा कतिपय अवस्थामा निर्वाचित प्रतिनिधिले नीति निर्माणका विषयवस्तुभन्दा बाहेक मतदाताका सरोकारका विषयमा लाग्नुपर्ने वा समय खर्च गर्नु पर्ने हुन्छ । यसको सकारात्मक तथा नकारात्मक दुवै पक्षहरु हुन सक्छन् । कुन पक्षतर्फ बढी अग्रसर हुने भन्ने कुरा प्रतिनिधि र मतदाताको सोच, शैली र सरोकारले नै तय गर्दछ । जुनसुकै अवस्था र परिस्थितिमा प्रतिनिधित्व गर्ने सदस्य र मतदाताहरु विचको पारस्परिक सम्वन्ध व्यक्तिगत सरोकारका विषयवस्तु भन्दा सामाजिक वा सामुहिक तथा राष्ट्रिय वा प्रणालीगत हितमा केन्द्रित रहनु अपरिहार्य हुन्छ । यसबाट समग्र राष्ट्रिय हितकै प्रवर्द्धन हुँदै सबैको सामूहिक उत्थानको मार्ग प्रसस्त हुन्छ । विगतको हाम्रो संवैधानिक अभ्यासमा खड्किएको यो पक्षलाई स्मरण गरी विश्लेषण र समिक्षा गर्दै अगाडिको मार्ग तय गर्नु, सम्वन्ध स्थापित गर्नु र सोही अनुरुपको संस्कार विकास गर्नु जरुरी हुन्छ ।

२.४ माथिल्लो सदनका अवधारणागत आधारहरु

संघीय शासनप्रणालीको संघीय (केन्द्रीय) व्यवस्थापिकामा माथिल्लो सदनको व्यवस्था गरिनुको पछाडि केही मुलभूत आधारहरु रहेका देखिन्छन् । संघ (केन्द्र) तथा ईकाइ (प्रदेश) हरुको न्यायोचित प्रतिनिधित्व व्यवस्थापकीय शक्ति संतुलन तथा कार्यकौशलता र प्रभावकारीताको सन्तुलन समेतलाई संवोधन गर्ने सन्दर्भमा माथिल्लो सदनको व्यवस्था अपरिहार्य रहेको देखिन्छ । मुलुकको राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक तथ्यहरु समेतलाई आधार बनाइ यसको आवश्यकताको विश्लेषण गरेको पाइन्छ । माथिल्लो सदनका आवश्यकताको सम्बन्धमा साझा अवधारणागत आधारहरुलाई संक्षेपमा चर्चा गरिएको छ ।

२.४.१ विज्ञहरुको समूह

व्यवस्थापिकाको तल्लो सदनमा विविधतायुक्त जनसंख्या समेतलाई मूल आधार मानी प्रतिनिधित्व गर्ने व्यवस्था गरिएको हुन्छ । यस्तो प्रकृयावाट निर्वाचित हुने व्यक्ति बढी राजनैतिक प्रकृतिको हुन्छ । निर्वाचित हुनका लागि कतिपय अवस्थामा राजनीतिक कला समेत आवश्यक हुन्छ । यसरी तल्लो सदनमा विषयगत क्षेत्रका बौद्धिक व्यक्तित्वहरु विभिन्न कारणले गर्दा निर्वाचित नहुने अवस्था हुन सक्छ । त्यसकारणले गर्दा राज्य व्यवस्थाको

सारभूत नीति निर्माणमा आवश्यक पर्ने आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध क्षेत्रका विज्ञहरु माथिल्लो सदनमा छनौट भएर जाने हुँदा माथिल्लो सदनलाई विज्ञहरुको समूह पनि भन्ने गरिन्छ । माथिल्लो सदनमा छनौट वा निर्वाचित भएर जाने सदस्यले पनि कुनै राजनैतिक विचारधाराका आधारमा भन्दा विषयगत ज्ञानका आधारमा आफूलाई परिचालित गर्ने हुँदा यस्तो प्रकृतिको सदनको अलग्गै महत्व र आवश्यकता महशुस गर्ने गरिएको छ । राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त गरेका व्यक्तित्वहरु र राजनेताहरु यसमा सहभागी हुन सक्छन् । तसर्थ विभिन्न थरीको निर्वाचन प्रणाली वा प्रकृयाबाट विभिन्न कोटा निर्धारण गरेर वा मनोनीत गरेर नै किन नहोस् त्यस्ता दक्ष र व्यवसायिक क्षेत्रगत विज्ञको प्रतिनिधित्वका लागि पनि माथिल्लो सदनको आवश्यकता रहन्छ । माथिल्लो सदनको व्यवस्थाद्वारा अनुभवी तथा परिपक्व विद्वानहरुलाई राष्ट्रिय गतिविधिमा संलग्न गराउन सकिने हुनाले यसबाट शासकीय व्यवस्थापन अझ वढी फराकिलो, परिपक्व, परिमार्जित र प्रतिनिधिमूलक हुने विश्वास लिन सकिन्छ ।

२.४.२ स्थायी सदन

तल्लो सदनको कार्यावधि निश्चित हुन्छ । कार्यकाल समाप्त भएपछि उक्त सदन विघटन भै आवधिक निर्वाचनद्वारा नयाँ सदनको गठन हुन्छ । कतिपय अवस्थामा विघटन सम्बन्धी व्यवस्थाका कारणले तल्लो सदन आफ्नो कार्यकाल पुरा नहुँदै विघटनमा जानुपर्ने बाध्यात्मक परिस्थिति पर्न गई व्यवस्थापिकीय संस्थाको शुन्यताको अवस्था समेत सृजना हुन सक्छ । यस्तो परिस्थितिमा व्यवस्थापिकीय अङ्ग संचालन गर्न तथा व्यवस्थापिकीय अंगको अविछिन्नता कायम राख्नका लागि स्थायी प्रकृतिको व्यवस्थापिकीय अंगको परिकल्पना गर्न आवश्यक हुन्छ । यही परिस्थिति र आवश्यकतालाई महशूस गरी माथिल्लो सदनका सदस्यहरुको पदावधि समाप्त हुने अवधिलाई भिन्न भिन्न वर्गमा विभाजन गरी सदस्यहरुमध्ये केहीको पदावधि निश्चित समयमा पुरा हुने र रिक्त स्थान तत्काल पूर्ति हुँदै जाने व्यवस्था गरी माथिल्लो सदनलाई स्थायी प्रकृतिको व्यवस्थापिकीय अंगको रुपमा व्यवस्थित गरिएको हुन्छ । यस्तो स्थायी प्रकृतिको व्यवस्थापिकीय अंग संघीय शासन व्यवस्थामा त अझै अपरिहार्य हुन जान्छ ।

माथिल्लो सदन सामान्यतया स्थायी संस्था हुने हुनाले यो कहिल्यै विघटन हुँदैन र तल्लो सदन नभएको समयमा पनि व्यवस्थापिकाबाट सम्पादन हुनु पर्ने संवैधानिक काम रोकिन्न र माथिल्लो सदनबाट सो कार्य सम्पादन हुन्छ । यसरी माथिल्लो सदनको व्यवस्थाबाट विभिन्न समय र परिस्थितिमा संवैधानिक गतिरोध आउने सम्भावना कम रहन्छ ।

२.४.३ समावेशी लोकतन्त्र

व्यवस्थापिकाको तल्लो सदन मूलतः राजनैतिक प्रतिस्पर्धाका आधारमा निर्वाचित भै गठन हुने हुँदा कतिपय अवस्थामा गरिव, सीमान्तकृत, लोपोन्मुख समुदायको तर्फबाट राष्ट्रको शासन व्यवस्थामा प्रतिनिधित्व हुन नसकेको अवस्था हुन्छ । त्यस्ता क्षेत्र, समुदाय र वर्गका जनताको लोकतान्त्रिक शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि पनि माथिल्लो सदनको अपरिहार्यता ठानिएको छ ।

कुनै पनि मुलुकमा सामान्यतया विभिन्न वर्ग, सम्प्रदाय, धर्म, जाति र भाषाका समूहहरुको बसोबास हुने गर्दछ । त्यस्ता समूहहरु बहुसंख्यक वा अल्पसंख्यक समुदायमा विभाजित पनि भएका हुन सक्छन् । शासन व्यवस्थामा त्यस्ता समुदायहरुको प्रतिनिधित्व गराउनका लागि पनि माथिल्लो सदनको आवश्यकता पर्दछ ।

२.४.४ संघीयताको अपरिहार्यता

एकात्मक राज्यमा माथिल्लो सदन राख्ने की नराख्ने भन्नेकुरा बहसको विषय भएपनि संघीय शासन व्यवस्था त्यसमा पनि संघीय (केन्द्रीय) व्यवस्थापिकामा माथिल्लो सदन रहनु पर्छ भन्ने विषयमा मोटामोटी रुपमा आम सहमति नै देखिन्छ । संघीय राज्यमा तल्लो सदन प्रायशः जनसंख्या र भौगोलिक क्षेत्रफल समेतका आधारमा निर्वाचित भई गठन गरिन्छ भने माथिल्लो सदन संघमा रहने इकाई (प्रदेश) को प्रतिनिधित्वका आधारमा गठन गरिने परिपाटी हुनेहुँदा संघीय राज्यमा माथिल्लो सदनको अपरिहार्यता रहन्छ ।

संघात्मक राज्यमा माथिल्लो सदनले तल्लो सदनबाट कतिपय अवस्था र परिस्थितिमा संघीय हितमा असर पर्ने गरी केन्द्रीकरण वा विखण्डीकरण तर्फ सरकार जान सक्ने तथा आन्तरिक तनाव हुने सम्भावनालाई समेत नियन्त्रण र व्यवस्थापन गर्दछ । यसर्थ संघात्मक संरचनाको संवैधानिक व्यवस्था अन्तर्गत माथिल्लो सदनले कतिपय अवस्थामा आवश्यक अविभावकीय भूमिका समेत निर्वाह गर्नुपर्ने हुन्छ ।

२.४.५ विषय वस्तुमा पर्याप्त छलफल र आम जनताको निम्ति प्रतिक्रियाको अवसर

दुई सदनको व्यवस्थापिकामा सदनको काम, कारवाही तुलनात्मक रुपमा लामो हुनाले यसबाट अपेक्षित नतिजा ढिलो प्राप्त हुनसक्छ । तर यस्तो ढिलाइ पनि कतिपय अवस्था र परिस्थितिमा राष्ट्रका लागि हितकर हुन सक्छ । तल्लो सदनबाट कतिपय अवस्थामा हतारमा पारित विधेयक वा विषयवस्तु माथिल्लो सदनमा विचाराधिन रहेकै समयमा सम्वन्धित विधेयकप्रति जनमत बुझ्न सकिने समेत हुँदा त्यस्तो विधेयकप्रति उत्पन्न भएको जनमत, टिकाटिप्पणी वा संचारजगत समेतका माध्यमबाट सूचना, प्रतिक्रिया प्राप्त भएमा तल्लो सदनमा नै सो विधेयक/विषयवस्तु फिर्ता पठाउने वा माथिल्लो सदनमा आवश्यक संशोधन गर्न सकिने संम्भावना रहन्छ । यस्तो प्रकृया र परिस्थिति बनिरहँदा व्यवस्थापिका जहिले पनि जनमतद्वारा नियन्त्रित हुनें र यसको काम, कारवाही बढी जनमुखी र प्रभावकारी समेत हुन सक्छ । यसकारणले पनि माथिल्लो सदनको आवश्यकता हुन्छ ।

२.४.६ त्रुटि सच्याउने अवसर

व्यवस्थापिकाको दुई सदनात्मक व्यवस्थाले गर्दा कतिपय अवस्था र परिस्थितिमा एक सदनबाट भएका त्रुटिहरु अर्को सदनबाट सुधार हुन सक्ने सम्भावना प्रवल रहन्छ । तल्लो सदनले कतिपय अवस्थामा पर्याप्त सोच विचार नपुऱ्याइकन निर्णय लिन पुग्यो भने माथिल्लो सदनबाट त्यसमा रहेको त्रुटी कमजोरी सुधार गर्ने सम्भावना रहने हुनाले पनि दुई सदनको व्यवस्था हुनु उपयुक्त हुन्छ ।

सुझाव

माथिको तथ्यको आधारमा संघीय व्यवस्थाको केन्द्रीय व्यवस्थापिकामा माथिल्लो सदनको व्यवस्था अपरिहार्य छ ।

२.५ विभिन्न तहका व्यवस्थापिकीय अंगको दायित्व तथा चुनौतीहरु

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्यको शासकीय मापदण्ड निर्धारण गर्ने अंग व्यवस्थापिकीय अंग नै हो । शासन व्यवस्थाले के गर्ने भन्ने कुरा कानून तथा नीति निर्माणका माध्यमबाट यस अंगले निर्धारण गर्दछ । यस सन्दर्भमा संघीय व्यवस्थापिका, प्रादेशिक व्यवस्थापिका तथा स्थानीय तहमा नीति निर्माण गर्ने निकायहरु समेतको जनता र राष्ट्रप्रतिको दायित्व तथा चुनौतीलाई सारभूत रुपमा अनुभूत गरी चुनौतीलाई अवसरको रुपमा रुपान्तरण गर्न जरुरी छ । कानून निर्माण भनेको ज्ञान मात्र होइन, सृजनशीलता पनि हो । कानून तथा नीतिका माध्यमबाट समाज र राष्ट्रलाई सही दिशातर्फ निर्देशित गर्नु जरुरी छ । कतिपय अवस्थामा कानूनका माध्यमबाट समाजमा सकारात्मक परिवर्तन ल्याउनु जरुरी हुन्छ भने समाजमा आएको परिवर्तनलाई पनि सही रुपमा सही दिशामा कानून र नीतिका माध्यमबाट व्यवस्थापन गर्नु त्यति नै जरुरी छ ।

व्यवस्थापिकीय अंगले मूलभूत रुपमा सम्पन्न गर्ने कार्यहरु: कानूनको निर्माण, सरकारको नियन्त्रण, आर्थिक श्रोत साधनको व्यवस्थापन तथा नियन्त्रण, महाभियोग सम्वेन्धी कार्यहरु, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन (संघीय व्यवस्थापिकाबाट), संकटकालिन अवस्थाको घोषणा तथा बाधा, अड्काउ फुकाउने आदेशको अनुमोदन (संघीय व्यवस्थापिकाबाट) मा अनुभूति गर्ने दायित्व र तिनलाई सम्पादन गर्ने सिलसिलामा आइपर्ने चुनौतीहरुको सही र दूरदर्शी व्यवस्थापनबाट नै लोकतान्त्रिक संस्थाहरुको निर्माण सम्भव हुन्छ । वर्तमानमा उल्लेखित कार्यका अतिरिक्त न्यायपालिका तथा संवैधानिक निकायका पदाधिकारीहरुको निर्युक्ति समेत व्यवस्थापिकीय अंगको दायित्वभित्र पार्नु पर्ने आवश्यकता देखिन्छ ।

वर्तमानमा निर्वाह गर्नुपर्ने दायित्व निर्वाह नहुँदा तथा चुनौतीका उपयुक्त समाधान नपहिल्याउँदा नयाँ चुनौती र संकट सृजना हुन्छ । आज पहिचान गरिएको समाधानका उपायहरु भोलिका समस्याका श्रोतहरु बन्नु हुँदैन । हाम्रा औपचारिक

कानून, नियम अर्थात् वाहिरी सतहमा देखाउने व्यवहार (Formal Rule-in the Surface) र वास्तवमै जीवनयापन गरिने अनौपचारिक व्यवहार (Informal Behaviour-Below the Surface) का विचको दूरीलाई नमेटेसम्म लोकतान्त्रिक संस्थाको निर्माण तथा जनता र राष्ट्रले गरेको अपेक्षा पूरा हुन सक्दैन । अपेक्षा गरिएको लक्ष्य हासिल गर्न औपचारिक नियम र अनौपचारिक व्यवहारका विचको दूरी हटाउनु अपरिहार्य छ ।

हाम्रा हिजोका सोच, शैली र प्रवृत्तिले आज र भोलिका निम्ति केही न केही सकारात्मक सन्देश दिएकै हुनुपर्छ । भनिन्छ: हिजो यति बेला मात्र उपयोगी हुन्छ, जतिबेला त्यसले आज र भोलीलाई शिक्षा दिन्छ (Yesterday is only useful if it teaches us about today and tomorrow.) अत: व्यवस्थापिकीय अंगहरुले सारभूत रुपमा नयाँ नेपालको निर्माणका लागि प्राप्त दायित्वको आत्मानुभूति सहित निर्वाह गर्नुपर्ने दायित्व र त्यस सिलसिलामा आइपर्ने हरेक चुनौतीहरुको सही व्यवस्थापनका लागि विभिन्न तहका व्यवस्थापिकीय अंगहरु आफूभित्रै र अंगहरुका विचमा सौहार्दपूर्ण परस्पर अन्तर सम्बन्ध स्थापित गर्दै समग्र राष्ट्रलाई विहंगम दृष्टिकोण र हित (Macro- Prudential Vision and Interest) का साथ नयाँ सोच र शैलीका माध्यमबाट दायित्व अनुभूति गरी अगाडि वढ्नु जरुरी छ । हाम्रो जस्तो लामो संक्रमण काल (२००७ देखि हालसम्म पनि) मा गुज्रेका मुलुकका लागि दायित्वको आत्मानुभूति र चुनौती व्यवस्थापनका लागि योग्यता, ज्ञान र शीप सहितको उत्तम कार्यशैली (Perfect Performance; which requires- Talent, knowledge and skills) आवश्यक छ । हाम्रो जीवन यति लामो छैन की सबै कुरा हाम्रा आफ्नै गल्ती र कमजोरीबाट मात्रै सिक्दै जाऔं । यसमै पनि हामीले धेरै समय व्यतीत गरिसकेका छौं । यसैले अरुले गरेका गल्ती, कमजोरी, व्यवहार र अभ्यासबाट पनि शिक्षा ग्रहण गरी आफूलाई परिमार्जन गर्दै जानु जरुरी छ । यस सन्दर्भमा विभिन्न तहका व्यवस्थापिकीय अंगहरुले आत्मसात गर्नुपर्ने दायित्व र व्यवस्थापन गर्नु पर्ने केही चुनौतीहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ ।

२.५.१ समाधान स्थलको रुपमा

विभिन्न व्यवस्थापिकाका अंगले कानून र नीति निर्माणका माध्यमबाट जनतामा समान न्यायको (distributive justice) मापदण्ड निर्धारण गर्दछन् । व्यवस्थापिकाद्वारा निर्मित कानून र स्वीकृत नीतिका आधारमा कार्यपालिकाले कार्यक्रम र कार्य योजनाद्वारा आर्थिक, सामाजिक, सांस्कृतिक न्याय आमजनतालाई प्रदान गर्ने गर्दछ । व्यवस्थापिकीय अंगहरुले आ–आफ्ना कार्य क्षेत्रका विषयमा रहेका विद्यमान र सम्भाव्य चुनौतीहरुलाई घनिभूत रुपमा छलफल गरेर समस्याहरुको पहिचान गरी सही समाधान पहिल्याउनका लागि सम्वन्धित व्यवस्थापिकालाई समाधान स्थल (Melting pot of the solution) को रुपमा स्थापित र विकसित गराउने दायित्व सम्वन्धित अंगको हो । जसरी सुनलाई पगालेर यसको शुद्धताले निखार पाउँछ, त्यसै गरी सम्बन्धित व्यवस्थापिकीय अंगले जनता र राष्ट्रका सामू रहेका चुनौती र समस्याहरुलाई परिपक्व छलफल र विश्लेषणद्वारा समस्या पहिचान गरी त्यसको दिगो समाधानका लागि कानून र नीति निर्माणका माध्यमबाट न्यायोचित समाधान पहिल्याउने किसिमले संस्थागत विकास गर्नु पर्दछ जुन कार्य सम्बन्धित अंगको दायित्व र चुनौती दुवै हो । जसरी कसीले सुनको शुद्धता र स्तरियताको सही परीक्षण गर्छ, त्यसै गरी आफ्ना अगाडि आएका जटिल र गंभिर विषयवस्तुको यथोचित विश्लेषण र विवेचनाद्वारा तिनको वास्तविक रुप पहिचान गरी तत्कालिन र दीर्घकालिन समाधान तथा व्यवस्थापन गर्न यी अंग संस्थागत रुपमै सक्षम हुन जरुरी छ ।

आफूलाई वदल्न नसके कसैलाई वदल्न सकिदैन । कुनै पनि अंग वा संस्थाबाट काम गर्दै जाँदा गल्ती कमजोरी हुन सक्छन् । कमजोरी वा त्रुटी जानाजान भएको हो वा अन्जानमा भएको हो भन्ने कुराले महत्वपूर्ण अर्थ राख्छ । जानाजान भएका गल्तीले सदस्य स्वयं र संस्था समेतलाई हानी पुऱ्याउँछ । तर असल नियतले प्रयास गर्दा गर्दै अन्जानमा गल्ती भएका रहेछन् भने त्यस्ता गल्ति सृजनाका श्रोत पनि बन्न सक्छन् । मुख्य कुरा गल्ती दोहरिनु हुँदैन । व्यवस्थापिकीय अंग र यसमा संलग्न सदस्यहरुले सामुन्ने रहेका तथा आइपर्ने सम्भाव्य चुनौतीका लागि समस्यालाई आफ्नो निष्ठा र दायित्वको भाँडोमा पगालेर समस्याको सही पहिचान र समाधान सुझाउनुपर्छ । समस्या, जटिलता र निहित स्वार्थको भाँडोमा आफू स्वयं, संस्था र राष्ट्रलाई पग्लिनबाट बचाउने चुनौती सामना गर्न भगिरथ प्रयत्न गर्न जरुरी छ । भनिन्छ, भविष्यको बारेमा भविष्यवाणी गर्न नसकिएला तर यसलाई खोज गर्न, अन्वेषण गर्न सकिन्छ ।

२.५.२ राष्ट्रका संस्कारगत चुनौती

कुनै पनि विषयवस्तुलाई तीन प्रकृतिका दृष्टिकोणबाट हेर्न सकिन्छ: वैयक्तिक तह, संस्थागत तह र राष्ट्रिय तथा प्रणालीगत तह । व्यक्तिगत सोचको साँघुरो घेरा तथा कतिपय अवस्थामा पार्टीगत संकिर्ण सोचबाट माथि उठेर राष्ट्रिय तथा प्रणालीगत उचाइमा पुगेर जनप्रतिनिधिहरुले आफ्नो दायित्व अनुभूत गर्ने तथा चुनौतीको व्यवस्थापन गर्ने आचरण र व्यवहार विकसित गराउनु जरुरी छ । कुनै व्यक्तिमा संस्कारगत परिर्वतनका लागि तीनवटा कुराको महत्वपूर्ण भूमिका हुन्छ : उसको मनलाई जित्नु (Winning the Mind) आचरण, स्वभाव तथा व्यवहार परिर्वतन गर्नु (Change the Habit) तथा जनताको हृदयमा अनुभूति दिलाउनु (Touching the Heart) । यी तीनवटा तत्वहरु मध्ये पनि आचरण तथा व्यवहारको परिवर्तन अत्यन्तै जटिल विषय मानिन्छ । परिणाममुखी परिवर्तनका लागि यी तीनै अवस्था त्यसमा पनि आचरण र व्यवहारमा परिवर्तन अति महत्वपूर्ण छ । यसका लागि व्यवस्थापिका र तिनका सदस्यहरुमा यो संस्कारगत परिवर्तन अपरिहार्य छ । साँघुरो सोच (Tunnel Vision) तथा पुरातनरुपी जडता (Stereotypical Trap) बाट माथि उठेर आफू संलग्न संस्था र आफ्नो पदीय दायित्व र जिम्मेवारी अनुभूति गरेर फराकिलो, सृजनात्मक र नविनतम सोचका माध्यमबाट व्यवस्थापिकीय दायित्व निर्वाह गर्दै चुनौतीहरुको यथोचित व्यवस्थापन गर्नु जरुरी छ । जनप्रतिनिधिहरुले आफ्नो पद र भूमिकाले अपेक्षा गरेको उपयुक्त क्षमताको विकास गर्नु जरुरी छ । परम्परागत विचार, सोच र त्यो भन्दा बाहिर जान वा माथि उठ्न नसक्ने, जे जस्ता चुनौती र समस्या आइपर्दा पनि टेप रेकर्ड खोलेर बजाए जस्तै उही धुन, उही राग मात्र अलाप्ने धारणा (Stereotypical Trap) को बन्धनबाट माथि उठेर आफ्नो दायित्व निर्वाहका लागि तयार हुनैपर्छ । समस्या, जटिलता र संकटले अपेक्षा गरेको उपल्लो र फराकिलो स्तरको सृजनात्मक दृष्टिकोण, सोच र शैलीद्वारा निरन्तर रुपमा आफुलाई पुनःशक्तिकरण (Self-re-charge or re-energize) गर्दै व्यक्तिगत, संस्थागत तथा प्रणालीगत जुनसुकै तहबाट पनि आफ्नो दायित्व निर्वाह गर्न सक्षम हुनु जरुरी छ । सक्षम र सुनिश्चित व्यवस्थापिकीय प्रणालीका लागि नयाँ लक्ष्य निर्धारण गरिनु पर्छ र नयाँ मापदण्डहरु तय गरिनु पर्छ (New goals have to be set and new benchmarks need to be prescribed.) । यस सन्दर्भमा नयाँ नेपाल निर्माणका लागि फराकिलो र सृजनात्मक सोचको अपरिहार्यता महसुस हुनैपर्छ ।

२.५.३ चुनौतीपूर्ण यात्रा

विश्वका अनुभव र अभ्यासबाट स्थापित तथ्य के हो भने राजनैतिक लोकतन्त्रको स्थायित्वका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक लोकतन्त्रको दिगो विकास अपरिहार्य छ । राजनैतिक लोकतन्त्रले जसरी फड्को मार्न सक्तछ ठीक त्यसैगरी आर्थिक, सामाजिक, सांस्कृतिक लोकतन्त्रले फड्को मार्न सक्तैन । तर पनि यसको गतिलाई तिव्रता दिन भने सकिन्छ । विश्व र हाम्रा आफ्नै इतिहासका घटनाक्रमबाट पनि यसको पुष्टि हुन्छ । यसका लागि कठोर परिश्रम र धैर्यताको खाँचो पर्दछ । यसका लागि त गहिरा र फराकिला जंघारहरु पार गर्न तानिएको डोरीमा टेकेर यात्रा तय गर्ने जस्तै कौशलता, ज्ञान, दूरदर्शिता, धैर्यता र भगिरथ प्रयत्न जरुरी छ ।

राष्ट्रिय जीवन प्रणालीमा आइपर्ने कतिपय मोड र संकटबाट जनता र राष्ट्रलाई पार लगाई अगाडि बढाउन उच्च स्तरको ज्ञान, विवेक, कौशल, सन्तुलन र दूरदर्शिताका माध्यमबाट आ–आफ्ना क्षेत्रलाई अगाडि बढाउने दायित्व र चुनौती विभिन्न तहका व्यवस्थापिकीय अंगहरुले पुरा गर्नै पर्ने हुन्छ । विविधतायुक्त प्रकृतिका समस्यासंग जुध्नका लागि त्यस्तै प्रकृतिको समाधानका उपाय खोजी गर्नु जरुरी छ । तेर्सो प्रकृतिका समस्याहरु (Horizental Problems) लाई ठाडो प्रकृतिका समाधान सुझाएर (Vertical solution prescribe) समाधान निकाल्न सकिंदैन । नयाँ विचार विकसित गर्नुभन्दा पुराना विचार र प्रवृत्तिबाट मुक्ति पाउनु बढी चुनौतीपूर्ण छ । सतहमा देखिएका औपचारिक नियम, कानून र प्रकृया भन्दा सतहभित्र रहेको यथार्थता र वास्तविकता बढी जटिल हुन्छ । कुनै समस्या संकटमा परिणत नभएसम्म चेत नखुल्ने तथा हल गर्न प्रयास नथाल्ने हाम्रो प्रवृत्ति र संस्कारमा सुधार ल्याउने कार्य तानिएको डोरीको यात्राजस्तै जोखिमपूर्ण विषय बन्न गएको छ । अतः विभिन्न तहका व्यवस्थापिकीय अंग र त्यसमा समाहित जनप्रतिनिधिहरुले नयाँ नेपालको निर्माणको दायित्व पूरा गर्न र त्यसमा आइपर्ने हरेक चुनौतीको सही व्यवस्थापन गर्न आफूहरुलाई तयार पार्न जरुरी छ ।

सुझाव

माथि विभिन्न प्रकरणमा विवेचित तथ्यगत विश्लेषण, विधिशास्त्रीय अवधारणाको विश्लेषण र आफ्नै संवैधानिक इतिहासको विकासक्रमलाई समेत मध्यनजर गर्दा दुई सदनात्मक व्यवस्थापिकाको महत्व हाम्रो सन्दर्भमा समेत आवश्यक देखिन्छ । त्यसमा पनि संघीय शासन व्यवस्थाको आधारभूत जग सहितको प्रारुप निर्माणमा लागेको हाम्रो देशको वर्तमान अवस्थामा संघीय (केन्द्रीय) व्यवस्थापिका दुई सदनको हुनु उपयुक्त देखिन्छ ।

२.६ संघीय (केन्द्रीय) व्यवस्थापिकामा राष्ट्रप्रमुख रहने/नरहने

व्यवस्थापिकीय अंगको स्वरुप निर्धारणमा राष्ट्रप्रमुखको स्थान के, कस्तो रहने भन्ने प्रश्न एउटा महत्वपूर्ण विषय हो । विभिन्न देशमा राष्ट्र प्रमुखलाई व्यवस्थापिकीय अंगको एक हिस्सा बनाउने सम्बन्धमा विविध संवैधानिक व्यवस्था गरेको पाइन्छ ।

जुन राष्ट्रको शासन प्रणालीमा राष्ट्र प्रमुख र सरकार प्रमुख एउटै व्यक्ति हुन्छन्, त्यस्तो मुलुकमा राष्ट्र प्रमुखलाई व्यवस्थापिकामा सहभागी बनाइएको पाइदैन । राष्ट्र प्रमुख र सरकार प्रमुखको सबैधानिक व्यवस्था अलग अलग रुपमा गरिएको मुलुकमा राष्ट्र प्रमुखलाई व्यवस्थापिकाको एक हिस्साका रुपमा सहभागी गराएको पाइन्छ ।

राष्ट्र प्रमुखलाई व्यवस्थापिकामा सहभागी बनाइनुको पछाडीको राष्ट्र प्रमुखको भूमिका औपचारिक र प्रतिकात्मक महत्वको रहने तथा सम्मानित राष्ट्र प्रमुखको रुपमा भूमिका रहने हुँदा व्यवस्थापिकामा सहभागी हुँदाका अवस्थामा पनि शक्ति पृथकीकरणको सिद्धान्त प्रतिकूल मानिदैन । सरकार प्रमुख र राष्ट्र प्रमुख एकै व्यक्ति भएको अवस्थामा कार्यकारी प्रमुख समेत रहेका त्यस्ता राष्ट्र प्रमुखलाई व्यवस्थापिकाको हिस्सा बनाउँदा शक्ति पृथकीकरणको सिद्धान्तको अनुकूल नहुने हुँदा त्यस्ता प्रकृतिको शासन व्यवस्था अवलम्वन गरिएको प्रणालीमा राष्ट्र प्रमुखलाई व्यवस्थापिकाको हिस्सा बनाइएको देखिदैन ।

औपचारिक, प्रतिकात्मक वा सम्मानित रुपमा रहेका राष्ट्र प्रमुखले व्यवस्थापिकाको बैठकको आह्वान गर्ने, तल्लो सदन विघटन गर्ने, बैठकलाई औपचारिक सम्वोधन गर्ने, सन्देश पठाउने तथा विधेयकमा प्रमाणीकरण गर्ने आदि औपचारिक कियाकलापमा सामेल हुने हुँदा यस्तो प्रकृतिको शासन प्रणाली अवलम्वन गरिएका राज्य प्रणालीमा राष्ट्र प्रमुखलाई व्यवस्थापिकाको एक हिस्सा मान्ने गरिएको पाईन्छ ।

व्यवस्थापिकामा सहभागी भएतापनि सदनका अन्य सदस्यहरुले जसरी छलफलमा सहभागी हुने जस्ता कार्यमा राष्ट्र प्रमुखको संलग्नता भने रहँदैन । यसबाट राष्ट्र प्रमुख व्यवस्थापिकाको अंगको हिस्सा भएमा पनि त्यो केवल औपचारिक, प्रतिकात्मक र सम्मानित प्रकृतिको मात्र रहने कुरामा स्पष्ट हुन जरुरी छ ।

इकाई (प्रदेश) व्यवस्थापिकाको हकमा पनि यिनै आधारभूत कुराहरु लागू हुन्छन् ।

सुझाव

नेपालमा राष्ट्र प्रमुख र सरकार प्रमुख अलग अलग हुने, नहुने भन्ने कुराको टुंगो लागि नसकेको वर्तमान परिप्रेक्षमा राष्ट्र प्रमुखलाई व्यवस्थापिकीय अंगको हिस्सा बनाउनु पर्छ, पर्दैन भनी यकिन गरिसक्ने अवस्थामा पुगी सकिएको छैन ।

माथि विवेचित तथ्यका आधारमा यदि सरकार प्रमुख र राष्ट्र प्रमुखको अलग अलग व्यवस्था गरिने हो र राष्ट्र प्रमुख केवल प्रतिकात्मक रुपमा रहने हो भने राष्ट्र प्रमुखलाई व्यवस्थापिकीय अंगको एक हिस्साको रुपमा राख्नु उपयुक्त हुन्छ । यदि राष्ट्र प्रमुख र सरकार प्रमुख एकै व्यक्ति रहने हो भने शक्ति पृथकीकरणको सिद्धान्त समेतका आधारमा त्यस्तो राष्ट्र प्रमुख व्यवस्थापिकिय अंगको हिस्सा बन्न उपयुक्त नहुने हुँदा सोही बमोजिमको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण गर्नु उपयुक्त हुन्छ ।

२.७ संघीय (केन्द्रीय) व्यवस्थापिकामा इकाई (प्रदेश) को प्रतिनिधित्व

संघ (केन्द्र) र इकाई (प्रदेश) को अन्तरसम्बन्ध कायम राख्ने संस्था केन्द्रीय व्यवस्थापिका नै हो । संघीय (केन्द्रीय) व्यवस्थापिकामा इकाई (प्रदेश) को प्रतिनिधित्व र सहभागिता के-कसरी हुन सक्छ वा गराउनुपर्छ भन्ने तथ्य पनि एक महत्वपूर्ण अवधारणागत विषय हो । संघ र इकाईका विचमा सौहार्दपूर्ण सम्बन्ध र पारस्परिक अन्तरसम्वन्ध अपरिहार्य हुन्छ । सबै विषयमा इकाई संघको अधिनमा रहन्छ भन्ने नभएतापनि यो संघको मातहतकै निकाय हो भन्ने विषयमा भावनात्मक एकता बनिरहन जरुरी छ ।

संघीय व्यवस्थापिकाको माथिल्लो सदनलाई House of Union, House of Region or State र House of Geography पनि भन्ने गरिएको पाइन्छ । तल्लो सदनले मूलतः जनसंख्याको प्रतिनिधित्व गरेको ठानिन्छ । अर्थात तल्लो सदन सामान्यतया जनसंख्याको समानुपातिक प्रतिनिधित्वमा आधारित हुन्छ ।

माथिल्लो सदनले इकाई (प्रदेश), भूगोल र क्षेत्रको प्रतिनिधित्व गर्ने हुँदा सबै इकाईबाट बराबर संख्यामा माथिल्लो सभामा प्रतिनिधित्व गर्न सकिन्छ । यस अर्थमा माथिल्लो सदन भौगोलिक क्षेत्रको आधारमा गठित व्यवस्थापिकीय अंग (Majority of Regions) हो । जस्तो, अमेरिका र स्वीट्जरल्याण्डको माथिल्लो सदनमा प्रत्येक प्रदेशबाट २/२ जनाको प्रतिनिधित्व रहन्छ भने दक्षिण अफ्रिका र अष्ट्रेलियाको माथिल्लो सदनमा प्रत्येक प्रदेशबाट १०/१० जनाको प्रतिनिधित्व रहेको पाइन्छ ।

सुझाव

यसरी संघीय व्यवस्थापिकाको माथिल्लो सदनमा इकाईका तर्फबाट समान प्रतिनिधित्व गर्ने सिद्धान्त (Principles of equal representation) अवलम्बन गरी प्रतिनिधित्व गराउन उपयुक्त हुने देखिन्छ ।

२.८ व्यवस्थापिकीय अंगहरुमा सदस्यहरुको संख्या निर्धारण र त्यसका आधारहरुः–

व्यवस्थापिकीय अंगहरुमा संघीय व्यवस्थापिका (तल्लो र माथिल्लो सदन) तथा इकाई (प्रदेश) व्यवस्थापिकामा रहने सदस्यहरुको संख्या कति हुनु पर्छ भन्ने विषय यकिन गर्न बृहत् दृष्टिकोण आवश्यक पर्छ । यस सम्बन्धमा कुनै वस्तुनिष्ठ आधार नभेटिएतापनि निर्धारण गरिने सदस्य संख्या राष्ट्रको जनसंख्या तथा आर्थिक क्षमतासँग समानुपातिक हुन पर्छ भन्ने कुरामा आम सैद्धान्तिक सहमति देखिन्छ ।

संघीय व्यवस्थापिकाको दुई सदन तथा इकाई (प्रदेश) मा रहने व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने सदस्यहरूको संख्या निर्धारण गर्दा उपर्युक्त तथ्य समेतको विश्लेषण गरेर निक्यौंलमा पुग्नु उपयुक्त हुन्छ । साथै सो संख्या निर्धारण गर्दा देहायका विषयलाई समेत विचार पुऱ्याउनु पर्ने हुन्छ :-

(क) जनसंख्या र भूगोलसँग समानुपातिकताः- संघीय व्यवस्थापिकाको माथिल्लो सदन, इकाई (प्रदेश) हरुको सभाको रुपमा गठन हुन्छ । यस अर्थमा यस सदनलाई संघको सभा (House of Union) पनि भनिन्छ । संघ अन्तर्गत रहने इकाईहरु स्वरुपका दृष्टिकोणले एकै आकारका नहुन पनि सक्छन् । यस सदनको गठन मुलत क्षेत्रका आधारमा (Majority of Region) हुने हुँदा यस सदनमा प्रत्येक इकाईवाट समान किसिमले प्रतिनिधित्व हुने व्यवस्था गरि संख्या निर्धारण गरिनु उपयुक्त हुन्छ ।

संघीय व्यवस्थापिकाको तल्लो सदन मुलत जनसंख्याका आधारमा गठन गरिन्छ । तथापि भूगोल र अन्य कतिपय तथ्य समेतलाई ध्यान दिनु जरुरी हुन्छ । माथिल्लो सदन भन्दा तुलनात्मक दृष्टिले यो सदन ठूलो आकारको हुनुको अर्थ पनि यहि हो ।

इकाई (प्रदेश) व्यवस्थापिका एक सदनात्मक हुने र यसमा जनसंख्या तथा भूगोल समेतको यथोचित प्रतिनिधित्व गराउनु पर्ने हुदा यसका सदस्यहरुको संख्या निर्धारण गर्दा जनसंख्या तथा भुगोल दुवैलाई आधार मानि न्यायोचित रुपमा संख्या निर्धारण गरिनु पर्दछ ।

(ख) आर्थिक क्षमता:- व्यवस्थापिकीय अंगहरुको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुको संख्या निर्धारण गर्दा विचार गर्नुपर्ने अर्को विषय समग्र देशको र इकाईको आर्थिक अवस्था पनि एक हो । लोकतन्त्रलाई राजनैतिक लोकतन्त्र र आर्थिक तथा सामाजिक लोकतन्त्रमा विभाजन गरेर हेर्न सकिन्छ । राजनैतिक लोकतन्त्रमा राज्यले बढी लगानी गरिरहनु पर्ने अवस्था रहदैन । तर आर्थिक, सामाजिक लोकतन्त्रका लागि अति उच्च विन्दुमा राज्यका तर्फबाट सकारात्मक योगदानको अपरिहार्यता रहन्छ ।

यस सन्दर्भमा राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक लोकतन्त्रका लागि प्रतिनिधित्व गर्ने संघ तथा इकाईका प्रतिनिधिहरुको संख्या निर्धारण गर्दा समग्र राष्ट्र तथा इकाईको आर्थिक क्षमता कति मजवुत छ भन्ने विषयलाई पनि ख्याल गरिनु पर्छ । संघ तथा इकाईको सदस्य संख्या निर्धारण त्यस्तो हुनु हुँदैन, जुन संख्यालाई आम जनसमुदायले आफूमाथिको भारको रुपमा महसूस गर्न परोस् ।

(ग) जनताको प्रतिनिधित्व वा जनभावनाको प्रतिविम्व (Representation or Reflection):- संख्या निर्धारणमा यो अवधारणालाई पनि ध्यान दिनु जरुरी छ । परम्परागत बुझाइमा निर्वाचित हुने प्रतिनिधिहरुले सम्बन्धित क्षेत्रका जनता तथा क्षेत्रको प्रतिनिधित्व गर्ने हो । यो दृष्टिकोणबाट सोच्दा हरेक क्षेत्र, समुदाय, वर्ग तथा एउटै वर्ग, क्षेत्र, समुदायबाट पनि कति संख्यामा प्रतिनिधि पठाउँदा सही प्रतिनिधित्व हुन सक्छ भन्ने कुरा मापन गर्ने कुनै मापदण्ड छैन । कतिपय अवस्थामा प्रतिनिधित्व गर्ने व्यक्तिको सोचाइको साँघुरोपन वा फराकिलोपनले पनि यो अवस्थामा फरक पार्न सक्छ । व्यक्तिको शोच साँघुरिदै जाँदा निहित स्वार्थले घेरिएर कतिपय अवस्थामा ऊ आफू स्वयमको पनि सही प्रतिनिधि नगर्ने अवस्थामा पुग्न सक्छ ।

यसैले जनप्रतिनिधिले जनताको भावना र हितको प्रतिनिधित्व गर्न नसक्दा सदस्य संख्या निकै बढ्न सक्ने सम्भावना रहन्छ । तर जनप्रतिनिधिले जनताको भावनालाई आफू निर्वाचित हुने अंगमा गएर प्रतिविम्वित गर्ने हो भने प्रतिनिधित्व संख्यालाई सही आकारमा व्यवस्थापन गर्न सजिलो हुन्छ ।

कुनै एउटा वर्ग वा समुदाय, क्षेत्रका जनताले आ-आफ्नो प्रतिनिधित्वका लागि आ-आफ्नै वर्ग, समुदाय वा क्षेत्रको प्रतिनिधि खोज्न सक्छन् तर त्यो वर्ग, समुदाय वा क्षेत्रका जनताले आफ्नो हित र भावना प्रतिविम्वित गरिदिन सक्ने कुनै प्रतिनिधि हुन्छ भने त्यो आफ्नै वर्ग, समुदाय र क्षेत्रको नहुँदा पनि फरक पर्दैन । कसको प्रतिनिधित्व कसले गर्ने भन्ने कुरा महत्वपूर्ण होइन । जुनसुकै वर्ग, समुदाय र क्षेत्रको पनि हित र भावना सही रुपमा अभिव्यक्त हुन्छ वा हुँदैन भन्ने कुरा महत्वपूर्ण हो । जनतालाई आफ्नो प्रतिनिधित्व गर्ने प्रतिनिधि भएर मात्र पुग्दैन, वास्तवमा उनीहरु त आफ्नो हित र भावनालाई प्रतिविम्वित गर्न सक्ने प्रतिनिधिको खोजीमा हुन्छन् ।

प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु धेरै हुन सक्छन्, थोरै संख्याले चित्त नवुझ्न सक्छ तर जनहित र भावनालाई प्रतिविम्वित गर्ने प्रतिनिधिहरु थोरै भए पनि पुग्छ । प्रतिविम्वित गर्ने यस्ता प्रतिनिधिहरु सानो संख्यामा भएपनि त्यसमा चित्त वुझाउनु नपर्ने कुनै आधार र कारण देखिदैन ।

हाम्रो मेहनत र ध्येय कस्ता प्रकृतिका प्रतिनिधिको छनौटबाट जनभावना र जनहित सही र यथोचित रुपमा प्रतिविम्वित हुन सक्छ भन्ने कुरामा केन्द्रीत रहनु पर्छ, गणितिय संख्यामा होइन । जनभावना र जनहितलाई उपयुक्त स्थान र अवसरमा कसरी प्रतिविम्वित गराउने हो, यो सारभूत विषय हो । कसको प्रतिनिधि को हुने भन्ने कुरा गौण कुरा हो । तथापि हाम्रो देशको लैङ्गिक, जातीय, भाषिक, धार्मिक र क्षेत्रगत विविधताका कारण जनताको प्रतिनिधित्व र जनभावना प्रतिविम्वित हुने गरी उपयुक्त संख्या निर्धारण गर्न जरुरी छ ।

(घ) सामान्य समिकरण वा विशिष्ट समिकरण (Linear Equation or Exponential Equation):- प्रतिनिधिहरूको कार्य शैली, कार्य कौशलता, शीप, ज्ञान र मेहनतको स्तरले पनि विभिन्न तहका विधायिकी अंगमा रहने सदस्यहरुको संख्या निर्धारण गर्नमा मद्दत पुऱ्याउँछ । निर्धारित संख्याले हामी कति मेहनत गर्छौं र जनताको हित र भावनालाई मुखरित गर्न कति सक्षम र सफल हुन्छौं भन्नेतर्फ समेत इंगित गरिरहेको हुन्छ । अर्को शब्दमा भन्दा जनप्रतिनिधिहरुले कुन प्रकृतिको समिकरणमा वसेर मेहनत गर्ने वा जनताको सेवा गर्न तयार हुने भन्ने पनि हो । उदाहरणको रुपमा सामान्य समिकरणमा (Linear Equation) ५ र ५ जोड्दा अर्थात् ५+५ = १० हुन्छ भने यही संख्यालाई विशिष्ट समिकरणमा लगेर हेर्दा ५ र ५ गुणन गर्दा अर्थात् ५×५ = २५ हुन्छ । यसरी १० अंकको परिणाम दिन सक्ने होइन, २५ अंकको परिणाम दिन सक्ने प्रतिनिधित्वको व्यवस्था गर्नु आजको माग हो ।

अतः विशिष्ट समिकरणका आधारमा हेर्दा व्यवस्थापिकाका सदस्यहरुको संख्या सानो भएपनि जनताको सही प्रतिनिधित्व हुन सक्छ र त्यसले गुणात्मक परिणाम दिन सक्छ । सामान्य समिकरणकै जस्तो शैली र प्रकृतिका आधारमा प्रतिनिधित्व गर्ने, गराउने हो भने ठूलो आकारको व्यवस्थापिका बनाइएमा पनि जनताको सही प्रतिनिधित्व नहुन सक्छ । महत्वपूर्ण कुरा संख्या होइन, कुन अवधारणाका आधारमा प्रतिनिधित्व गर्ने हो भन्ने कुरा केन्द्रीय विषय वस्तु हो ।

यसरी सबैको र सही प्रतिनिधित्वका लागि संख्याको आकार पर्याप्त फराकिलो हुने गरी बनाउन सकिन्छ तर अति फराकिलो भने बनाइनु हुँदैन । संख्या ठिक्क आकारको बनाउन राजनीतिक दलहरुको बिचमा समान धारणा बनाउनु जरुरी छ । आम जनसमुदायले प्रतिनिधित्व संख्यात्मक रुपमा भन्दा गुणात्मक रुपमा खोजिरहेको कारण जनताको मनोविज्ञानलाई बुझेर संख्या निर्धारण गर्न जरुरी छ । जनता प्रतिनिधिहरुको संख्यामा भन्दा उनीहरुले निर्वाह गर्ने भूमिका र देखाउने क्षमतामा बढी विश्वास गर्छन् । जनता ठूलो सदनभन्दा राम्रो सदनको पक्षमा छन् । संख्या निर्धारण त शुरुवात मात्र हो, जनताको वर्तमान र भविष्य व्यवस्थापिकीय अंगमा जनप्रतिनिधिहरुले खेल्ने भूमिकामा निहित रहेको हुनुपर्छ ।

२.९ व्यवस्थापिकीय अंगमा विगतमा प्रयोग गरिएको संख्याको संवैधानिक अभ्यास

नेपाल सरकार वैधानिक कानून, २००४ मा भारदारी सभा (माथिल्लो सदन) मा २० देखि ३० जना सम्म, राष्ट्रसभा (तल्लो सदन) मा ६० देखि ७० जनासम्म सदस्य रहने व्यवस्था गरेको थियो ।

अन्तरिम शासन विधान, २००७ ले तात्कालीन राजाबाट तोकेको संख्यामा एक सल्लाहकार सभा रहने व्यवस्था गरेको थियो ।

नेपाल अधिराज्यको संविधान, २०१५ ले महासभा (माथिल्लो सदन) मा ३६ जना सदस्य रहने र प्रतिनिधि सभा (तल्लो सदन) मा १०९ जना सदस्य रहने व्यवस्था गरेको थियो ।

नेपालको संविधान, २०१९ ले १४० जना सदस्य रहेको राष्ट्रिय पञ्चायत नामक एक सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले राष्ट्रिय सभा (माथिल्लो सदन) मा ६० जना सदस्य रहने र प्रतिनिधिसभा (तल्लो सदनमा) मा २०५ जना सदस्य रहने व्यवस्था गरेको थियो ।

नेपालको अन्तरीम संविधान, २०६३ ले एक सदनात्मक व्यवस्थापिका-संसदमा ३३० जना सदस्य रहने व्यवस्था गर्दै हाल सोही संविधान अनुसार ६०१ जनाको संविधानसभा गठन भएको छ ।

सुझाव

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक मुलुक भएको र विपन्न बर्ग, महिला, दलित र पिछडिएका क्षेत्रका जनता राजनीतिक, आर्थिक, सामाजिक रुपमा पछि परेको हुनाले तिनीहरुको समुचित र समावेशी प्रतिनिधित्व हुने गरी उपयुक्त संख्या निर्धारण गर्नुपर्छ ।

२.१० विभिन्न तहका व्यवस्थापिकीय अंगहरुको नामाकरण

संघीय व्यवस्थापिकाको तल्लो सदनः- तल्लो सदन मुख्यतः जन प्रतिनिधिहरुको सभा हुने र वालिग मताधिकारबाट निर्वाचित हुने भएकोले जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने संस्था हो । प्रतिनिधिसभा आम रुपमा प्रचलित नाम हो । नाम यस्तै राखिनु पर्छ भन्ने कुनै सिद्धान्त छैन । जनताबाट सिधै निर्वाचित र जनताको प्रत्यक्ष रुपमा प्रतिनिधित्व गर्ने संस्था भएको हुँदा यसै विषयलाई प्रतिबिम्बित गर्ने अनुकूल नाम राख्न सकिन्छ । नामाकरण सारभूत विषय नभई

प्रतिकात्मक विषय हुंदा जनताको प्रतिनिधित्वलाई प्रतिबिम्बित गर्ने आफ्नैपन र अपनत्व झल्कने कुनै पनि नाम राख्न सकिन्छ ।

संघीय व्यवस्थापिकाको माथिल्लो सदनः- माथिल्लो सदनलाई इकाईहरुको सदनको रुपमा लिइन्छ । यसले समग्र प्रदेश समेतको प्रतिनिधित्व गर्ने हुँदा सोही अनुरुप नामाकरण गर्न उपयुक्त हुन्छ । यसको व्यवहारिक भन्दा प्रतिकात्मक महत्व बढी हुने हुँदा सबैलाई मान्य हुने आफ्नैपन र भावना समेटिने गरी नाम प्रस्तावित गर्न उपयुक्त हुन्छ ।

इकाई व्यवस्थापिकाः- इकाई (प्रदेश) को व्यवस्थापिका मूलतः एक सदनात्मक नै हुने र यसले जनता र क्षेत्र दुवैको प्रतिनिधित्व गर्ने हुँदा नेपालीपनसँग सुहाउँदो र भूगोल, इतिहास, धर्म, संस्कृति, भाषा आदि समेतलाई मध्यनजर राखी इकाईका जनताको भावनासँग मेल खाने नाम राख्न उपयुक्त हुन्छ ।

सुझाव

संघीय व्यवस्थापिकाको माथिल्लो सदनलाई राष्ट्रिय सभा, तल्लो सदनलाई प्रतिनिधि सभा र इकाई व्यवस्थापिकालाई प्रदेश सभा नाम राख्न उपयुक्त हुन्छ ।

२.११ व्यवस्थापिकीय अंगको कार्यकाल तथा विघटन

कार्यकाल

केन्द्रीय व्यवस्थापिकाको तल्लो सदन तथा इकाई (प्रदेश) व्यवस्थापिकाका सदस्यहरुको संख्या धेरै हुन्छ र कार्यकाल भने छोटो रहेको देखिन्छ । निर्वाचित प्रतिनिधिहरुको सभाले निश्चित अवधिमा जनताको तर्फबाट नीति निर्माण गर्ने गर्दछन् । जनताका प्रतिनिधिहरु रहने तल्लो सदनको कार्यकाल अधिकांश मुलुकमा ४ वा ५ वर्षको रहने व्यवस्था गरेको देखिन्छ ।

जनताले आफ्ना प्रतिनिधिलाई कति समयावधिमा पुनरावलोकन गर्न पाउने हो भन्ने विषय कार्यकालसँग सम्बन्धित छ ।

माथिल्लो सदन

संघीय व्यवस्थापिकाको माथिल्लो सदनमा तल्लो सदनको तुलनामा सदस्य संख्या थोरै हुने तर कार्यकाल भने तल्लो सदनको भन्दा बढी रहने गरेको पाइन्छ । माथिल्लो सदन स्थायी प्रकृतिको सदन भएको हुनाले कार्यकाल उल्लेख नगरी यसका सदस्यहरुको पदावधि मात्र उल्लेख गरेको पाइन्छ । यस सदनका कूल सदस्य संख्यालाई तीन भागमा बाँडेर प्रत्येक २/२ वर्षमा निश्चित सदस्यहरुको पदावधि समाप्त हुने र उक्त स्थानमा पदपूर्ति हुँदै जाने प्रकृया अवलम्वन गरी यो सदनलाई स्थायी प्रकृतिको सदनको रुपमा स्थान दिने गरेको पाइन्छ । विभिन्न मुलुकको संवैधानिक व्यवस्थालाई मध्यनजर राख्दा माथिल्लो सदनका सदस्यहरुको पदावधि तल्लो सदनको कार्यकाल भन्दा केही बढी नै राख्ने गरेको पाइन्छ । विभिन्न देशको व्यवस्था हेर्दा अमेरिकाको सिनेटको ६ वर्ष, फ्रान्सको सिनेटको ९ वर्ष, नेपालको साविक राष्ट्रिय सभाको ६ वर्ष पदावधि तोकिएको देखिन्छ ।

इकाई (प्रदेश) व्यवस्थापिका

इकाई व्यवस्थापिकाको कार्यकाल केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनको कार्यकालभन्दा वढी रहेको पाइदैन । कतिपय मुलुकमा इकाईका व्यवस्थापिकाको कार्यकाल आफैले निर्धारण गर्ने गरेको समेत पाइन्छ ।

सुझाव

हामीले अभ्यास गर्दै आइरहेको माथिल्लो सदनको पदावधि तथा तल्लो सदनको कार्यकाललाई लम्ब्याउनु पर्ने वा छोट्याउनु पर्ने कुनै सैद्धान्तिक र वस्तुगत आधार नदेखिंदा संघीय व्यवस्थापिकाको माथिल्लो सभाको कार्यकाल ६ वर्ष (२-४-६ वर्ष), र तल्लो सदन एवं इकाई व्यवस्थापिकाको कार्यकाल ५-५ बर्षको हुनु उपयुक्त हुन्छ ।

२.१२ व्यवस्थापिकीय अंगको विघटन

संघीय व्यवस्थापिकाको माथिल्लो सदन

माथिका विभिन्न प्रकरणमा विवेचना गरिए अनुसार संघीय व्यवस्थापिकाको माथिल्लो सदन प्रायः सबै मुलुकहरुमा स्थायी हुने र निर्धारित संख्याका सदस्यहरुको पदावधि समय-समयमा समाप्त भै सो को पूर्ति पनि तदनुरुप हुँदै जाने प्रचलन भएको देखिंदा यो सदनको विघटन हुने वा विघटन गरिने कुनै संवैधानिक व्यवस्था विकसित भएको पाइदैन । अतः यो सदन विघटन हुने वा विघटन गरिने प्रकृतिको सदन नहुँदा यसका हकमा विघटनको कुरा आउँदैन ।

संघीय व्यवस्थापिकाको तल्लो सदन

संघीय व्यवस्थापिकाको तल्लो सदनलाई विघटन गर्ने व्यवस्था राखिनु पर्छ की पर्दैन भन्ने विषय मुख्यत राष्ट्रले अवलम्बन गर्ने शासकीय स्वरुपसँग सम्बन्धित छ । कुन प्रकृतिको शासन प्रणाली अवलम्वन गर्ने भन्ने कुराको निर्क्यौल भैसकेपछि तल्लो सदनको विघटन सम्बन्धी व्यवस्था गर्नुपर्ने वा नपर्ने वा के कस्तो प्रकृतिको विघटन सम्बन्धी व्यवस्था गर्नुपर्ने भन्ने कुराको निश्कर्षमा पुग्न सजिलो हुन्छ ।

खासगरी संसदीय शासन व्यवस्था भएको प्रणालीमा संघीय व्यवस्थापिकाको तल्लो सदनले निर्धारित कार्यकाल पूरा गरेर वा सो भन्दा अगावै विशेष अवस्थामा सो सदन विघटन गरेर पदावधि समाप्त हुने व्यवस्था गरेको पाइन्छ । यसरी विघटन सम्वन्धी व्यवस्था गर्दा कहीं शर्त सहित विघटन गर्ने र कहीं विना शर्त विघटन गरिने व्यवस्था गरेको पाइन्छ ।

अध्यक्षात्मक शासन प्रणाली अवलम्वन गरिएका मुलुकहरुमध्ये अमेरिकाको तल्लो सदनको कार्यकाल २ वर्षको हुन्छ र राष्ट्रपति वा अन्य कुनै पदाधिकारीले सो कार्यकाल समाप्त हुनु अगावै विघटन गर्न वा त्यसको समयावधि बढाउन नसक्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ ।

बेलायत, फ्रान्स र भारतमा तल्लो सदनको कार्यकाल समाप्त हुनु अगावै विघटन गरिएमा ऐनद्वारा पदावधि बढाइएकोमा बाहेक सामान्यतया त्यस्ता सदनको कार्यकाल ५ वर्षको हुने व्यवस्था गरी विघटनलाई सैद्धान्तिक र संवैधानिक रुपमा स्वीकार गरिएको देखिन्छ । त्यसैगरी, जर्मनी र जापानको तल्लो सदनको कार्यकाल अगावै विघटन गरिएकोमा बाहेक ४ वर्षको हुने व्यवस्था गरिएको पाइन्छ ।

मिश्रित शासन प्रणाली भएको देश फ्रान्समा तल्लो सदन गठन भएको एक वर्ष पूरा नभई विघटन गर्न नहुने संवैधानिक व्यवस्था गरिएको पाइन्छ । तर वेष्ट मिन्स्टर (Westminster) शैलीका संसदमा भने विघटनमा कुनै शर्त वा पूर्वशर्त राखिएको पाइदैन ।

संघीय व्यवस्थापिकाको तल्लो सदनको विघटन सम्बन्धी कुरा मूलतः शक्ति पृथकीकरणको सिद्धान्त तथा त्यसैसँग अन्तरसम्बन्ध राख्ने नियन्त्रण र सन्तुलनको सिद्धान्तमा आधारित छ । संसदीय शासन प्रणालीमा व्यवस्थापिकीय अंगवाटै कार्यपालिकाको निर्माण हुने हुँदा कार्यपालिका र व्यवस्थापिकाका विचमा उही व्यक्ति एक भन्दा बढी निकायमा हुनु हुँदैन भन्ने सिद्धान्त लागु हुँदैन । अर्थात व्यवस्थापिकीय अंगको सदस्य रहेको व्यक्ति सरकार प्रमुख पनि हुन्छ । यस्तो प्रणाली अवलम्वन गरिएको मुलुकमा संसद कुन समयमा विघटन गर्ने भन्ने कुरा प्रधानमन्त्री अर्थात् सरकार प्रमुखको स्वविवेकीय छनौटको विषय हुन्छ ।

जुन शासन प्रणालीमा कार्यपालिका र व्यवस्थापिकाका विचमा पनि शक्ति पृथकीकरणको सिद्धान्तलाई अवलम्वन गरिएको हुन्छ (अर्थात व्यवस्थापिकाको सदस्य भएको व्यक्ति सरकारमा हुँदैन) त्यस्तो शासन प्रणालीमा कार्यपालिका र व्यवस्थापिका आ-आफ्नो ठाउँमा स्वतन्त्र रहने हुँदा विघटनको व्यवस्था गरिएको पाइदैन । अतः सदनको विघटनको व्यवस्था राख्ने की नराख्ने भन्ने कुरा कार्यपालिका तथा व्यवस्थापिकीय अंगहरुका हकमा शक्ति पृथकीकरणको सिद्धान्तलाई कुन रुपमा अवलम्वन गर्ने भन्ने कुराले पनि तय गर्दछ ।

इकाई (प्रदेश) व्यवस्थापिका

इकाई (प्रदेश) व्यवस्थापिका सामान्यतया एक सदनात्मक व्यवस्थापिकाको रुपमा रहने हुँदा त्यसको विघटनको व्यवस्था गर्न उपयुक्त हुन्छ वा हुँदैन भन्ने विषय पनि बहसको महत्वपूर्ण बुँदा हो । इकाईको व्यवस्थापिकालाई विघटन गर्ने वा नगर्ने भन्ने कुराको निर्क्यौल गर्ने आधार पनि इकाईले कुन प्रकृतिको शासन व्यवस्था (संसदीय वा राष्ट्रपतीय वा मिश्रित) अवलम्बन गरेको छ भन्ने कुरा नै हो ।

संघीय व्यवस्थापिकाको तल्लो सदनको विघटनका सम्वन्धमा उल्लेख भएका कुराहरु इकाईको व्यवस्थापिकाको विघटनका सन्दर्भमा समेत सान्दर्भिक हुने भएतापनि ती कुराहरुका अतिरिक्त संघीय सरकारद्वारा इकाईको व्यवस्थापिकालाई खास अवस्था र परिस्थितिमा विघटन गर्न सक्ने व्यवस्था समेत गर्न सकिन्छ । खास अवस्था र परिस्थितिमा कुनै खास इकाईको व्यवस्थापिकाले देशको सार्वभौमसत्ता अखण्डता, विभिन्न जात-जाति वा सम्प्रदायहरुका वीचको सुसम्बन्धमा खलल पर्ने अथवा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कुनै कार्यलाई प्रोत्साहित गरे वा नियन्त्रणको प्रयास नगरेको आदि जस्ता गम्भीर परिस्थितिमा संघीय सरकारका तर्फबाट इकाईको त्यस्तो व्यवस्थापिकालाई विघटन गर्न सक्ने प्रकृतिको व्यवस्था गरिनु आवश्यक हुन्छ । त्यस्तो विघटनको औचित्यमा (Legacy and Legitimacy) मा प्रश्न उठेमा संघीय न्यायपालिकाले निरुपण गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ।

सुझाव

राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले तय गर्ने शासकीय स्वरुपको निर्धारणका आधारमा समेत विघटन सम्बन्धी व्यवस्थाको विश्लेषण हुन जरुरी छ । २०१७ सालको इतिहासलाई छाडेर हेर्दा पनि २०४७ को तत्कालिन संविधानको प्रयोगमा तल्लो सदनको विघटनको राजनैतिक अभ्यास र त्यसको न्यायिक निरुपणको नमिठो अनुभव हामीसँग छ । २०५१, २०५२, २०५५/०५६, २०५९ का विघटन सम्बन्धी कार्यहरु तथा त्यसमा सर्वोच्च अदालत समेतबाट भएका फैसला (राय प्रतिवेदन ०५६) समेतबाट पाठ सिकेर यस सम्वन्धि अनुभव समेतलाई पृष्ठभूमीमा राखेर विघटन सम्बन्धमा कस्तो संवैधानिक व्यवस्था राख्ने भन्ने कुराको टुंगोमा पुग्नु जरुरी छ ।

संसदीय शासन प्रणाली अवलम्बन गरिएमा न्यायोचित पूर्वसर्त सहितको विघटन सम्बन्धी व्यवस्था राख्न उपयुक्त हुन्छ र कार्य पालिका र व्यवस्थापिका बीच शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बन गर्ने शासन व्यवस्था अंगीकार गरिएमा विघटन सम्बन्धी व्यवस्था राख्न आवश्यक देखिदैन ।

२.१३ व्यवस्थापिकीय अंगको निर्वाचन पद्धति

व्यवस्थापिकीय अंगहरुको गठनमा अवलम्वन गरिने निर्वाचन पद्धति देशले अवलम्वन गर्ने शासन प्रणालीको प्रकृति र स्वरुपमा भर पर्छ । देशमा कुन शासन प्रणाली अवलम्वन गर्ने र त्यसमा कुन निर्वाचन प्रणाली अपनाउने भन्ने विषय राज्यको शासकीय स्वरुप निर्धारण समितिले तय गर्ने र व्यवस्थापकीय अंगको गठन प्रकृयामा अपनाइने निर्वाचन प्रणाली यस समितिले तय गर्ने भएतापनि दुवै प्रणालीमा अवलम्वन गरिने निर्वाचन प्रणाली अन्तरसम्बन्धित विषयवस्तुहरु हुन् ।

हालसम्म प्रचलनमा आएका निम्न लिखित निर्वाचन प्रणाली मध्येबाटै अगाडी बढ्नु पर्ने देखिन्छ ।

(१) **पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष निर्वाचन प्रणाली):-** यो प्रणाली वालिग मताधिकारका आधारमा आफूलाई मनपर्ने प्रतिनिधि वा उम्मेदवारलाई मतदान गर्ने र जुन उम्मेदवारले सबैभन्दा बढी मत ल्याउँछ उही विजयी हुने निर्वाचन प्रणाली हो । व्यवस्थापिकीय अंगका खासगरी तल्ला सदनहरु प्रायः यसै निर्वाचन प्रकृयाबाट निर्वाचित भै गठन गर्ने गरेको पाइन्छ । यस प्रणालीमा प्रतिनिधि र मतदाताहरुका वीचमा प्रत्यक्ष सम्वन्ध रहेको मानिन्छ ।

(२) **समानुपातिक निर्वाचन प्रणाली:-** यो प्रणाली मतदाताले सिधै उम्मेदवारलाई मतदान गर्ने प्रणाली नभई विभिन्न राजनैतिक दलहरुमध्ये आफ्नो विचार र भावनाको प्रतिनिधित्व गर्ने दललाई मतदान गर्ने र मतदान गर्ने मतदाताहरुको संख्यासँग समानुपातिक हुने गरी प्रतिनिधिहरु निर्वाचित हुने निर्वाचन प्रणाली हो । यस प्रणालीमा

सामान्यतया राजनीतिक दलहरुले मतदाता समक्ष आफ्नो उम्मेदवारको एउटा सूची प्रस्तुत गर्छन् र मतदाताले दलको लागि मतदान गर्दछन् । विभिन्न दलहरुद्वारा आफूले प्राप्त गरेको कुल मतको अनुपातमा आफ्नो स्थान निश्चित गरिन्छ र दलद्वारा प्रस्तुत सूची अनुसारका उम्मेदवारहरु मध्येबाट सम्बन्धित दलले छनौट गरी तयार पारेको सूचीका आधारमा निर्वाचित भएको घोषणा गरिन्छ । संविधानसभाको निर्वाचनका लागि हामीले यो प्रणाली अवलम्वन गरिसकेका छौं । यो प्रणालीबाट सबै वर्ग, क्षेत्र, लिङ्ग, जाति, भाषा र धर्मको सहि रुपमा प्रतिनिधित्व हुने अपेक्षा गरिन्छ । निश्चित प्रतिशतसम्मका लागि यो प्रणालीलाई पनि अवलम्वन गरिनु उपयुक्त हुन्छ ।

(३) **मिश्रित निर्वाचन प्रणाली:-** कतिपय अवस्थामा प्रत्यक्ष, समानुपातिक तथा मनोनयनको प्रकृया समेत अवलम्वन गरी व्यवस्थापिकीय अंगको गठन गर्न सकिन्छ । संघीय व्यवस्थापिकाको तल्लो सदन र इकाईका व्यवस्थापिकाहरुको गठन प्रकृयामा यो प्रणाली अवलम्वन गर्न उपयुक्त हुन्छ ।

व्यवस्थापिकीय अंगहरुको गठनमा निर्वाचन प्रणाली अवलम्वन गर्दा विचार गर्नुपर्ने विषयहरु निम्नानुसार छन् :-

- संघीय (केन्द्रीय) व्यवस्थापिकाको दुवै सदन (माथिल्लो/तल्लो) को निर्वाचन प्रणाली फरक फरक हुन उपयुक्त हुन्छ,
- माथिल्लो सदनको सदस्यता धेरै हदसम्म संघीय इकाईहरु (प्रदेशहरु) को प्रतिनिधिका रुपमा रहने हुँदा इकाईको प्रतिनिधित्व हुने प्रकारको निर्वाचन प्रकृया अवलम्वन गरिनु पर्छ,
- संघहरुमा माथिल्लो सदनको गठन जनसंख्या (Majority of the people) र संघीय इकाई (Majority of Region) दुवै पक्षको सन्तुलनबाट हुने हुँदा संघीय व्यवस्थापिकाको माथिल्लो सदनमा दुवै पक्ष प्रतिविम्वित हुनुपर्छ,
- संघीय इकाईहरुमा एक सदनात्मक व्यवस्थापिका रहने अवस्थामा मिश्रित प्रकृतिको निर्वाचन प्रणाली अवलम्वन गर्न उपयुक्त हुन्छ,
- कुन सदनका लागि कुन निर्वाचन प्रणाली अवलम्वन गर्न उपयुक्त हुन्छ भन्ने विषय शासकीय स्वरुपसंग समेत सम्बन्धित हुन्छ ।

२.१४ सदस्यको योग्यता

सदस्यहरुको योग्यता सम्बन्धमा विश्वका विभिन्न संविधानहरुको अध्ययन गर्दा हामीले अवलम्वन गर्दै आइरहेको संवैधानिक व्यवस्थामा सारभूत रुपमा फरक रहेको देखिदैन । अझ वस्तुनिष्ठ रुपमा विवेचना गर्दा कार्यशैली वा कार्य प्रणालीमा व्यवहारिक रुपमा भिन्नता देखिएतापनि औपचारिक व्यवस्था वा अवलम्वन गरिएका सिद्धान्तहरु उस्तै देखिन्छन् । कार्यगत र शैलीगत रुपमा गर्नुपर्ने सुधार र परिमार्जनका विषयहरु प्रशस्त छन् । विगतका अनुभवले पनि हामीलाई कार्यगत सुधारमा फड्को नै नमारी नहुने स्थिति देखाउँछ ।

संघीय व्यवस्थापिकाको माथिल्लो सदनको लागि उम्मेदवार हुन उमेरका हिसावले अलि परिपक्व व्यक्तित्व हुनुपर्ने आम राय देखिन्छ । तत्कालिन र दिर्घकालिन समस्याको सहि पहिचान गरी उपयुक्त समाधानका उपाय सुझाउन तथा जटिलतालाई बुझेर अवस्था र परिस्थितिको सही विश्लेषण गर्दै समस्याको पहिचान र समाधानको खोजी गर्न कतिपय अवस्थामा एउटा परिपक्व उमेर पनि महत्वपूर्ण माध्यम बन्न सक्छ । माथिल्लो सदनको उम्मेदवार हुन ३५ वर्ष पूरा गरेको हुनुपर्ने विगतको हाम्रो संवैधानिक व्यवस्थाको सेरोफेरोमा रहेर विचार गरी निर्क्यौलमा पुग्नु अन्यथा हुनेछैन ।

तल्लो सदन र इकाई व्यवस्थापिकामा भने युवा जोस, जाँगर र ज्ञानलाई भित्र्याउनु पर्छ भन्ने अवधारणा पहिलेदेखि नै चलिआएकै हो । तल्लो सदनको सदस्यका लागि २५ वर्ष वा त्यसैको सेरोफेरोको उमेर आवश्यक छ भन्ने कुरा हाम्रो विगतको अनुभवले पुष्टि गरिसकेको छ । व्यवस्थापिकाको सदस्यको निर्वाचनमा उमेदवार हुन नेपाली नागरिकले मात्र पाउने किसिमको व्यवस्था गर्ने तर्फ ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । जनप्रतिनिधि भएको कारण उच्च नैतिकता र आचरणगत व्यवहार समेतलाई ध्यान दिनु पर्छ । अन्य योग्यताका हकमा विगतमा भएका व्यवस्थालाई समेत समेटेर अद्यावधिक गर्न आवश्यक छ ।

२.१५ सदस्यको अयोग्यता सम्बन्धी निर्णय

कुनै पनि तहको संघीय वा इकाई व्यवस्थापिकीय अंगको निर्वाचित सदस्यको योग्यतामा प्रश्न उठी निज अयोग्य छ भन्ने ठहरिएमा उसको पद रिक्त हुन्छ । योग्यता नभएको वा नरहेको व्यक्तिबाट व्यवस्थापिकीय प्रकृयामा प्रतिनिधित्व हुन सक्दैन ।

निर्धारित योग्यता नभएको वा नरहेको सदस्यको स्थान रिक्त हुन्छ । तर अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निरुपण वा निर्णय गर्ने निकाय वा अधिकारी को हो वा को हुन सक्छ भन्ने विषय बहसको विषय हुन सक्छ ।

यस विषयको निरुपण गर्न सक्ने सम्भाव्य अधिकारी वा निकाय तीन वटा देखिन्छन्: नेपालको प्रधान न्यायाधीश वा निजले तोकेको न्यायाधीश, निर्वाचन आयोग, सम्बन्धित व्यवस्थापिकीय अंग स्वयं । हाम्रो संवैधानिक इतिहास पनि यसै अनुरुप अगाडि बढेको देखिन्छ । नेपालको संविधान, २०१९ ले सर्वोच्च अदालतको प्रधान न्यायाधीशले निर्वाचन आयोगसंग परामर्श गरि गर्ने, नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको प्रधान न्यायाधीशले वा निजले तोकेको सर्वोच्च अदालतको अन्य न्यायाधीशले गर्ने, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४७ ले व्यवस्थापिका संसदले गर्ने भन्ने व्यवस्था गरेको देखिन्छ ।

निर्वाचनको प्रकृया शुरु भएदेखि निर्वाचनको परिणाम घोषणा भै प्रमाण पत्र जारी नगर्दाको अवस्थासम्ममा कुनै उम्मेदवारको योग्यता, अयोग्यता बारेमा प्रश्न उठेमा यसको टुंगो लगाउने अन्तिम निकाय निर्वाचन आयोग हो । तर सदस्यताको प्रमाण पत्र जारी गरिसकेपछि सो विषयमा उत्पन्न विवादको छिनोफानो गर्ने निकाय निर्वाचन आयोग हुन सक्छ भन्ने कुराको कुनै आधार देखिदैन ।

अतः उक्त विषय प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको न्यायाधीशले वा स्वयं व्यवस्थापिकीय अंगमध्ये कुन निकाय उपयुक्त थलो हुन सक्छ भन्ने विषय बहसको विषय वन्न सक्छ । कार्यपालिकीय, व्यवस्थापिकीय र न्यायिक कार्यमा विभाजन गरि त्यसका आधारमा सदस्यको अयोग्यता सम्बन्धी निर्णय कुन वर्गमा पर्दछ भनी विश्लेषण गर्ने हो भने यो न्यायिक कार्यभित्र पर्ने देखिन्छ । आफ्नो मुद्दामा आफैं न्यायाधीश हुनु हुँदैन भन्ने प्राकृतिक न्यायको सिद्धान्तको अपवादको रुपमा व्यवस्थापिका स्वयंले आफ्नो अवहेलनामा कारवाही र निर्णय गर्ने विषय र अयोग्यता सम्बन्धी निर्णय फरक फरक विषय हुन् ।

सदस्यको अयोग्यता सम्बन्धी विषयमा अन्तिम निर्क्यौल निकाल्ने स्थान अदालत नै हुन्छ र हुनुपर्छ । कुनै व्यवस्थापिका सदस्यको योग्यता र अयोग्यताको विषय न्यायिक छानविनको विषय हुँदा यसको उपयुक्त स्थल न्यायाधीश वा न्यायपालिका नै हुन्छ । व्यवस्थापिका विभिन्न राजनैतिक दलका विचमा काम गर्ने संस्था भएको हुँदा यसले दिने निर्णयको स्वच्छता र निष्पक्षता अदालत वा न्यायाधीशले दिने निर्णय वरावरको वा गहिराइसम्मको हुन्छ भनेर विश्वास दिलाउन सकिने न्यायिक सिद्धान्त देखिदैन । उक्त कार्य न्यायिक प्रकृतिको भएकोले विषयवस्तुको गाम्भीर्यता समेतलाई ध्यान दिंदा यो विषयको निरुपण न्यायिक अधिकारी वा अदालतबाटै हुनु उपयुक्त हुन्छ ।

अतः यस सन्दर्भमा संघीय व्यवस्थापिकाका दुवै सदनको सदस्यहरुको अयोग्यता सम्बन्धि विषयको टुंगो संघीय सर्वोच्च अदालतवाट र इकाई प्रदेशको व्यवस्थापिकाको अयोग्यता सम्बन्धी विवादको टुंगो सम्वन्धित राज्यको उच्च अदालतबाट लगाउनु उपयुक्त हुन्छ ।

२.१६ स्थानको रिक्तता

व्यवस्थापिकाका सदस्यहरुको स्थानको रिक्तताका सम्बन्धमा हामीले अभ्यास गर्दै आएका औपचारिक व्यवस्थामा त्यति ठूलो फेरवदलको आवश्यकता देखिदैन ।

खासगरी लगातार लामो समयसम्म बैठकमा सदनको स्वीकृति नलिई अनुपस्थित रहेमा सदस्यको स्थान रिक्त रहने व्यवस्था पनि गरिएको पाइन्छ । बैठकमा सदनको स्वीकृति लिएर सधै अनुपस्थित हुन सकिन्छ भन्ने मनसाय भने यो व्यवस्थाको होइन । नियमित उपस्थिति जनप्रतिनिधिहरुको अनिवार्य आवश्यकता हो । विभिन्न परिस्थिति वा

अवस्थाको व्यवस्थापनका लागि अपवादको रुपमा लागु हुने गरि यो व्यवस्था गरिएको हो । यसैलाई आधार बनाएर महत्वपूर्ण बैठकहरुमा समेत यदाकदा सदस्यहरुको उपस्थिति नहुने गरेको अभ्यासबाट बैठकमा अनुपस्थित हुने प्रवृत्ति बढ्दै गएको हो की भन्ने आम जनताको गुनासो छ । यसर्थ यस्तो प्रकृतिको औपचारिक व्यवस्थालाई व्यवहारमा गंभिर रुपमा अवलम्वन गरि यो छुटलाई सामान्य नियम भन्दा अपवादको नियमको रुपमा ग्रहण गर्न आवश्यक छ ।

स्थान रिक्तताको आधारमा अर्को महत्वपूर्ण र विधिशास्त्रीय अवधारणामा जुन दलको उम्मेदवार भै निर्वाचित भएको हो, निजले सो दल त्याग गरेमा निजको स्थान रिक्त हुने व्यवस्था गरिने आम संवैधानिक अभ्यास छ । यसमा निहित रहेको अवधारणा वहुदलीय व्यवस्थामा दललाई संस्थागत गराउँदै लानु हो । मतदाताले जुन विचारधारा र प्रतिनिधिलाई मन पराएर छनौट गर्छन्, त्यो विचारधारा वा मान्यताबाट अलग भैसकेको प्रतिनिधिले जनताको प्रतिनिधित्वको आधार गुमाएको ठानिन्छ । यस्तो प्रवृतिले दल र व्यक्ति स्वयंलाई पनि हानी पुऱ्याउँछ । एउटा व्यक्ति एउटै मूल्य र मान्यतामा उभिनु पर्छ । एउटा दलको सदस्य भैसकेको व्यक्तिले आफूलाई संस्थागत रुपमा स्थापित गर्नु पर्दछ । यदि त्यो परिवर्तन गरेर जाने हो भने पहिलाको मूल्य र मान्यताबाट आर्जित पद र हैसियत त्याग गरेर जनताद्वारा परिवर्तित मूल्य र मान्यतालाई पुनः परिक्षण गराउनु जरुरी छ । सदस्यता रिक्त हुने यो व्यवस्थाको कार्यात्मक पक्ष कमजोर रहेको विगतको अनुभव छ । यस सम्बन्धमा गरिने औपचारिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिनु जरुरी छ ।

२.१७ शपथ

प्रत्येक सदनका सदस्यहरुले व्यवस्थापिकीय अंगको पहिलो बैठकमा भाग लिनु अघि तोकिएको प्रकृया बमोजिम शपथ लिनु पर्छ । जनप्रतिनिधिको रुपमा आ–आफ्नो जिम्मेवारी पूरा गर्दा पदीय गोपनियता कायम राख्नु तथा आफ्नो काम, जिम्मेवारी र उत्तरदायित्वप्रति हृदयदेखि नै आफूलाई समर्पित गर्नु तथा अनुभूत गर्नु, गराउनु यसको प्रमुख उद्देश्य हो । जनता सार्वभौम र सर्वोच्च शक्ति भएको तथा जनताको सेवा गर्नु जनप्रतिनिधिको मुख्य कर्तव्य भएको हुनाले जनताका नाममा शपथ लिनु लोकतान्त्रिक हुन्छ । जनप्रतिनिधिहरु विभिन्न धर्म र आस्थामा विश्वास गर्ने भएकाले ईश्वरको नाममा पनि शपथ लिन सकिन्छ ।

२.१८ व्यवस्थापिकीय अंगका प्रमुख, उपप्रमुख सम्वन्धी

"नेता तिनीहरु हुन् जसले सही काम गर्दछन् र व्यवस्थापक तिनीहरु हुन् जसले सही प्रक्रिया र कार्यविधि अवलम्बन गरी कार्य गर्दछन् ।"

व्यवस्थापिकीय अंगका प्रमुख, उपप्रमुख वास्तवमा नेता र व्यवस्थापक दुवै हुन् । उनीहरुको उत्तरदायित्व, जिम्मेवारी, कार्यक्षमता, कार्यकुशलता, दूरदर्शिता आदिले सभा संचालन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ । सभाको कार्यकाल र सदस्यहरुको पदावधिलाई सार्थकतापूर्ण किसिमले सम्पन्न गर्न उनीहरुको महत्वपूर्ण भूमिका रहन्छ । उनीहरुमा सभालाई सही दिशातर्फ र सही ढंगले अगाडि बढाउने गहन दायित्व रहन्छ । सभाध्यक्षको मुख्य काम सभाको व्यवस्थापन र तोकिएको समयसम्म बैठकहरु संचालन गर्नु हो । यसका लागि राजनैतिक तटस्थता आवश्यक छ ।

व्यवस्थापिकीय अंगका प्रमुख, उपप्रमुखको व्यवस्था गर्दा दुई पदहरुमध्ये एक पदमा महिला रहने व्यवस्था गर्न उपयुक्त हुन्छ ।

सुझाव

सदनमा विविधतायुक्त दल तथा सदस्यहरुलाई समेटेर एउटै लक्ष्यतर्फ डोऱ्याउनु पर्ने दायित्वको पद भएको हुँदा व्यवस्थापिकीय अंगका प्रमुख र उपप्रमुखको निर्वाचन सामान्य वहुगतवाट गरिने र सदनका सदस्यहरुको दुई तिहाई वहुमतबाट पद रिक्त हुने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

२.१९ गणपुरक संख्या

व्यवस्थापिकीय अंगको बैठक बस्नका लागि न्यूनतम कति सदस्य उपस्थित हुनुपर्छ भन्ने विषय पनि एउटा महत्वपूर्ण जिज्ञासाको विषय हो । जनताको प्रतिनिधि भएका कारण नीति निर्माण प्रकृयामा सबै सदस्यहरुको उपस्थिति जरुरी हुन्छ । तर कतिपय अवस्थामा प्राविधिक र व्यवहारिक कारणले समेत सबै सदस्यहरुको एकैसाथ बैठकमा उपस्थित हुन नसक्ने अवस्थालाई विचार गरी बैठक संचालनका लागि गणपुरक संख्या तोकिने गरिन्छ ।

विशेष विषयवस्तुगा संविधानका विभिन्न धारामा सदस्यहरुको विशेष उपस्थितिको अनिवार्य व्यवस्था गरिएकोमा वाहेक सम्वन्धित सदनको सम्पूर्ण सदस्यहरुको एक चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत नगरिने हाम्रो संवैधानिक इतिहास रहेको देखिन्छ । विश्वका अन्य धेरै देशहरुमा पनि गणपुरक संख्याका सम्बन्धमा करिब करिब यस्तै व्यवस्था गरेको पाइन्छ । गणपुरक संख्याका सम्बन्धमा विगतको हाम्रो संवैधानिक अभ्यासमा भएको औपचारिक व्यवस्थाका वारेमा थप बहस र छलफल गर्नुपर्ने आवश्यकता देखिदैन ।

हाम्रो यस सम्बन्धी व्यवहारिक अभ्यासलाई हेर्ने हो भने यो एक चौथाईको गणपुरक संख्याको नीतिगत व्यवस्था पनि कहिलेकाहीं समस्याको रुपमा देखा पर्ने गर्दछ । गणपुरक संख्या नपुगेर निर्धारित समयमा बैठक बस्न नसकेका तीता अनुभवहरु पनि हामीसंग छन् । यसले गर्दा निर्धारित समयमा बैठक बस्न नसकी समयको मूल्यलाई बुझ्न नसकिएको, व्यवस्थापिकाको अन्य कारवाहीप्रति उत्तरदायी हुन नसकिएको अवस्थामा सदनमा देश र जनताको हित र सरोकारका विषयहरु प्रतिविम्वित गर्ने कुरा टाढा हुन पुगेको आमजनताको तीतो अनुभूतितर्फ सचेत हुनु पर्दछ । त्यसैले साविककै जस्तो गणपुरक संख्या एक चौथाई व्यवस्था गरी व्यवहारिक र कार्यगत रुपमा बैठकमा बाक्लो उपस्थितिको अनिवार्यतालाई सदस्यहरुले महसूस गर्नु जरुरी छ ।

२.२० अधिवेशनको आह्वान र अन्त

संघीय व्यवस्थापिका तथा इकाई व्यवस्थापिकाको अधिवेशनको आह्वान र अन्त्य कसले गर्ने भन्ने विषय मूलतः कुन प्रकृतिको शासन प्रणाली अवलम्वन गरिने हो भन्ने कुराले निर्धारण गर्दछ । राष्ट्रप्रमुख र इकाई प्रमुख एकै व्यक्ति रहेको व्यवस्थामा व्यवस्थापिकीय अंगको बैठक त्यस्तो राष्ट्र प्रमुखले वा इकाई प्रमुखले अधिवेशनको आह्वान र अन्त्य गर्ने व्यवस्था नगरी स्वयं व्यवस्थापिकीय अंग आफैले निर्धारित प्रकृयाद्वारा गर्ने व्यवस्था गरेको पाइन्छ ।

राष्ट्र प्रमुख र सरकार प्रमुख अलग अलग व्यक्ति रहने गरी तय गरिएको शासन प्रणालीमा राष्ट्र प्रमुख तथा इकाई प्रमुखले बैठकको आह्वान र अन्त गर्ने व्यवस्था गरिएको पाइन्छ । राष्ट्र प्रमुखको भूमिका औपचारिक मात्र रहेको अवस्थामा सम्मानित र आलंकारिक संस्थाबाट अधिवेशनको आह्वान र अन्त्य गर्ने व्यवस्था गर्ने गरेको पाइन्छ ।

अधिवेशनको आह्वान र अन्त्य सम्बन्धमा हाम्रो आफ्नै संवैधानिक अभ्यास पनि ताजै छ । एक अधिवेशन र अर्को अधिवशनको वीचको अवधि कति हुने, विशेष अवस्थामा व्यवस्थापिका सदस्य स्वयंबाट अधिवेशन आह्वान गर्न सक्ने व्यवस्था समेतका सन्दर्भमा हाम्रो संवैधानिक अभ्यासलाई परिमार्जित रुपमा अगाडि बढाउन उपयुक्त नै हुन्छ ।

२.२१ अन्य विविध विषयहरु

संघीय तथा इकाई व्यवस्थापिकाको बैठक तथा कार्य संचालन प्रकृयासंग सम्वन्धित अन्य विविध विषय तथा प्रकृयाहरुका बारेमा यो अवधारणापत्रमा वृहत विवेचना र विश्लेषण आवश्यक देखिंदैन । सदस्यको स्थान रिक्त रहेको अवस्थामा वैठकको कार्य संचालन, मतदान प्रकृया, कार्य संचालन विधि, सचिवालय सम्बन्धी विषयहरु सामान्य औपचारिक विषय भएको हुंदा तिनमा सामान्य हेरफेर सहितको व्यवस्था पर्याप्त हुने हुनाले थप विश्लेषणको आवश्यकता देखिदैन ।

बैठकमा सदस्यहरुको विशेषाधिकार सम्वन्धी विषय पनि सबै प्रकृतिका व्यवस्थापिकामा प्रायः समान रहने र यी विषयहरु विवादको विषय नभै प्रणालीगत रुपमा नै स्थापित भैसकेका विषय भएकाले यहाँ थप विवेचना गरिएन ।

वहसमा बन्देज सम्बन्धी विश्वका लोकतान्त्रिक अभ्यास र हाम्रो आफ्नै अभ्यास समेतबाट कुनै पनि अदालतमा विचाराधीन रहेको मुद्दा एवं न्यायाधीशले आफ्नो कर्तव्य पालनाका सिलसिलामा गरेको न्यायिक कार्यको विषयमा सदनमा छलफल नहुने अभ्यास देखिन्छ । यस्तो व्यवस्थाको तात्पर्य शक्ति पृथकीकरणको सिद्धान्त एवं न्यायिक स्वतन्त्रताको अवधारणालाई साकार रुप दिने सन्दर्भमा महत्वपूर्ण रहेतापनि बहसमा बन्देज सम्बन्धी व्यवस्थालाई अदालतमा विचाराधिन मुद्धाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषय बाहेकका अन्य विषयहरुमा सदनमा छलफल खुलै राखिनु उपयुक्त हुन्छ ।

२.२२ समिति

व्यवस्थापिकाको पूर्ण बैठकमा सदस्य सख्या ठूलो हुने, कामको चाप बढी हुन र विषय विज्ञताको वर्गीकरण नहुने आदि कारणले आफ्ना विषयभित्र प्रभावकारी काम गर्न, समयको सदुपयोग गर्न, विषय विशेषज्ञता अभिवृद्धि गर्न, विषयवस्तुमा पर्याप्त छलफल गर्नका लागि तथा एउटा अनौपचारिक वातावरण र पार्टीको संकीर्ण राजनीतिक घेराबाट स्वतन्त्र भएर विषयवस्तुमा गहिरो र सारपूर्ण छलफल गरी निक्यौलमा पुग्न विषयगत समितिहरु गठन गर्ने अभ्यास देखिन्छ । हाम्रो संवैधानिक इतिहास पनि यसरी नै अगाडि बढेको पाइन्छ ।

विषयगत समितिहरु संविधानमा नै उल्लेख गर्ने वा सम्वन्धित व्यवस्थापिकाको नियमावलीमा व्यवस्थित गर्ने भन्ने छलफलको विषय भएपनि यो महत्वपूर्ण विषय भने होइन । संघीय तथा इकाई व्यवस्थापिकामा व्यवस्थापिकीय क्रियाकलापहरुको प्रभावकारीताका लागि समितिहरुको व्यवस्था गर्ने पर्ने भएतापनि कुन कुन इकाईमा के कस्ता र कुन कुन विषयका समिति गठन गर्न उपयुक्त हुन्छ भन्ने विषय सम्वन्धित व्यवस्थापिकाले पहिचान गरी निक्यौल गर्न र सम्बन्धित व्यवस्थापिकाको नियमावलीद्वारा नै यस विषयलाई व्यवस्थित गरिनु उपयुक्त हुन्छ ।

विभिन्न प्रकारका विषयगत समितिको व्यवस्था गरिनु निम्न कारणले समेत आवश्यक छ । साथै, त्यसमा पनि ती समितिहरु आ-आफ्नो विषयमा सारभूत रुपमा कार्यात्मक दृष्टिले प्रभावकारी हुन नितान्त आवश्यक छ ।

- समितिको कार्य क्षेत्रभित्रका विषयहरुमा विवेचना गरी मापन गर्न र सुधारका सम्भावित क्षेत्रहरुको पहिचान गर्न सजिलो हुन्छ,
- समितिसंग सम्बन्धित विधेयक, सरकारका काम कारवाही लगायत आफूलाई तोकिएका विषयको काम राम्ररी गर्दछ,
- तोकिएका विषयमा गहिरो छानविन गर्दछ,
- तोकिएको विषयहरुमा नजिकबाट मूल्यांकन गर्दछ,
- शासन व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँछ,
- विषय विज्ञहरु समेतको सहयोग लिएर विषयवस्तुमा परिपक्व निर्णय लिन्छ र सोही अनुरुपको गति दिन्छ,
- क्षेत्रगत विषयमा व्यवस्थापिकाका सदस्यहरुलाई सवल बनाउने बाटो दिन्छ,
- विषयवस्तुमाथिको दुरगामी विचार विमर्श सम्भव हुन्छ,
- सदनलाई महत्वपूर्ण विषयहरुमा निर्णायक टेवा पुऱ्याउँछ,
- कार्यक्षमतामा आधारित उत्तरदायित्वमा जोड दिन्छ,
- कुनै पनि विषयवस्तुहरु आधारभूत कुराबाट सुरुवात गर्न समितिहरु आवश्यक हुन्छ ।

२.२३ संयुक्त समिति

संघीय व्यवस्थापिकाका दुई सदन वीचको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त गर्न वा अन्य कुनै खास कार्य तथा प्रयोजनका लागि दुवै सदनको संयुक्त समिति गठन गर्न उपयुक्त हुन्छ । यसमा दुवै सदनका सदस्यहरुको संख्याको अनुपातमा प्रतिनिधित्व आवश्यक हुन्छ ।

इकाई (प्रदेश) व्यवस्थापिकामा एउटा विशेष समितिको गठन गर्न सकिन्छ । जसले इकाई व्यवस्थापिकाभित्र आइपर्ने मतभिन्नता र संवेदनशील विषयमा उत्पन्न हुने तनावलाई सही रुपमा समाधान गर्न सकोस् ।

२.२४ स्थानीय स्वायत्त इकाईको व्यवस्था

स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको व्यवस्थापिकीय प्रकृयामा जनताको बढीभन्दा बढी सहभागिता प्रवर्धन गरी स्थानीय स्तरदेखि नै लोकतन्त्रको अभ्यास र संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त इकाईहरुको गठन गरिनु पर्छ । विभिन्न इकाई (प्रदेश) अन्तर्गत रहने त्यस्ता स्थानीय स्वायत्त निकायहरुको स्वरुप तथा गठन विधि लगायतका विभिन्न विषयका सम्बन्धमा राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति तथा राज्यको शासकीय स्वरुप निर्धारण समिति समेतबाट तय गरिने आधारहरु महत्वपूर्ण हुन सक्छन् । अतः स्थानीय स्वायत्त इकाईहरुको आकृति, ढाँचा तथा स्वरुप आदिका सम्बन्धमा निश्चित आधार तोकी गठन प्रकृयामा समानता र काम, कारवाहीमा एकरुपता समेत कायम गर्ने गरी कानूनद्वारा व्यवस्था गर्न उपयुक्त हुन्छ ।

भाग-तीन

व्यवस्थापन कार्यविधि सम्बन्धमा

३.१ अवधारणा/पृष्ठभूमि

कानून निर्माण गर्ने राज्यको मुख्य अंग व्यवस्थापिका नै हो । सानातिना सुधार वा सतही सुधार मात्रले राष्ट्र अगाडि बढ्न सक्दैन । दिगो विकासको फलदायी मार्ग निर्माणको आधार र प्रस्थान विन्दू व्यवस्थापिकीय संस्था नै हो । समग्र न्याय (Holistic Justice) उपयुक्त कानूनी व्यवस्थाको निर्माणबाट मात्र सम्भव हुने देखिन्छ ।

समाजको परिवर्तन र सामाजिक विकासद्वारा कानूनमा परिवर्तन, यो निरन्तर प्रकृया हो । विधिशास्त्री एच.एल.ए. हार्टले कानून प्रणाली, दायित्वका प्राथमिक नियम (Primary rule of Obligation) र मान्यताका द्वितीयक नियम (Secondary rule of Recognition) द्वारा निर्मित र विकसित हुने मान्यता राख्दछन् । कानून व्यवहार वा आचरणका नियमहरु नै हुन् । यिनलाई हामीले विभिन्न तहमा निर्माण अभ्यास र विकास गराएका हुन्छौं ।

कानून जनइच्छाको प्रतिविम्व भएकोले यो जनप्रतिनिधिबाट बन्नु पर्ने मान्यता रहेका कारण पनि व्यवस्थापिका कानून निर्माण गर्ने प्रमुख अंग हो । शक्ति पृथकीकरणको सिद्धान्तले पनि कानून निर्माणको प्रमुख दायित्व व्यवस्थापिकालाई नै सुम्पेको छ । यस्तै प्रत्यायोजित विधायन (Delegated Legislation) पनि व्यवस्थापिकाले अधिकार प्रत्यायोजित गरेर मात्र बन्न सक्ने र व्यवस्थापिकाले खास सीमा तोकेको भए त्यहि सीमाभित्र रहेर नियम बनाउनु पर्ने मानिन्छ । कानूनको व्याख्याको चरणमा समेत न्यायपालिकाले व्यवस्थापिकाको मनसाय पत्ता लगाई अर्थ लगाउने, शब्द र भावना पहिल्याउने प्रयास गर्ने तथा व्यवस्थापिकाद्वारा निर्मित कानूनको स्पष्ट उल्लंघन नहुने गरी व्याख्या गरिनु पर्ने मान्यता भएबाट पनि व्यवस्थापिकालाई कानून निर्माणको प्रमुख अंग मान्न सकिन्छ ।

३.२ परिचय/सिद्धान्त

व्यवस्थापन विधि भनेको त्यस्तो प्रकृया हो जुन कुनै विधेयकलाई कानूनका रुपमा रुपान्तरित गर्नका लागि अवलम्बन गरिन्छ । यस प्रकृयामा विधेयकको जाँच, छानविन आलोचना, विश्लेषण र यदाकदा त कानून बन्नु अगाडि व्यापक रुपमा संशोधन पनि गरिन्छ ।

विधेयक निर्माण तथा प्रशोधनको प्रकृयामा विधेयक निर्माण गरी पेश गर्ने, सुचिकरण गर्ने, छलफल गर्ने, संशोधन गर्ने, र स्वीकृत गर्ने जस्ता प्रमुख प्रकृयाहरु पर्दछन् । विधि निर्माण कार्यविधि तथा प्रकृयाको मूलभूत उद्देश्य छलफललाई समयमा टुंग्याउनु, छलफल खुला रुपमा गर्नु तथा छलफललाई विवेक सम्मत र व्यापक बनाउनु हो । Alen L. Clem द्वारा व्यवस्थापन कार्यविधिका मूलतः निम्न तीनवटा पक्षबारे चर्चा गरिएको पाइन्छ :

(क) विधेयकहरु बारेको विचार गर्ने क्रम निर्धारण गर्ने,
(ख) कुनै विधेयक कानून बन्न पार गर्नु पर्ने तह परिभाषित र नियमन गर्ने,
(ग) विधेयकबारे छलफल, संशोधन र समर्थन गर्ने नियम निर्धारण गर्ने ।

यस्तै अर्का विधिशास्त्री Jermy Bentham ले विधि निर्माण प्रकृयाको अध्ययन गरी यस प्रकृयामा मूलभूत रुपमा ६ वटा आधारभूत सिद्धान्तहरु रहने चर्चा गरेका छन् । जुन यहां उल्लेख गर्न सान्दर्भिक हुनेछ ।

(क) विधेयकको पूर्ण प्रकाशन : यस्तो प्रकाशन सदन वा समितिभित्र मात्र होइन बाहिर पनि हुनु पर्छ। यस्तो प्रकृयाले त्यस बारेमा पहिले के थियो, अव के भइरहेछ र भविष्यमा के हुनेछ भन्ने बारेमा आमजनतालाई सूचना प्राप्त गर्न सजिलो हुनेछ । यस्तो प्रकाशनले सम्वद्ध व्यक्तिहरु समेतले भावी कानूनको स्वभावका बारेमा जानकारी प्राप्त गर्ने मौका पाउन सक्छन् ।

(ख) **समानताको सिद्धान्त** : व्यवस्थापिकाका प्रत्येक सदस्यको समान स्तर हुन्छ । समान मताधिकार हुन्छ र बोल्न समान मौका हुन्छ ।

(ग) **सभानायकको तटस्थता** : सभा वा समितिको सभानायक जसले सदनको सभापतित्व वा अध्यक्षता गर्दछन् उनले न्यायाधीशको जस्तो तटस्थता राख्नु पर्छ । साथै, सरकारका अन्य संस्थासँगको सम्बन्धका विषयमा उनले सिंगो सदनको प्रतिनिधिको रुपमा काम गर्नु पर्छ ।

(घ) **बहुमतको सिद्धान्त** : सामान्य बहुमतबाट स्वीकृत विषय सबैको इच्छा भएको मानिने गर्छ ।

(ङ) **व्यवस्थापिकीय कार्यका चरणहरुको तार्किक क्रमको सिद्धान्त** : सदनभित्र हुने विधि निर्माणको काम, कारवाही चरणवद्ध रुपमा हुनुपर्छ । ती चरणहरु तार्किक रुपमा निर्धारित गरिएको हुनु पर्छ । विधेयककाबारेमा सदनभित्र प्रस्ताव गर्दा, छलफल गर्दा र मतदान गर्दा विभिन्न प्रकृयाहरुलाई एकै ठाउँमा मिसाउन हुँदैन । विधेयक वा कुनै विषयमा छलफल गर्दा एकपटकमा एउटा प्रश्नमा मात्र छलफल गर्नु पर्छ । यस्तै व्यवस्थापिकाले कुनै समस्याबारे छलफल गर्दा एउटा प्रकृया समाप्त भएपछि मात्र अर्को प्रकृया शुरु गर्नु पर्छ ।

(च) **अल्पमतको रक्षाको निम्ति वाकस्वतन्त्रताको सिद्धान्त** : यसको मूल मनसाय प्रत्येक सदस्य समान रुपमा नियमबाट प्रभावित हुन्छन् । उनीहरुलाई फ्लोरमा समान पहुँच प्राप्त हुन्छ । सदनमा बोल्दा सदस्यहरु नियमद्वारा निर्देशित हुनु पर्छ ।

कुनै पनि संस्थाको सुचारु संचालनका लागि त्यसको निश्चित कार्यविधि जरुरी हुन्छ । व्यवस्थापिका मूलतः राजनीतिक निकाय भएका कारण विचार, धारणा र चिन्तनमा समेत प्रतिस्पर्धा रहने हुँदा निश्चित कार्यविधि आवश्यक मानिन्छ ।

व्यवस्थापन कार्यविधिको मूलखाका संविधानमै वा त्यस अन्तर्गत बन्ने संवैधानिक प्रकृतिको कानूनमा व्यवस्थित गरिएको हुन्छ । अमेरिकी संविधानमा, यस सम्बन्धमा विस्तृत खाका कोरिएको पाइदैन भने नेपाल, भारतको संवैधानिक इतिहास हेर्दा विधि निर्माण प्रकृयाको विस्तृत खाका कोरिएको पाइन्छ ।

३.३ विधेयकको प्रकृति

विधेयकको वर्गीकरणका सम्बन्धमा कुनै विधिशास्त्रीय मापदण्ड देखिदैन । विभिन्न देशको संवैधानिक अभ्यासलाई हेर्दा विधेयकको आ-आफ्नै किसिमले वर्गीकरण गरेको पाइन्छ । सामान्य रुपमा विधेयकको प्रकृति र स्वभाव अनुरुप निम्न समूहमा विधेयकलाई वर्गीकरण गरिएको पाइन्छ :

(क) सरकारी तथा सार्वजनिक विधेयक

यी विधेयकहरु सार्वजनिक नीति समाहित भएका विधेयक हुन् । यस्ता विषयमा सबै नागरिकलाई प्रभावित पार्ने खालका अधिकार, कर्तव्य र आर्थिक विषय लगायत शक्ति र फाइदा सम्बन्धी नीतिहरु पर्दछन् । कतिपय मुलुकमा सार्वजनिक विधेयकलाई सरकारी विधेयकका रुपमा मात्र प्रस्तुत गरिन्छ भने कतिपय मुलुकमा सार्वजनिक विधेयकलाई पनि सरकारी विधेयक र गैर सरकारी विधेयकका रुपमा प्रस्तुत गर्ने गरेको पाइन्छ ।

नेपालको संवैधानिक अभ्यासलाई अवलोकन गर्दा अर्थ विधेयक नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी लगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रुपमा प्रस्तुत गर्ने गरिएको पाइन्छ ।

(ख) अर्थ विधेयक

अर्थ विधेयक सरकारी तथा सार्वजनिक विधेयकको वर्गीकरणभित्र पर्ने भएतापनि यसको प्रकृति, स्वभाव र महत्वका कारणले अर्थ विधेयकको रुपमा छुट्टै चर्चा गर्ने गरिएको पाइन्छ । विभिन्न देशको यस सम्बन्धी अभ्यासलाई हेर्दा कर सम्बन्धी विषय, कोष सम्बन्धी विषयहरु, ऋण, जमानत र दायित्व सम्बन्धी विषयहरु, सरकारी रकम व्यवस्था

र लेखा परीक्षण सम्बन्धी विषयहरुलाई अर्थ विधेयकको रुपमा समावेश गरिएको पाइन्छ । हाम्रो आफ्नो संवैधानिक अभ्यास पनि यस्तै प्रकृतिको देखिन्छ ।

(ग) निजी विधेयक वा गैर सरकारी विधेयक

निजी विधेयक व्यक्ति, व्यक्तिहरु, कम्पनी, संस्थाका स्वार्थ, फाइदा शक्ति प्रदान गर्ने विधेयक हुन् । यस्ता विधेयकहरु त्यस्ता व्यक्ति वा निकायबाट अघि बढाइएका हुन्छन् र तिनको उद्देश्य त्यस्ता व्यक्ति वा निकायको हित रक्षा गर्नु हुन्छ ।

हाम्रो संवैधानिक अभ्यासलाई हेर्दा सरकारी विधेयकको रुपमा प्रस्तुत हुने बाहेकका विधेयक निजी तथा गैर सरकारी विधेयक हुन् । मन्त्री बाहेकका संसद सदस्यहरुले आफ्नै तर्फबाट स्वेच्छाले प्रस्तुत गर्न सक्छन् । नेपालको अभ्यासमा नेपाल स्वास्थ्य व्यवसायी परिषद् विधेयक, मानव अधिकार आयोग विधेयक र कानूनी सहायता सम्बन्धी विधेयक गैर सरकारी विधेयकको रुपमा प्रस्तुत भै कानून बनेको अभ्यास छ ।

(घ) मिश्रित विधेयक

यस्ता विधेयक जो मूल रुपमा सार्वजनिक विषयसँग सरोकार त राख्दछन् तर तिनमा नीजि तत्वहरु समेत अन्तरनिहित हुन्छन् भने त्यस्ता विधेयक मिश्रित प्रकृतिका विधेयक हुन् । बेलायत लगायतका मुलुकमा यस्तो विधेयकको अभ्यास रहेको भएतापनि हाम्रो विधि निर्माण प्रकृयामा यस्तो प्रकृतिको कानून निर्माणको अभ्यास कमै देखिन्छ ।

कुनै विशेष तथा सारभुत विषयवस्तुमा जनताको ठूलो हिस्साद्वारा कुनै विधेयक कानून निर्माणका लागि व्यवस्थापिकामा पेश गर्न चाहेमा त्यस्तो जनविधेयकलाई पनि विधि निर्माण प्रकृयामा सामेल गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

३.४ व्यवस्थापिकीय शक्तिको विभाजन

संघीय (केन्द्रीय) व्यवस्थापिका तथा इकाई (प्रदेश) व्यवस्थापिकाले के के विषयमा कानून वनाउन सक्ने भन्ने सम्बन्धमा संघ र इकाईका विचमा शक्तिको वाँडफाँड तय गरि निश्चित गरिनु पर्दछ । संघीय शासन प्रणाली अवलम्वन गरी सफल अभ्यासमा रहेका मुलुकहरुको विधायिकी शक्तिको विभाजन समेतको अध्ययनका आधारमा तीन प्रकृतिबाट अधिकार र शक्तिको वाँडफाँड गरिएको देखिन्छ :

(क) संघ (केन्द्र) को अधिकार तथा शक्तिको सुची (The Union List)

यस अर्न्तगत संघले मात्र कानून वनाउन पाउने विषयहरु निर्धारण गरिएको पाइन्छ । जसलाई संघको एकलौटि क्षेत्राधिकारको विषय (Exclusive Jurisdiction) पनि मानिन्छ । मूलतः सुरक्षा, विदेश नीति, मुद्रा लगायतका राष्ट्रिय महत्वका विषयहरु यसमा समावेश गर्ने गरेको पाइन्छ ।

(ख) इकाई (प्रदेश) को अधिकार तथा शक्तिको सुची (The State list)

यस अर्न्तगत इकाई (प्रदेश) हरुले मात्र कानून वनाउन पाउने विषयहरुको वर्णन गरिएको पाइन्छ । खासगरी इकाईका प्रादेशिक क्षेत्राधिकारका विषयहरु यसमा समेटिएका हुन्छन् ।

(ग) संयुक्त सुची (The Concurrent list)

यी यस्ता विषय तथा सुचिहरु हुन् जसमा संघ (केन्द्र) तथा इकाई (प्रदेश) ले आफ्ना सिमाभित्र रहेर आपसी समन्वय र समझदारीका आधारमा कानूनहरु वनाउँछन् ।

के कस्ता विषयहरु के कस्तो क्षेत्राधिकारभित्र पर्दछन भन्ने कुराको निर्धारण राज्यको पुन संरचना र राज्य शक्तिको वाँडफाँड समिति तथा प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिले टुंगो लगाउने विषय भएको हुँदा यी विषयहरुमा यस समितिले थप उल्लेख गर्नु आवश्यक देखिएन ।

संघीय र इकाई व्यवस्थापिकाको सुचिद्वारा निर्धारित विषयमा विधि निर्माणका सन्दर्भमा प्रचलित सम्पूर्ण प्रकृयाहरु अवलम्वन गरी व्यवस्थापन कार्य विधिलाई अगाडि वढाइन्छ ।

३.५ व्यवस्थापन विधि सम्बन्धमा माथिल्लो सदनका अधिकारहरु

व्यवस्थापन कार्यविधि लगायतका समग्र विषयका सम्बन्धमा संघीय व्यवस्थापिकाको माथिल्लो सदनलाई अधिकार प्रदान गर्ने सम्बन्धमा संघहरु विच एउटै तरिका देखिदैन । केही संघहरुमा माथिल्लो सदनलाई तल्लो सदनलाई प्राप्त सबै अधिकारहरु र थप अधिकारहरु पनि दिइएको पाइन्छ जस्तै सन्धि सम्बन्धी अधिकार, युद्धको घोषणा तथा उच्च नियुक्ति सम्वन्धी अधिकारहरु आदि । त्यस विपरित केही माथिल्ला सदनहरु संशोधनकर्ता सदनको रुप भन्दा केही माथि मात्र छन् । यसको अर्थ के हुन्छ भने तिनीहरुले केही कानूनहरुमा संशोधन गर्न वा विलम्व गर्न मात्र सक्छन् तर त्यस्ता कार्यहरु पनि तल्लो सदनले उल्टाउन सक्ने गरि व्यवस्था गरिएको हुन्छ । माथिल्लो सदनका सम्बन्धमा हाम्रो विगतको संवैधानिक अभ्यास पनि यस्तै छ ।

खासगरी अर्थ विधेकका सम्बन्धमा माथिल्लो सदनलाई तल्लो सदन वरावरको हैसियत र भूमिका दिने नदिने सम्बन्धमा धेरै मुलुकमा प्रचलित अभ्यासलाई हेर्दा अर्थ विधेयकका सम्वन्धमा तल्लो सदनको भूमिका नै निर्णायक रहने गरेको देखिन्छ । अर्थ विधेयकको स्वभाव र प्रकृतिका आधारमा तल्लो सदनको निर्णायक भूमिकालाई स्वीकार गरिएतापनि सो वाहेकका अन्य विधेयकका सम्बन्धमा माथिल्लो सदनलाई तल्लो सदनको दाँजोमा कम आँकलन गरिनु उपयुक्त हुँदैन । माथिल्लो सदनलाई कुन रुपमा विकसित गर्ने भन्ने कुरा हामी आफैले तय गर्ने विषय हो । माथिका परिच्छेदमा यसअघि गरिएको विवेचनालाई स्मरण गर्दै, ध्यानमा राख्दै संवेदनशील र महत्वपूर्ण विषयमा माथिल्लो सदनले पनि तल्लो सदनको हाराहारीमा द्रुतमार्गको लागि आफूलाई तयार गर्दै लानुको विकल्प छैन र त्यो द्रुतमार्गमा साथ दिन सक्दैन की भन्ने पूर्वाग्रहलाई आधार वनाई विधि निर्माणका सम्पूर्ण महत्वपूर्ण विषय र प्रकृयामा माथिल्लो सदनको भूमिका र तत्परतालाई गौण ठानिनु हुँदैन । अन्यथा संघीय लोकतान्त्रिक गणतन्त्रको यो महत्वपूर्ण अवसरमा माथिल्लो सदन औपचारिक र देखाउने सोकेश मात्र वन्न पुग्नेछ । जुन कुरा हुन नदिन व्यवस्थापन कार्य विधिमा यसको महत्वपूर्ण भूमिकालाई पनि स्वीकार गरिनु पर्छ । यसलाई संस्थागत गर्ने संवैधानिक अवसर पनि यहि हो ।

३.६ विधेयक पारित गर्ने विधि

विभिन्न मुलुकमा अवलम्वन गरिने विधेयक पारित गर्ने विधिमा केही प्रकृयागत भिन्नता भएतापनि सारभूत भिन्नता भने पाइदैन । एउटा कानूनले वैधता प्राप्त गर्न अपनाउनु पर्ने सम्पूर्ण कार्य विधि र प्रकृया पुरा गर्नु आवश्यक हुन्छ । सबै प्रकृया पुरा नगरी वनेको कानूनमा वैधताको प्रश्न उठ्न सक्छ । कतिपय विधेयकहरु सदनमै दफावार छलफल भै पारित हुने चरणमा पुग्लान त कतिपय विधेयक दफावार छलफलका लागि सम्वन्धित समितिमा पेश गर्नु पर्ने हुन्छ । कतिपय विधेयकमा हुने सार्वजनिक चासो तथा महत्वको विषयले गर्दा विधेयकलाई जनताको प्रतिकृया प्राप्त गर्नको निमित्त प्रचार प्रसारमा लैजानु पर्ने पनि हुन सक्छ । यी कुराहरु विधेयकको प्रकृति, स्वरुप, समयको तात्कालिन आवश्यकता र परिस्थिति समेतमा भर पर्ने विषयहरु हुन् ।

संघीय व्यवस्थापिकामा दुई सदन रहने हुँदा दुवै सदनबाट सबै प्रकृया पुरा गरिनु पर्दछ र इकाई (प्रदेश) व्यवस्थापिका एक सदनात्मक हुने हुँदा सबै प्रकृया त्यही सदनबाट सम्पन्न गरिनु पर्ने हुन्छ । यी अवस्था वाहेक संघमा र इकाईमा विधेयक पारित गर्ने विधि सामान्यतया उस्तै उस्तै हुन्छ ।
व्यवस्थापन कार्यविधि समान्यतः निम्न चरणहरुबाट अगाडि बढ्नु पर्ने हुन्छः–

* विधेयक प्रस्तुतिकरण
  – विधेयक प्रस्तुतीको प्रस्ताव
* सामान्य छलफलको कार्यविधि
  – विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव (विधेयकको सैद्धान्तिक पक्षमाथि छलफल)
  – विधेयकलाई जनताको प्रतिकृया प्राप्त गर्नको निमित्त प्रचार प्रसार गरियोस् भन्ने प्रस्ताव

* दफावार छलफलको कार्यविधि
  - समितिमा दफावार छलफलका लागि पठाउने प्रस्ताव
  - सदनमा नै दफावार छलफलको प्रस्ताव
  - विधेयक पारित गर्ने प्रस्ताव

* विधेयक अर्को सदनमा पठाउने (संघको हकमा)
* विधेयक संयुक्त सदनको वैठकमा प्रस्तुत हुने (संघको हकमा)
* संयुक्त वा दुवै सदनले विधेयक पारित गर्ने
* विधेयक प्रमाणिकरणका लागि पठाउने ।

अतः विधेयक पारित गर्ने उपरोक्त विधि तथा कार्यविधिका वारेमा विगतमा अंगाल्दै आइएको संवैधानिक अभ्यासका कुरामा भिन्न हुने कुनै सारभूत सिद्धान्त र मान्यता थप केही नदेखिँदा यी विषयलाई थप विवेचना गर्नुपर्ने अवस्था देखिदैन ।

३.७ विधेयकमा प्रमाणीकरण

व्यवस्थापिका (संघ तथा इकाई) बाट पारित भएको विधेयकमा कसले प्रमाणीकरण गर्ने वा स्वीकृती दिने भन्ने विषय अवलम्वन गर्ने शासन प्रणालीका आधारमा समेत निर्क्यौल हुने विषय हो । राष्ट्र प्रमुख र सरकार प्रमुख एकै व्यक्ति वा संस्था हुने भएमा विधेयक प्रमाणीकरणको एउटा अवस्था रहन्छ भने राष्ट्र प्रमुख र सरकार प्रमुख अलग अलग व्यक्ति रहने भएमा प्रमाणीकरणको अर्को अवस्था रहन्छ ।

इकाई (प्रदेश) का व्यवस्थापिकाका हकमा पनि उही कुरा लागु हुन्छ ।

३.८ अध्यादेश

व्यवस्थापिकीय अंगको अधिवेशन नवसेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेको तर सो विषयमा कानून नभएको अवस्थामा राष्ट्रप्रमुख वा इकाई प्रमुखबाट कानून सरह लागु हुने गरि अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था विश्वका प्रायः सबै लोकतान्त्रिक मुलुकहरुमा पाइन्छ । यो विधिशास्त्रीय मान्यताभित्रकै विषय हो । जारी भएको अध्यादेश निश्चित अवधिपछि एउटा स्थायी प्रकृतिको कानून वन्न माथि विवेचना गरिएको व्यवस्थापन कार्यविधिका सबै प्रकृया पुरा गर्नु पर्ने हुन्छ । जुन कुराहरु हामीले संवैधानिक रुपमा अभ्यास गर्दै आइरहेका विषय हुन् । अध्यादेश विधायिकी अंगलाई छलेर कानून वनाउन राष्ट्र प्रमुखलाई अधिकार दिइएको विषय भने पक्कै होइन । अध्यादेश अपवादको रुपमा कानून वन्ने प्रकृया हो, कानून जारी गर्ने नियमित मार्ग भने होइन । यी तथ्यहरुमा गंभिरतापूर्वक सोचिनु जरुरी छ । अध्यादेशको व्यवस्था गर्ने सैद्धान्तिक पक्षमा टिप्पणी गर्नु पर्ने आवश्यकता नभएता पनि यसको कार्यान्वयात्मक पक्षमा सारभूत एवं गंभिर सोच सहितको सुधारको टड्कारो आवश्यकता देखिन्छ ।

भाग-चार

आर्थिक व्यवस्थापन विधि

४.१ पृष्ठभूमि

संघीय राज्य व्यवस्थामा अन्तर सरकारी आर्थिक सम्बन्ध एक महत्वपूर्ण साथै एक जटिल विषय हो । आर्थिक अन्तर सम्बन्ध वा विषय वस्तु आधुनिक संघीय राज्य प्रणालीको हृदयको विषयवस्तु हो । आर्थिक तथा सामाजिक विकासलाई समयको माग अनुरुप मूल बाटोमा हिडाउन नसकिएकै कारणबाट कतिपय राज्यहरुले संघात्मक शासन प्रणालीको यात्रा तय गर्न नसकेका परिघटना हाम्रा अगाडि ताजै छन । आर्थिक, सामाजिक र सांस्कृतिक विषय वस्तुलाई केन्द्र र इकाई (प्रदेश) तथा इकाई (प्रदेश) हरुका विचमा समयमै सही रुपमा व्यवस्थापन गर्न सकिएन भने यो यात्रा अन्यत्र मोडिन सक्ने सन्दर्भमा अरुका अनुभवबाट पाठ सिक्नु पर्ने देखिन्छ । इकाई (प्रदेश) हरुका विचमा सैद्धान्तिक रुपले मान्य र व्यवहारिक रुपमा संभाव्य आर्थिक अन्तर सम्बन्धको योजना तयार गरी व्यवस्थापन गर्न जरुरी छ ।

आर्थिक विषय असल सरकारको लागि अति आवश्यक पूर्व शर्त हो । संघीय गणराज्यमा आ-आफ्नै क्षेत्र भित्रका अति महत्वपूर्ण र जरुरी कार्ययोजना सम्पन्न गर्नका लागि आर्थिक स्रोत र साधनको आवश्यकता पर्दछ । आर्थिक स्रोतको महत्वपूर्ण स्रोत र आधा भनेको आन्तरिक स्थायी स्रोतको रुपमा कर लगाउने अधिकार नै हो । यसका लागि संघ र इकाईका विचमा कुन विषयमा कसले कर लगाउने वा स्रोत जुटाउने भन्ने कुराको बाँडफाँडले मात्र समस्या समाधान हुने देखिदैन । अतः अपरिहार्य कुरा के हो भने संघ तथा इकाईहरुको आर्थिक स्रोतहरु यीनका आफ्ना आवश्यकता, माग र उत्तरदायित्वसँग मेल खानु वा सामन्जस्यतामा रहनु पनि अति नै अपरिहार्य छ । किनकी यदि राज्यहरु (केन्द्र तथा इकाई वा इकाईहरु विच) ले कबुल गरेका कार्यक्षेत्र साधन र श्रोतका अभावमा सम्पन्न गर्न नसकेमा संघीयताको शक्ति र स्वायत्तता एक काल्पनिक विषय वस्तुभन्दा फरक हुने छैन ।

संघ र इकाईका कार्यहरु र तिनको कार्य सम्पन्नताका लागि चाहिने आर्थिक स्रोतहरुको सामान्य व्यवस्थापन सहज विषय नभए तापनि सहमति सहितको सन्तुलन विन्दूको पहिचान गर्नुको विकल्प छैन । आर्थिक स्रोतहरुलाई आफ्नो जिम्मेवारी र उत्तरदायित्वसँग तादात्म्यता मिलाई राख्ने कार्य स्वयंमा वृहत र चुनौतीपूर्ण कार्य हो ।

संघ र इकाईहरु विच प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँडका कार्य सम्वन्धित समितिहरुले टुंगो लगाउने विषय भएको हुँदा यहाँ त्यस विषयमा थप चर्चा गरिनु आवश्यक भएन । तर ती आर्थिक स्रोत र अधिकारहरुको बाँडफाँड गरिंदा संघ तथा इकाई (प्रदेश) हरुको विचमा आर्थिक समन्याय (Economic Equity) समेतलाई मध्यनजर राखी आर्थिक व्यवस्थापन गरिनु आवश्यक हुन्छ । तर ती आर्थिक तथा स्रोत बाँडफाँडका विषयहरु राज्यका आर्थिक व्यवस्थापन विधिसंग सम्वन्धित विषयहरु हुने हुँदा यी विषयमा यस समितिले ती सम्बद्ध समितिबाट सारभूत कुरा टुंगो लागेपछि त्यसलाई आर्थिक व्यवस्थापन विधिको स्वरुपमा ल्याउनु पर्ने हुन्छ ।

४.२ कर, ऋण, जमानत सम्बन्धी व्यवस्था

व्यवस्थापिकाको स्वीकृतिविना कुनै कर नलगाउने तथा लगाउन नपाइने भन्ने सिद्धान्त वेलायतको सन १२१५ को म्याग्नाकार्टाबाट प्रादुभार्व भई सन् १६८९ को विल अफ राइट्स समेतबाट संस्थागत हुँदै आएको पाइन्छ । राज्यका लागि गरिने खर्चहरु आवधिक रुपमा वस्ने व्यवस्थापिकाद्वारा कानूनको माध्यमबाट अनुमोदन भए बमोजिम गर्नु पर्ने सिद्धान्तको विकास लोकतान्त्रिक देशहरुमा विकसित हुँदै आएको छ । हरेक वर्षका आर्थिक ऐनबाट करहरु लगाइन्छ, यद्यपि धेरै करहरु स्थायी प्रकृतिका ऐनहरुबाट लगाइएका र प्रशासकीय आवश्यकता अनुसार मिलाइएका हुन्छन । कानून बमोजिम वाहेक कर लगाउन नपाइने व्यवस्थालाई अदालतले ज्यादै सतर्कतासाथ रक्षा गरेको हुन्छ । व्यवस्थापिकाको स्पष्ट अभिप्राय भएमा वाहेक अदालतले व्यवस्थापिकालाई कर लगाउन पाउने अधिकार छ भनी धारणा वनाउने गरेको पाइदैन ।

प्रतिनिधित्व वेगर कर लगाउन हुँदैन भन्ने सिद्धान्तलाई हाम्रो सवैधानिक इतिहासले अवलम्वन गर्दै आइरहेको छ । यो सिद्धान्त हाम्रो अभ्यासकै विषय हो । कर लगाउनका लागि मात्र होइन, कर उठाउनका लागि पनि कानूनको अख्तियारी

हुनु आवश्यक छ । कानूनको अख्तियारी अन्तर्गत कर लगाउँदा समानतालाई सदैव ध्यानमा राखिनु जरुरी हुन्छ । भेदभावपूर्ण तरिकाबाट कर लगाउन सकिदैन । अदालतबाट पनि यस अवधारणाका आधारमा विभिन्न न्यायिक सिद्धान्तहरु प्रतिपादन भएका पाइन्छन् ।

संघ (केन्द्र) तथा इकाई (प्रदेश) हरुका विचमा आर्थिक अधिकार तथा आय स्रोतको बाँडफाँड टुंगो लागेका क्षेत्र र विषयमा व्यवस्थापिकाद्वारा कानून वनाई कर लगाउने तथा ऋण एवं जमानतका विषय टुंगो लगाइने अवस्था रहन्छ ।

४.३ सञ्चित कोषको व्यवस्था

अर्थ सम्वन्धि विषय जनताका प्रतिनिधिहरु रहने व्यवस्थापिकीय रेखदेख र नियन्त्रणमा राख्ने आधारशिलाको रुपमा संञ्चित कोषको नामवाट सरकारी कोषको व्यवस्था गरिएको पाइन्छ । सरकारलाई प्राप्त सबै प्रकारका राजश्व, राजश्वको धितोमा लिइएका सबै कर्जाहरु, ऋण असुलीबाट प्राप्त सबै धन, सरकारी कोषमा जम्मा हुने व्यवस्था गरिन्छ । सरकारी कोष राज्यको मुख्य ढुकुटी हो । व्यवस्थापिकाद्वारा कानूनको माध्यमबाट मात्र यो कोषबाट रकम खर्च गर्न सकिने हुन्छ । संञ्चितकोष वा सरकारी कोषबाट कस्ता प्रकृतिका रकम झिक्न सकिन्छ भन्ने सम्वन्धमा संविधानमै किटानी व्यवस्था गर्ने गरेको पाइन्छ । हाम्रो संवैधानिक अभ्यासको इतिहासलाई अवलोकन गर्दा पनि यी विषयहरु स्पष्ट हुन्छन् ।

४.४ सञ्चित कोषबाट व्यय हुन सक्ने अवस्था

संञ्चितकोषबाट रकम खर्च गर्नका लागि ऐनको अख्तियारी आवश्यक हुन्छ । नियम वा आदेशबाट कुनै रकम झिक्न सकिदैन । सरकारी संयन्त्र चलाउन तथा राज्यको नीति, नियम कार्यक्रम कार्यान्वयनका लागि सरकारलाई निश्चित रकमको आवश्यकता पर्दछ । व्यवस्थापिकाद्वारा बनाइएको कानूनको अख्तियारी प्रयोग गरी संञ्चित कोष तथा अन्य कुनै सरकारी कोषबाट रकम झिक्न सकिन्छ । यसरी झिकिएको रकम कुन काम र उद्देश्यका लागि खर्च भयो, भएन भन्ने कुराको जाँच महालेखा परिक्षकबाट हुने र निजले पेश गरेको वार्षिक प्रतिवेदन सदनमा पेश भै जनप्रतिनिधिको छलफल र छानविन (Legislative Scrutiny) को विषय बन्ने गर्दछ ।

४.५ राजस्व व्ययको अनुमान

संघीय तथा इकाई (प्रदेश) सरकारहरुबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा आ–आफ्ना सदनको बैठक समक्ष राजस्वको अनुमान, संञ्चितकोषमाथि व्ययभार हुने रकम र विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरु समेत खुलाई वार्षिक अनुमान पेश गरिन्छ । यसरी वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा विभिन्न शिर्षकमा छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भए नभएको विवरण समेत पेश गर्नुपर्ने हुन्छ । यसबाट जनताले कर तिरेको समेतको रकम कहाँ कहाँ खर्च भयो र त्यसबाट के कस्तो उपलव्धी हासिल भयो भन्ने कुराको जानकारी आफ्ना व्यवस्थापिकाका प्रतिनिधिहरु मार्फत जनताले प्राप्त गर्दछन् ।

४.६ विविध विषयहरु

आर्थिक व्यवस्थापन विधिसँग सम्वन्धित अन्य विविध पक्षहरु जस्तो विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष तथा आर्थिक कार्यविधि सम्वन्धि कानून जस्ता विषयहरु हामीले लामो संवैधानिक अभ्यासद्वारा प्रचलनमा ल्याई रहेकै विषयहरु हुन् । यी विषयवस्तुहरु आर्थिक तत्व समाहित भएको प्राविधिक विषय वस्तु भएको हुँदा संघीय तथा इकाईको आर्थिक व्यवस्थापन विधिमा स्वभाविक रुपमा समेटिने विषयहरु हुन् । त्यसैले यी विषयहरुमा थप विवेचना र विश्लेषणको आवश्यकता देखिदैन ।

भाग-पाँच

निष्कर्ष तथा सुझावहरु

समितिलाई तोकिएका कार्यक्षेत्र अन्तर्गतका विभिन्न विषयहरुमा विभिन्न व्यक्तित्वहरु आमन्त्रण गरी गरिएका छलफल, अन्तरकृया, समितिमा प्राप्त हुन आएका राय सुझावहरु, स्थलगत भ्रमण टोलीले संकलन गरी ल्याएका प्रश्नावली मार्फत प्राप्त सुझावहरु समेतलाई गहन अध्ययन, विश्लेषण गरी माथिका विभिन्न प्रकरणमा गरिएको विवेचना, विश्लेषणबाट समिति निम्न बमोजिमका निश्कर्ष तथा सुझावहरु प्रस्तुत गर्दछ ।

५.१ क्षेत्रगत निष्कर्ष र सुझावहरु

१. संघीय र इकाई व्यवस्थापिकाका सदन

संघीय र इकाई व्यवस्थापिका कति सदनात्मक हुने भन्ने सम्बन्धमा संघीय (केन्द्रीय) व्यवस्थापिकाले राष्ट्रको समष्टिगत नीति निमार्ण गर्ने विभिन्न वर्ग, लिङ्ग, क्षेत्र, सम्प्रदाय, धर्म, भाषा, जातजाति, दलित, मधेशी, मुस्लिम लगायत विविधतायुक्त जनसंख्या तथा क्षेत्र दुवैका सारभूत रुपमा प्रतिनिधित्व गर्नुपर्ने जस्ता महत्वपूर्ण विषयहरुमा राष्ट्रलाई नीति निर्माणको माध्यमबाट निर्देशित गर्ने हुनाले सो को समुचित संवोधनका लागि संघीय व्यवस्थापिका दुई सदनात्मक हुनु पर्ने देखिन्छ । संघीय व्यवस्थामा माथिल्लो सदनको अलग्गै महत्व र आवश्यकता रहेको तथ्य माथिका प्रकरणमा गरिएको विश्लेषणबाटै पुष्टि भइसकेको छ । संघीय व्यवस्थापिकाका दुई सदन (माथिल्लो र तल्लो) को पारस्परिक समन्वयबाट राष्ट्र समष्टिगत रुपमा लाभान्वित हुने किसिमको परिणाम प्राप्त हुन सक्छ ।

इकाई (प्रदेश) व्यवस्थापिका मूलत सामाजिक, आर्थिक, सांस्कृतिक विकासका लागि गठन हुने र यसको कार्यक्षेत्रको प्रकृति र स्वभावका कारण तथा अन्य विविध पक्षहरुको समष्टिगत विश्लेषण समेतबाट पनि इकाई व्यवस्थापिका एक सदनात्मक हुन उपयुक्त हुन्छ ।

२. व्यवस्थापिकीय सदस्यहरुको संख्या निर्धारण

संघीय व्यवस्थापिकाका दुई सदन तथा इकाई व्यवस्थापिकाको एक सदनमा रहने सदस्यहरु कति संख्यामा रहनु पर्छ वा सदनको आकार कत्रो हुनुपर्छ भन्ने विषयमा माथिका प्रकरणहरुमा विभिन्न कोणबाट विश्लेषण गरिएकै छ । ती विश्लेषणहरुलाई समेत आधार मानी देशको संस्थागत आवश्यकता र जनताको चाहना तथा मनोभावनालाई दृष्टिगत गर्दा हाम्रो आवश्यकता राम्रो व्यवस्थापिका हो, ठूलो व्यवस्थापिका होइन । सकभर साना आकारका तर बलिया प्रकृतिका सदनहरु (तीनैवटा) जनताका चाहना र मनोभावनाका विषयहरु हुन् । व्यवस्थापिकीय अंग नीति निर्माण गर्ने अंग हो । यसका लागि संघीय व्यवस्थापिकाको माथिल्लो सदन बढीमा ५१ सदस्यीय हुन उचित हुन्छ । ती मध्ये बढीमा १३ जना सदस्यहरु संघीय व्यवस्थापिकाको तल्लो सदनमा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक जाति, भाषिक, धार्मिक, पिछडिएको वर्ग र समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरुबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तरगत एकल संक्रमणीय मत विधिको आधारमा तल्लो सदनले निर्वाचित गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ । तल्लो सदनमा बढीमा १५१ जना र इकाई व्यवस्थापिकामा राज्य पूनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिले टुंगो लगाए बमोजिम जनसंख्याका आधारमा बढीमा ३५ जना सदस्य रहेको व्यवस्थापिकीय सभा गठन गर्न उपयुक्त हुन्छ ।

३. निर्वाचन पद्धति

संघीय व्यवस्थापिकाको माथिल्लो सदनले विविध पक्षहरुका अतिरिक्त विभिन्न क्षेत्रहरुको प्रतिनिधित्व समेत गर्ने हुँदा माथिल्लो सदनका सदस्यहरुको निर्वाचनमा इकाई (प्रदेश) का स्थानिय निकायदेखि इकाई (प्रदेश) व्यवस्थापिकासम्मका जनप्रतिनिधिहरुद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल संक्रमणीय मत विधिका आधारमा गरी प्रत्येक प्रदेश (इकाई) बाट बराबर संख्यामा संघीय व्यवस्थापिकाको माथिल्लो सदनमा पठाउने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

संघीय व्यवस्थापिकाको तल्लो सदन र इकाई व्यवस्थापिकाको लागि भने संविधानसभाका लागि अवलम्वन गरिए जस्तो जम्मा सदस्य संख्यामध्ये निश्चित संख्या (५०% हाराहारीमा) प्रत्यक्ष निर्वाचन (धेरै मत ल्याउने विजयी हुने) र बाँकी संख्याका लागि समानुपातिक निर्वाचन पद्धति अवलम्वन गरिएमा सबैको प्रतिनिधित्व सम्भव हुने र समावेशी लोकतन्त्रको संस्थागत विकासका लागि पनि टेवा पुग्ने देखिन्छ । यस सन्दर्भमा प्रादेशिक बन्दसूचीको प्रावधान बढी प्रभावकारी हुने कुरालाई समेत विचार गर्नु पर्दछ ।

४. अन्तर सम्बन्ध

संघीय व्यवस्थापिकाका दुई सदनका बीचमा ठाडो समन्वयात्मक (Vertical Co–ordination) तथा तेर्सो सहकार्यात्मक (Horizontal Collaboration) अन्तरसम्बन्ध आवश्यक हुन्छ । त्यसैगरी, संघीय (केन्द्रीय) व्यवस्थापिका र इकाई (प्रदेश) व्यवस्थापिकाका बीचमा ठाडो समन्वयात्मक तथा तेर्सो सहकार्यात्मक अन्तरसम्बन्ध हुनु पर्दछ । साथै विभिन्न इकाईका व्यवस्थापिकाहरुका बीचमा भने तेर्सो सहकार्यात्मक अन्तरसम्बन्ध कायम गरिनु पर्दछ ।

व्यवस्थापिकाका विभिन्न अङ्गहरुका आपसमा असहयोग बढाउने, उत्तेजना पैदा गर्ने तथा तनाव सिर्जना गर्ने प्रकृतिका व्यवहार र कार्यशैलीले ती अङ्गहरु बीचको विवाद र असमझदारी बढाउनुका अतिरिक्त समग्र शासन प्रणालीमा समेत नकारात्मक प्रभाव पार्दछ । संघ र इकाई तथा इकाईहरु बीचको आपसी सम्बन्ध, सहमति र सहकार्यबाट नै देशको समग्र शासन प्रणालीले अग्रगति प्राप्त गर्दै जान्छ ।

५. व्यवस्थापन कार्यविधि

कानूनको वैधता त्यसको प्रभावकारी कार्यान्वयनसँग त हुन्छ नै, साथै निर्माणको कार्यविधिले पनि त्यसको वैधानिकतामा महत्वपूर्ण भूमिका खेल्छ । कानून अत्यन्त प्राविधिक विषयवस्तु हुँदै गइरहेको छ । कानून निर्माणको प्रकृया र कार्यविधि आम जनसमुदायको बुझाईभन्दा भिन्न बनाइनु हुँदैन । कानून निर्माण प्रकृयाले सम्वद्ध कानूनमा समकालीन समाजको अवधारणा, अनुभूति, सोच र आवश्यकतालाई अभिव्यक्त गरेको हुनु पर्छ । आम जनताको इच्छालाई कानूनमा लिपिवद्ध गरिनु पर्छ । ओ.डब्लु.हम्स (O.W.Holmes) का अनुसार सही वा गलत जे सुकै भएपनि, समुदायका वास्तविक अनुभूति र मागहरुलाई संवोधन गर्नु एउटा प्रभावकारी कानूनी अङ्गको पहिलो आवश्यकता हो (The first Requirement of a sound body of law is that it should correspond with the actual feelings and demands of the community, whether right or wrong) ।

६. आर्थिक व्यवस्थापन विधि

राजनैतिक स्वतन्त्रताका लागि हाम्रो चाहना जतिसुकै तिव्र भएपनि यदि आर्थिक अवस्था कमजोर छ भने त्यसले हाम्रो चाहना पूरा गर्न सक्दैन । त्यसैले राजनैतिक स्वतन्त्रताको सफलताका लागि आर्थिक र समाजिक उन्नति सहितको लोकतन्त्रको विकास आजको आवश्यकता हो ।

आर्थिक उन्नतिका लागि देशमा उपलव्ध श्रोत साधनहरुको न्यायोचित वितरण र व्यवस्थापन आवश्यक छ । भौतिक श्रोत साधनले मात्र देशको आर्थिक उन्नति हुन सक्दैन । यसका लागि अग्रगामी सोच एवं उपयोगी ज्ञानको पनि त्यतिकै आवश्यकता पर्दछ । अर्थात् भौतिक र बौद्धिक श्रोत, साधनको सहि र न्यायोचित वितरण र व्यवस्थापनबाट मात्र लक्षित प्रगति हासिल गर्न सकिन्छ ।

संघीय (केन्द्रीय) तथा इकाई (प्रदेश) को आर्थिक स्रोत साधनको बाँडफाँड र प्रयोग गर्दा यी तथ्यहरुलाई ध्यान दिनु जरुरी छ । यसका लागि कमजोर अवस्थामा रहेको आर्थिक अवस्थालाई सुदृढ गर्न जरुरी छ । भएका श्रोत साधन आँखा चिम्लेर खर्च गरिरहने तर के उपलव्धी हासिल भयो आफैलाई थाहा नहुने किसिमको बजेट विनियोजनले आर्थिक लोकतन्त्रलाई मद्दत पुऱ्याउँदैन । संघीय तथा इकाई व्यवस्थापिकाहरुले अवलम्वन गर्ने आथिक वितरण र व्यवस्थापन विधिमा यी विषयहरु प्रतिविम्वित भएकै हुनुपर्दछ ।

आर्थिक व्यवस्थापन विधिसँग सम्वन्धित अन्य प्राविधिक विषयहरु विगतको संवैधानिक अभ्यासवाटै अगाडी वढ्न सकिन्छ ।

५.२ समष्टिगत सुझावहरु

(क) संविधान लेखनको आवृत्तिः- नेपालमा लिखित संविधानको इतिहासलाई हेर्दा वि.सं. २००४, २००७, २०१५, २०१९, २०४७ गरी ४३ वर्षमा ५ वटा संविधान जारी भएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३, संविधान सभा मार्फत नयाँ संविधान निर्माण गरी संवैधानिक स्थायित्वको प्राप्तिको लागि छैटौं संविधानको रुपमा कार्यान्वयमा रहेको छ । विगतका संविधानहरु निर्माणमा जनताको प्रत्यक्ष सहभागिता रहेको थिएन । हाल वृहत लोकतान्त्रिक प्रकृयाबाट गठित संविधानसभा मार्फत जनताले आफ्नो संविधान आफै लेख्ने कार्य भैरहेको छ ।

विश्वका लोकतान्त्रिक मुलुकका संविधानहरुलाई हेर्दा केही देशका संविधानहरुलाई छाडेर अधिकांश देशमा २० वर्ष भन्दा कमै पुराना संविधान देखिन आउँछन् । अर्को शब्दमा भन्नु पर्दा मोटामोटी २० वर्ष भन्दा कमै समयमा नयाँ नयाँ संविधान निर्माण गर्ने तथा लागु गर्ने परिपाटी आम रुपमा देखिन थालेको छ । हाम्रो सन्दर्भमा यो अवधि पनि अझै बढी देखिन्छ । ६० वर्षको अन्तरालमा हामी छैठौं संविधान निर्माणमा लागीरहेका छौं जसले निम्नलिखित दुई वटा तथ्यतर्फ संकेत गरिरहेको छ ।

१. संविधान राज्यको मूल कानुन हुने हुँदा यसलाई निकै महत्वपूर्ण मानिन्छ र यसको निर्माणमा समयको ठूलो लगानी र प्रयत्न खर्चिएको हुन्छ ।

२. कुनै पनि देशले दिर्घजिवी संविधानको रुपमा स्थान दिलाउने संविधान लेखन गर्ने कार्य अति चुनौतीपूर्ण छ ।

यो तथ्यका आधारमा के विश्लेषण गर्न सकिन्छ भने अमूल्य समय र भागीरथ प्रयत्नद्वारा निर्माण भएको संविधान जारी भएर कार्यान्वयनको क्रममा त्यसले जीवन्तता प्राप्त गर्न नसकी आम जनसमुदायको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता र चाहना पूरा गर्न नसक्दा छोटो समयमा नै त्यसप्रति वितृष्णा जाग्न गई क्षयिकरण सुरु हुने र जनतामा वितृष्णा र विद्रोहको भावना सृजना भई फेरी अर्को नयाँ संविधान निर्माण गर्ने चाहना र आवश्यकताको आधार तयार हुँदै गएका उदाहरणहरु हाम्रा सामू प्रशस्त छन् । निरन्तर जारी रहने यस्तो कमजोर प्रकृया र प्रवृत्तिले हामीलाई हाम्रो लक्ष्यमा कहिल्यै नपुऱ्याउने कुरा सुनिश्चित छ । आम जनसमुदायले आफ्नो राजनैतिक तथा आर्थिक, सामाजिक र सांस्कृतिक लोकतन्त्रका लागि सँधैं आन्दोलन गरिरहन पर्ने तथा समाधानका लागि भनी नयाँ संविधान निर्माण हुने तर त्यसले पनि समस्या र चुनौती समाधान गर्न नसकि पुनः आन्दोलनमै जानुपर्ने चरम संवैधानिक दुष्चक्रभित्र (Vicious Constitutional Circle) देश र जनता पर्न सक्ने खतराप्रतिको सजगता अपनाउनै पर्दछ ।

छिटो छिटो नयाँ नयाँ संविधान निर्माण गर्दै जानु पर्ने अवस्था र परिस्थिति सृजना हुँदै जाने हो भने आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागि पसिना वगाउने समयको अभावमा देश र जनताको स्थिति अकल्पनिय नै हुन जानेछ । त्यसैले विगतका तिता अनुभवहरु स्मरण गरी त्यसवाट पाठ सिक्दै समग्र राष्ट्र र समाजले अगाडी बढ्नु अपरिहार्य छ ।

ख. समस्याको समग्रतामा समाधानको खोजी

विगतदेखि हाम्रा सामु थुप्रिएर रहेका समस्या र चुनौतीहरुको समाधान सुक्ष्मरुपमा एक-एक गरी संभव नहुने हुँदा समग्र समाधानको उपाय खोज्नु पर्दछ जसका लागि हामीले समग्र प्रणालीमा परिवर्तन ल्याउनु पर्दछ । समस्याको टुक्रे समाधान खोज्नु भन्दा ती समस्याहरु सिर्जना गर्ने कारक तत्वका रुपमा रहेको परम्परागत एवम् अवैज्ञानिक प्रणालीमा सारभुत परिवर्तन गर्नु हाम्रो आवश्यकता हो । अतः समस्या र चुनौतिको समाधानको प्राथमिक आवश्यकता भनेको उपयुक्त र सही प्रणालीको स्थापना हो । जव यावत समस्याहरुको समग्रतामा समाधानका लागि प्रणालीगत सुधारको वाटो अवलम्वन गरिन्छ तव मात्रै हाम्रा आचरण र व्यवहारमा देखा पर्ने समस्याहरु एक एक गरी समाधान गर्ने मार्ग प्रशस्त हुन्छ । यसरी हेर्दा समस्या समाधानको प्राथमिक उपाय प्रणालीगत अग्रगामी

सुधार नै हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । समस्या र चुनौतीको समाधानको एउटै मात्र उपाय हुनै सक्दैन । समय, परिस्थिति र आवश्यकता अनुसार समाधानका बैकल्पिक उपायको खोजि जरुरी छ ।

हामी प्रत्येकसंग आफूलाई परिवर्तन गर्न सक्ने शक्ति अन्तर्रनिहित छ तर देश र जनतासँग रहेको आफूभित्रको शक्ति परिचालन गराउन सकेमा मात्र जनभावना अनुरुपको नयाँ नेपालको निर्माण सम्भव छ । यसका लागि एकल निर्णय वा दृष्टिकोणमा चल्ने होइन, बृहत सहमति र सही दृष्टिकोणकासाथ अघि बढ्ने नेतृत्व आजको आवश्यकता हो । समग्र प्रणाली कमजोर हुँदै जाने तर निहित स्वार्थ बलियो हुँदै जाने अवस्था रहेसम्म आमजनतालाई मूलप्रवाहमा ल्याउन सकिंदैन । सबैलाई समाहित गराउन सक्ने प्रणाली र व्यवस्थालाई मजबूत बनाउन यसका पेचकिल्लालाई कस्नै पर्छ । कानूनको शासन ओंठे भक्तिबाट स्थापित हुने चिज होइन । घनिभूत रुपमा रहेका समस्या र चुनौतीको समाधान सानातिना र टालटुले सुधारबाट सम्भव छैन ।

यो संविधानको निर्माणसँगै हामी एउटा नयाँ अध्यायको शुरुवात गर्दैछौं । यसलाई सारभूत रुपमा सफल पार्न एउटा नयाँ सोचाईमा प्रवेश गर्दै नयाँ अध्यायको थालनी हुनै पर्छ । यसका लागि हाम्रो पुरातनवादी विचार र व्यवहारमा परिवर्तन गर्दै जनताका मन छुने किसिमका कामहरु गर्दै अघि बढ्नु जरुरी छ ।

हाम्रा सामू चुनौतीका रुपमा रहेका समस्याहरुको समाधान खोज्दै देश र जनताको जीवनमा अर्थपूर्ण सुधार ल्याउनका लागि यो संविधानको स्थायित्व पहिलो शर्त हो । यस्तो स्थायित्वका लागि यो संविधानलाई आम नेपाली जनताको वास्तविक जीवनमा रुपान्तरित र प्रतिबिम्बित गराउन जरुरी छ । संविधानप्रतिको अटल आस्था र विश्वासले नै संविधानको स्थायित्व संभव हुन्छ । यसका लागि आम जनतालाई स्वतन्त्रता, समानता र न्यायको प्रत्याभुति दिलाउनु अपरिहार्य छ ।

अतः संविधानले स्थायित्व प्राप्त गर्ने आधारभूत तत्व भनेको संविधान स्वयं होइन तर यो एउटा आचरण, सामाजिक व्यवहार, राजनैतिक यथार्थता र जनताको व्यवहारिक अभिव्यक्ति (It is not the Constitution, but it is the character, the social habits, political realism and practical outlook of the people) नै हो ।

फरक मत

श्रद्धाञ्जली

नयां नेपाल र नयां संविधान बन्ने-बनाउने हाम्रो वर्तमान अभियानमा सबभन्दा ठूलो भूमिका निर्वाह गर्ने महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन लगायत विभिन्न समयका विभिन्न आन्दोलनहरुको क्रममा सहादत प्राप्त गर्नुहुने अमर शहीदहरु, वीर बेपत्ता योद्धाहरु र शाहसी घाइते-अपाङ्ग योद्धाहरु नै हुनुहुन्छ । तसर्थ हामीले सर्वप्रथम ती वीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली र ती वीर योद्धाहरुप्रति अत्यन्त उच्च सम्मान प्रकट गर्दछौं । हाम्रो संविधानमा पनि ती महान् सपूतहरुप्रति श्रद्धा र सम्मान अभिव्यक्त गरेकै हुनुपर्दछ । साथै, सो श्रद्धा र सम्मान खालि संविधानमा लेखेर मात्र पनि पुग्दैन, त्यसका अतिरिक्त उहाँहरुका परिवारजनहरुलाई पनि सम्मान गर्ने, सहयोग गर्ने, सद्भाव राख्ने संस्कार, संस्कृति र विचारको पनि विकास गर्ने-गराउने कुरा राज्यको दायित्व, समाजको जिम्मेवारी र राजनैतिक दलको कर्तव्य हो । यो कुराको अभिव्यक्ति पनि नयाँ संविधानमा हुनै पर्दछ ।

१. विषय प्रवेश

"वादे-वादे जायते तत्व बोधः" "वाद-विवाद-संवाद" अर्थात्, Thesis-Antithesis-Synthesis बारे नेपाली समाजमा थोरै-धेरै ज्ञान छ । नेपाली जनजिब्रोमा एउटा उखान पनि छ - कुण्ड-कुण्ड पानी, मुण्ड-मुण्ड बुद्धि । हामी विभिन्न पृष्ठभूमि, परिवेश, राजनीतिक आस्था र दृष्टिकोण लिएर संविधान-सभामा आएका सभासद्हरुबीच मतैक्य हुन नसक्नु उपरोक्त कारणले पनि स्वाभाविकै हो । लोकतन्त्रमा विभिन्न मतहरु हुनु स्वाभाविक मात्र नभएर अनिवार्य नै मानिन्छ भने जनवाद र जनवादी (कम्युनिष्ट) विचार राख्नेहरुका लागि त माओले भन्नु भएकै छ "सयौं फूलहरुलाई फुल्न देऊ र विचारका हजारौं शाखाहरुलाई प्रतिस्पर्धा गर्न देऊ" । पार्टी स्वयं विपरीतहरुको एकत्व हो, जहाँ भिन्न-भिन्न विपरीत विचारहरु आपसमा एकता र संघर्ष गर्दै अस्तित्ववान् हुन्छन् । त्यसैले भनिएको छ, "कम्युनिष्ट पार्टीभित्र विचार संघर्ष वा अन्तर्संघर्ष भएन भने सच्चा कम्युनिष्ट पार्टीका रुपमा त्यो पार्टीको अन्त्य हुन्छ ।" यस्तै, लोकतान्त्रिक पार्टीहरुमा पनि आपसमा विविध विचार र प्रतिस्पर्धा हुने कुरालाई सार्वभौम नै मानिन्छ । यो कुरा अकाट्य नै हो कि जुनसुकै र जतिसुकै निरंकुश वा एकमनावादी पार्टी वा समूहमा पनि भिन्न-भिन्न विचारहरु हुन्छन्, भलेही ती खुला वा सुषुप्त रुपमा नै किन अभिव्यक्त नहोऊन् । कम्युनिष्ट पार्टीमा त भिन्न मत वा अल्पमतलाई पार्टीभित्र प्रवेश पाउने वातावरण दिने कुरामा, प्रवेश पाएका मतलाई संरक्षण र कदर गर्ने कुरामा र अन्ततः सही प्रमाणित भएमा लागू गर्ने कुरामा जति बढी जोड दिइयो, त्यति बढी जनवादी (प्रजातान्त्रिक) मानिने र जति जनवादी भइयो, त्यति नै बलियो एकता, केन्द्रीकरण र शक्ति पैदा हुने कुरालाई असाध्यै महत्वकासाथ हेरिन्छ । जे होस्, हामी व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिका सदस्यहरु जो अवधारणा पत्र र मस्यौदा उपसमितिमा कार्यरत छौं, बीच सर्वसम्मति हुन सकेनौं र यो फरक मत प्रस्तुत हुन आएको छ ।

रुपमा हेर्दा फरक, विविधता र अनेकता देखिएपनि फरक-फरकपनको नयाँपन, विभिन्न फूलहरुको सुन्दर बगैंचा र अनेकताभित्रको एकताको अर्थ र महत्व हामी सबैले बुझेकै कुरा हो । तसर्थ, यो फरक मतले एकले अर्कालाई बुझ्ने र बदल्ने प्रक्रियालाई मद्दत गर्नेछ र नयाँ नेपालको नयाँ गणतान्त्रिक संविधान बन्नेछ भन्ने कुरामा विश्वास छ । भनिन्छ, "लोकतन्त्र एकतन्त्र नभएर अनेकतामा एकताको तन्त्र हो । लोकतन्त्र भनतन्त्र मात्र नभएर सुनतन्त्र, गुनतन्त्र र मानतन्त्र पनि हो "। त्यसैले फरक मत हुनु कुनै आश्चर्य र अप्रिय नभएर सबैभन्दा स्वाभाविक हो र यसले गर्दा अन्ततः दही मथेर नौनी निकाले झैं निष्कर्ष निस्कन्छ भन्ने कुरालाई सबैले हृदयंगम गर्नु र सो अनुसार गर्नु जरुरी छ ।

२. फरक अवधारणा

प्रकृति, समाज र मानव-चिन्तनलाई बुझ्ने र बदल्ने प्रश्नमा हामी बीच आ-आफ्नै फरक-फरक चिन्तन, दृष्टिकोण, मूल्य, मान्यता र शैली-संस्कार भएका कारण नेपाल, नेपाली जनता, नेपालको इतिहास, भूगोल, संस्कृति, भाषा, धर्म, राजनीतिलाई हामीले फरक-फरक रुपमा बुझ्दै आएका छौं र यिनमा परिवर्तन गर्ने वा नगर्ने र गरे के कसरी गर्ने भन्ने प्रश्नमा पनि फरक मतहरु रहँदै आएका छन् । यस सन्दर्भमा नयाँ नेपाल निर्माणको लागि नयाँ संविधान अर्थात जनताको गणतान्त्रिक संविधान बनाउने कुरामा र उक्त संविधानको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण गर्ने कुरामा पनि फरक-फरक अवधारणा हुन जानु पनि अस्वाभाविक होइन । खासगरी ठूला संसद्वादी दल र ए.ने.क.पा. (माओवादी) बीच रहेको उपरोक्त फरकपनाले हामीलाई फरक हुन वाध्य तुल्याएको होला । तथापि आशा गरौं संकीर्ण पार्टी स्वार्थबाट माथि उठेर देश र जनता अनि तिनको मुक्ति, प्रगति र समृद्धि तथा न्याय, समानता र स्वतन्त्रता जस्ता अहम् महत्वका कुराहरुलाई अन्ततः संबिधानसभाका सबै सदस्यहरुले आत्मसात् गर्नेछौं ।

२.१ नेपालको अवस्था

नेपाल भूपरिवेष्ठित र भारत-त्रिवेष्ठित एक यस्तो सानो मुलुक हो, जो जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, लैंगिक, वर्गीय र क्षेत्रीय (भौगोलिक) विविधताले भरिएको छ । इतिहासमा यो कहिल्यै कुनै देशको प्रत्यक्ष उपनिवेश त भएन, तर सन् १८१६ को सुगौली सन्धिपछि पूर्ण स्वतन्त्र, पूर्ण सार्वभौम, पूर्ण अखण्ड र पूर्ण स्वाभिमान राष्ट्रको रुपमा गर्व गर्न लायक देश आजसम्म पनि हुन पाएन । जल, जंगल, जडीबुटी आदि बहुमूल्य प्राकृतिक श्रोत र संपदाहरुले भरिपूर्ण रहेको देश भएर पनि विचार र आचारको अर्थात् देश र जनताको हितअनुकूल सद्विचार र सदाचार देशको वागडोर सम्हाल्नेहरुको दिल-दिमागमा अभाव भएकोले देश चरम गरिबी, अशिक्षा, पछौटेपन, शोषण, दमन, वाह्य हस्तक्षेप र अपमानको शिकार हुन पुगेको छ । एकातिर बाह्य अतिक्रमण, हस्तक्षेप र शोषण तीव्र बन्दै गैरहेकोले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनता बन्धक बन्न पुगेकोले राष्ट्रिय स्वाधीनताको निम्ति देश जुर्मुराइरहेको छ भने अर्कोतिर आन्तरिक रुपमा विभिन्न राष्ट्रियताहरु (Nationalities) अर्थात् जाति-जनजातिहरु केन्द्रीय राज्य सत्ताबाट उत्पीडनमा परेकोले मुक्तिको निम्ति आन्दोलित छन् । हिमाल, पहाड, तराई सहितको भौगोलिक विविधताबीच विकासको एकरुपता छैन र कर्णाली, सेती, महाकाली आदि क्षेत्रीय उत्पीडनमा छन् । यस्तैगरेर आर्थिक रुपमा ज्यादै विपन्न सुकुम्वासी, भूमिहीन किसान, मजदूरको हालत पनि कम दर्दनाक छैन । त्यसमाथि वर्णाश्रम व्यवस्थामा आधारित कलंकित जात प्रथाले गर्दा दलित जातिमाथिको उत्पीडन अकल्पनीय नै छ । यस्तै दर्दनाक स्थिति छ देशको आधा जनसंख्या ओगटेका महिलाहरुको पनि । तर यी सबै वर्ग, क्षेत्र, जाति, जनजाति, मधेशी र महिलाहरु आ-आफ्नो मुक्ति र समानताको निम्ति बर्षौंदेखि सशस्त्र वा निःशस्त्र कुनै न कुनै रुपमा संघर्षरत छन् । यस क्रममा देशले पूरै प्रशव पीडा भोगिरहेको छ । आशा छ, यसबाट क्रान्ति, मुक्ति र प्रगति जन्मने छ ।

२.२ जनसंविधानको निम्ति संघर्ष

देशमा क्रान्ति, मुक्ति र प्रगतिको निम्ति नालापानीदेखि कालापानीसम्म र २००७ सालको वरिपरिदेखि २०२८ को झापा विद्रोह, २०३५-३६ र ०४६/४७ का जनआन्दोलन हुँदै ०५२-०६२ को दश वर्षे महान जनयुद्ध र २०६२/०६३ को ऐतिहासिक १९ दिने जनआन्दोलन एवं ०६३/०६४ को मधेश आन्दोलन लगायत हालसम्म थुप्रै सशस्त्र र शान्तिपूर्ण संघर्षहरु भए, हजारौंको शहादत भयो, कैयौं वेपत्ता पारिए, असंख्य घाइते, अपांग भए र लाखौंलाखको श्रम, पसिना, आँसु र रगत बग्यो । तथापि देशले अझै मुक्ति पाएको छैन । जाति-जनजातिहरुले जातीय पहिचान र स्वायत्तता पाएका छैनन्, महिला दलितहरुले पुरुष र अन्य जाति सरह अधिकार पाएका छैनन्, धार्मिक अल्पसंख्यकहरुले समुचित हक पाएका छैनन्, सीमान्तकृत जाति-जनजातिहरुले आफ्नो अस्तित्व बचाउने अवसर पाएका छैनन् । मधेशीहरुले नेपाली नागरिक सरहको मान्यता पाएका छैनन् । किसानहरुले जमिन पाएका छैनन् । सुकुम्वासीले बास, गाँस र कपास केही पाएका छैनन् । मजदूरहरुले मजदूरी पाएका छैनन् । युवाहरुले रोजगारी पाएका छैनन् । सारमा भन्ने हो भने देशले जनताको नयाँ संविधान पाएको छैन । अरु त अरु देशका दक्षिण, पूर्व र पश्चिमका सीमा स्तम्भहरु अटल हुन पाएका छैनन् । त्यसैले देश अझै आन्दोलित छ र अशान्त छ । देशलाई समानता, स्वतन्त्रता, शान्ति र समृद्धि चाहिएको छ । यिनै कुरा प्रदान गर्ने काम नयाँ संविधानले गर्नेछ भनेर नै आज जनसमुदायहरु नयाँ संविधान बन्ने-बनाउने प्रश्नमा केन्द्रित छन् । हामी जनताका यिनै समस्या, आकांक्षा र अधिकारहरुलाई संबोधन गर्ने गरी जनताको नयाँ संविधान लेख्दैछौं । यो संविधान लेख्ने दौरानमा हामी सामान्यतः सबै आन्दोलन र संघर्षहरुको भूमिका र योगदान रहेको तथा १० वर्षे महान् जनयुद्ध र २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको विशेष भूमिका रहेको स्मरण गर्न चाहन्छौं । वास्तवमा २००७ सालदेखि उठेको संविधानसभाको मुद्दा बीचमा ओझेल परेको थियो र त्यसलाई ने.क.पा.(माओवादी) द्वारा संचालित दशवर्षे जनयुद्धले नै देशको प्रमुख कार्यसूचीमा ल्यायो र ०६२/०६३ जनआन्दोलन, जो तत्कालीन नेकपा (माओवादी) र सात राजनीतिक दलहरुको संयुक्त आयोजना, पहल र नेतृत्वमा भएको थियो, ले सफलतामा पुऱ्यायो । त्यसैले यस दौरानमा शहादत प्राप्त गर्नु हुने संपूर्ण महान् शहीदहरुप्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्नु, वेपत्ता योद्धाहरु र घाइते-अपांग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्नु र आफ्नो श्रम, पसिना, बुद्धि, विवेक, साहस र शक्ति लगाउने सम्पूर्ण जनसमुदायहरुप्रति हार्दिक आभार प्रकट गर्नु जनसंविधान र जनसंविधान निर्माताको प्रथम कर्तव्य भएको छ ।

२.३ नयाँ संविधान अर्थ र औचित्य

देशमा नयाँ-नयाँ संविधानहरु नबनेका होइनन् । हरेक १०/१० वर्षमा संविधान नयाँ-नयाँ नाम र रुपमा बने तर तिनको कुनै अर्थ र औचित्य रहेन । संविधान देशको मूल कानून हो जसमा समग्र देशका सम्पूर्ण जनसमुदाय र राष्ट्रकै हक-अधिकार र कर्तव्यहरु उल्लिखित हुन्छन् । संविधान राष्ट्रिय एकता, समानता, जनआस्था र स्वाधीनताको दस्तावेज हो र हुनुपर्छ । संविधान क्रान्ति, अग्रगमन, मुक्ति र प्रगतिको कोशेढुंगा हो र हुनु पर्छ अर्थात संविधानले यर्थाथमा क्रान्तिको मार्ग प्रसस्त गरेको हुनुपर्छ अनि मात्र त्यो संविधान सार्थक र औचित्यपूर्ण हुन्छ । संविधान जनताद्वारा निर्वाचित प्रतिनिधिहरुले लेख्नु पर्छ र मात्र त्यो देश र जनताका पक्षमा लेखिन्छ । यसरी र यसरी मात्र त्यो जनसंविधान हुन जान्छ र त्यो अरुभन्दा नयाँ र भिन्न

संविधान बन्न जान्छ र सर्वस्वीकार्य पनि हुन्छ । त्यति मात्र होइन, जनता र राष्ट्रका हक-अधिकार, अस्तित्व र सम्मान, स्वाभिमान र स्वाधीनता एवं न्याय र समानताका लागि चलेका द्वन्द्वहरु पनि यस्तो संविधान बनेपछि स्वतः समाप्त हुँदै जान्छन् । यस्तो नितान्त नयाँ, गुणात्मक रुपले भिन्न, उपेक्षित-उत्पीडित जनता र क्षेत्रको मुक्ति र प्रगतिको सुनिश्चित गरेको संविधानले मात्र समग्र राष्ट्रलाई नै एक ढिक्का बनाउँछ । यस्तो संविधानमा मात्र जीवनशीलता रहन्छ ।

वास्तवमा नयाँ संविधान तब मात्र सार्थक र औचित्यपूर्ण हुन सक्छ, जब त्यो संविधान मार्फत गणतन्त्रलाई जनताको गणतन्त्रमा वदल्ने गरिन्छ, जब संघीयतामा राज्य (प्रदेश) लाई आत्मनिर्णयको अधिकार सहितको स्वायत्तता दिइन्छ, जब राज्यको अग्रगामी मात्र होइन क्रान्तिकारी पुनर्संरचना गरिन्छ; तब नयाँ संविधान मार्फत नेपाली समाजको आर्थिक-सामाजिक रुपान्तरण हुन्छ र एउटा न्यायपूर्ण एवं समतापूर्ण समाजको स्थापना हुन्छ र विभिन्न उत्पीडित वर्ग, लिंग र जाति-जनजाति, भाषा, धर्म, संस्कृति र क्षेत्रको समुचित अधिकारको सुनिश्चितता गरिन्छ । अन्यथा नाममा, रुपमा वा खोलमा नयाँ र राम्रो संविधान बनेपनि त्यो पनि पुरानै संविधानहरुको निरन्तरता हुनेछ र अन्ततः फेरि अन्याय, अत्याचार, अपहेलना, अशान्ति, अराजकता (५ अ) लाई निम्त्याइने छ । त्यसैले नाममा पनि र काममा पनि नयाँ संविधान, रुपमा पनि र सारमा पनि उच्च संविधान, खोलमा पनि र गुदीमा पनि गुणात्मक रुपले भिन्न संविधान नेपाली समाजको अपरिहार्य आवश्यकता भएको छ ।

२.४ नयाँ संविधान निर्माणमा व्यवधान

नयाँ संविधान जनप्रतिनिधि मार्फत बनाउन जनताले आफ्ना प्रतिनिधिहरु छानेर संविधानसभामा पठाएका छन् । दुःखको कुरा यो संविधान बनाउने जनप्रतिनिधिहरुको ठूलो संख्या भएको पार्टी ए.ने.क.पा.(माओवादी), जसले दशौं हजारको बलिदान सहित संविधानसभा गठन कार्यलाई सफल पारेको छ, लाई सरकारबाट हटाइएको छ र अव संविधान-सभालाई नै भंग गरेर भएपनि नयाँ संविधान बन्न नदिने, बरु २०४७ सालको पुरानै संविधान बिउँताउने षड्यन्त्रअन्तर्गत विभिन्न प्रतिगामी कदमहरु चाल्दै घोर दक्षिणपन्थी र घोर प्रतिक्रियावादीहरु षड्यन्त्ररत छन् । तथापि सरकारबाट हटेर पनि हामी नयाँ संविधान बनाउन प्रतिवद्ध छौं तर नयाँ संविधानका विरोधीहरु जनताको संविधान बन्न नदिन लागिपरेका छन् । देशमा अशान्ति र अराजकता पैदा गराई देशलाई गृहयुद्ध तर्फ धकेलेर केही मुट्ठीभर प्रतिगामी र प्रतिक्रियावादी एवम् दलाल र गद्दारहरुले रजाई गर्ने दाउ खोजिरहेका छन् । त्यो दाउपेच र षड्यन्त्रप्रति सजग रहँदै, तिनको प्रतिकार र सामना गर्दै एवम् तिनलाई पूर्ण पराजित गरेर हाम्रो संविधान बनाउने अत्यन्तै ऐतिहासिक महत्वको जिम्मेवारी हामीले पूरा गर्नुपर्दछ । हामीलाई अनुभव छ, जसरी हिजो संविधानसभाको मुद्दामा राष्ट्रिय सहमति हुन नदिने तत्वका विरुद्ध संघर्ष गरियो र राष्ट्रिय सहमति गराएरै छाडियो, जसरी हिजो संविधानसभाको चुनाव हुनै नदिने तत्वका विरुद्ध पनि संघर्ष गरी तिनका विरुद्ध पनि विजय प्राप्त गरियो, जसरी हिजो गणतन्त्र ल्याउनै नदिनेहरुका विरुद्ध लडियो र संविधान सभाद्वारा नै गणतन्त्र घोषणा गराई देशमा गणतन्त्र ल्याइयो, जसरी संघीयता हुनै हुन्न भनेर कराउनेहरुको विरुद्ध लडियो र संघीयतामा देशलाई प्रवेश गराइछाडियो, ठीक त्यसै गरी आज देशमा नयाँ संविधान बन्नै नदिने, सामाजिक-आर्थिक रुपान्तरण हुनै नदिने, राज्यको अग्रगामी-क्रान्तिकारी पुनरसंरचना गर्नै नदिने, गणराज्यहरुलाई आत्मनिर्णय सहितको स्वायत्तता दिनै नचाहने र स्थानीय आदिवासी-जनजातिहरुलाई प्राकृतिक स्रोत-साधनमा अग्राधिकार दिनै नचाहने, दलित तथा महिला र मुश्लिमलाई विशेषाधिकार प्रदान गर्नै नचाहने र बलियो केन्द्रीय राज्यको निर्माण हुन नदिनेमा निहित स्वार्थ भएका देशी-विदेशी तत्वहरु लागिपरेतापनि तिनका विरुद्ध आज पनि दृढतापूर्वक सम्पूर्ण नेपाली जनता एकतावद्ध भएर र निर्णायक लडाई लडेर नयाँ संविधान बनाएरै छाडिने छ । यसको निमित्त हामी जस्तो सुकै, जतिसुकै र जुनसुकै त्याग-वलिदान र समर्पण गर्न पनि तयार हुनै पर्दछ ।

आज एकीकृत ने.क.पा.(माओवादी) संविधान-सभाको आफ्नो एजेण्डामा प्रतिवद्ध भएजस्तै र आफ्नो उद्देश्य र जिम्मेवारीमा ऊ कटिवद्ध भएजस्तै देशका ठूला राजनीतिक दलका ठूला नेताहरु पनि कटिवद्ध र प्रतिवद्ध हुनुपर्दछ । अन्यथा संविधान निर्माण कार्य र शान्ति प्रकृया धरापमा पर्नेछ तर भिन्न ढंगले, केही अप्रिय ढंगले र केही क्षतिसहित नयाँ संविधान बन्नेछ अनि नयाँ ढङ्गले शान्ति स्थापित हुनेछ । जे होस्, जसरी पनि नयाँ संविधान बन्ने नै छ, तर पनि हाम्रो जोड शान्तिपूर्ण रुपले, सहज वातावरणमा र कुनै जनधनको क्षति नभईकन नै बनोस् र बन्नुनै पर्दछ भन्ने मात्र हो ।

२.५ व्यवस्थापिकीय अंगको स्वरुप सम्बन्धमा

व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिमा व्यवस्थापिकाको स्वरुप, काम-कर्तव्य र अधिकार सम्बन्धमा हाम्राबीच केही बुंदाहरुमा अर्थात् सहमति बन्न सक्ने स्थिति देखा परेन । यसरी हाम्रो अर्थात् ए.ने.क.पा. (माओवादी) को र अन्य संसद्वादी दलहरुको यस सम्बन्धमा मुलभूत अवधारणामा नै फरक पर्न गएकोले देश र जनताको हकहितका लागि फरक मत राखेर जानु हाम्रो बाध्यता हुन आएको छ । व्यवस्थापिकालाई अर्थात् जनप्रतिनिधिहरुको सभालाई जनप्रतिनिधि सभासम्म पनि मान्न तयार नहुने स्थितिमा यसको आकृति, ढाँचा, स्वरुप तथा गठनविधि लगायत अन्य समग्र काम, कर्तव्य र अधिकार एवम् गतिविधि सम्वन्धमा एकमत हुने स्थिति नै रहेन । शान्तिपूर्ण रुपले यिनै समितिहरु र यसै संविधान-सभाबाट नयाँ संविधान

बनाउने नै हो भने ए.ने.क.पा. माओवादी पार्टी र अन्य केही पार्टीहरु बीच सहमति हुनै पर्छ । यस्तो सहमति नभइकन न माओवादी पार्टी एक्लैबाट संविधान निर्माण संभव छ, न त ए.ने.क.पा. (माओवादी) पार्टी बाहेक अरु सबैका सबै पार्टीहरु मिलेर नै यो कुरा संभव छ । यो कुरा वेग्लै हो कि नयाँ संविधान संविधान-सभा अर्थात् सदनबाट सभासद्हरुले नबनाए सडकबाट जनता स्वयंले बनाउने छन् भन्ने हाँक पनि आइरहेकै छ र त्यसरी बन्ला पनि । तैपनि हाम्रो ए.ने.क.पा. माओवादी पार्टीको विश्वास के बनेको छ भने सहीमति लिएर सहीकार्य गर्दै संघर्ष गरेमा नयाँ संविधान बन्छ-बन्छ । दलहरु बीच सहमति हुन नसकेपनि यही सहीमति लिएर, सहकार्य हुन नसके पनि यही सहीकार्य गरेर तथा सम्वाद गरेर हुन नसकेपछि संघर्ष गरेरै भएपनि संविधान र त्यसको एउटा महत्वपूर्ण र सर्वोच्च अंग व्यवस्थापिकीय अंगको निर्माण गर्नु पर्दछ भन्ने लागेको छ । जसरी विगतमा यही संविधानसभा र गणतन्त्रको मुद्दा उठाउँदा सुरु-सुरुमा माओवादी पार्टी एक्लै जस्तो परेपनि आखिरमा राष्ट्रिय सहमति जुट्यो, देशमा संविधान-सभाको चुनाव भयो र देश गणतन्त्रमा प्रवेश गऱ्यो ; ठीक त्यसरी नै हामीले सहीमति, सहीकार्य र त्यसको निम्ति सही संघर्ष गरेमा राष्ट्रिय सहमति नयाँ संविधानको मुद्दामा पनि अथवा भनौ - व्यवस्थापिकीय अंगको स्वरुप निर्धारणको मुद्दामा पनि सहमति जुट्न सक्छ । भलेही त्यो सहमति केही हण्डर-ठक्कर खाएर वा राजनैतिक पार्टीका मुख्य नेताहरुको घैंटामा घाम लागेर वा कुनै शक्तिले बुद्धि दिएर वा यस्तै कुनै कारणले बनेको किन नहोस् । जे होस्, नयाँ, अग्रगामी र क्रान्तिकारी संविधान नै जनताको र राष्ट्रको अहिलेको आवश्यकता हो, जो वर्तमान द्वन्द्वको अन्त्यको कारक तथा दिगो, पूर्ण र स्थायी शान्ति तथा समृद्धि, न्याय, समानता र स्वतन्त्रताको प्रत्याभूति पनि हो र हुनुपर्दछ । यसै विश्वासका साथ व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिमा व्यवस्थापिकीय अंगसंग सम्बन्धित कामकारवाहीहरुको अवधारणामै फरक पर्न गएपछि **फरक मत** राखिएको छ ।

३. नयाँ संविधानका आधारभूत सिद्धान्तहरु

हाल बन्दै गरेको संविधान केही आधारभूत सिद्धान्त र मान्यताहरुका जगमा निर्माण गरिनुपर्दछ । अवधारणापत्रहरु पनि तिनै मान्यता र सिद्धान्तहरुका सार-संक्षेप नै हुन् । संविधान कसका लागि, कस्तो, कुन उद्देश्यले, कसरी र किन बनाउने भन्ने मान्यताहरुनै संविधान निर्माणका आधारभूत सिद्धान्त वा सर्तहरु हुन् । व्यवस्थापिका, जो संविधानको र राज्यकै मुख्य अंग हो, सर्वोच्च अंग हो र सर्वशक्ति सम्पन्न सार्वभौम अंग हो; को आधार पनि मूलतः संविधान निर्माणका आधारसंग मिल्ने वा तिनैबाट निर्देशित हुने हुनाले नयाँ जनगणतन्त्र नेपालको नयाँ जनगणतान्त्रिक संविधान निर्माणका आधारभूत सिद्धान्तहरुबारे चर्चा गर्नु आवश्यक र उपयुक्त हुन्छ ।

३.१ जनताको सार्वभौमिकता

जनता समाजका चालक शक्ति हुन्, जनता इतिहासका निर्माता हुन्, जनता सर्वोच्च शक्ति हुन् र जनता नै कुनै देशको शासनसत्ताका मुहान/स्रोत एवम् सर्वोच्च अधिकारी हुन् भन्ने मान्यता वा सिद्धान्त जनताको सार्वभौमिकताको सिद्धान्तअन्तर्गत पर्दछन् । यसको अर्थ हो- संविधान जनताको मातहतमा, जनताको लागि, जनताद्वारा नै बने-बनाएको हुनुपर्दछ । अर्को शब्दमा यसलाई जनतामा अन्तर्निहित सार्वभौमसत्ता पनि भनिन्छ । जनताले चाहेमा संविधानलाई फेर्न वा संशोधन गर्न सक्दछन् र यो अधिकार जनतामा शास्वतरुपमा अन्तरनिहित हुनुपर्दछ कि त्यो अनुल्लंघनीय, अखण्ड, अपरिवर्तनीय, अहरणीय र अकाट्य जस्ता पाँच **अ** को स्थितिमा रहेको होस् । जनताको यसै सर्वोच्चता र सर्वशक्ति सम्पन्नतालाई नै सार्वभौमिता भनिन्छ । कतिपयले निरपेक्ष रुपमा संवैधानिक सर्वोच्चता हुनपर्ने बताउँछन्, तर संविधान जनताले बनाएको र जनताकै हितका लागि बन्नुपर्ने हुनाले संवैधानिक सर्वोच्चता लाई निरपेक्ष रुपमा लिइनु हुँदैन, किनभने त्यस रुपमा संवैधानिक सर्वोच्चतालाई मान्दा अदालती वा न्यायाधीसको सर्वोच्चता हुन जान्छ र नागरिक सर्वोच्चता अर्थात् जनप्रतिनिधिको सर्वोच्चता वा जनप्रतिनिधि संस्थाको सर्वोच्चता कतिपय अवस्थामा अस्विकृत हुन जान्छ । विगतका अनुभवबाट पनि यो तथ्य महशुस गरिएको हो । त्यसैले नयाँ संविधान जनसर्वोच्चतागा आधारित हुनु अनिवार्य, अपरिहार्य छ । यसै मान्यतामा आधारित रहेर वास्तविक जन-सविधान लेखिन्छ र लेखिनुपर्छ । अनि मात्र जनताको लागि, जनताका नाममा, जनताको शक्ति र अधिकार प्रयोग गरेर जनप्रतिनिधिद्वारा जारी गरिनुपर्दछ । साथै जनताले चाहेका प्रतिनिधि छान्ने र नचाहेका तान्ने (प्रत्याह्वान गर्ने), सत्तासीन वा सत्ताहीन बनाउने, कसैलाई कारवाही गर्ने वा कसैलाई पुरस्कार दिने र विकास-निर्माण के कस्तो गर्ने जस्ता राज्यका यावत् कामकारवाहीहरु गर्ने अधिकार जनप्रतिनिधि मार्फत् गरिएपनि अन्ततः त्यो अधिकार जनताकै हुने वा हुनुपर्ने सिद्धान्त नै जनताको सार्वभौमिकताको मुलभूत सिद्धान्त हो । यस सिद्धान्तअनुसार संविधान वा व्यवस्थापिकीय अंगको निर्माण भएमा संविधान दीगो, लोकप्रिय र शक्तिशाली हुने कुरामा शंका छैन । अन्ततः जनतामा सार्वभौमसत्ता निहित रहेको मानिएपनि, यो सार्वभौम अधिकारको प्रयोग जनप्रतिनिधिद्वारा हुन्छ, त्यो पनि जनप्रतिनिधिहरुको सर्वोच्च संस्था यसै व्यवस्थापिका अर्थात् केन्द्रीय जनप्रतिनिधि सभाद्वारा नै गरिन्छ । त्यसैले यसको गठन वा विघटनमा जनताको प्रत्यक्ष-परोक्ष भूमिका हुने व्यवस्था संविधानमा हुनुपर्दछ । यहाँ जनता भन्नाले श्रम गर्ने, यो भूमिलाई गुल्जार गर्ने र यो संसारलाई हराभरा, सुन्दर, सुखद, सुविधासम्पन्न र समृद्ध पार्ने जनसमुदाय विशेषगरी मजदुर-किसान

लगायतका सर्वहारा श्रमजीवि जनता भन्ने बुझ्नुपर्दछ । राज्यसत्तामा भूमिपुत्र र श्रमशील जनताको पकड र पहुँच हुनुपर्दछ, अन्यथा दुखगर्ने एउटा र सुख भोग्ने अर्को भई अन्याय हुन जान्छ ।

३.२ जनता क्रान्ति चाहन्छन्

क्रान्ति नै परिवर्तन हो र परिवर्तन विकासको सोपान (सिंडी) हो । जनता क्रान्ति चाहन्छन् भन्नुको अर्थ र सार हो जनता विकास, प्रगति र सृजनशिलता चाहन्छन् । न्याय, मुक्ति, स्वतन्त्रता, समानता र समृद्धि मिल्नु नै क्रान्तिको सफलता हो । जनता समाजका प्रेरक शक्ति पनि भएकोले जनताको चाहना अनुसार देश, समाज र राष्ट्र चल्नु-चलाउनु अर्थात् न्याय, समानता, स्वतन्त्रता, समृद्धि मिल्नु न्यायपूर्ण र अग्रगामी कुरा हो । यथास्थितिमा कोही पनि रमाउन सक्तैन, निरन्तर अग्रगमन, नयाँ पन र नयाँ श्रृजना नै जनईच्छा हुन्छ । त्यसैले संविधानका धारा-उपधाराहरुले जनइच्छा अभिव्यक्त गर्नुका साथै उद्यमशिलता (Entrepreneurship) लाई उत्प्रेरित गरेको हुनुपर्छ ।

पूर्व समाजवादी राष्ट्रहरुबाट एउटा दुखद् र विडम्वनापूर्ण अनुभव प्राप्त भएको छ । जनताले त्याग, तपस्या, वलिदान, दुखकष्ट, साहस र समर्पण गरेर क्रान्तिलाई सूत्रपात र सम्पन्न गरे तर प्रतिक्रान्ति भयो र प्रतिक्रान्ति हुँदा जनता मूकदर्शक मात्र बने अर्थात् जनताद्वारा क्रान्ति भयो तर नेताहरु मध्येबाटै प्रतिक्रान्ति भयो । यसरी जनता त क्रान्ति नै चाहन्छन् भन्ने सच्चाई पुष्टि भएकोले अन्ततः जनतामा नै सम्पूर्ण अधिकार केन्द्रित हुनेगरी संविधान बनाउनु उपयुक्त हुन्छ ।

३.३ जननिर्वाचितलाई शासनसत्ताको अधिकार

निर्वाचित जनप्रतिनिधिहरुलाई मात्रै शासनको अधिकार हुनुपर्दछ, चाहे त्यो शासन संचालन कानून बनाएर कानूनका माध्यमबाट होस् वा कुनै संघ-संस्था निर्माण गरेर संघ-संस्थाको माध्यमबाट नै किन नहोस्, जे होस् र जसरी होस् जनताद्वारा छानिएका जनप्रतिनिधिहरुले मात्र शासन गर्ने-गराउने गर्नुपर्छ भन्ने मान्यता लोकतन्त्रको आधारभूत मान्यता हो । अहिले हामी लोकतान्त्रिक अथवा नयाँ जनवादी (Democratic) गणतन्त्रात्मक संविधान बनाइरहेका छौं, त्यसैले यस संविधानमा जननिर्वाचित प्रतिनिधि, व्यक्ति, संघ-संस्था या शक्तिलाई मात्र शासन गर्ने, कर लगाउने जस्ता शासनाधिकारहरु हुने व्यवस्था संविधानमा गर्नु-गराउनु उचित र आवश्यक नै हुन्छ । अनिर्वाचित भन्दा निर्वाचित शक्तिशाली हुनुपर्दछ र हुन्छन् भन्ने मान्यता पनि लोकतन्त्रको अर्को मान्यता नै हो । यस सन्दर्भमा राष्ट्रप्रमुख र राज्यप्रमुखको निर्वाचन गर्ने, मन्त्रिमण्डल गठन गर्ने, न्यायाधीसहरुको नियुक्ति गर्ने, संवैधानिक आयोगका पदाधिकारीहरुको मनोनयन गर्ने जस्ता शासन सत्ता संचालनसंग संवन्धित कार्यविधिहरु जनप्रतिनिधि सभाबाटै गर्नु-गराउनु पर्दछ । साथै कार्यपालिका, न्यायपालिका र संवैधानिक आयोगहरु जनप्रतिनिधिसभा प्रति उत्तरदायी हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

३.४ व्यक्तिभन्दा समूह शक्तिशाली हुने मान्यता

यो कुरा सार्वभौम सच्चाइ नै हो कि कुनै एक व्यक्तिभन्दा अनेक व्यक्तिहरुको समूह, संघ, संस्था र संगठन निकै शक्तिशाली हुन्छ । एक व्यक्तिको वुद्धि भन्दा सामुहिक वुद्धि (Common Wisdom) नै हर चुनौतिहरुको वलियो समाधानको साधन हुन सक्छ । एउटा व्यक्ति जतिसुकै बलियो वा बुद्धिमान् भएपनि त्यो व्यक्ति कुनै सानो समूह, संघ-संस्था र संगठनभन्दा कमजोर र कम बुद्धिमान् नै हुन्छ । यी मान्यता पनि लोकतन्त्र वा जनवादसम्मत मान्यता नै हुन् । कम्युनिष्ट पार्टीको संगठनात्मक सिद्धान्त "जनवादी केन्द्रीयता" को सिद्धान्तको मान्यता पनि यही नै हो । यो सिद्धान्तअनुसार व्यक्तिलाई संगठनको वा कमिटीको मातहत मानिन्छ । यसको अर्थ पनि यही हो की व्यक्तिभन्दा संगठन वा कमिटी अर्थात् समूह शक्तिशाली हुन्छ र जान्ने-सुन्ने पनि हुन्छ । जनवादी केन्द्रीयताको अर्को मान्यता अल्पमत बहुमतको अधीनस्त हुन्छ-भन्ने मान्यता पनि यसै मान्यतासंग मिल्दोजुल्दो छ । एक व्यक्ति कुनै एक समूहको तुलनामा अल्पमतमै हुन्छ, त्यसैले समूह व्यक्तिभन्दा शक्तिशाली र समाधानमूलक (Master of Wisdom) हुने तथा बहुमत अल्पमतभन्दा शक्तिशाली र बढी सृजनशील (Innovative/Creative) हुन्छ भन्ने मान्यतालाई आत्मसात् गरेर संविधान लेखिनु नै पूर्ण जनवादी (Democratic) कुरा हो ।

३.५ अधिकारको विकेन्द्रीकरण

अधिकारको विकेन्द्रीकरणको अर्थ हो अधिकार कुनै एक व्यक्ति वा संस्थामा केन्द्रित नगरेर बढीभन्दा बढी जनसमुदायमा र संघ-संस्था वा राज्यका तल्ला र आधारभूत अंगहरुमा अर्थात् स्थानीय निकायहरुमा प्रदान गर्ने कुरा । यो कुरा लोकतन्त्र वा जनवादको आधारभूत मान्यता हो । अधिकार जति माथिल्ला अंग वा व्यक्ति-नेता-अधिकारीहरुमा केन्द्रित हुँदै जान्छ, त्यति लोकतन्त्र खतरामा पर्दै जान्छ अर्थात् त्यहाँ अधिनायकवाद र निरंकुशता जन्मने प्रवल खतरा हुन्छ । त्यसैगरी, अधिकारको विकेन्द्रीकरण गर्ने कुरा समन्यायिक कुरा पनि हो । एउटै व्यक्ति वा निकायले सम्पूर्ण अधिकार पाउनु तर मातहतका व्यक्ति वा निकायहरु अधिकार विहिन हुनु न्यायका दृष्टिले पनि समान र न्यायोचित हुँदैन । फेरि अधिकारको विकेन्द्रीकरण भनेको

अन्ततः समानता, स्वतन्त्रता र विकासकै कुरा हो । केन्द्र बलियो हुनलाई त्यस मातहतका निकायहरुलाई अर्थात् प्रदेश, स्थानीय निकाय, जिल्ला, गाउँ, नगरहरुलाई र सरकार वा राष्ट्रप्रमुख बलियो हुनलाई सहकर्मी जनप्रतिनिधिहरुलाई बढीभन्दा बढी अधिकार प्रदान गर्ने कुराले सिंगो देश, व्यवस्था र राजनीतिक शक्तिहरु नै बलिया हुन्छन् । यसबाट नै ति व्यक्तिहरु, संस्था र पद्धतिलाई दीगोरुपमा सवल बनाउन सकिन्छ । तसर्थ के कुरा स्पष्ट हो भने देशलाई, व्यवस्थालाई वा राजनैतिक शक्तिलाई एकीकृत, केन्द्रीकृत, सुदृढ, सबल र शक्तिशाली बनाउने हो भने अधिकारहरुको विकेन्द्रीकरण गर्नै पर्दछ । यसलाई यस्तो सूत्रमा पनि राख्न सकिन्छ ।

अधिकारको केन्द्रीकरण = राज्यको खण्डीकरण, तर

अधिकारको विकेन्द्रीकरण = राज्यको एकीकरण

३.६ स्वायत्तता र आत्मनिर्णयको अधिकार

नेपालको अन्तरिम संविधान, २०६३ ले नयाँ संविधानमा पनि देश संघीयतामा जानुपर्ने कुरा निर्देशन गरेको छ । संघीयता भनेको विभिन्न स्वायत्त राज्यहरुको एकता हो । हाम्रो देश नेपाल विगतमा एकात्मक राज्य भएर पनि एकीकृत, केन्द्रीकृत र शक्तिशाली बन्न नसकेकोले यसलाई नयाँ ढंगले पुनर्संगठित, पुनर्एकीकृत, पुनर्केन्द्रीकृत र पुनर्सक्तिकृत गर्नका लागि देशका विभिन्न जाति-जनजातिहरुका सघन भूभाग (प्रान्त) हरुलाई स्वायत्तता र आत्मनिर्णयको अधिकार दिनु जरुरी छ । यसरी एउटा केन्द्रीकृत र एकात्मक राज्यलाई संघीयतामा लगेर स्वायत्तता, आत्मनिर्णयको अधिकार, अग्राधिकार दिनेकुरा र विशेष रुपले उत्पिडित जाति, लिंग र धर्म क्रमशः दलित, महिला र मुश्लिमलाई विशेष अधिकार दिने कुराले Holding Together को सिद्धान्तअनुसार संघीय राज्यलाई सुदृढ र सबल बनाउँछ । रुपमा हेर्दा सबैजसो अधिकार यहाँसम्म कि आत्मनिर्णयको अधिकार (छुट्टिने अधिकार) समेत केन्द्रका मातहतका राज्य र जातिहरुलाई दिएर देश टुक्राउन खोजेको देखिएपनि सारमा दरिलो एकीकरण नै हुन्छ । यो कुरा न्याय, समानता, स्वतन्त्रता र जनवादसंग सम्बन्धित कुरा हो । आखिर द्वन्द्व, फूट र सम्बन्धविच्छेद कहाँबाट र किन पैदा हुन्छ ? स्पष्ट छ कि जब कसैले कसैलाई, अथवा भनौ- श्रीमान्ले श्रीमतिलाई अन्याय, असमानता, उत्पीडन गर्छ र कुनै अधिकार (जनवाद) नदिई पराधीन र दाश बनाउन खोज्दछ, तब त्यो राज्यमा, परिवारमा वा कुनै संघ-संस्था, समूह वा पार्टीमा विखण्डन, विग्रह र विच्छेद पैदा हुन्छ । तसर्थ विभिन्न प्रदेशहरुलाई स्वायत्तता र आत्मनिर्णयको अधिकार, प्रदेशभित्रका स्थानीय निकायहरुलाई स्वशासनको अधिकार, आदिवासी-जातिहरुलाई त्यहाँको प्राकृतिक साधन-श्रोत र राजनीतिक निकायमा अग्राधिकार एवम् सदियौंदेखि अमानवीय उत्पीडनमा परेर पछि परेका दलित, महिला र मुश्लिमजस्ता समुदायहरुलाई प्रोत्साहन दिई अघि बढाउनका लागि निश्चित अवधिसम्म विशेषाधिकार अर्थात् समानुपातिकभन्दा केही बढी थप अधिकार दिनु पर्दछ । यसले मात्र विगतमा अन्याय, शोषण र उत्पीडनको मारमा परेकाहरुलाई न्याय, मुक्ति र समानताको प्रत्याभूति दिन्छ । तसर्थ यिनै मान्यताहरुलाई अवलम्बन गरेर नयाँ संविधान निर्माण गरिनु जरुरी छ ।

३.७ आत्मनिर्भरता र अन्तरनिर्भरतामा आधारित संघीयता

संघको उत्पत्ति, विकास र अस्तित्वनै स्वयंमा आत्मनिर्भरता, अन्तरनिर्भरता तथा परस्पर अन्तर्रानिर्भरतामा आधारित छ । त्यसैले नयाँ संविधानमार्फत् संघीयतामा जाँदा विभिन्न स्वायत्त प्रदेशहरुबीच, केन्द्र र प्रदेशहरुबीच परस्पर अन्तरनिर्भरताको सिद्धान्त अवलम्बन गरेर एक-आपसमा मिलेर काम-व्यवहार गर्नु पर्ने मान्यता अपनाउनु पर्दछ । यस सन्दर्भमा आत्मनिर्भरताका साथै आपसमा सहयोगात्मक, सहकार्यात्मक र समन्वयात्मक सम्बन्ध हुनुपर्ने कुरालाई राम्रोसंग आत्मसात् गर्नुपर्दछ । अन्यथा संघीयता निरर्थक हुनेमात्र होइन, सुदृढ एकतामा पुग्ने लक्ष्य लिएको नेपाल प्रतिशोधपूर्ण अनेकतामा पुग्न वेर लाग्ने छैन । यसै सन्दर्भमा, संघीयतामा जाँदा स्वायत्त प्रदेशहरुको निर्माणको मुख्य आधार केलाई बनाउने भन्ने कुरामा पनि ध्यान दिनु जरुरी छ । यससम्बन्धमा संघीयताको अवधारणा उत्पन्न भएकै राज्यसत्ताबाट उपेक्षित र उत्पीडित भएका जाति-जनजातिहरुलाई राज्यसत्तामा पहुँच र पकड गराउनको लागि हो । जो जाति राज्यबाट उत्पीडित-उपेक्षित छैन र त्यस प्रदेशको ऊ आदिवासी पनि होइन अनि त्यो उल्लेख्य संख्यामा अर्थात् सम्बन्धित प्रदेशमा अरु कुनै जनजातिभन्दा बढी संख्यामा पनि छैन भने त उसलाई स्वायत्त राज्यको अधिकारी बनाउने कुरा हुन सक्तैन, अन्यथा सम्बन्धित जातिकै आधारमा संघीयता हुनुपर्दछ, यो उनीहरुको राजनीतिक अग्राधिकारको कुरा नै हो ।

३.८ जननिर्वाचित-समानुपातिक-समावेशी प्रतिनिधित्वको सिद्धान्त

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहु-सास्कृतिक देश हो । यो भौगोलिक विविधताले पनि भरिएको छ । त्यसैले यहाँको राज्यसत्तामा यी सबैको समुचित प्रतिनिधित्व र प्रतिविम्वन जरुरी छ । समानुपातिक र समावेशी प्रतिनिधित्व प्रायः राजनैतिक दलहरु र तिनका मुख्य नेताहरुका दिल-दिमागमा परेकाहरुलाई नै छान्ने प्रकृयामा निर्धारण हुन्छ । त्यहाँ जनताले आफ्ना सच्चा प्रतिनिधिहरु आफैले छान्ने अधिकार कुण्ठित र बाधित हुने खतरा उत्पन्न हुन पुग्दछ । त्यसैले दलगत राजनीतिक प्रणालीमा एकातिर दलहरुले प्रतिनिधि छान्ने र अर्कातिर तिनैलाई जनताले अनुमोदित अर्थात् निर्वाचित गर्ने गर्नु जरुरी हुन्छ । दलहरुले समानुपातिक-समावेशी सिद्धान्तलाई अपनाएर दिएका उमेद्वारहरुमध्ये जनताले जस-जसलाई मन पराउँछन तिनैलाई छान्दछन् । यस प्रकारको सिद्धान्त राजनीतिसम्मत र जनसम्मत त छँदैछ, संगसंगै पूर्ण लोकतन्त्रसम्मत पनि छ । त्यसैले जनताद्वारा निर्वाचित भई समानुपातिक र समावेशी प्रतिनिधित्वहुने सिद्धान्त अत्यन्त महत्वपूर्ण छ । यस सिद्धान्तअनुसारको प्रतिनिधित्व गराउन बहुसदस्यीय निर्वाचन क्षेत्र (Multi Member Constituency) प्रत्यक्ष निर्वाचन प्रणाली अपनाउनु पर्दछ । एउटा कम शिक्षित र साक्षर मुलुकका लागि यो निर्वाचन संचालन गर्न-गराउन केही कठिन भएपनि राम्रो-संग जनतालाई तालिम र प्रशिक्षण गर्ने-गराउने हो भने यो नै सर्वोत्तम निर्वाचन प्रणाली हो । श्रीलंका र न्यूजिलैण्डमा यस प्रकारको निर्वाचन प्रणाली अवलम्बन गरिएको छ ।

३.९ राज्य संचालनमा युवाहरुको अत्यधिक सहभागिताको सिद्धान्त

राज्य संचालन, त्यो पनि पुनरसंरचित नयाँ राज्यप्रणाली सहितको सत्ता संचालनमा नयाँ र स्वच्छ रगत, युवा जोश-जाँगर र क्षमताको सर्वाधिक आवश्यकता र महत्व हुन्छ । पुराना मानिसहरुमा पुरानैप्रति मोह हुने, पुरानैको अनुभव हुने र पुरानैको आदत बस्ने हुनाले र तीबाट मुक्त वा रुपान्तरण हुने कार्य तत्काल र सरल नहुने हुनाले यो अवस्थामा नेपालको राज्य संचालनमा युवाहरुको भूमिका विशेष रुपले आवश्यक छ । तसर्थ यो सिद्धान्तलाई अवलम्बन गर्नु जरुरी भएको छ । यसअनुसार हाम्रो देशको सन्दर्भमा १६ बर्षमा देशको जिम्मेवार नागरिक हुने उमेरलाई मतदानको अधिकार प्रदान गर्ने अर्थात् बालिग मान्नुपर्ने, १८ बर्षलाई स्थानीय निकायमा निर्वाचित हुने अधिकार हुनुपर्ने, २१ बर्षकालाई स्वायत्त प्रदेश स्तरमा निर्वाचित हुनुपर्ने र २३ बर्षलाई संघीय (केन्द्रीय) जनप्रतिनिधि सभामा निर्वाचित हुन पाउने अधिकार सुनिश्चित गरिनुपर्छ । यसै गरी स्थानीय स्तरका पदाधिकारीहरुका लागि २१ बर्ष, स्वायत्त प्रदेशका पदाधिकारीहरुलाई २३ बर्ष र संघीय जनप्रतिनिधि सभाका पदाधिकारी अर्थात् सभाका अध्यक्ष, उपाध्यक्ष जस्ता पदमा निर्वाचित हुनलाई ३० बर्षको उमेर हुन उपयुक्त हुन्छ । यसैगरी कार्यपालिकाका सदस्यहरुको उमेर पनि २५ वर्ष पुगेको हुनु पर्दछ । साथै एउटै तहमा वा पदमा दुई पटक भन्दा बढी कार्यरत हुन नपाउने गर्नु-गराउनु पर्दछ । यसरी नयाँ-नयाँ अनुयायी र उत्तराधिकारीहरु निरन्तर जन्मिरहन्छन् । फलस्वरुप सक्षम नेतृत्वको अभाव हुँदैन, जसले गर्दा एउटा नेताको निधन हुँदा राज्यव्यवस्थामा नै प्रतिक्रान्ति हुने स्थितिको अन्त्य हुन सक्छ ।

३.१० उत्पीडित वर्गलाई प्राथमिकता

राज्यसत्तामा पहुँच र पकड नभएका कारण दिन प्रतिदिन दीनहीन बन्दै जाँदा सर्वहारा बन्न पुगेका देशका सबैभन्दा उत्पीडित वर्गलाई नै राज्यसत्तामा पुऱ्याउन जरुरी छ, अन्यथा अन्याय र अत्याचारको मारमा परिरहेपछि जसले पनि विद्रोह गर्दछ । तसर्थ एकातिर संसारलाई सुन्दर र समृद्ध पार्ने श्रमजीवी सर्वहारा वर्गलाई राज्यसत्ता संचालनमा सहभागी बनाउनु आवश्यक र न्यायोचित छ भने अर्कातिर दीगो शान्ति कायम गर्न पनि यसो गर्न जरुरी छ । राज्यसत्तामा सदियौंदेखि प्रभाव, पकड र पहुँच जमाई आफ्नो वर्गको उत्थान र विकास गरेका अन्य मध्यम तथा उच्च वर्गलाई फेरि पनि सत्तामा हालीमुहाली गर्नै पर्ने आवश्यकता छैन । उनीहरुको समृद्धि भइरहेको स्थितिमा अब प्राथमिकता सर्वहारावर्गलाई दिई सर्वहारा वर्गको उत्थान र विकास गर्नु अहिलेको प्रथम आवश्यकता हो । सर्वहारावर्गलाई राज्यसत्तामा सहभागी बनाउने र उनीहरुको प्रभावकारी उपस्थिति कायम राख्ने हो भने जाति, लिंग, क्षेत्र, भाषा, आदिका आधारमा समानुपातिक समावेशी वा विशेषाधिकारबाट प्रतिनिधित्व गराउँदा ती जाति, लिंग, क्षेत्र र भाषाका सर्वहारा-श्रमजीवी, मजदुर-किसान वर्गलाई प्राथमिकता दिएर लानु पर्दछ । यस कुरामा संविधानमै किटेर व्यवस्था गरेमात्र राजनीतिक दल तथा जातीय, क्षेत्रीय, लिगींय, भाषिक, धार्मिक र सांस्कृतिक संघ-संगठनहरु आफुभित्रका सबभन्दा उत्पीडित वर्गका व्यक्ति-नेताहरुलाई प्रतिनिधित्व गराउन बाध्य हुनेछन् । वास्तवमा सबैभन्दा उत्पिडित र निम्न वर्गको उत्थान र विकास हुँदानै सबै वर्गको उत्थान र विकास हुन्छ ।

३.११ जनताको चेतना र संघर्ष समाज परिवर्तनको मूलतत्व

समाजमा दुई थरी परिवर्तनहरु हुन्छन्-मात्रात्मक र गुणात्मक । मात्रात्मक परिवर्तन वा विकास क्रमशः सुस्त-सुस्त र अंश-अंश गरेर हुन्छ भने गुणात्मक परिवर्तन छलाङमा, तीव्रतामा र समग्रतामा हुन्छ । यो विकासको मूल कारक तत्व जनताको चेतना र संघर्ष नै हो । मार्क्सवादी मान्यताअनुसार कुनै वस्तु वा समाजको विकास वा गति त्यसभित्र रहेको अन्तरविरोधका

कारणले हुन्छ । अर्थात् वस्तु वा समाजमा रहेका दुई अन्तरविरोधी तत्वहरुको आपसी संघर्षको परिणाम गति वा विकास हो । समाजमा मानिसहरु दुई वर्गमा विभाजित हुन्छन् । जनता र प्रतिक्रियावादी यी दुई वर्ग आपसमा संघर्ष गर्दा समाजमा गति पैदा हुन्छ, जब जनताले पूर्ण रुपले जित्छन्, विकास पनि पूर्णता, समग्रता र गुणात्मकतामा हुन्छ । तर जब जनताले अंश-अंशमा थोरै-थोरै गरेर जित्दै अघि बढ्दछन् तब विकास पनि अंश-अंशमा, क्रमशः मन्द गतिमा हुन्छ । जे होस् जनता जति बढी र छिटो रुपमा सचेत र संगठित हुन्छन् अनि त्यसैअनुसार जति बढी र ठूलो संघर्ष गर्छन्, त्यतिनै समाजको विकास तीव्र हुन्छ । त्यसैगरी, जनताले जब शान्तिपूर्ण र कानूनी संघर्षमात्र गर्छन्, तब विकास मन्द गतिमा हुन्छ तर जब संघर्ष क्रान्तिकारी, गैरकानूनी र सशस्त्र (जनयुद्ध, जनविद्रोह) हुन्छ, तब समाज विकास तीव्र र गुणात्मक रुपमा हुन जान्छ । त्यसैले संविधानमा जनताको चेतनालाई संरक्षण र सम्वर्द्धन गर्ने तथा जनताको संघर्षलाई मलजल गर्ने कार्यलाई अर्थात् जनता सचेत, सुसूचित, शिक्षित र दीक्षित हुन पाउने अधिकार तथा सो चेतना र शिक्षाद्वारा संघर्ष, आन्दोलन वा विद्रोह गर्ने अधिकारलाई कुनै हालतमा बाधित गर्नु हुन्न । भनिन्छ- विद्रोह अधिकार हो । संयुक्त राष्ट्रसंघका कतिपय निर्णय, सन्धी, अधिसन्धि जस्ता अन्तर्राष्ट्रिय महत्वका मानव अधिकारसम्बन्धी दस्तावेजमा जनताको विद्रोहको अधिकारलाई सम्मान गरिएको छ । यस्तै सम्मान र सुरक्षा हाम्रो संविधानले पनि गर्न सक्नुपर्दछ । गान्छेले विद्रोह त्यत्तिकै गर्दैन, जब ऊ शोषित-उत्पीडित हुन्छ र त्यसबाट मुक्त हुने अर्को कुनै शान्तिपूर्ण कानूनी तथा संवैधानिक उपाय देख्दैन, तब बाध्य भई अन्तिम र निर्णायक संघर्षको रुपमा विद्रोह गर्दछ । ऐतिहासिक स्पार्टाकस विद्रोह यस सम्बन्धमा स्मरणीय र उल्लेखनीय छ । त्यसैले जनताको चेतनाद्वारा गरिने संघर्ष र विद्रोहहरुलाई सम्मान, संरक्षण र सम्बोधन गर्ने कुरा संविधानको मूल तत्व हो ।

३.१२ मौलिकताको अवलम्बन

नयाँ नेपालको संविधान नयाँ नेपालको जस्तै हुनुपर्दछ, यो न पुरानो नेपालको पुरानो संविधानको नक्कल हो, न त विदेशका कुनै एक वा अनेक देशका संविधानको फोटोकपि । नेपालका समस्या, जटिलता र विशेषताहरुलाई सम्बोधन गर्ने गरी नेपाली तरिका अर्थात् मौलिक सोंचसहितको मौलिक शैलीलाई अवलम्बन गरेर नयाँ संविधान बनाउनु पर्दछ । नेपालको संघर्ष पनि अत्यन्त विशिष्ट र मौलिक भएको छ, संविधान-सभा मौलिक छ र नेपाली समाज स्वयं विभिन्न मौलिक विशेषताहरुले भरिपूर्ण छ । त्यसैले संविधान पनि आफ्नै अपनत्व र नेपालीत्व झल्कने तथा नेपालको यावत् विशिष्टता र मौलिकतालाई संबोधन गर्ने गरी बन्नु उपयुक्त हुन्छ । आज विदेशी हस्तक्षेप, चलखेल र गिद्धे दृष्टि नेपालमा भइरहेको सम्बन्धमा कुनै देशको संविधानको नक्कल वा कुनै देशका शासकहरुको दवावमा संविधान लेखिनु हुँदैन र नेपाल, नेपाली जनता, नेपाली समाज, नेपाली संस्कृति, नेपालको आर्थिक अवस्था आदि हेरेर नेपालकै मौलिक संविधान लेख्नु पर्दछ, जसअनुसार जानेमानेको कुनै निश्चित फ्रेममा, प्रणालीमा, अवधारणामा बाधित भएर होइन, उन्मुक्त र स्वच्छ भएर मौलिक ढंगले सोचेर नै नेपालको नयाँ संविधान बन्छ र बन्नु पर्दछ । यस्तो संविधान मात्रै दीगो हुन सक्तछ ।

३.१३ संविधानको परिवर्तनशीलता

२०४७ सालको नेपालको संविधानमा चार मुख्य कुरा अपरिवर्तनशील भनेर प्रस्तावनामै राखियो । केही समयको अन्तरालमै त्यो अपरिवर्तनशीलताका विरुद्ध संघर्षहरु भए, जनयुद्ध भयो र अशान्ति मच्चियो । माथि पनि भनियो परिवर्तन विकासको सोपान (भऱ्याङ) हो । हर चिज यो संसारमा परिवर्तनशील भएकाले संविधान पनि परिवर्तनशील र गतिशील हुनु स्वाभाविक र सार्वभौम कुरा नै हो । जनताले चाहेमा कुनै धारा, उपधारा, भाग, परिच्छेद अनि कुनै एक-दुई कुरा वा पूरै संविधान नै बदल्न सक्तछन् र बदल्न सक्ने अधिकार जनतालाई हुन्छ । त्यसैले अपरिवर्तनशील भनेर कुनै धारा, उपधारा वा प्रस्तावनामा केही उल्लेख गर्नु हुँदैन ।

३.१४ बलियो र एकीकृत केन्द्र

नेपाल एकात्मकबाट संघात्मकतातिर जादैछ । संघात्मकतातिर जानु भनेको रुपमा हेर्दा विखण्डनतिर जस्तो लाग्छ तर सारमा हेर्दा अझ बलियो र एकीकृत नेपाल बनाउनु हो । हिजोसम्म रुपमा एकीकृत र केन्द्रीकृत राज्य नेपाल भनिए पनि सारमा त्यो भित्रभित्र खण्डीकृत र विकेन्द्रीकृत भइरहेको अवस्था थियो । सामन्ती केन्द्रीकृत राज्यसत्तावाट विभिन्न राष्ट्रियताहरु (Nationalities) उपेक्षित र उत्पीडित हुनाले त्यसबाट मुक्ति पाउन विद्रोह गर्ने र अलग राज्य निर्माणको माग गर्ने स्थिति बन्दै गइरहेको थियो तर अब संघात्मकतामा गएर अझ बढी संगठित, अझ बढी एकीकृत र अझ बढी सशक्तिकृत (बलियो) राज्य बनाउने हो र यो नै नेपाल र नेपाली जनताको अपरिहार्य र टड्कारो आवश्यकता हो । तीन तिरबाट भारतले घेरेको, खुल्ला सीमा भएको र धार्मिक-सांस्कृतिक सम्वन्ध पनि भएको र भारतलाई अभाव हुने पानी, बिजुली लगायतका थुप्रै स्रोत र साधनहरु नेपालमा भएकाले अफ्नो अनुकुलतामा फुटाएर शासन गर्नेजस्ता अवान्छित गतिविधिहरु नेपालमा गरिदै आइरहेको कुरा नेपालीलाई अनुभूति भैरहेको सन्दर्भमा संघीयतामा प्रवेश गरेर मात्रै राष्ट्रिय एकतालाई अझ बलियो बनाई राष्ट्रिय

स्वाधीनता र स्वाभिमान, राष्ट्रिय अखण्डता र एकता, राष्ट्रिय सार्वभौमिकता र सांप्रदायिक सद्भाव-सहिष्णुता कायम राख्न सकिन्छ र सक्नुनै पर्दछ ।

३.१५ अधिकार र कर्तव्यको दस्तावेज

संविधानलाई अधिकारको दस्तावेज त सबैले मान्दछन् तर कर्तव्यको दस्तावेज कमैले मान्दछन् । त्यसो त संविधानलाई न्याय, समानता, स्वतन्त्रता, मुक्ति, प्रगति र समृद्धिको सर्वोच्च दस्तावेज पनि भनिन्छ । यसरी भन्दै जाँदा र विद्रोहको अधिकारलाई समेत सम्मान गर्दै जाँदा संविधान विद्रोहकै दस्तावेज हुनजाला वा भन्न सकिएला । जे होस्, आफूले पाउने कुरामात्र सम्झने तर दिने कुरा बिर्सने, जनवाद मात्र चाहने तर केन्द्रीयता नचाहने, अधिकार खोज्ने तर कर्तव्यबाट पन्छिने प्रवृत्तिलाई संविधानले त्यति प्रोत्साहन गर्नु हुँदैन । अधिकार र कर्तव्य, जनवाद र केन्द्रीयता, केन्द्र र प्रदेश (संघ र राज्य) एक अर्काका परिपूरक हुन् र हुनै पर्छ । यो कुरा संविधानमा झल्किएन भने देश र समाजलाई समग्र बन्न र ठीक ढंगले डोऱ्याउन सकिदैन । फलस्वरुप विखण्डन र अनेकता हुने खतरा रहन्छ । उदाहरणको लागि एउटा सिक्काका दुई पाटा जस्ता अधिकार र कर्तव्य दुबै पाटा स्वीकारेपछि मात्र सिक्का प्राप्त गर्न सकिए जस्तै अधिकार प्राप्त गर्नको लागि कुनै एक पाटो अर्थात् अधिकारलाई मात्र रोजेर वा चाहेर सिक्का प्राप्त गर्न सकिन्न, कर्तव्य पनि रोज्नै पर्छ । यसमा एउटै पाटो मात्र लिन्छु भन्यो भने मुर्खता गर्नुपर्ने हुन्छ अर्थात् सिक्कालाई फुटाउनु पर्ने हुन्छ, यद्यपी फुटाएर पनि एउटामात्र पाटो त मिल्नै सक्तैन । अतः अधिकारको संस्थागत विकासका लागि कर्तव्यलाई त्यसको अन्तरनिहित पक्षकोरुपमा अवलम्बन गरिनु आवश्यक हुन्छ ।

३.१६ प्रतिस्पर्धात्मक निर्वाचन र सहकार्यात्मक राज्य संचालन

देशभक्त र जनवादी शक्तिका बीचमा निर्वाचनमा प्रतिस्पर्धा हुनु र त्यसमा विजयी हुनेहरु राज्य सत्ता संचालनमा सहभागी हुनु राम्रो कुरा हो तर निर्वाचनमा भएको प्रतिस्पर्धाका क्रममा राजनीतिक दलहरुका बीच उत्पन्न भएको कटुता, ईर्श्या र प्रतिशोधले गर्दा सत्ता संचालनमा निकै बाधा-व्यवधान उत्पन्न हुन्छ । त्यसैले एकातिर स्वच्छ प्रतिस्पर्धा हुनु जरुरी छ भने अर्कातिर प्रतिस्पर्धा गर्दा उत्पन्न कटुता र प्रतिशोधलाई न्यून गर्दै लगेर समाप्त पार्न पनि जरुरी हुन्छ । यसका निम्ति निर्वाचनमा जुन-जुन दलको जे जस्तो हैसियत प्राप्त हुन्छ , उनीहरुको राज्यसत्ता संचालनमा सोहीअनुसारको भूमिका पनि सुनिश्चित गरिनु पर्दछ यसको लागि सत्ता संचालनमा प्रतिस्पर्धा वा प्रतिशोध नभएर सहमति, समन्वय, सद्भाव, सहकार्य र सहयोग (५ स) आवश्यक हुन्छ । त्यसैले सत्ता संचालनमा सबै निर्वाचित दलहरुबीच सहमतीय प्रणाली अनुसार सहकार्य हुन नेपालको सन्दर्भमा अझ बढी ठीक हुन जाने देखिन्छ । यसो गर्दा निर्वाचनमा सबैभन्दा ठूलो पार्टीलाई सबैभन्दा ठूलो र शक्तिशाली पदभार प्रदान गर्ने नीतिअनुसार क्रमशः साना दललाई क्रमशः तल्ला पदको हैसियत प्रदान गर्दै जाने गर्नु उपयुक्त हुन्छ । यसो गर्दा सबैभन्दा ठूलो दलको राष्ट्रपति हुने र त्यसपछिको ठूलो दलको उपराष्ट्रपति हुने व्यवस्था गर्न जरुरी छ । यसो गर्दा लिंगीय, जातीय, क्षेत्रीय र वर्गीय प्रतिनिधित्व समान हुनेमा पनि ध्यान दिनुपर्दछ । यसरी एकातिर समानता र न्यायको अनुभूति हुने र अर्कातिर अनावश्यक प्रतिशोध अन्त्य हुन जान्छ । यस्तो यो सहमतीय प्रणालीबाट राज्यसत्ता संचालन गर्ने भएमा कुनै पनि जनप्रतिनिधि सभा अवधी नपुगी विघटन हुने-गर्ने खतराबाट पनि बच्न सकिन्छ र सक्नुपर्दछ ।

४. व्यवस्थापिकीय अंगको स्वरुपसम्बन्धी अन्य केही फरक मतका विषयहरु

जीवन र जगत्लाई हेर्ने, बुझ्ने र बदल्ने दृष्टिकोणमै राजनैतिक दल र तिनका प्रतिनिधिका बीचमा भिन्नता हुन्छ । भिन्नता भएकै कारण भिन्न-भिन्न पार्टीहरु बनेका हुन्छन् । र सोअनुसार आ-आफ्ना मूल्य-मान्यता, आस्था र आदर्श समेत बन्छन् । त्यसैले हामी उपसमितिका सदस्यहरु केही विषयहरुमा सहमत हुन नसकेर समिति समक्ष फरक-मत सहित प्रतिवेदन प्रस्तुत गर्न सहमत भएका छौं ।

माथि सैद्धान्तिक चर्चाका क्रममा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारणसम्बन्धी अवधारणाहरु फरक भएका कुराहरु उल्लेख भइसकेको छ । यस बुँदामा अन्य बाँकी फरक मत भएका अर्थात् उपसमितिका अन्य पार्टीका माननीय सभासद् साथीहरुले ल्याउनुभएको अवधारणामा सहमत हुन नसकेका विषयहरुमा एकीकृत ने.क.पा. (माओवादी) को तर्फबाट सभासद् एवं व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको अवधारणापत्र मस्यौदा उपसमितिको सदस्य म नारायण प्रसाद पौडेलले बाँकी केही विषयहरुमा निम्नानुसारको फरक अवधारणा प्रस्तुत गरेकोछु:-

४.१ जनयुद्धको सम्बोधन गर्ने

प्रस्तावित अवधारणपत्रको पृष्ठभूमिमा जनयुद्धलगायका आन्दोलनहरुलाई ठोस रुपमै उल्लेख गरिएको छैन । तत्कालीन ने.क.पा. (माओवादी) र उसको नेतृत्वमा संचालित दशवर्षे जनयुद्धले नेपाली समाज र संविधान परिवर्तन र निर्माणको निम्ति अहम् भूमिका खेल्यो । फलस्वरुप यसले देशमा वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय, भाषिक, धार्मिक र सांस्कृतिक जागरण

ल्यायो । समग्रमा भन्नुपर्दा वैचारिक-राजनैतिक रुपमै देशमा राष्ट्रिय जागरण र उथलपुथल नै ल्यायो । त्यसैगरी २००७ सालको वरिपरिदेखि अर्थात् लखन थापा विद्रोहदेखि नेपाली कंग्रेसको नेतृत्वमा भएका संघर्षहरु, ने.क.पा.का नेतृत्वमा भएका थुप्रै संघर्षहरु, २०२८ को ऐतिहासिक झापा विद्रोह, ०३५/०३६ को विद्यार्थी आन्दोलन, २०४६ को संयुक्त जनआन्दोलन र ०५२-०६२ को दश वर्षे महान् जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक संयुक्त जनआन्दोलन, ०६३/०६४ को मधेश आन्दोलनलगायत संविधानसभा र संविधानसभाको चुनाव, संविधान र शान्ति निर्माण प्रकृयाका दौरानमा विभिन्न समयमा विभिन्न जातीय, क्षेत्रीय, लिङ्गीय, भाषिक, धार्मिक, साँस्कृतिक, वर्गीय र राजनीतिक संघर्ष र बलिदानको उच्च सम्मान हुनेगरी उल्लेख हुनुपर्दछ किनकि यो कुरा नै ज्यूँदो सत्य हो । सत्यलाई हामीहरुले नै आत्मसात् गर्न नसके नेपाल र नेपाली जनताको न त शिव (कल्याण) हुन्छ न सुन्दर नेपाल नै बन्ने पूर्वाधार तयार हुन्छ । त्यसैले जनयुद्धलागयतका सबै उल्लेखनीय ऐतिहासिक आन्दोलनहरु एवं तिनका भूमिका र योगदानहरुलाई ठोस-ठोस रुपमै उल्लेख गर्नु अत्यन्त आवश्यक हुन्छ ।

४.२ एक सदनात्मक व्यवस्थापिका र नाम

संघ (केन्द्र) मा दुई सदनात्मक व्यवस्थापिका बनाउँदा दुई सदनहरुका बीचमा ठूलो र सानो हैसियत हुनजाने, जनप्रतिनिधिहरुको पनि सोहीअनुसार अनावश्यक च्याङ्किङ् हुनजाने र फलस्वरुप कसैलाई हीनताबोध र कसैलाई उच्चताबोध हुने अनावश्यक अवस्था सिर्जना हुने तथा दुई सदनात्मक बनाउँदा सबै समुदायका जनताको प्रतिनिधित्व दुवै सदनमा हुन-गराउन खोज्दा ज्यादै ठूला-ठूला संख्या हुनजाने तर फेरि सबैजसोको प्रतिनिधित्व नगराई पनि नहुनेहुँदा दुई सदनात्मकभन्दा एक सदनात्मक गराउँदा सबैजसोको प्रतिनिधित्व कम संख्यामै सुनिश्चित गराउन सकिन्छ । साथै, दुई सदन हुँदा एक-अर्काका भूमिकाहरुमा अनावश्यक अन्तरविरोध हुने पनि खतरा हुन्छ । त्यसैले दुई सदनले गर्ने भिन्न-भिन्न प्रकृतिका कामहरु एक सदनात्मक व्यवस्थापिकाबाट नै गर्ने गरी एक सदनात्मक व्यवस्थापिका नै सर्वोत्तम हुन्छ । व्यवस्थापिकाहरु जनताका प्रतिनिधिहरुका संस्था भएकाले जनतासंग यी संस्थाहरुको सम्बन्ध हुने हुँदा जनतासंगै संस्थाको नाम जोडेर राख्न उपयुक्त हुन्छ । यसो गर्दा संघीय व्यवस्थापिकाको नाम **संघीय जनप्रतिनिधि सभा** र प्रदेश व्यवस्थापिकाको नाम **प्रदेश जनप्रतिनिधि सभा** नै राख्नु यथार्थसम्मत, जनसम्मत र लोकतन्त्रसम्मत हुने देखिन्छ ।

४.३ व्यवस्थापिकामा राष्ट्रपति रहने, राष्ट्रप्रमुख र सरकार प्रमुख एउटै व्यक्ति हुने तथा सहमतिमा आधारित राष्ट्रपतीय प्रणाली अवलम्बन गर्ने

व्यवस्थापिका राज्यको सर्वोच्च अंग हो र हुनुपर्छ । राष्ट्रपति कार्यकारी अधिकार सम्पन्न हुनुपर्दछ र देशको शासनप्रणाली सहमतिमा आधारित राष्ट्रपतीय हुनुपर्दछ । यसो हुँदा राष्ट्रप्रमुख र सरकार प्रमुख एउटै हुनु वाञ्छनीय हुन्छ । राज्यको सर्वोच्च अंगले राष्ट्रप्रमुख वा सरकार प्रमुख अर्थात् राष्ट्रपति छान्नु पनि स्वाभाविकै हुन्छ । तर राष्ट्रप्रमुख र सरकार प्रमुख एउटै भएन भने दुई व्यक्तिमा शक्ति केन्द्रित हुने हुँदा एकले अर्कालाई नियन्त्रणका नाममा निषेध गर्ने र अन्तरविरोध हुने वा दुईका बीचमा संतुलनका नाममा तैं चुप मैं चुप हुने र देश गतिहीन बन्ने खतरा पैदा हुन्छ । त्यसैले राष्ट्रपति (सरकार प्रमुख र राष्ट्रप्रमुख) लाई निर्देशन, नियन्त्रण र अनुगमन गर्ने तथा व्यवस्थापिकाको अधिवेशन नचलेको बेला सरकार र संवैधानिक आयोग आदिसंग सम्बन्धित काम-कारवाईहरु गर्नेगरी जनप्रतिनिधि सभाका सदस्यहरु मध्येबाट सबै राज्यबाट सकेसम्म सबै दल, दलित, आदिवासी-जनजाति, महिला, मधेशी, मजदुर-किसान आदिबाट पर्नेगरी वरिष्ठ नेताहरुको बढीमा २१ जनाको एउटा स्टाण्डिङ कमिटी वा अध्यक्ष मण्डल बनाउनु उपयुक्त हुन्छ । यस कमिटीको प्रमुख र उपप्रमुखमा जनप्रतिनिधि सभाको अध्यक्ष र उपाध्यक्षले नै रहने व्यवस्था गर्नुपर्दछ । यसले एकातिर सबैको प्रतिनिधित्व गरी राष्ट्रिय एकता सुदृढ गर्दै बारम्बार सरकार बदल्ने र अस्थिरता पैदा गर्ने स्थिति कम गर्दछ भने अर्कातिर सरकार प्रमुख र राष्ट्रप्रमुख एउटै भएका कारण निरंकुश बन्ने खतरालाई पनि दूर गर्दछ । त्यसैले यसमा विशेष रुपले मनन् गरी नयाँ संविधानमा विशेष स्थितिमा मात्र स्टाण्डिङ कमिटी (अध्यक्ष मण्डल) को वा सदनकै दुई तिहाइले निर्णय गरेमा बाहेक सदन विघटन गर्न नसकिने व्यवस्था गर्न उपयुक्त हुन्छ । साथै स्वायत्त ईकाई (प्रदेश व्यवस्थापिका), उप स्वायत्त प्रदेश व्यवस्थापिका तथा जिल्ला परिषद्, स्वशासन इलाका परिषद् र नगर वा गाँउ परिषद्का हकमा पनि मोटामोटी संघीय व्यवस्थापिकाका मूलभूत मान्यता, विधि र हक-अधिकारलाई स्तरअनुसार उपयोग गर्नु वाञ्छनीय हुन्छ । नयाँ संविधानमा यसप्रकारको नयाँ व्यवस्था गर्दा हाम्रो आफ्नो विशिष्टता, मौलिकता र अनुभवलाई संबोधन गर्नु उपयुक्त देखिन्छ ।

४.४ बहुसदस्यीय निर्वाचन क्षेत्र समानुपातिक प्रत्यक्ष निर्वाचन प्रणाली

राज्य संचालनमा राजनीतिक दलहरुको भूमिका महत्वपूर्ण हुन्छ । साथै, यसमा जनताको भूमिका पनि अत्यन्त आवश्यक र निर्णायक नै हुन्छ र हुनै पर्दछ । राज्य संचालन राजनीतिक दलहरु मार्फत जनताको हक-अधिकार र सुख-समृद्धिका लागि गरिने भएकाले राजनीतिक दलहरु र जनता दुवैले प्रत्यक्षरुपमै निर्वाचित गरेका प्रतिनिधिहरुले शासनसत्ता संचालन गर्दा-

गराउँदा दल र जनताको प्रतिनिधित्व हुन सक्छ । यसका निम्ति एकातिर दल र दलका नेताहरुनै सर्वेसर्वा नहोऊन् र जनसेवक एवं लोकप्रिय प्रतिनिधि छानियोस् र अर्कातिर जनताका सबै समूहहरुको समानुपातिक प्रतिनिधित्व पनि जनताद्वारा छानिएरनै होस् भन्ने कुरालाई हृदयंगम गर्दा तथा पार्टी र सत्तामा जनताको निगरानी, नियन्त्रण र हस्तक्षेप समेत होओस् भन्ने कुरालाई विचार गर्दा वहुसदस्यीय निर्वाचन क्षेत्र समानुपातिक प्रत्यक्ष निर्वचिन प्रणाली अवलम्बन गर्नु नै सर्वाधिक उपयुक्त हुन्छ । यस प्रकारको निर्वाचन प्रणाली अपनाउँदा ६ (छ) लाखको जनसंख्या भएको भू-भागको एक निर्वाचन क्षेत्र बनाई त्यहाँ वर्गीय,, जातीय, लिंगीय प्रतिनिधित्व समानुपातिक हुने गरी ६ (छ) जनासम्मको उमेदवारी दिने र छान्ने गर्नु वाञ्छनीय हुन्छ ।

४.५ लोपोन्मुख र सिमान्तकृत जातिहरुको प्रतिनिधित्व

व्यवस्थापिकामा वा स्थानीय निकायहरुमा लोपुन्मुख र सिमान्तकृत र कतिपय अत्यन्त अल्पसंख्यक जातिहरु, जसको जनसंख्या एउटा प्रतिनिधि पुग्ने जति पनि छैन, को प्रतिनिधित्वको व्यवस्था व्यवस्थापिकाबाट मनोनित गरेर पनि गराउने व्यवस्था गर्नु न्यायसंगत र लोकतन्त्रसम्मत हुन्छ । यसो गर्दा अर्थात् सबै जसो वर्ग, जाति, क्षेत्र, लिंग, भाषा, धर्म, संस्कृतिको प्रतिनिधित्व गराउँदा अर्थात् सर्वसमावेशी गराउँदा व्यवस्थापिकाको संख्या केही बढी हुन जादा पनि आपत्ति मान्नु हुँदैन किनकि उपेक्षित, उत्पीडित, पिछडिएका र कमजोर एवम् विपन्नलाई संरक्षण र सम्वर्द्धन नै राज्यको पहिलो कर्तव्य हो र हुनुपर्दछ ।

४.६ व्यवस्थापिकाका सदस्यहरुको योग्यता र संख्या

देशको सर्वोच्च संस्थाका सदस्यहरुको योग्यता पनि देश र जनताको हक-हितका साथै नैतिक र साँस्कृतिक उत्थान गर्ने स्तरको हुनु आवश्यक छ । यसनिम्ति व्यवस्थापिकाको सदस्य नेपालको वंशजको नाताले नागरिकता पाएको नागरिक हुनुपर्ने, उच्च नैतिक आचरण र आदर्श बोकेको हुनुपर्ने र समाजलाई मूल्य-मान्यता, नीति-नैतिकता र सदाचारको मार्गमा डोऱ्याउने जिम्मेवारी बोध गरेको हुनुपर्दछ । यस सम्बन्धमा एउटा विद्वानले भनेको "If wealth is gone, nothing is gone, if health is gone, something is gone, if character is gone, allthing is gone" भन्ने भनाइमा रहेको मर्मलाई आत्मसात् गरिनुपर्दछ । यससन्दर्भमा भ्रष्टाचार, बलात्कार र छुवाछूत जस्ता सामाजिक अपराधमा नमुछिएकालाई मात्र योग्य सम्झनु पर्दछ ।

जहाँसम्म संघीय व्यवस्थापिकाको सदस्य संख्याको कुरा छ, सकेसम्म सबै विविधतालाई समेट्नेगरी १५१ (एकसय एकाउन्न) देखि बढीमा अढाई सय सम्मको विजोर संख्या र प्रदेश व्यवस्थापिकामा जनसंख्या हेरी कम्तिमा २५ र बढीमा ५० को हाराहारीको विजोर संख्या हुनेगरी सदस्य संख्या तोक्नु उपयुक्त हुन आउँछ ।

४.७ स्थानको रिक्तता

अन्य कारणले स्थान रिक्त भएकोमा बाहेक पार्टीभित्र वा नेतृत्वसंग असहमति वा अन्तरविरोध राखेका कारण पार्टीबाट कारवाहीमा परेमा कुनै जनप्रतिनिधि पार्टीको प्रतिनिधि हुँदैन र स्थान खाली हुन्छ तर जनताको प्रतिनिधिको रुपमा भने उसको स्थान रिक्त तबसम्म नहुने व्यवस्था गर्नुपर्दछ, जबसम्म उक्त स्थानमा उपनिर्वाचन हुँदैन । यदि उप निर्वाचनमा पूर्व जनप्रतिनिधि स्वतन्त्र वा अन्य दलको प्रतिनिधि भई उठ्न चाहेमा ऊ उठ्न र निर्वाचित हुन पाउने कुरालाई पार्टीले कारवाई गरेकै कारणले छेक्नु हुँदैन ।

४.८ देश र जनताका नाममा शपथ

कुनै पनि स्तरमा निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा स्वच्छतापूर्वक राम्रो काम गर्ने वाचा स्वरुप सपथ ग्रहण गर्ने आम प्रचलन नै हो । आजको युग वैज्ञानिक र वस्तुवादी युग भएको, जनता नै सर्वोच्च, सर्वशक्तिमान र सार्वभौमसत्ता सम्पन्न शक्ति भएको तथा जनताको सेवा गर्नु राजनीति, राजनीतिक पार्टी, जनप्रतिनिधि र व्यवस्थापिका तथा राज्यकै मुख्य काम भएकाले जनताका नाममा सत्य निष्ठापूर्वक शपथ लिनु एकमात्र सही शपथ हुन्छ । तर ईश्वरका नाममा शपथ लिन सकिने समेत उल्लेख गर्दा यसले एकातिर विभिन्न धार्मिक आस्था राख्ने प्रतिनिधिहरुले आफ्नो धार्मिक आस्था अनुसारको शपथ लिन नपाउने अर्थात् ईश्वर नमान्ने-नभन्नेहरुले पनि ईश्वरकै नाममा शपथ लिनु पर्ने मात्र विकल्प मिल्छ, जो सम्वन्धित प्रतिनिधिको आस्था विपरीत हुन्छ भने अर्कातिर यसरी ईश्वरका नाममा शपथ लिंदा जनप्रतिनिधिहरुको एक अदृश्य र कपोलकल्पित विषयप्रति प्रतिवद्धता हुने तर जनताप्रति उपेक्षा हुन जाने खतरा हुँदा ईश्वरको नाममा शपथ लिने भन्ने विषयमा मेरो आस्था विपरीत हुन जाने भएकोले ईश्वरको नाममा सपथ लिने भन्ने विषयमा सहमति हुने प्रश्नै उठेन ।

४.९ बहसमा बन्देज

व्यवस्थापिकामा अदालतमा निर्णयप्रकृयामा रहेको मुद्दाका सम्बन्धमा पूर्ण बन्देज लगाउने कुरा नागरिक सर्वोच्चता अर्थात् जनसर्वोच्चता र जनप्रतिनिधि संस्थामार्फत जनताको सार्वभौमसत्ताको प्रयोग हुने सिद्धान्त विपरित हुन जाने भएकोले यससम्बन्धमा दुई प्रकारको व्यवस्था गर्न उपयुक्त हुन्छ । प्रथम, कुनै व्यक्तिगत सरोकारको मुद्दा भएमा प्रश्न उठाउन मात्र पाइने तर औपचारिक रुपमा वहसमा लान-जान नपाइने हुनुपर्दछ । भने देशको शासन व्यवस्थासंग अन्तरसम्बन्धित सार्वजनिक सरोकारका विवाद अझ खासगरी राजनैतिक अन्तरवस्तु निहितरहेको तर संवैधानिक आवरण दिएर अदालतमा प्रवेश गराइएका प्रकृतिका मुद्दाहरुमा प्रश्न गर्नुका अतिरिक्त औपचारिक रुपमै प्रस्ताव दर्ता गराई वहसमा लान-जान र निर्णय लिई आवश्यक परे अदालतलाई निर्देशन दिन र कार्यान्वयन गराउन सक्ने व्यवस्था गर्नु वैज्ञानिक हुन्छ ।

४.१० कानूनको व्याख्या

संवैधानिक सर्वोच्चता भएका मुलुकमा प्रायः कानूनको व्याख्या अदालत अर्थात् न्यायाधीस, अर्थात् एउटा जागिरे कर्मचारीले गर्ने व्यस्था पाइन्छ । बच्चा जन्माउनेलाई मात्र प्रसव पिडाको अनुभव हुने तर सो स्तरको अनुभव र अनुभूति अन्य कसैलाई नहुने भएजस्तै कानून बनाउने विधायकहरुलाई अथवा भनौ व्यस्थापिकालाई नै कानून बनाउनुको वास्तविक तात्पर्य, अर्थ, महत्व र मर्मवोध हुन्छ । त्यसैले देशको शासन व्यवस्थाका सन्दर्भमा कुनै कानूनको अन्तिम निर्णय र व्याख्या व्यवस्थापिका अर्थात्: जनप्रतिनिधिसभावाट हुनु विधिसम्मत, बैज्ञानिक र लोकतान्त्रिक हुन्छ । यसका निम्ति जनप्रतिनिधि सभाबाट कानूनको व्याख्या गर्न एक समिति अथवा साविककै विधायन समितिको दई तिहाई वहुमतले व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

४.११ विधेयकको प्रमाणीकरण

संघीय व्यवस्थापिकाबाट पारित भएको विधयेक संघीय राष्ट्रका राष्ट्रपतिबाट प्रमाणित गर्नु उपयुक्त हुन्छ । एक सदनात्मक व्यवस्थापिका, राष्ट्रपतीय प्रणाली तथा राष्ट्रप्रमुख र सरकार प्रमुख एउटै व्यक्ति भएको अवस्थामा राष्ट्रपतिबाट नै विधयेकको प्रमाणीकरण गर्नु सबै दृष्टिबाट उचित र आवश्यक मात्र होइन, एकप्रकारले निर्विवाद नै हुन्छ ।

४.१२ प्रत्याह्वानको व्यवस्था

जनताका प्रतिनिधिहरु चुनावका समयमा त जनताका बीचमा जान्छन् र जनताको सुख-दुःखका कुरा सुन्छन्, राय-सुझाव लिन्छन्, समस्याहरु हल गर्ने बाचा गर्छन्, जनता र आफ्नो क्षेत्रलाई नबिर्सने प्रतिवद्धता पनि व्यक्त गर्छन्, जनतालाई माया, सम्मान र सहयोग समेत गर्दछन् तर जब निर्वाचित भएर फूलमाला, अवीर, फेटा आदि लगाएर सहर-बजार, सदरमुकाम र राजधानी आउँछन्, त्यसपछि त गाउँघर, जनता, निर्वाचन क्षेत्र, आफ्ना प्रतिवद्धता र कर्तव्य सबै भुल्छन् । चाहे जुनसुकै कारणले भुलेका होऊन्, यसो गर्दा वा हुँदा जनता र क्षेत्रको प्रतिनिधित्व हुन नसकेको जनतालाई अनुभूति हुन्छ । अझ कहिलेकाहीँ त उच्च र गरिमामय पदमा निर्वाचित प्रतिनिधिहरुले जनताको सेवा गर्नुको सट्टा उल्टै राज्यसत्ताको शक्ति प्रयोग गरेर जनता र राष्ट्रमाथि नै शोषण र दमन गर्दछन् । जनता र राष्ट्रको, आफ्नो समुदाय र क्षेत्रको र समग्रमा मानवजातिकै सेवा गर्ने जिम्मेवारी बोकेका कतिपय जनप्रतिनिधिहरुले जनताको सेवाको नाममा आफ्नै सुख-सुविधा, धन-सम्पत्ति र साधन-स्रोत, वृद्धि गरेका अनि भ्रष्टाचार, राष्ट्रघात, जनहत्या र नैतिकता विरोधी काम-कारवाई गरेका कैयौं उदाहरणहरु देश-विदेश जहाँ पनि पाउन सकिन्छ । त्यसैले यस्ता प्रतिनिधिवाट जनता र राष्ट्रको सही प्रतिनिधित्व हुन सक्तैन । जब कुनै प्रतिनिधिवाट आफ्नो क्षेत्रको प्रतिनिधित्व हुन सक्तैन, तव ती प्रतिनिधिहरुलाई प्रत्याह्वान गर्ने अर्थात् फिर्ता बोलाउने र तिनको सट्टमा अरु नै सच्चा जनप्रतिनिधिहरु छानेर पठाउनु जनताको नैसर्गिक हक हो र हुनुपर्दछ । जनता सार्वभौम हुन् र जनताले आफ्ना प्रतिनिधिहरुलाई निर्देशन र नियन्त्रण गर्न पाउनुपर्छ अनि आफ्नो सही प्रतिनिधित्व गराउन पाउनुपर्छ भन्ने मान्यताअनुसार प्रत्याह्वानको व्यवस्था उचित र अनिवार्य छ । तर यो प्रत्याह्वानको अधिकार राजनीतिक प्रतिशोधबाट प्रेरित भई गर्न नहुने प्रति सचेत हुनु पर्दछ । यसको लागि निर्वाचित भएको कम्तिमा दुई वर्ष पूरा गरेपछि सम्बन्धित क्षेत्रको प्रतिनिधित्व हुन सकेन भनेर एउटा कार्यकालमा एकपटक मात्र प्रत्याह्वान गर्न पाउने गराउनु जरुरी छ । साथै, प्रत्याह्वान गर्दा सम्बन्धित राजनैतिक दलले पहल गरेको अवस्थामा दश प्रतिशत मतदाताले र अन्य दलले पहल गरेको अवस्थामा पैंतिस प्रतिशत मतदाताले हस्ताक्षर गरी कानून बमोजिम प्रत्याह्वान गरेर निर्वाचित प्रतिनिधि फिर्ता हुन सक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ । यसरी प्रत्याह्वान गर्दा प्रत्याह्वान गर्नेबारे जनमत संग्रह गर्ने र यसमा खसेको मतको वहुमतले प्रत्याह्वान गर्ने अभिमत जाहेर गरेमा सो प्रतिनिधि फिर्ता हुनेछ । र, तत्काल अर्को प्रतिनिधिको निर्वाचन गर्ने व्यवस्था गर्नु पर्दछ ।

५. निष्कर्ष

संविधानसभामा प्रतिनिधित्व गर्ने हामी सभासद्हरु आ-आफ्ना छुट्टाछुट्टै पृष्ठभूमिबाट आएका हुनाले हामीबीच अवधारणापत्रका सबै बिषयमा सहमति हुन नसक्नु स्वभाविकै हो । यो स्थितिमा अवधारणापत्रमा टेकेर संविधानको हाम्रो कार्यक्षेत्रभित्रको मस्यौदामा पनि फरक पर्ने कुरा स्वाभाविक र अनिवार्य परिणति नै हो । तथापि उपसमितिमा प्रत्यक्ष देखिएका र उल्लेख गरिएका यी र अन्य कार्यविधिसम्बन्धी केही अलिखित असहमतिहरुलाई समितिबाट सहमति गराउन प्रयत्न गर्नु हामी सबै समितिका सदस्यहरुको जिम्मेवारी र पहल हुन आवश्यक छ । यदि समितिमा पनि सहमति बन्न केही विषय अझै बाँकी रहेमा तिनलाई संविधानसभाको पूर्ण बैठकमा लगेर पनि सहमतिमा टुङ्ग्याउने प्रयत्न गर्नु हाम्रो कर्तव्य हुन आउँछ । त्यहाँ पनि कुनै हालतमा सहमति हुन नसकेका केही विषयहरुमा अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरे बमोजिम वा नयाँ राष्ट्रिय सहमति बनाएर हल गर्नु पर्दछ भन्ने हाम्रो पार्टीको र मेरो समेत राय रहेको छ । जहाँसम्म हामी गरिमामय संविधानसभाका जिम्मेवार सदस्यहरु भएको हैसियतले देश, जनता र क्रान्तिका सच्चा सेवकहरु भएको वा हुनुपर्ने नाताले, हामी पूर्ण, दीगो र स्थायी शान्तिका पक्षपाती भएको वा हुनुपर्ने वाध्यताले र हामी राष्ट्र र जनताको मुक्ति, स्वतन्त्रता, समानता, न्याय र बन्धुत्वको हिमायती भएको हाम्रो आफ्नै प्रतिवद्धताले हामी संविधानसभाका सम्पूर्ण सदस्यहरुले आ-आफ्नो दिल-दिमागले सोचेर अन्ततः हामी "वादे-वादे जायते तत्व बोधः" भन्ने निष्कर्षमै पुग्नेछौं र सकेसम्म पूर्ण सहमतिमा संविधान बन्ने-बनाउने स्थिति आउँदछ भन्ने लाग्दछ । त्यतिबेला अन्य समितिहरुमा देखिएका फरक मतहरु जस्तै हाम्रो यस व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिमा हाल देखा परेका यी फरक मतहरु पनि सर्वसम्मत वा दुई तिहाई मत वा कुनै सहमतिमा पुगेर टुङ्गिने छन् । यसरी टुङ्ग्याउने र देशलाई सर्वाधिक नयाँ, जनताको संविधान दिएर हामीलाई जनताले दिएको अभिभारा हामीले पूरा गर्नेछौं ।

१. मा. कल्पना धमला, एनेकपा (माओवादी)
२. मा. गमबहादुर श्रीष मगर, एनेकपा (माओवादी)
३. मा. जयराम दाहाल, एनेकपा (माओवादी)
४. मा. दावा तामाङ्ग, एनेकपा (माओवादी)
५. मा. धिरेन्द्राकुमारी उपाध्याय, एनेकपा (माओवादी)
६. मा. नन्दकुमार प्रसाई, एनेकपा (माओवादी)
७. मा. नारायणप्रसाद पौडेल, एनेकपा (माओवादी)
८. मा. निमा लामा, मनोनीत
९. मा. भिमप्रसाद गौतम, एनेकपा (माओवादी)
१०. मा. रामकुमार राई, एनेकपा (माओवादी)
११. मा. रुपा सो.सी. चौधरी, एनेकपा (माओवादी)
१२. मा. ललिताकुमारी साह, एनेकपा (माओवादी)
१३. मा. लक्ष्मण दत्त जोशी, एनेकपा (माओवादी)
१४. मा. सन्चपाल मादेन, एनेकपा (माओवादी)
१५. मा. संघप्रसाद थारु, एनेकपा (माओवादी)
१६. मा. हलिना खातुन सोखिन, एनेकपा (माओवादी)
१७. मा. ज्ञानेन्द्र कुमाल, एनेकपा (माओवादी)

फरक मत

१. अवधारणापत्रको शीर्षक पृष्ठभूमि (१.१) को तेस्रो हरफमा "अग्रगमनको प्राप्तिको लागि पछि जनताले शदियौंदेखि देशमा विद्यमान वर्गीय, जातिय, क्षेत्रीय, लैंगिक विभेद र निरंकुशताका विरुद्ध वि.सं. २००७, २०३६, २०४७ र २०६२/०६३ मा भएका ऐतिहासिक जनआन्दोलन ने.क.पा. (माओवादी) द्वारा संचालित १० वर्षे जनयुद्ध तथा तत्पश्चात् भएको मधेशी आन्दोलनहरु भएका छन्" भन्ने व्यवस्था समेत थप्नु पर्ने ।

२. अवधारणापत्रको शीर्षक संघीय (केन्द्रीय) व्यवस्थापिकामा इकाई (प्रदेश) को प्रतिनिधित्व (२.७) अन्तर्गत देहायको विषयहरु समेत समावेश गर्नु पर्ने :

"माथिल्लो सदनको हकमा संसारमा प्रचलित व्यवस्था अनुसार उक्त सदनमा प्रतिनिधित्वको प्रस्ताव गर्न उपयुक्त हुन्छ । (जातिय विविधता नभएको)

संसारमा भएका Mononational State जस्तै अमेरिका, स्वीटरल्याण्ड, अष्ट्रेलिया आदि मुलुकहरुमा प्रत्येक प्रदेशबाट समान रुपले माथिल्लो सदनमा प्रतिनिधित्व गरिएको हुन्छ भने Multinational State (जातिय, भाषिक, क्षेत्रीय विविधताले युक्त) जस्तै भारत, क्यानडा, बेल्जियम, जर्मनी आदि मुलुकहरुमा जनसंख्याको समानुपातिकता मिलाई प्रत्येक प्रदेशबाट फरक संख्यामा प्रतिनिधित्व गरिएको पाइन्छ ।

उदाहरण : Mononational State जस्तै अमेरिका, स्वीटरल्याण्डमा प्रत्येक प्रदेशबाट २/२ जनाको प्रतिनिधित्व रहने व्यवस्था छ भने अष्ट्रेलियामा १०/१० जनाको दरले प्रतिनिधित्व गराउने व्यवस्था रहेको पाइन्छ ।

त्यस्तै Multinational State को हकमा :

- भारतमा थोरै जनसंख्या भएको प्रदेशबाट १ जनाको मात्र प्रतिनिधित्व हुने व्यवस्था छ भने बढी जनसंख्या भएको प्रदेशबाट ३१ जनासम्मको प्रतिनिधित्व माथिल्लो सदनमा भएको देखिन्छ ।
- क्यानडामा ४ देखि २४ जनासम्मको प्रतिनिधित्व माथिल्लो सदनमा भएको देखिन्छ ।
- जर्मनीमा २ देखि ६ जनासम्मको प्रतिनिधित्व छ भने बेल्जियममा १ देखि २५ जनासम्मको प्रतिनिधित्व भएको देखिन्छ ।

सुझाव : नेपाल पनि Multinational State नै रहेकोले जनसंख्याको समानुपातिकताको आधारमा प्रदेशहरुको निर्क्यौल भैसकेपछि प्रतिनिधित्व गराइनु उपयुक्त हुने देखिन्छ ।"

१. मा. ओगप्रकाश यादव, म.ज.अ. फोरम
२. मा. विजयकुमार यादव, म.ज.अ. फोरम
३. मा. रेणुकुमारी यादव, म.ज.अ. फोरम

६. आर्थिक कार्यप्रणाली सम्बन्धमा :

- कर लगाउने र ऋण जमानत लिने दिने विषयहरु
- संचित तथा सरकारी कोषमाथिको व्ययभारका विषयहरु
- राजस्व व्यय लगायत अन्य आर्थिक कार्यविधि सम्बन्धी विषयहरु
- विनियोजन ऐन
- पूरक अनुमानका विषयहरु
- पेश्की खर्च सम्बन्धी व्यवस्था
- उधारो खर्चका विषयवस्तुहरु
- आकस्मिक कोष सम्बन्धी विषयहरु

७. विभिन्न तहका संघीय ईकाइका विधायिकाहरु बीचको अन्तरसम्बन्ध

८. माथि उल्लेखित विषयहरुको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने ।

कार्य विवरण

१. नागरिक सम्बन्ध र जनमत संकलन : जनमत संकलन तथा समन्वय समिति, नागरिक सम्बन्ध समिति तथा संविधानसभा सचिवालयसँगको आवश्यक समन्वयमा समितिको कार्यक्षेत्र सम्बन्धि विषयहरुमा जनताबाट व्यापक रुपमा सुझाव संकलन गर्ने, छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।

२. सवलिकरण तथा क्षमता विकास : क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समिति र संविधान सभा सचिवालयसँगको समन्वयमा समितिका माननीय सदस्यहरु तथा सचिवालय कर्मचारीहरु समेतका लागि संविधान निर्माणको प्रकृया, मस्यौदा कला र मस्यौदा विधि लगायत समितिको कार्यक्षेत्रका विषयमा अभिमुखिकरण कार्यक्रम, कार्यशाला गोष्ठी, अध्ययन अवलोकन समेतका गतिविधिहरु संचालन गर्ने ।

३. आधार तयार गर्ने : समितिको कार्यक्षेत्र अन्तर्गतका विषयवस्तुमा अवधारणा पत्र तयार गर्ने सम्बन्धमा नागरिकहरुबाट प्राप्त सुझाव, गोष्ठी, अन्तरकृया, छलफलबाट प्राप्त सुझावहरुको अध्ययन तथा संश्लेपण गर्दै अवधारणा पत्रको आधार तयार गर्दै जाने ।

४. अवधारणा पत्र निर्माण : केन्द्र तथा संघीय ईकाइको सदनहरुको आकृति ढाँचा लगायतका विषयको अवधारणा पत्र तयार गर्ने ।

५. प्रारम्भिक मस्यौदा : समितिको कार्यक्षेत्रभित्रका विषयगा तयार हुने अवधारणापत्रको आधारमा संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने ।

६. समितिको कार्यक्षेत्रभित्रको विषयमा प्रारम्भिक मस्यौदामाथि संविधानसभामा हुन छलफलमा उठेका विषयवस्तुका सम्बन्धमा समितिका तर्फबाट स्पष्ट पार्ने ।

अनुसूची-३ (क)

जनता, संघ संस्थाहरुबाट समितिलाई सिधै प्राप्त राय, सुझावको सार संक्षेप

सुझाव
१. केन्द्रीय तहः • केन्द्रीय व्यवस्थापिका सभा दुई सदनात्मक : - प्रत्यक्ष निर्वाचित भएर आउने बढीमा १०१ सदस्यीय जन प्रतिनिधिसभा - उपल्लो सदन जातीयसभा (हरेक जात, जातिहरुबाट एक एक जनाको प्रतिनिधित्व हुने र त्यसमा बढीमा १०१ जना निर्वाचित र ५ जना राष्ट्रपतिद्धारा नियुक्ति गरी जम्मा १०६ सदस्यीय) - केन्द्रदेखि स्थानीय तहसम्मका पदावधी ५ वर्षको । २. राज्य तहः - बढी मात्रामा जातजातिहरुको प्रतिनिधित्व हुने प्रकारले प्रत्यक्ष निर्वाचनको माध्ययमबाट निर्वाचित हुने ३१/३१ जनाको राज्य व्यवस्थापिकासभाको गठन हुनु पर्ने - विषेशतः आफ्ना राज्य क्षेत्रभित्रका उप-राज्यहरु, स्वायत्त इलाकाहरु र स्थानीय तहहरुलाई विकास लगायतका कार्यमा समन्वय र सहयोग पुऱ्याउनु पर्ने, - केन्द्रीय व्यवस्थापिकासभा राज्य व्यवस्थापिकासभाका सदस्यहरुलाई सभासद सरहको पहिलो र दोस्रो मान्यताको क्रममा राखिनु पर्ने । यस प्रकार देशमा केन्द्रीय तहमा २०७ र राज्य तहमा चार राज्यहरुबाट १२४ गरी सभासदहरुको संख्या जम्मा ३३१ जनाको हुन आउने । ३. उपराज्य तहः - जनताबाट प्रत्यक्ष निर्वाचित हुने बढीमा २१ सदस्यीय उपराज्यसभाको गठन गरिनु पर्ने, - आफ्ना इलाका भित्र गर्ने र हुने विविध प्रकारका विकास लगायतका कार्यको योजानाहरुको कार्यान्वयनको कार्य गर्ने प्रमुख जिम्मेवारी दिइनु पर्ने ४.स्वायत्त इलाका तहः - जन निर्वाचित बढीमा ११ सदस्यीय स्वायत्त इलाकासभाको गठन गरिनु पर्ने, - यो इलाका जातीय प्रकृतिको भएकोले जातिगत, भाषागत, धर्म संस्कार संस्कृति तथा परम्पराहरुको संरक्षण संवर्द्धन गर्ने प्रमुख कार्यको व्यवस्थापनका निम्ती कार्य गर्ने साथै यस समितिले इलाका स्तरिय विकासका योजनाहरु बनाउने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने र आफ्ना इलाका क्षेत्रभित्रका स्थानीय इलाकाहरुलाई विकास लगायतका कार्यहरुमा सहयोग पुऱ्याउने प्रकारको हुनु पर्ने । ५.स्थानीय तहः - स्थानीय जनताहरुलाई सेवा प्रदान गर्ने कार्यहरुमा सहयोग पुऱ्याउन बढीमा ९ सदस्यीय निर्वाचित सदस्यहरु रहको स्थानीयसभाको गठन हुनुपर्ने,
१. संसदको संख्या २ वटा हुनुपर्ने : (क) निर्वाचित १०५ भन्दा बढी नहुने (तल्लो सदन) तल्लो सदनमा निर्वाचित हुन कम्तिमा २५ बर्ष उमेर पुगेको हुनुपर्ने (ख) अप्रत्यक्ष ४५ भन्दा बढी नहुने (माथिल्लो सदन) माथिल्लो सदनमा निर्वाचित हुन कम्तिमा २५ बर्ष उमेर पुगेको हुनुपर्ने अप्रत्यक्ष तर्फ १५ जना राज्यले विशेषज्ञ/विज्ञहरु मध्येबाट र ३० जना स्थानीय निकाय र तल्लो सदनबाट गरी निर्वाचित गर्ने ।
१. व्यवस्थापकीय अंगको स्वरुप व्यवस्थापकीय अंगकोस्वरुप निम्न प्रकारको हुनु पर्ने ::- क. राष्ट्रिय/केन्द्रीय/संघिय ख. राज्य सभा/प्रान्तीय

हरेक संघमा प्रान्तीय राज्यसभा हुनुपर्ने । प्रत्येक प्रान्तीय क्षेत्रबाट एक–एक जना प्रतिनिधि निर्वाचनको माध्यमबाट राज्य सभामा प्रतिनिधित्व गराइनु पर्ने ।

हरेक प्रान्तीय राज्य सभाबाट एकएक जना निर्वाचित प्रतिनिधी राष्ट्रिय सभा सदस्यका लागि पठाइनु पर्ने ।

२. राष्ट्रिय सभाको निर्णय

– राष्ट्रिय सभाका सदस्यहरुले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने विज्ञहरुलाई मनोनित गरिनु पर्ने ।

– राष्ट्रिय सभाका सदस्यहरुले केन्द्रीय सरकार र सरकार प्रमुख बनाइनु पर्ने ।

१. विधायिकाको स्वरुप र गठन विधि

संघीय नेपालको व्यवस्थापिका दुई सदनात्मक हुनु पर्ने:

(क) प्रतिनिधी सभा : प्रत्येक राज्यबाट जनसंख्याको आधारमा राजनीतिक दलको माध्यमबाट समावेशी, आरक्षणको व्यवस्थाबाट ६६ प्रतिशत आदिवासी जानजातिहरुको सिट सुनिश्चित हुने गरि निर्वाचन गरी पठाएका प्रतिनिधीहरु र बाँकी ३४ प्रतिशत अन्य समुदायबाट समावेशी तरिकाले निर्वाचनको माध्यमबाट भएका प्रतिनिधीहरुको सभा

(ख) जातीय सभा : संघीय जातिय सभामा नेपालभरका प्रत्येक जातिबाट एक जाति एक प्रतिनिधिको आधारमा गठन हुने ।

२. प्रदेश/राज्यमा पनि दुई सदनात्मक हुनुपर्दछ

(क) विधान सभा (ख) जातीय सभा

(क) विधान सभा

- विधान सभामा राजनीतिक दलहरुको माध्यमबाट स्वायत्तता भएका आदिवासी जनजातिहरुले कूल सदस्य संख्याको ६६ प्रतिशत सिट अग्राधिकारका रुपमा सुनिश्चित हुने गरि निर्वाचन गरी पठाउने छन् ।
- बाँकी ३४ प्रतिशत सिटका लागी बाँकी प्रत्येक जात जाति समुदायको प्रतिनिधी सुनिश्चित हुनेगरी जनजसंख्याको आधारमा समानुपातिक निर्वाचन पद्धतिबाट ४ वर्षका लागि निर्वाचन गरी पठाएका प्रतिनिधीहरुको सभालाई विधान सभा जनाउने छन् ।

(ख) जातीय सभा

- प्रत्येक जातजाति वा समुदायको २ जना प्रतिनिधि (१ महिला र १ पुरुष) का दरले निर्वाचित प्रतिनिधिहरुबाट जातिय सभाको गठन हुनु पर्ने ।
- पदावधी ४ वर्षको हुनु पर्ने ।

विधायिकाहरु बीचको अन्तर्सम्बन्ध

- एक स्वायत्त राज्यको विधायक अर्को राज्य वा प्रान्तमा विधायिक हुन नपाउने ।
- खाद्यान्न, औषधी, दैनिक अति आश्यकका वस्तु, स्थल, जल वा हवाईमार्गको प्रयोगमा कुनै पनि अवस्थामा एक राज्यले अर्को राज्यमाथि नाका लगाउन नसक्ने व्यवस्था हुनु पर्ने । एक राज्यले अर्को राज्यमा आतंककारी कार्य गर्न नसक्ने व्यवस्था हुनु पर्ने ।
- एक राज्यले अर्को राज्यको अधिकारको हनन गर्न नसक्ने व्यवस्था हुनु पर्ने ।
- कर प्रणाली, नागरिक सुरक्षा, प्राकृतिक स्रोतको बाँडफाँडमा सबै प्रान्तका सरकारहरुबीच एकरुपता हुनु पर्ने व्यवस्था हुनु पर्ने ।

व्यवस्थापिका :-

- दुई सदनात्मक जातिय सभा र जनप्रतिनिधि सभा ।
- प्रादेशिक र स्वशासित सभाहरु रहने व्यवस्था । जातिय जनसभा, प्रतिनिभि सभा, स्वाशासित जातिय प्रादेशिक जनसभा, स्वाशासित जातिय इलाका सभा, स्वाशासित सुदाय इत्यादि ।

विभिन्न संघीय एकाइमा विधायिकाको गठन :-

- सबै जातजाति, आदिवासी जनजाति र समुदायको जनसंख्याको आधारमा समानुपातिक निर्वाचन प्रणलीद्वारा निर्वाचित प्रतिनिधिहरुबाट निर्माण हुनुपर्ने ।
- थोरै जनसंख्या भएका अल्पसंख्या जनसमुदायबाट पनि कम्तिमा एक जना प्रतिनिधित्व अनिवार्य गराउनु पर्ने व्यवस्था हुनु पर्ने ।

विभिन्न तहका संघीय एकाईका विधायीकाहरु बीचको अन्तरसम्बन्ध :-

आपसी हितका लागि एक अर्कासंग समानताको आधारमा सम्बन्ध विकाश गर्नु पर्ने र आफ्नो प्रदेशको हितका निमित्त आर्थिक, समाजिक, सांस्कृतिक तथा भौतिक विकासका सम्बन्धहरुलाई सुदृढ गर्नको लागि समन्वयात्मक भुमिका प्रान्तहरुले निर्वाह गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

व्यवस्थापन कार्यविधि :-

सबै क्षेत्रहरुमा त्यस क्षेत्रको जाति, जनजाति सम्पूर्णको समग्र आर्थिक विकाशका लागि योजना र कार्यान्वयन गर्ने अधिकार हुनु पर्ने । साथै आर्थिक निर्माण कार्यहरुमा सबैलाई समूहगत रुपमा सहभागी गराउने अवसर र वातावरण सृजना गरिनु पर्ने ।

१. व्यवस्थापकिय स्वरुप (केन्द्र र प्रान्त वा राज्य दुवैमा उस्तै)

(क) प्रतिनिधी सभा (पहिलो सदन) (ख) जातीय सभा (दाश्रो जातिय सदन)

व्यवस्थापकीय अङ्गको स्वरुप निर्धारण समिति

- केन्द्रीय र राज्य वा प्रान्त तह दुबैको व्यावस्थापिकामा नीति निर्माणको लागि सन्थाल लगायत सिमान्तकृत र लोपोन्मुख आदिवासी जनजातिहरुको अनिर्वाय सहभागिताको सुनिस्चितता हुने व्यवस्था संविधानमा गर्नु पर्दछ ।

संघिय इकाईहरुबीच अर्न्तसंवन्ध

- विभिन्न तहमा संघीय एकाइमा विधायकहरुबीच आपसी सद्भाव सम्मान, मित्रता, पारदर्शिता हुनुपर्ने ।
- संघिय इकाईहरुवीच सांस्कृतिक, आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा भाई बन्धुत्वको अर्न्तसम्बन्ध कायम गरि प्रतिस्पर्धात्मक नभई सहयोगात्मक सम्बन्ध रहने व्यवस्था संविधानमा उल्लेख गर्नु पर्ने ।
- स्वायत्त राज्य वा प्रान्तहरुमा आफ्नै किसिमको नियम कानुन रहे तापनि केन्द्रिय तहको नीतिलाई संवैधानीक रुपमा निर्मित केन्द्रीय कनुनलाई सबैले समान रुपमा पालना गर्ने व्यवस्था हुनु पर्ने ।

१. विभिन्न संघिय इकाइमा विधाइकाको स्वरुप र गठन विधि

क) केन्द्र :

व्यवस्थापिका : केन्द्रमा एक संघिय २ सदनात्मक व्यवस्थापिका : उपल्लो सदनमा महिला ५, जनजाति ५, वर्गिय संगठन ५, अपाङग १, विज्ञ १४ गरी ३० जना रहने, त्यसको अध्यक्ष विज्ञवाट र उपाध्यक्ष महिलावाट चयन गर्ने र तल्लो वा प्रतिनिधि सभामा हरेक स्थानीय निकाय (स्थानीय निकाय भन्नाले नगरपालीका र गाँउ विकास समिति यीनको संख्या १००० वा १५०० वा जति हुन्) वाट हरेक १ लाख मतदातावाट १ सभासद वा हाल कायम रहेको २०५ सांसद सदस्य रहने व्यवस्था गर्ने । यसको कार्यकाल ५ बर्षको हुनुपर्ने ।

ख) क्षेत्रीय :

क्षेत्रीय राज्य सभा : नेपालमा हिमाल, पहाड र तराइ समेट्ने गरी क्षेत्रगत आधारमा ५ वटा (हालकै ५ वटा क्षेत्रलाई एक संघ कायम गर्ने) संघ वा क्षेत्र वनाउने व्यवस्था गर्ने । जति धेरै संघिय राज्य वनायो उति धेरै खर्च लाग्दछ । हरेका क्षेत्र वा राज्यमा एक सदनात्मक व्यवस्थापिका सभा रहने । त्यसमा हरेक नगरपालीका र गाँउ विकास समिति (जिल्ला) वाट कम्तीमा १ र जनसंख्याको समावेसी हिसावले वढीमा ५ गरी जम्मा १५० जना क्षेत्रीय सभासद रहने व्यवस्था गरिनु पर्ने ।

ग) स्थानीय :

स्थानीय व्यवस्थापिका

१. देशलाई संघिय व्यवस्थामा लैजादा देशको शासन व्यवस्थालाई ३ तहमा विभाजन गदाको अवस्थालाई विचार गर्दा र स्थानीय निकाय भन्नाले स्थानीय नगरपालीका र गाँउ विकास समिति १००० देखि १५०० सम्मको संख्यामा विभाजन गरिनु पर्ने ।

२. स्थानिय स्वयत्त शासन ऐन २०५५ मा उल्लेख भएको मापदण्ड पुगेका स्थानहरुमा नगरपालिका वढाउदै जाने र गाउ विकास समितिको संख्या कम गराउदै जाने पर्ने ।

३. नगरपालिका र गाउँ विकास समितिको निर्माण हालको स्थानिय स्वयत्त शासन ऐन २०५५ मा उल्लेख भए बमोजिमनै गर्ने ।

४. नगरपालिका र गाउँ विकास समितिको क्षमता र स्तर वढाइनु पर्ने ।

५. जिल्लाको विकास निर्माणको काम गर्ने कार्यालयहरुले स्थानीय निकायको आवस्यकता अनुसारको काम गर्ने।

- विभिन्न तहका संघिय इकाइमा विधायिकाहरु विचको अन्तर सम्बन्ध

कार्यक्षेत्र	केन्द्रीय विधायिका	क्षेत्रीय विधायिका	स्थानीय विधायिका
वित्तिय व्यवस्था			
कानूनको निर्माण			
नीति निर्माण			
अनुगमन र मूल्यांकन			
सन्धी संझौता			

१. संघीय राज्यमा दुई सदनात्मक संसद रहने :

- केन्द्रीय व्यवस्थापिकाको गठन दुई सदनात्मक हुनुपर्ने ।
  - जातीय सभा (माथिल्लो सदन स्थानीय) ।
  - प्रतिनिधी सभा (तल्लो सदन)
- जातीय सभामा प्रत्येक दुई वर्षमा एकतिहाई प्रतिनिधीहरुको पदावधि समाप्त हुने र उक्त ठाँउमा यथासिग्र पदपुर्ती गरिनु पर्ने ।
- केन्द्र विधायक केन्द्रतहको कानुन नीति नियम बनाउनमा सर्वभौम हुनुपर्ने ।
- संघीय राज्यका विधायकहरु राज्यको आवश्यक्ता र हीतलाई आधारमानी कानुन बनाउने तर यस अवश्थामा केन्द्र सरकार र राज्य सरकारले समग्र देशको हीतलाई ध्यानमा राखी नियम कानुनको तर्जूमा गरिनु पर्ने ।
- केन्द्रस्तरका विधायकहरु केन्द्रको आर्थिक विनियोजन र प्रान्त स्तरका विधायकहरु प्रान्तको आर्थिक विनियोजन गर्न सार्वभौम हुनुपर्ने।
- 'कोच राज्य' आदिवासीहरुको वाहुल्यता भएको राज्य हो । यस राज्यमा तराई आदिवासीहरुको अग्राधिकार रहनु पर्ने । तराई आदिवासीहरुको नाम अनुसूचिमा उल्लेख गरिनु पर्ने ।

१. विभिन्न संघीय एकाइमा विधायकको स्वरुप र गठन विधि:

- प्रान्त र केन्द्र दुवैमा एक प्रतिनिधि सभा र एक जातिय सभाको निर्माण गरिनुपर्ने ।
- अब बन्ने संघीय विधायक जातियताको आधारमा गरिनुपर्नेछ ।
- जातियताकै आधारमा पालैपालो राज्यमा राष्ट्रपति, प्रधानमन्त्री तथा मुख्य मन्त्री बनिनु पर्ने ।

२. विभिन्न तहमा संघीय एकाइमा विधायकहरुबीचको अन्तरसम्बन्ध निर्धारण

विभिन्न तहको संघीय विधायकहरुको सम्बन्ध सहकार्य स्वरुप कार्य गर्नु पर्ने ।

३. व्यवस्थापन कार्य विधि सम्बन्ध

व्यवस्थापन कार्यविधिमा विधायकको कार्यअवधि सुनिश्चित तथा समय तोकिएको हुनुपर्ने ।

४. आर्थिक व्यवस्थापन सवालमा राज्यमा उठेका भौगोलिक करहरु तराईमूल माझीलाई पनि व्यवस्था गरिनुपर्ने ।

विभिन्न संघीय इकाईमा विधायिकाको स्वरुप र गठन विधि

१. विधायिकाको सङ्ख्या निर्धारण गर्दा प्रत्येक राज्यमा ५०,००० जनसङ्ख्या बराबर एक जना विधायकको चयन हुने व्यवस्था हुनु पर्ने ।

गठन विधि

१. मतदाताको उमेर १६ वर्ष उमेर पुरा भएको हुनुपर्ने ।
२. उम्मेद्वार चयन गर्दा अनिवार्य रुपले आदिवासी, पिछडीएको, सिमान्तकृत वर्ग, समुह, लिङ्ग, धर्म, भाषालाई समेटने प्रकारको कानुनमा नै प्रष्ट व्यवस्था हुनु पर्ने ।

विभिन्न तहका संघीय इकाईका विधायीकाहरुवीचको अन्तर सम्वन्ध निर्धारण

१. संघीय राज्य प्रणालीमा निर्माण हुने हरेक प्रान्तिय राज्यहरुवीच राज्य संचालनमा सहयोग हुने खालको ऐन कानुन निर्माण गर्नु पर्ने ।
२. हरेक राज्यका विभिन्न तहहरुलाई आवश्यकता अनुसार स्वायत्तता प्रदान गरिनु पर्ने ।
३. हरेक राज्यमा निर्मित उक्त तल्लो तहका इकाईहरुलाई राज्यको नीतिले प्रत्यक्ष निरिक्षण, नियन्त्रण, निगरानी र मुल्याङ्कन गर्ने व्यवस्था हुनु पर्ने
४. प्रान्तिय राज्य विकासको लागि प्रान्तिय राज्य हरुवीच आपसी सदभाव, सहयोग र सम्झदारी कायम रहनु पर्ने कानुनी व्यवस्था हुनु पर्ने ।

व्यवस्थापन कार्यविधि सम्बन्धमा

१. प्रत्येक राज्य सरकारले आफ्नो राज्य संचालनको लागि छुटा छुटै सुहाउदो कानुन निर्माण गर्न पाउने व्यवस्था हुनु पर्ने ।
२. राज्यमा उपलब्ध प्राकृतिक सम्पदाको सदुपयोग राज्यको क्षमता भन्दा बाहिर भए केन्द्रीय सरकारको सहकार्यमा उपयोग गर्नु पर्ने व्यवस्था हुनु पर्ने ।

आर्थिक व्यवस्थापन विधि

१. हरेक राज्य इकाईले आर्जन गर्ने आय श्रोतलाई आफ्नै राज्य विकास वा निर्माण कार्यमा उपयोग गर्न पाउने कानुनी व्यवस्था हुनुपर्ने ।
२. राज्यको बिकास निर्माणमा आवश्यक पर्ने थप विभिन्न कार्यको लागि आवश्यकता अनुसार केन्द्रीय राज्य र अन्य प्रान्तीय राज्यले पनि आर्थीक, भौतीक तथा प्राविधीक सहगोगको आदानप्रधान गर्न सक्ने कानुनमा प्रष्ट व्यवस्था हुनुपर्ने ।
३. केन्द्रीय राज्यलाई आर्थिक रुपले सक्षम बनाउन हरेक राज्यले आफ्नो कुल आम्दानीको २५% केन्द्रीय राज्यलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था किटान हुनु पर्ने ।

समितिको कार्य क्षेत्रसँग सम्वन्धीत अन्य कुराहरु

१. प्रत्येक राज्यमा अशल राज्य संचालनका लागि विभिन्न समितिहरु निर्माण गर्नु पर्ने र ती समितीहरुलाई राज्य सरकारबाट सकेसम्म स्वतन्त्रता र स्वायत्तता प्रदान गर्नु पर्ने कानुनी व्यवस्थाको साथसाथै तिनीहरुको काम कार्यवाही प्रति राज्य सरकारको प्रत्यक्ष निगरानी र मुल्याङ्कन हुनुपर्ने कानुनी व्यवस्था हुनु पर्ने ।

व्यवस्थापिकाको स्वरुप : व्यवस्थापिका जातिय सभा सहितको दुई सदनात्मक हुनु पर्ने ।

व्यवस्थापिकाको निर्वाचन विधि : समानुपातिक निर्वाचन प्रणाली हुनु पर्ने ।

व्यवस्थापिकाको आकार : सांसद तथा विधायकहरुको संख्या हालको भन्दा कम हुनु पर्ने ।

व्यवस्थापिकामा उराव जातिको प्रतिनिधित्व

- केन्द्र र प्रान्त दुवैको दुवै सदनमा वैज्ञानिक विधिको अवलम्बन गरि उराव लगायतका अति सिमान्तकृत समुदाय समुदायहरुको अनिवार्य प्रतिनिधित्व हुने आरक्षणको व्यवस्था संविधानले गर्नु पर्ने ।

विधायिकाहरु वीचको अर्न्त सम्वन्ध

- एक स्वायत्त राज्यको विधायक अर्को राज्य वा प्रान्तमा विधायिक हुन नपाउने ।
- खाद्यान्न, औषधी, दैनिक अति आश्यकका वस्तु, स्थल, जल वा हवाईमार्गको प्रयोगमा कुनै पनि अवस्थामा एक राज्यले अर्को राज्यमाथि नाका लगाउन नसक्ने व्यवस्था हुनु पर्ने ।

- एक राज्यले अर्को राज्यमा आतंककारी कार्य गर्न नसक्ने व्यस्था हुनु पर्ने ।
- एक राज्यले अर्को राज्यको अधिकारको हनन गर्न नसक्ने व्यवस्था हुनु पर्ने ।
- कर प्रणाली, नागरिक सुरक्षा, प्राकृतिक स्रोतको बाँडफाँडमा सबै प्रान्तका सरकारहरु बीच एकरुपता हुनु पर्ने व्यवस्था हुनु पर्ने ।

- व्यवस्थापिकीय अंगको सबै तहमा महिला प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरिनु पर्ने ।
- उपल्लो सदन प्रान्तिय, जातिय तथा स्थानीय तथा क्षेत्रीय तहका निकायहरु गठन गर्दा लैंगिक रुपले समानुपातिक र समावेशी प्रतिनिधित्व हुने संवैधानिक ग्यारेन्टी हुनुपर्ने ।

सबै सदनका सभामुखहरुको छनौट सम्बन्धित सदनका सदस्यहरुमध्येबाट गरिनु पर्ने ।

व्यवस्थापिका	सदस्य संख्या	छनौट प्रक्रिया	उम्मेदवार बन्न आवश्यक सिफारिश संख्या	पदावधि
तल्लो सदन	२०५	राष्ट्रिय आम निर्वाचन	२००	५ वर्ष
माथिल्लो सदन	८५	३५ जना क्षेत्रीय सभाबाट, ४० जना राष्ट्रिय आम निर्वाचनबाट र १० जना मनोनित गर्ने	२००	६ वर्ष (तिन वर्ष खप्टिने)
क्षेत्रीय सभा	४५	क्षेत्रगत स्थानीय निर्वाचन	१००	४ वर्ष
स्थानीय सभा				
शहर	२१-३१		५०	
नगर	१५-२१	स्थानीय निर्वाचन	३०	४ वर्ष
गाउँ	७-११	स्थानीय निर्वाचन	२०	४ वर्ष
		स्थानीय निर्वाचन		४ वर्ष

१. केन्द्रीय/संघिय व्यवस्थापिकाको व्यवस्था :

- पूर्ण समानुपातिक निर्वाचन प्रणाली (७०% जनसंख्याको प्रतिशतको आधारमा बन्द सूची र ३०% क्षतिपूर्ति र आवश्यकताको आधारमा खुल्ला सूची वा स्वतन्त्र सूचीद्वारा निर्वाचित हुने तल्लो सभामा चार जिल्लाको एक प्रतिनिधि पर्ने गरी करिब २०० जना निर्वाचित सदस्य हुनु पर्ने ।)
- माथिल्लो सभामा प्रत्येक राज्यबाट ५ जनाका दरले (२ जना तल्लो सभाबाट, २ जना राज्यको व्यवस्थापिकाबाट र एकजना जिल्लाका व्यवस्थापिकाबाट एकल संक्रमणीय मतको आधारमा) निर्वाचित हुने व्यवस्था हुनु पर्ने ।

२. राज्यको व्यवस्थापिका :

- एक सदनात्मक (प्रत्येक जिल्लाबाट एक जना प्रतिनिधि पर्ने गरी पूर्ण समानुपातिक बन्द सूचीबाट निर्वाचित बढीमा १०० जना सदस्यको व्यवस्था हुनु पर्ने)

३. जिल्लाको व्यवस्थापिका :

- लोक (जन) केन्द्रबाट एक जना प्रतिनिधित्व हुने गरी पूर्ण समानुपातिक बन्द सूची

४. व्यवस्थापिकाको काम, कारवाहीको व्यवस्थापन :

सबै तहका व्यवस्थापिकामा दलीय ह्विप लाग्न नसक्ने व्यवस्था गरी प्रत्येक विषयमा वर्गीय, जातिय, क्षेत्रीय र लैंगिक मुद्दाहरुमा आत्म निर्णयको व्यवस्था समेत गरिनु पर्ने ।

१. केन्द्रीय (प्रतिनिधि) सभा :

- सदस्य संख्या : १०५-२१५ जनासम्म
- महिला, दलित, जनजाति, मधेशी, पिछडिएको क्षेत्रको समावेशिकरणका लागि मनोनित ५० जना
- मन्त्रिपरिषद्बाट देशका महत्वपूर्ण व्यक्तिहरुबाट मनोनित ५-७ जनासम्म

२. संघिय (प्रान्तिय) संसद :

- सदस्य संख्या : २०-४५ जनासम्म (२५ जना बालिग मताधिकारबाट निर्वाचित, १५ जना विशिष्ट भौगोलिक आधार, महिला, जनजाति एवं पिछडिएको जातजातिको समावेशिकरणका लागि १५ जना र मनोनित ५ जना)

दुवै संसदका सदस्यको लागि स्नातक तहसम्मको न्यूनतम शैक्षिक योग्यता किटान गरिनु पर्ने ।

१. केन्द्रीय व्यवस्थापिका (दुई सदनात्मक) :

- माथिल्लो सदन : संघियसभा (६० जना)

  निर्वाचन प्रणाली : एकल संक्रमणीय मतको आधारमा १२ प्रान्तको ४८ जना (प्रत्येक प्रान्तबाट दुई पुरुष र दुई महिला)

  अल्पसंख्यक, सीमान्तकृत, दलित, यौनिक तथा लैंगिक अल्पसंख्यक र अपाङ्ग समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न १२ जना मनोनित

  पदावधि : ६ वर्ष (स्थायी सदन हुनुपर्ने र एक तिहाई सदस्यको पदावधि प्रत्येक २ वर्षमा समाप्त हुने व्यवस्था हुनुपर्ने)

  सदस्यको योग्यता : नेपालको नागरिक, ३५ वर्ष पूरा भएको, कुनै कानूनले अयोग्य नठहरिएको, कुनै लाभको पद धारण नगरेको ।

- तल्लो सदन : प्रतिनिधिसभा (२०१ जना)

  निर्वाचन प्रणाली : गोप्य मतदानद्वारा क्षतिपूर्तिय मिश्रित प्रणाली, हरेक निर्वाचन क्षेत्रबाट एक महिला र एक पुरुष निर्वाचित हुने व्यवस्था हुनुपर्ने, प्रत्येक मतदाताले एक मत महिला उम्मेदवारको लागि प्रयोग गर्नुपर्ने

  पदावधि : ५ वर्ष

  उम्मेदवारको योग्यता : नेपालको नागरिक, २५ वर्ष पूरा भएको, कुनै लाभको पद धारण नगरेको ।

  मतदाताको उमेर : १६ वर्ष पूरा भएको ।

२. प्रान्तीय व्यवस्थापिका (दुई सदनात्मक) :

- तल्लो सदन : जनप्रतिनिधिसभा (बढीमा १०० जना, ५०% प्रत्यक्ष निर्वाचन, ५०% समानुपातिक प्रणाली)
- माथिल्लो सदन : प्रान्तीयसभा (बढीमा ५१ जना, जातिय तथा लैंगिक जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने समानुपातिक निर्वाचन प्रणालीद्वारा गठन हुने)

---

१. संघिय राष्ट्रिय मन्च :

- दुई सदनात्मक विधायिक (भौगोलिक विकटताका आधारमा विशेष प्रतिनिधित्वको व्यवस्था सहित)

२. कर्णाली स्वायत्त प्रादेशिक राज्य

- कर्णाली प्रादेशिक विधानसभा (एक सदनात्मक)

- संसद सदस्य संख्या : १४५ जना
- निर्वाचित सदस्य : १०५ जना
- मनोनित सदस्य : २०/२० जना सदस्य राष्ट्रपति र मन्त्रिपरिषद्बाट

---

१. विभिन्न संघिय इकाईका विधायिकीको स्वरुप र गठन विधि :

- स्वायत्त राज्य सभा एक सदनीय हुनुपर्ने (राज्यमा बस्ने सबै जातजाति तथा लिंगको पूर्ण समानुपातिक प्रतिनिधित्व भएको)
- पूर्ण समानुपातिक निर्वाचन प्रणाली
- राज्य सभामा निर्वाचित जनप्रतिनिधिहरु, स्वायत्त जिल्ला तथा इलाकाका प्रमुखहरुको प्रतिनिधित्व हुनुपर्ने ।

---

१. व्यवस्थापिकाको गठन :

- केन्द्रीय तह (दुई सदनात्मक) : प्रतिनिधिसभा र राज्यसभा
- प्रान्तीय तह (एक सदनात्मक) : प्रान्तीय विधानसभा

२. निर्वाचन प्रणाली : समानुपातिक

हरेक राज्यलाई कानून बनाउने तथा कानून संशोधन गर्ने अधिकार हुनुपर्ने ।

---

१. संघिय ईकाईहरु (चार तह) :

- केन्द्रीय तह (दुई सदनात्मक) : जनप्रतिनिधिसभा (तल्लो सदन) र लोकसभा (माथिल्लो सदन)

२. निर्वाचन प्रणाली (तल्लो सदन) : प्रत्यक्ष निर्वाचन प्रणाली ७५%, समावेशी सिद्धान्त अनुरुप समानुपातिक निर्वाचन प्रणाली २५%

माथिल्लो सदन : संघिय प्रान्तीय परिषद् प्रमुखहरु पदेन, जिल्ला स्वायत्त क्षेत्र वा इकाई क्षेत्रभित्रका अल्पसंख्यक, लोपोन्मुख, जनजाति, पिछडिएका वर्ग, महिला, समाजसेवी, बुद्धिजीवीको प्रतिनिधित्व : कुल सदस्य संख्याको ५०% (मनोनित)

- प्रान्तीय तह (एक समिति) : प्रान्तीय संयुक्त वा सर्वदलीय समिति

• जिल्ला तह : जिल्ला संयुक्त (सदन) र जिल्ला परिषद् • गाउँ वा स्थानीय इकाई (दुई तह) : स्थानीय समिति र जनसभा ।
• केन्द्रीकृत र एकात्मक प्रतिनिधिसभा • निर्वाचन प्रणाली : बालिग मताधिकारको आधारमा बढीमा १ लाख मतदाता बराबर १ जना प्रतिनिधिको आधारमा बढी मत ल्याउनेले जित्ने प्रणाली । • प्रतिनिधिसभाको अवधि : ५ वर्ष • उम्मेदवारको योग्यता : स्नातक हासिल गरेको, ४० वर्ष पूरा भै ६५ वर्ष ननाघेको र कुनै कानूनले अयोग्य नठहरिएको ।

- संघीय (केन्द्रीय) विधायक माष्टर डिग्री गरेको,
- इकाई (प्रदेश) विधायक स्नातक पास हुनु पर्ने,
- केन्द्रीय विधायक ५० वर्ष पुगेको हुनु पर्ने,
- प्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनिनु पर्ने
- केन्द्रीय विधायक संख्या ७५ मात्र राख्नु पर्ने
- विधायकको तलब रु. १०,०००।- भन्दा कम दिनु पर्ने ।

अनुसूचीहरू

अनुसूची-१

समितिका माननीय सदस्यहरुको विवरण

सभापतिः मा. श्री रमेश रिजाल

क्र.सं.	नाम	कैफियत	क्र.सं.	नाम	कैफियत
१.	अच्युतराज पाण्डे	मिति २०६५।१०।६ देखि ०६६।२।२१ सम्म	२५	बाबुलाल पासवान	मिति ०६५।९।२६ सम्म
२.	उर्मिला महतो कोईरी		२६	भिमप्रसाद गौतम	
३.	ओमप्रकाश यादव		२७	महेन्द्रध्वज जि.सी.	
४.	कल्पना धमला		२८	महेश प्रसाद यादव	
५.	किरण गुरुङ		२९	मानसिंङ्ग राजवंशी	
६.	केशवकुमार बुढाथोकी	मिति २०६६।२।२१ देखि	३०	यशोदादेवी अधिकारी	
७.	कृष्णा अमात्य		३१	युवराज कार्की	
८.	गमबहादुर श्रीष मगर		३२	रामकुमार राई	
९.	चलन बहादुर तामाङ्ग		३३	रामसरोज यादव	
१०.	जयराम दाहाल		३४	रामेश्वर प्रसाद रौनियार	
११.	जुलीकुमारी महतो		३५	रुपा सो.सी चौधरी	
१२.	डम्बर सिंह सम्वाहाम्फे		३६	रेणु कुमारी यादव	
१३.	दान ब. कुर्मी (चौधरी)		३७	ललिता कुमारी साह	
१४.	दामोदर चौधरी		३८	लक्ष्मण दत्त जोशी	
१५.	दावा तामाङ		३९	विजय कुमार यादव	
१६.	देविलाल थापा		४०	विश्वनाथ प्रसाद अग्रवाल	
१७.	धिरेन्द्राकुमारी उपाध्याय		४१	शीला कतिला	
१८.	नन्दकुमार प्रसाई		४२	सन्चपाल मादेन	
१९.	नविन्द्रराज जोशी	मिति २०६५।१०।६ सम्म	४३	संघप्रसाद थारु	
२०.	नारायणप्रसाद पौडेल		४४	सावित्रा गुरुङ्ग दुरा	मिति ०६५।९।२६ सम्म
२१.	निमा लामा		४५	हलिना खातुन सोखिन	मिति ०६५।९।२६ देखि
२२.	पूर्ण बहादुर खड्का		४६	ज्ञानेन्द्र कुमाल	मिति ०६५।९।२६ देखि
२३.	प्रमिला राई				
२४.	बवन सिंह				

मा. सभापतिको अनुमतिले समितिको बैठकमा भाग लिनु हुने माननीय सदस्यहरु :

१. आत्मारामप्रसाद शाह
२. विमलकुमार केडिया

अनुसूची-२

समितिको कार्य क्षेत्र र कार्य विवरण

समितिको कार्य क्षेत्र

१. केन्द्र र संघीय ईकाइका संसदको आकृति, ढांचा तथा प्रारुप सम्बन्धमा :

- केन्द्र तथा ईकाइका विधायिका कति सदनात्मक हुने, संसदमा राष्ट्रपति/गभर्नर रहने, नरहने
- केन्द्रीय विधायिकामा ईकाइको प्रतिनिधित्व कसरी गर्ने, गराउने
- संसदको परिभाषाभित्र राज्यप्रमुख/ईकाइ प्रमुख रहने, नरहने
- संसदको सदस्य संख्या र संख्या निर्धारणका आधारहरु पहिचान गर्ने
- सदनको नामाकरण ।

२. केन्द्र तथा संघीय ईकाइका संसदको कार्यकाल तथा विघटन सम्बन्धमा :

- सदनको कार्यकाल कति रहने,
- विघटन सम्बन्धी व्यवस्था (राख्ने/नराख्ने, कसले विघटन गर्ने, विघटनका पूर्व शर्त रहने/नरहने)
- संकटकालका अवस्थामा कार्यकाल कसरी व्यवस्थापन गर्ने ।

३. निर्वाचन प्रकृयाका आधारभूत विषयवस्तुहरु :

- उम्मेदवारको योग्यता/अयोग्यता
- राज्यको शासकीय स्वरुप निर्धारण समितिसंग समन्वय गरी व्यवस्थापिकीय अङ्गहरुको गठनमा लागू हुने निर्वाचन पद्धति र सो को प्रक्रिया निर्धारण गर्ने ।
- पदरिक्तता, पदपूर्ति सम्बन्धी व्यवस्था

४. व्यवस्थापिकीय अंगहरुको संचालनका प्रकृयाहरु

- सभाका प्रमुख/उपप्रमुखको निर्वाचन, शपथ, तटस्थता, पदपूर्ति व्यवस्था, रिक्तता आदिका बारेमा
- बैठकको गणपूरक संख्या सम्बन्धमा
- अधिवेशनको आह्वान र अन्त्य सम्बन्धी व्यवस्था
- विशेषाधिकार तथा बहसमा बन्देज सम्बन्धी व्यवस्था
- सदनमा मताधिकार सम्बन्धी व्यवस्था
- समितिहरुको पहिचान तथा गठन प्रकृया
- विश्वासको मत सम्बन्धी व्यवस्था
- सचिवालय सम्बन्धी व्यवस्था (महासचिव/सचिव)

५. व्यवस्थापन कार्यविधि सम्बन्धमा :

- केन्द्र तथा संघीय ईकाइहरुमा विधेयक प्रस्तुत गर्ने विधि तथा प्रकृया
- विधेयक पारितमा दुइ सदन बीच द्वन्द वा असामन्जस्यता उत्पन्न भएमा सो को समाधान गर्ने संयन्त्र (मध्यस्थता समिति वा संयुक्त समिति)
- सरकारी तथा गैर सरकारी विधेयकका विषयवस्तु
- अर्थ विधेयक र यसको क्षेत्र
- विधेयक पास हुने विधि तथा प्रकृयाहरु
- विधेयक फिर्ता लिने सम्बन्धी व्यवस्था
- विधेयकमा स्वीकृतिका प्रकृयाहरु तथा प्रमाणिकरण
- अध्यादेशको प्रकृति, स्वरुप र प्रकृयाहरु ।

अनुसूची-३ (ख)

विभिन्न ४० वटा राय सुझाव संकलन टोलीले दिएका प्रतिवेदनमा उल्लिखित समितिसंग सम्वन्धित सुझावहरु

टोली नं १ (झापा/इलाम)

- संघीय र राज्य स्तरमा गरी २ तहका विधायिका अङ्ग हुनु पर्ने,
- विधायकहरुको संख्या सानो वनाउनु पर्ने,
- केन्द्रमा दुई सदनात्मक व्यवस्था हुनु पर्ने,
- पूर्ण समानुपातिक/मिश्रित निर्वाचन प्रणालीको व्यवस्था हुनु पर्ने
- राज्यमा एक सदनात्मक व्यवस्थापिका हुनु पर्दछ,

टोली नं २ (पाँचथर/ताप्लेजुङ)

- केन्द्रमा द्वि सदनात्मक विधायिका राख्ने ।
- प्रान्तमा एक सदनात्मक विधायिका राख्ने ।
- मिश्रित निर्वाचन प्रणाली अवलम्वन गर्ने ।
- आधार र कारण सहित विघटनको अधिकार राख्ने ।

टोली नं. ३ (मोरङ्ग /भोजपुर)

- राज्यलाई कम व्ययभार पर्ने गरी सानो सदस्य संख्या भएको केन्द्रिय व्यवस्थापिका दुई सदनात्मक एवं प्रान्तिय/राज्य व्यवस्थापिका एक सदनात्मक हुनुपर्ने ।

टोली नं. ४ (सुनसरी /धनकुटा)

- जनप्रतिनिधिले भ्रष्टाचार गरे पद खाली हुने थप व्यवस्था हुनपर्दछ ।

टोली नं. ५ (संखुवासभा/तेह्रथुम)

- दुई सदनात्मक व्यवस्थापिका संसद हुनु पर्ने ।
- प्रतिनिधि सभा र राष्ट्रिय सभा हुनु पर्ने ।
- मिश्रित निर्वाचन प्रणाली अवलम्वन गर्ने ।
- आधार र कारण सहित विघटनको अधिकार राख्ने ।

टोली नं. ६ (ओखलढुंगा)

- मुलुकको आकार, प्रान्तिय संख्या वमोजिमको सदस्यसंख्या रहनेगरी केन्द्रिय व्यवस्थापिका दुई सदनात्मक एवं प्रान्तिय राज्यको व्यवस्थापिकिय अंग एक सदनात्मक हुनु पर्ने ।
- विभिन्न तहका संघीय इकाईका विधायिकाहरुवीचको अन्तरसम्बन्धका सम्बन्धमा संविधानमा उल्लेख गरिनु पर्ने ।

टोली नं. ७ (सोलुखुम्बू)

- केन्द्रमा २ प्रकारको राष्ट्रिय सभा र जनप्रतिनिधि सभा रहनुपर्ने । तिनिहरुको नियन्त्रण र सन्तुलनको प्रभावकारी व्यवस्था हुनुपर्ने ।
- व्यवस्थापिकाको अध्यक्ष र उपाध्यक्ष एउटै दलको नभई फरक दलको र समावेशी स्वरुपको हुनुपर्ने ।

टोली नं. ८ (सप्तरी/खोटाङ्ग)

- व्यवस्थापिकामा सबै जाति, भाषा, लिङ्ग, वर्ण, आदिको प्रतिनिधित्व हुनुपर्ने,
- केन्द्रमा २ सदनात्मक व्यवस्थापिका हुनुपर्ने, जस्मा माथिल्लो सदन जातीय सदन हुनुपर्ने र भूगोलका आधारमा प्रतिनिधित्व हुनुपर्ने,
- व्यवस्थापिका भित्रका विभिन्न सदनहरु बीच नियन्त्रण र सन्तुलनको प्रभावकारी व्यवस्था हुनुपर्ने,
- विधायकहरुको लागि शैक्षिक योग्यताको मापदण्ड निर्धारण गरिनुपर्ने,

टोली नं. ९ (सिराहा/उदयपुर)

- निर्वाचन प्रणाली प्रत्यक्ष र समानुपातिक दुबै हुनुपर्ने र स्थानीय निकायको निर्वाचनमा पनि यो प्रणालीको व्यवस्था लागु हुनु पर्ने ।
- संघीय व्यवस्थापिका २ सदनात्मक हुनु पर्ने , तल्लो सदनमा रहेको सदस्य संख्याको आधा माथिल्लो सदनमा सदस्य रहनु पर्ने । माथिल्लो सदन जातिय सदन हुनुपर्ने ।

टोली नं. ११ (धनुषा/महोत्तरी)

- केन्द्रीय र प्रान्तीय व्यवस्थापिका हुनु पर्ने ।
- मिश्रित निर्वाचन प्रणाली हुनु पर्ने ।
- व्यवस्थापिका समावेशी हुनु पर्ने । अल्पसंख्यक र सिमान्तकृत वर्गको पनि प्रतिनिधित्व सुनिश्चित हुनु पर्ने ।
- प्रान्तको नागरिकमात्र प्रान्तीय सभाको सदस्य हुन पाउनु पर्ने ।
- सदस्यहरु राम्ररी लेखपढ गर्न सक्ने हुनु पर्ने ।
- जुनसुकै सभाहरु सानो र छरितो हुनु पर्ने ।
- नागरिकता लिएपछि भोट हाल्न पाउनु पर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली हुनु पर्ने ।

टोली नं. १२ (बारा/पर्सा/रौतहट)

- द्विसदनात्मक व्यवस्था ।

टोली नं. १३ (सर्लाही/सिन्धुली)

- राज्य प्रमुख सहितको केन्द्रीय विधायिका राख्ने ।
- केन्द्रीय विधायिका द्विसदनात्मक हुनु उपयुक्त हुने ।
- माथिल्लो सदनलाई राज्यसभा नाम दिन उपयुक्त हुने ।
- माथिल्लो सदनको निर्वाचन प्रणाली समानुपातिक हुन उपयुक्त हुने ।
- केन्द्रीय विधायिकाको तल्लो सदनलाई प्रतिनिधिसभा भन्नु उपयुक्त हुने ।
- तल्लो सदनको विघटन संवन्धी अधिकार राख्ने ।

टोली नं. १७ (सिन्धुपाल्चोक/काभ्रेपलाञ्चोक)

- दुई सदनात्मक व्यवस्थापिका अर्थात राष्ट्रिय सभा र संघिय जनप्रतिनिधि सभा गठन होस् ।
- संघ, स्वायत्त प्रदेश र स्थानीय उप-स्वायत्त क्षेत्र इलाका गरी संघिय इकाईहरुको तहगत संरचना हुनु पर्छ ।
- दुई सदनात्मक व्यवस्थापिकामा जनसंख्याको अनुपातमा सवै जाति लिङ्ग, क्षेत्र भाषा र वर्गको प्रतिनिधित्वको ग्यारेन्टी गर्नु पर्ने ।

टोली नं. १८ (कास्की/स्याङजा)

- केन्द्रिय व्यवस्थापिका २ सदनात्मक हुनु पर्ने ।
- जनप्रतिनिधिसभा/प्रतिनिधिसभा/लोकसभा/जातीयसभा/राष्ट्रियसभा/माथिल्लोसभाको व्यवस्था हुनु पर्ने ।

- पहिलो हुने निर्वाचित हुने र समानुपातिक र समावेशी निर्वाचन पद्धतिको व्यवस्था हुने मिश्रित निर्वाचन पद्धतिको व्यवस्था हुनु पर्ने ।
- प्रत्येक प्रदेशबाट प्रतिनिधित्व गराउनु पर्ने र जनसंख्याको आधारमा प्रदेशको प्रतिनिधि संख्या निर्धारण गर्नु पर्ने ।
- प्रदेशमा भने एक सदनात्मक व्यवस्थापिका हुनु पर्ने ।
- मिश्रित निर्वाचन पद्धतिको व्यवस्था हुनु पर्ने ।
- देशको अर्थतन्त्रले धान्न सक्ने गरी सानो आकारको संख्या निर्धारण हुनु पर्ने ।
- व्यवस्थापिका सांसद मन्त्री हुन पाउने/नपाउने मिश्रित धारणा रहेको ।
- व्यवस्थापिका सांसद हुनका लागि न्यूनतम शैक्षिक योग्यता तोक्नु पर्ने/नपर्ने सम्बन्धमा दुवै विचारहरु अभिव्यक्त भएको ।

टोली नं. १९ (लम्जुङ्ग/मनाङ्ग)

- केन्द्रीय व्यवस्थापिका २ सदनात्मक र प्रान्तीय व्यवस्थापिका १ सदनात्मक हुनुपर्ने ।
- केन्द्रीय र प्रान्तीय व्यवस्थापिकाको आकार सानो र कम आर्थिक व्ययभार पर्ने किसिमको हुनुपर्ने ।

टोली नं. २० (धादिङ्ग/गोर्खा)

- कार्यकारी अधिकार सहितको राष्ट्रपति र प्रशासकीय अधिकार सहितको प्रधानमन्त्री हुनुपर्ने ।
- जनताबाट निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्रीय प्रणाली हुनु पर्ने ।
- संसदबाट निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री र आलंकारिक राष्ट्रपति हुनु पर्ने ।
- केन्द्रमा दुई सदनात्मक हुनु पर्ने ।
- राज्यमा दुई सदनात्मक हुनु पर्ने ।
- स्थानीय तहमा परिषद हुनु पर्ने ।
- साझा विषयमा साझा बैठक गरी सहमतिको सिद्धान्त अनुसार गर्ने अन्तरसम्बन्ध हुनु पर्ने ।
- अधिकारको स्पष्ट किटान हुनु पर्ने ।
- राष्ट्रिय महत्वको विषयमा विधेयक पेश गर्नु पूर्व जनमत बुझ्ने प्रक्रिया हुनु पर्ने ।

टोली नं. २१ (तनहुँ/नवलपरासी)

क) संघीय विधायिका र सदस्य संख्या

- दुई सदनात्मक हुनुपर्ने ।
- माथिल्लो सदनमा ३१ हुनुपर्ने ।
- तल्लो सदन व्यवस्थापिका ११५ हुनुपर्ने ।

ख) संघीय इकाई विधायिका र सदस्य संख्या

- एक सदनात्मक गर्ने र सदस्य ५० जनाको राख्ने ।

ग) निर्वाचन प्रणाली

- समानुपातिक र प्रत्यक्ष ।
- फरक-फरक निर्वाचन प्रणाली हुनुपर्ने ,

घ) उम्मेदवारको उमेर

- दुवैको लागि २५ वर्ष पूरा गरेको हुनुपर्ने ।

ङ) मतदाताको उमेर १६/१८ वर्ष पुगेको हुनुपर्ने ।

च) संघीय विधायिका र संघिय इकाई विधायिकामा आरक्षण सम्वन्धी व्यवस्था र

- आरक्षण संवन्धी व्यवस्था २० वर्ष सम्मको लागि उपयुक्त हुन्छ ।
- आरक्षण संवन्धी व्यवस्था उपयुक्त हुदैन ।

छ) विधायिकाको सदस्यको उम्मेदवार हुन चाहिने शैक्षिक योग्यता

- स्नातक उर्त्तिण गरेको हुनुपर्ने ।
- योग्यता आवश्यक नपर्ने ।

ज) संघीय विधायिका र संघीय इकाई विधायिकाको कार्यकाल सम्वन्धी व्यवस्था ५वर्ष ।

झ) संघीय विधायिका र संघीय इकाई विधायिकाको विघटनन गर्ने सम्वन्धी व्यवस्था ।

- राख्नु हुदैन ।
- राख्नु पर्छ ।

टोली नं २२ (रुपन्देही, कपिलवस्तु र अर्घाखाँची)

- केन्द्र र राज्य स्तरमा गरी २ तहका विधायीका अङ्ग हुनु उपयुक्त हुन्छ ।
- विधायीकामा विधायकहरुको संख्या सानो आकारमा वनाउनु उपयुक्त हुन्छ ।
- केन्द्रीय विधायीका २ सदनात्मक उपयुक्त हुन्छ ।
- माथिल्ला सभा जातिय सभा हुनु उपयुक्त हुन्छ ।

टोली नं २३ (पाल्पा/गुल्मी)

- केन्द्रमा २ सदनात्मक र प्रदेशमा एक सदनात्मक व्यवस्थापीका रहनुपर्ने तिनिहरुविच नियन्त्रण र सन्तुलनको प्रभावकारी व्यवस्था हुनुपर्ने,

टोली नं २४ (पर्वत / बाग्लुङ्ग)

- केन्द्रमा २ प्रकारको राष्ट्रिय सभा र जनप्रतिनिधिसभा रहनुपर्ने तिनिहरुविच नियन्त्रण र सन्तुलनको प्रभावकारी व्यवस्था हुनुपर्ने,
- विधायकहरुको लागि शैक्षिक योग्यता तोकिनुपर्ने,
- व्यवस्थापिकाको अध्यक्ष र उपाध्यक्ष एउटै दलको नभई फरक दलको र समावेशी स्वरुपको हुनुपर्ने,

टोली नं २५ (म्याग्दी / मुस्ताङ)

- निर्वाचित जनप्रतिनिधिको कार्यकाल ३ वर्ष हुनुपर्ने ।
- व्यवस्थापिकाको आकार सानो तथा कार्यकाल ४ वर्ष हुनुपर्ने ।
- कार्यकारिणी अधिकार मन्त्रीपरिषदमा हुनुपर्ने ।कार्यपालिका अन्तर्गत १ मन्त्रालयमा १ जना मन्त्री मात्र हुने तथा सहायक मन्त्री नराख्ने ।
- व्यवस्थापिकाको कार्यकाल ५ वर्ष हुनुपर्ने ।
- कुनै पनि व्यक्ति २ पटक सम्म मात्र मन्त्री हुन पाउने ।

- कम्तीमा आगामी २० वर्षका लागि महिलालाई संसदमा न्यूनतम ३३ देखि ५० प्रतिशत सम्म सीट आरक्षण गर्नुपर्ने ।

टोली नं २७ (प्युठान / रोल्पा)

- सानो सदस्य संख्या भएको र राज्यलाई कम व्ययभार पर्ने गरी केन्द्रिय व्यवस्थापिका दुई सदनात्मक एवं प्रान्तिय राज्यको व्यवस्थापिका एक सदनात्मक हुनुपर्ने ।

टोली नं. २९ (सुर्खेत/वर्दिया)

- दुई सदनात्मक व्यवस्थापिका हुनु पर्ने ।
- संवैधानिक राष्ट्रपति हुनु पर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक पुरुषर एक महिला हुनु पर्ने ।

टोली नं. ३० (दैलेख/बाँके)

- केन्द्रमा २ सदन र राज्यमा १ सदनको व्यवस्था हुनु पर्ने ।
- निर्वाचित जनप्रतिनिधिहरु मन्त्री बन्न नपाउने व्यवस्था हुनु पर्ने ।
- माथिल्लो सदनमा सदस्य संख्या ७५ जना हुनु पर्ने र विशेषज्ञतालाई प्राथमिकता दिई समावेशी पनि हुनु पर्ने ।
- तल्लो सदनमा २२५ जना सम्म जनप्रतिनिधि हुने व्यवस्था हुनु पर्ने ।

टोली नं. ३२ (कालिकोट)

केन्द्रीय विधायिका राष्टप्रमुख सहितको र दुई सदनात्मक तथा प्रादेशिक विधायिका एक सदनात्मक हुनेछ । केन्द्र र प्रदेशको विधायिका सम्बन्धमा निम्न व्यवस्था हुनुपर्दछ ।

विषय	केन्द्रीय विधायिका		एकाई वा प्रादेशिक विधायिका
विधायिकाको नाम	माथिल्लो सदन	तल्लो सदन	प्रादेशिक जनप्रतिनिधि सभा
	राष्ट्रिय सभा	संघीय जनप्रतिनिधि सभा	
अधिकतम सदस्य संख्या	७५	२४५	३५
निर्वाचन प्रणाली	समानुपातिक	मिश्रित	मिश्रित
मतदाताको न्यूनतम उमेर	१६-१८ वर्ष	१६-१८ वर्ष	१६-१८ वर्ष
उम्मेदवारको न्यूनतम उमेर	३० वर्ष	२३-२५ वर्ष	२१-२३ वर्ष
सदनको कार्यकल	६ वर्ष	५ वर्ष	४ वर्ष
सदन विघटन हुने,नहुने	नहुने	नहुने	हुने
सदन स्थायी वा अस्थायी के हुने	स्थायी	अस्थायी	अस्थायी

टोली नं ३३ (डोल्पा)

- व्यवस्थापिकामा सबै जाति, भाषा, लिङ्ग, वर्ण आदिको प्रतिनिधित्व हुनु पर्ने,
- दुई सदनात्मक व्यवस्थापीकीय अङ्ग हुनु पर्ने,
- जनसंख्याको आधारमा नभई क्षेत्रफलको आधारमा प्रतिनिधित्वको व्यवस्था हुनु पर्ने आदि ।

टोली नं ३४ (मुगु)

- दुई तहको संघीय व्यवस्थापिका हुनुपर्ने ।
- संसदीय प्रणाली बलियो हुने संविधान हुनु पर्छ ।
- राय सुझाववाट आएका सुझावलाई संविधान लेखनमा उचित स्थान दिइनु पर्ने ।

टोली नं ३५ (हुम्ला)

- संघीय विधायिकामा कर्णालीलाई विशेष प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ,
- संघीय विधायिकाको निर्माण जनसंख्याको आधारमा गर्दा कर्णालीको भुगोलको प्रतिनिधित्व नहुने हुँदा यसको आधार भुगोललाई बनाइनु पर्दछ ।

टोली नं. ३६ (कैलाली, कञ्चनपुर र डडेधुरा)

- व्यवस्थापिका संसदको सदस्य संख्या बढिमा ३०१ सम्म हुनुपर्ने ।
- व्यवस्थापिका संसदको बैठक भत्ता उपलव्ध गराउने हालको व्यवस्था खारेज गरी निश्चित तलव मात्र दिने व्यवस्था गर्नुपर्ने ।
- माथिल्लो सदन–पूर्ण समानुपातिक र तल्लो सदन – प्रत्यक्ष निर्वाचित हुनुपर्ने ।
- दुई सदनात्मक व्यवस्थापिका हुनुपर्ने ।
- केन्द्रमा ६० सदस्यीय संघिय माथिल्लो सदन हुनुपर्ने र २०१ सदस्यीय प्रतिनिधि सभा तल्लो सदन हुनुपर्ने ।
- प्रत्येक प्रान्तमा एक सदनात्मक जनप्रतिनिधिसभा – प्रत्यक्ष निर्वाचन गरी ३५ सदस्यीय हुनुपर्ने ।
- प्रत्येक तहमा व्यवस्थापिकाको गठन मिश्रित निर्वाचन प्रणालीद्वारा गरिनुपर्ने ।
- सांसदलाई आ-आफ्नो क्षेत्रमा कम्तिमा ४ महिना बस्ने व्यवस्था गरिनुपर्ने ।
- प्रत्येक प्रान्तमा एक सदनात्मक जनप्रतिनिधिसभा–प्रत्यक्ष निर्वाचन गरी ३५ सदस्यीय समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत अल्पसंख्यक, सीमान्तकृत समुदाय, दलित, लैङ्गिक अल्पसंख्यक, आदिवासी जनजाती र फरक क्षमता भएका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने । प्रत्येक संघीय सरकारले १/१ जना मनोनीत गर्ने ।
- प्रतिनिधिसभा र राष्ट्रियसभा हुनुपर्ने ।
- प्रत्येक सांसदले तीन महिनामा गाउँमा आउनै पर्ने संवैधानिक व्यवस्था गरिनुपर्ने ।

टोली नं ३९ (दार्चुला/बैतडी)

- सानो सदस्य संख्या भएको र राज्यलाई कम व्ययभार पर्ने गरी केन्द्रीय व्यवस्थापिका दुई सदनात्मक हुनु पर्ने ।
- प्रान्तिय राज्यको व्यवस्थापिका एक सदनात्मक हुनुपर्ने ।

अनुसूची-३ (ग)

टेलिफोनबाट प्राप्त व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिसँग सम्बन्धित सुझावहरु

सि.नं.	प्राप्त सुझावहरु
१.	एकभन्दा बढी स्थानबाट उम्मेदवारी हुनबाट रोक लगाउने । यस्तो उम्मेदवारी दिनेले उप निर्वाचनमा लाग्ने खर्च गर्ने रकम धरौटीको रुपमा मनोनयनपत्र दाखिला गर्दानै राख्नुपर्ने व्यवस्था गर्नेः जसले गर्दा आर्थिक बचत हुन्छ ।
२.	राजनेताहरुमा शैक्षिक योग्यताको कमीको कारणले दुरदृष्टीमा कमिको कारण दलहरुबीच द्वन्द्व भइरहेको कारण निर्वाचनका लागि उम्मेदवार हुन न्यूनतम शैक्षिक योग्यता तोकिनु पर्ने । विधायकको स्नातक र राष्ट्रपति, प्रधानमन्त्री, अर्थमन्त्री, शिक्षा मन्त्री जस्ता महत्वपूर्ण पदका लागि स्नातकोत्तर हुनुपर्ने । यसका साथै आचरण राम्रो हुनपर्ने, फौजदारी अभियोग नलागेको जन्मसिद्ध नेपाली नागरिक हुनुपर्ने ।
३.	निर्वाचनका लागि एक उम्मेदवार भइसकेको व्यक्तिलाई पुनः टिकट नदिने व्यवस्था गर्ने उमेर ३५ वर्षदेखि ४० बर्ष तोकिनुपर्ने ।
४.	प्रतिनिधिसभाको संख्या २०० भन्दा बढी हुन नहुने । प्रत्येक जिल्लाबाट एकजना गरी ७५ निर्वाचित र २५ मनोनित गरी १०० मात्र हुनुपर्ने भन्ने अर्को सुझाव ।
५.	प्रत्येक ५ बर्षमा हुने निर्वाचनको मिति सधैका लागि निश्चित हुनुपर्ने ।
६.	आरक्षणको व्यवस्था कुनै निश्चित समयावधीका लागि मात्र दिइनुपर्ने । आरक्षण जातिगत नभएर गरिवी र भौगलिक आधारमा हुनुपर्ने ।
७.	मतदाताको उमेर १६ बर्ष पुरा भएको हुनुपर्ने ।
८.	सदन एक सदानात्मक हुनुपर्ने ।
९.	संघात्मक संरचनाभित्र कुन राज्यमा कुन भाषालाई कामकाज र सम्पर्क भाषाको रुपमा प्रयोग गर्ने भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित राज्यको व्यवस्थापिकालाई दिनुपर्छ र नेपालभरी सम्पर्क भाषा नेपाली नै हुनुपर्दछ ।
१०.	दुई तिहाई सदस्यले चाहेमा संसदलाई प्रत्याह्वान गर्न सक्ने व्यवस्था हुनपर्ने ।

अनुसूची-३ (घ)

विभिन्न संघ संस्था तथा व्यक्तिबाट लिखित रुपमा प्राप्त सुझावहरुको सार संक्षेप

(विविध सुझावहरु आएको भएतापनि यस समितिसंग सम्बन्धित सुझाव नदोहोरिने गरी संक्षेप गरिएको छ।)

सुझावहरुको विवरण

- केन्द्रीय विधायिका दुई सदनात्मक हुनुपर्छ।
- मतदाताको उमेर १८ वर्ष पूरा भएको हुनु पर्छ।
- विधायिकाको कार्यावधि ५ वर्ष हुनु पर्छ।
- माथिल्लो सदनमा सदस्य हुन ३० वर्ष उमेर पूरा भएको हुनु पर्छ।
- तल्लो सदनको सदस्य हुन २५ वर्ष उमेर पूरा भएको हुनु पर्छ।
- माथिल्लो सदन समानुपातिक र समावेशी बनाउनु पर्छ।
- मिश्रित निर्वाचन प्रणाली अपनाउनु पर्छ।
- हरेक निर्वाचन क्षेत्रबाट प्रत्येक मतदाताले दुईमत (एकमत पुरुषकोलागि र एकमत महिलाको लागि) प्रयोग गर्न पाउनु पर्छ र प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना पुरुष र एकजना महिला निर्वाचित हुने व्यवस्था हुनु पर्छ।
- प्रत्येक दलले पाएको मतको आधारमा विधायिकामा प्रतिनिधित्व नभएका अल्पसंख्यक, सीमान्तकृत आदि वर्गलाई प्रतिनिधित्व गराउने व्यवस्था हुनु पर्छ।
- विधायकाको कार्यावधि छदै विघटन गर्न सकिने व्यवस्था हुनु पर्छ।
- केन्द्रीय विधायिकाको नाम प्रतिनिधि सभा हुनु पर्छ।
- राष्ट्रपति सहितको व्यवस्थापिका हुनु पर्छ।
- प्रान्तमा एक सदन हुनु पर्छ।
- विधायिकाको आकार सानो (थोरै सदस्य संख्याको) हुनु पर्छ।
- जनसंख्या र भौगोलिक आधारमा प्रतिनिधित्वको व्यवस्था हुनु पर्छ।
- केन्द्र र प्रान्तको व्यवस्थापिकाको कार्यविभाजन र अधिकार स्पष्ट हुनु पर्छ।
- प्रान्तको विधायिकाको आकार सानो हुनु पर्छ।
- प्रत्येक व्यवस्थापिकाबीच समन्वयात्मक र सहयोगात्मक अन्तरसम्बन्धको व्यवस्था रहनु पर्छ।
- विधायिकामा पुरुष र महिलाको समान अधिकार हुनु पर्छ।
- प्रान्तमा ११ जना, केन्द्रको तल्लो सदनमा ५१ जना र माथिल्लो सदनमा ३५ सदस्य संख्या हुनु पर्छ।
- निर्वाचित विधायिका समय अगावै विघटन गर्ने व्यवस्था रहनु हुदैन।
- प्रान्तीय विधायिकाले बनाएको कानूनको परीक्षण संवैधानिक अदालतले गर्ने व्यवस्था हुनु पर्छ।
- केन्द्रले राष्ट्रिय सुरक्षा, अर्थ, परराष्ट्रसंग सम्बन्धित कानून बनाउने र अन्य विषयमा प्रान्तले कानून बनाउन पाउने व्यवस्था हुनु पर्छ।
- संघ र प्रान्त विधायिकाको कार्यकाल ६ वर्षको हुनु पर्छ।
- संघीय व्यवस्थापिकालाई माथिल्लो सदन र प्रान्तीय व्यवस्थापिकालाई तल्लो सदन बनाउनु पर्छ।
- संघीय व्यवस्थापिकालाई ऐन, कानून बनाउने अधिकार र विकास निर्माणको अधिकार प्रान्तीय व्यवस्थापिकालाई दिइनु पर्छ।
- अवशिष्ट अधिकार संघीय व्यवस्थापिकामा राखिनु पर्छ।
- विधायकहरुको शैक्षिक योग्यता तोकिनु पर्छ।
- स्थानीय स्तरमा आरक्षणको व्यवस्था हुनु पर्छ।
- २ पटक भन्दा बढी उम्मेदवार बन्न नपाउने व्यवस्था राखिनु पर्छ।
- सदस्यको उमेरको हद तोकिनु पर्छ।
- एक सदनात्मक व्यवस्थापिका हुनु पर्छ र सदस्यको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुनु पर्छ।

अनुसूची-४

(क) जनमत संकलनको प्रयोजनको लागि समितिले पारित गरेको प्रश्नावली र प्रश्नावली मार्फत जनताले समितिलाई दिएको सुझावको संक्षेपीकरण

जम्मा प्राप्त प्रश्नावली करिब ४१,९०० को परिणामको अवस्था :

१. संघीय (केन्द्रिय) विधायिकाको परिभाषाभित्र राज्य प्रमुख सहितको विधायिका राख्ने वा राज्य प्रमुख बाहेकको

(क) राज्य प्रमुख सहितको (२८८३३)
(ख) राज्य प्रमुख बाहेकको (६६८५)

अन्य (३५९)
अन्यमा उल्लेखित सुझावहरुमा अधिकांशले विकल्प नं. (क) र (ख) मा उल्लेखित कुराहरुलाई नै भाषागत रुपमा उल्लेख गरेको पाइयो । त्यस बाहेक अन्य कुनै उल्लेखनीय सुझाव प्राप्त नभएको ।

२. संघीय (केन्द्रिय) विधायिका कति सदनात्मक बनाउन उपयुक्त हुन्छ ?

(क) एकसदनात्मक (८००६)
(ख) दुई सदनात्मक (२७२७७)

अन्य (६३०)
अन्यमा उल्लेखित सुझावहरुमा धेरै जसोले एक सदनात्मक र दुई सदनात्मक भनि भाषागत रुपमा उल्लेख गरेको देखियो जुन प्रश्नावलीमा नै समावेश गरिएको थियो । यसका अतिरिक्त तीन सदनात्मक, चार सदनात्मक, पाँच सदनात्मक, सात सदनात्मक, एघार सदनात्मक र पन्ध्र सदनात्मक व्यवस्थापिकाको सुझाव समेत प्राप्त भएको छ ।

३. संघीय (केन्द्रिय) विधायिकाको दुवै सदन (माथिल्लो र तल्लो) को सदस्यको निर्वाचन प्रणाली कस्तो हुनु उपयुक्त हुन्छ ?

(क) एउटै हुनु उपयुक्त हुन्छ, (१३५४०)
(ख) दुवै विधायिकाको निर्वाचन प्रणाली भिन्नाभिन्नै हुनु उपयुक्त हुन्छ (२०२९७)

अन्य (७७०)
अन्यमा उल्लेखित सुझावहरुमा (क) र (ख) मा उल्लेखित विकल्पहरुलाई नै भाषागत रुपमा उल्लेख गरिएको पाइयो । कुनै नयाँ सुझाव प्राप्त भएको नदेखिएको ।

४. संघीय (केन्द्रिय) विधायिका तथा ईकाई (प्रदेश) विधायिकाको सदस्य निर्वाचनका लागि मतदाताको उमेर कम्तिमा कति वर्षको हुनु उपयुक्त हुन्छ ?

(क) १६ वर्ष (१७७७५)
(ख) १८ वर्ष (१५५२२)
(ग) २१ वर्ष (३२८१)

अन्य : (६३९)
केही उत्तरदाताले प्रश्नावलीकै विकल्पहरुलाई अन्यमा उल्लेख गरिएको पाइयो । प्राप्त अन्य सुझावहरुमा:

- नागरिकता प्राप्त गरेको व्यक्ति हुनुपर्ने,
- ९ वर्ष, १० वर्ष, ११ वर्ष, १२ वर्ष, १४ वर्ष, १५ वर्ष, १७ वर्ष, १९ वर्ष, २० वर्ष, २२ वर्ष, २३ वर्ष, २५ वर्ष, २७ वर्ष, २८ वर्ष, ३० वर्ष, ३२ वर्ष, ३५ वर्ष, ४० वर्ष, ४५ वर्ष, ४८ वर्ष, २० देखि ५० वर्ष, १८ देखि ४० वर्ष, ४० देखि ४६ वर्ष,
- केटाको १६ र केटीको १४ वर्ष उल्लेख गरेको पाइएको ।

५. संघीय (केन्द्रिय) विधायिका तथा ईकाई (प्रदेश) विधायिकामा आरक्षण सम्बन्धी व्यवस्था राख्नु उपयुक्त हुन्छ वा हुँदैन ?

(क) आरक्षण सम्बन्धी व्यवस्था राख्नु उपयुक्त हुन्छ (२००२३)
(ख) आरक्षण सम्बन्धी व्यवस्था राख्नु उपयुक्त हुँदैन (१०५४३)

अन्य : (३१६४)

केहीले विकल्प (क) र (ख) मा उल्लेखित सुझावहरुलाई नै भाषागत रुपमा उल्लेख गरेको पाइयो र अन्यसुझावहरु निम्न अनुसार उल्लेख गरिएको छ :

- आरक्षणको अवधि : सबै जनजातिको पहुँच नहुने बेलासम्म, अल्पकालको लागि मात्र, समयावधि तोकिनु पर्ने, संविधान लागू भएको ५ वर्षसम्म मात्र, १० वर्षसम्मको लागि, कम्तिमा २० वर्षको लागि, केही समयको लागि अत्यन्त न्यून जनसंख्या भएको समुदायको लागि मात्र, एक वा दुई पटकसम्मको लागि,
- कसलाई : महिलालाई मात्र, जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको अधिकारको व्यवस्था, वर्ग र लिंगको आधारमा समानुपातिक व्यवस्था गर्ने, योग्यता र आर्थिकस्तरको आधारमा, राउटे जातिलाई मात्र, महिलाको लागि मात्र कम्तिमा ५०%, आदिवासी, जनजाति र अति सीमान्तकृत वर्गलाई ४५%, लोपोन्मुख, अति सीमान्तकृत अपाङ्ग तथा अल्पसंख्यक मात्र, गरिबीको रेखामुनि रहेका सबै जातजातिहरुको लागि,
- सदन : माथिल्लो सदन, इकाई (प्रदेश) मा मात्र, इकाईमा मात्र २० देखि २५% सम्म, प्रान्तीय विधायिकामा बढी र केन्द्रीय विधायिकामा कम,

केहीले आरक्षण सम्बन्धमा निम्न बमोजिमको व्यवस्था हुनु पर्ने कुरा उल्लेख गरेको पाइयो :

- आरक्षणले असक्षमलाई माथि तान्छ र सक्षमलाई पाखा लगाउँछ,
- संधै आरक्षण व्यवस्था राख्दा आरक्षण नपाउनेहरु पछाडि पर्न सक्छन्,
- आरक्षण सम्बन्धी व्यवस्थाले प्रतिस्पर्धामा पुग्न सहयोग गर्नु पर्छ,
- आरक्षण नभई प्रशिक्षणको व्यवस्था गरिनु पर्छ आदि ।

६. संघीय (केन्द्रिय) विधायिका तथा ईकाई (प्रदेश) विधायिकाको सदस्यको उम्मेदवार हुन शैक्षिक योग्यताको प्रावधान कस्तो हुनु उपयुक्त हुन्छ ?

(क) शैक्षिक योग्यता आवश्यक नपर्ने (७६६८)
(ख) सामान्य लेखपढ गर्न जानेको हुनुपर्ने (८४६२)
(ग) एस.एल.सी. पास भएको हुनुपर्ने (१००४४)
(घ) स्नातक पास भएको हुनुपर्ने (७७२०)

अन्य : (११५५)

प्राप्त राय, सुझावमा प्रश्नावलीमा उल्लेखित विकल्पहरु बाहेक केहीले देहाय बमोजिमको व्यवस्था हुनु पर्ने उल्लेख गरेको देखियो :

- पि.एच.डी. गरेको हुनुपर्ने, स्नातकोत्तर प्रथम श्रेणीमा पास भएको, स्नातकोत्तर (समाजशास्त्र र राजनीतिशास्त्र), राजनीति शास्त्र लिएर आई.ए. पास भएको हुनुपर्ने,
- संघीय विधायिका स्नातक र इकाई विधायिका एस.एल.सी., इकाईमा स्नातक केन्द्रमा स्नातकोत्तर,
- स्नातकोत्तर, राजनीति शास्त्रमा स्नातक, प्रमाणपत्र तह पास गरेको,
- समावेशीका लागि मात्रै एस.एल.सी., केन्द्रमा १२ कक्षा र इकाईमा १० कक्षा, १० कक्षा पास,
- वि.एड. पास गरेको, जनताको असल नेतृत्व गर्न सक्ने, वर्गीय, राजनैतिक र वैचारिक रुपमा सक्षम,
- राजनीतिक चेतना र शासन गर्ने क्षमता भएको आधारमा, सही छाप गर्न सक्ने, नयाँ नेपाल बनाउन सक्ने, समाज सेवक, सर्वहारा, १५ वर्षसम्म जनताको बीच काम गरेको,
- मन्त्री र प्रधानमन्त्री हुनका लागि कम्तिमा ५ वर्षसम्म प्राध्यापक भई काम गरेको,
- कम्तिमा एकपटक जनप्रतिनिधि भएको, आरक्षणको कोटामा योग्यता आवश्यक नपर्ने,
- दलित वर्गलाई शैक्षिक योग्यता आवश्यक नपर्ने,
- वर्गीय चेतना भएको साक्षर व्यक्ति,
- निश्चित समयसम्म योग्यता नतोक्ने र त्यसपछि मात्र आवश्यक पर्ने गरी योग्यता तोकिनु पर्ने,

<u>संघीय (केन्द्रिय) व्यवस्थापिकाको माथिल्लो सदन सम्बन्धी :</u>

७. यदि संघीय (केन्द्रको) विधायिका दुई सदनात्मक बनाउने हो भने माथिल्लो सदनको विधायिकालाई के नाम दिन उपयुक्त हुन्छ ?

(क) राज्य सभा (१४३५४)
(ख) माथिल्लो सदन (९३८९)
(ग) प्रतिनिधिसभा (७४९८)

अन्य : (२९०१)

माथि उल्लेखित विकल्पहरुलाई नै केही उत्तरदाताहरुले भाषागत रुपमा उल्लेख गरेका र सो बाहेक देहाय बमोजिमको अन्य सुझावहरु प्राप्त भएको देखियो :

- जनअधिकार सभा, राष्ट्रिय जनप्रतिनिधिसभा, राष्ट्रियसभा, अंचल सभा, जातिय सभा, संविधानसभा, राष्ट्र सभा, केन्द्रीय सभा, जनमत संकलन सभा, जनप्रतिनिधि सभा, राजनीतिक सभा, लोक सभा, प्रमुख सभा, नेपाल सभा, संघीय सभा, नेपाली सभा, संघीय राज्यसभा, जनराज्य सभा, संघीय जनसभा, नेपाल सदन, महासभा, उपल्लो सदन, जनसभा, माथिल्लो जनसभा, केन्द्रीय राज्य सभा, केन्द्रीय विधायिका, महासभा (General Assembly), राज्य संघीय सभा, संसद, व्यवस्थापिका, उन्नत सभा, सम्मानित सभा, गणतान्त्रिक राष्ट्रिय सभा, जन कांग्रेस सभा, नेपाल राष्ट्रिय सभा, जनताको सभा, जनमुखी सभा, संसद सभा, नेपाल राज्य सभा, वैकल्पिक जातिय सभा, सर्वोच्च नेपाली सभा, उच्च सदन, जातिय सांस्कृतिक सदन, आमसभा ।

८. संघीय (केन्द्रिय) विधायिकाको माथिल्लो सदनमा बढीमा कति सदस्य संख्या राख्नु उपयुक्त हुन्छ ?

(क) ३१ जना (१११७९)
(ख) ४१ जना (६६२४)
(ग) ५१ जना (९९३६)

अन्य : (४४३७)

केही उत्तरदाताहरुले माथि उल्लेखित (क), (ख) र (ग) मा उल्लेखित विकल्पहरुलाई नै भाषागत रुपमा उल्लेख गरेको पाइयो । र यसका अलावा प्राप्त अन्य सुझावहरुको रुपमा प्राप्त संख्या निम्न अनुसार छन् :

५ जना, ७ जना, ८ जना, १० जना, ११ जना, १४ जना, १५ जना, १६ जना, २० जना, २१ जना, २२ जना, २४ जना, २५ जना, २६ जना, २९ जना, ३० जना, ३१ जना, ३३ जना, ३५ जना, ३६ जना, ३९ जना, ४० जना, ४१ जना, ४२ जना, ४५ जना, ४८ जना, ५२ जना, ५३ जना, ५५ जना, ५७ जना, ५८ जना, ६० जना, ६१ जना, ६२ जना, ६५ जना, ७० जना ७५ जना, ७७ जना, ७९ जना, ८० जना, ८१ जना, ८४ जना, ८५ जना, ९१ जना, १०० जना, १०१ जना, १०३ जना, १०५ जना, १०९ जना, ११५ जना, १२० जना, १३५ जना, १४६ जना, १५१ जना, १५२ जना, १७५ जना, २०० जना, २२३ जना, २२४ जना, २४० जना, २४५ जना, २४८ जना, २५० जना, २५२ जना, ३०० जना, ३२० जना, ३३३ जना, ४४५ जना, ५१० जना, ७५८ जना ।

- क्षेत्र र जनसंख्याको आधारमा राख्नु पर्ने, सबै प्रदेशको समान प्रतिनिधित्व,
- देशमा रहने प्रदेशको संख्या किटान भएपछि मात्र भन्न सकिने, ७५ वटै जिल्लाको प्रतिनिधित्व हुनु राम्रो,
- तल्लो सदनको एक तिहाई, केन्द्रीय सदनको ३०% ।

९. संघीय (केन्द्रिय) विधायिकाको माथिल्लो सदनमा निर्वाचित हुने सदस्यहरुको संख्या के आधारमा निर्धारण गर्न उपयुक्त हुन्छ ?

(क) प्रत्येक प्रदेश (ईकाई) बाट बराबर संख्यात्मक आधारमा निर्वाचन गर्न उपयुक्त हुने, (८९४९)
(ख) प्रत्येक प्रदेश (ईकाई) ले ओगटेको भौगोलिक क्षेत्रफलको अनुपातका आधारमा निर्धारण गर्न उपयुक्त हुने, (८९०४)
(ग) प्रत्येक प्रदेश (ईकाई) मा रहने जनसंख्याको अनुपातका आधारमा निर्धारण गर्न उपयुक्त हुने, (१२२१०)

अन्य : (२६८८)

माथि उल्लेखित (क), (ख) र (ग) विकल्पको अलावा निम्न सुझावहरु पनि प्राप्त भएको देखियो :

- भूगोल र जनसंख्या, हिमाल, पहाड, तराईलाई समेट्ने, सबै जातिबाट एक/एक जना
- जाति, भाषा, भूगोल, संस्कृतिको आधारमा, जाति, लिङ्ग र क्षेत्रको आधारमा,
- जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी,
- प्रदेश र स्थानीय सरकारबाट १ महिला सहित ३ जनाको दरले ४५ जना, श्रमिकबाट १५ जना, कृषकबाट १५ जना,
- जातिय जनसंख्याको अनुपातका आधारमा, प्रत्येक जिल्लाबाट १/१ जना
- विशिष्ट व्यक्तिलाई समावेश गराउनु पर्ने, देशलाई योगदान दिनसक्ने अवकाश प्राप्त व्यक्ति
- प्रत्येक अंचलबाट २/२ जना

१०. संघीय (केन्द्रिय) विधायिकाको माथिल्लो सदनको सदस्यहरुको निर्वाचनका लागि कुन निर्वाचन प्रणाली अपनाउन उपयुक्त हुन्छ ?

(क) पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष निर्वाचन प्रणाली) (१०७०५)
(ख) समानुपातिक निर्वाचन प्रणाली (११४८४)
(ग) मिश्रित निर्वाचन प्रणाली (१०५१७)
अन्य : (८४२)
माथि उल्लेखित विकल्पहरु बाहेक निम्न सुझावहरु प्राप्त भएको :

- जातिय जनसंख्याको आधारमा पूर्ण समानुपातिक
- आरक्षण सहितको प्रत्यक्ष निर्वाचन प्रणाली
- मनोनित (प्रत्यक्ष निर्वाचनबाट दलले प्राप्त गरेको संख्याको ५०%)
- प्रतिनिधिसभाको एकल संक्रमणीय मतको आधारमा
- प्रत्येक इकाईबाट मनोनयन
- विगतको राष्ट्रियसभा जस्तो
- MMPR

११. संघीय (केन्द्रिय) विधायिकाको माथिल्लो सदनमा निर्वाचित हुने सदस्यको उमेर कम्तिमा कति हुनु पर्दछ ?

(क) ३० वर्ष पुगेको (१५४८७)
(ख) ३५ वर्ष पुगेको (११६३१)
(ग) ४० वर्ष पुगेको (८४४५)

अन्य : (१९६१)
माथि उल्लेखित विकल्पहरु बाहेक निम्न सुझावहरु प्राप्त भएको :

- १६ वर्ष, १८ वर्ष, २० वर्ष, २०-३५ वर्ष, २५ वर्ष, २८ वर्ष, ४५ वर्ष, २५-५० वर्ष, ५० वर्ष, ६० वर्ष, ७५ वर्ष
- उमेरको हद राख्न नहुने
- कुशल र योग्य व्यक्ति हुनुपर्ने

१२. संघीय (केन्द्रिय) विधायिकाको माथिल्लो सदनका सदस्यको कार्यकाल कति वर्षको हुनु उपयुक्त हुन्छ ?

(क) ५ वर्ष (२४७२०)
(ख) ६ वर्ष (७१४०)

अन्य : (२०५२)
माथि उल्लेखित विकल्पहरु बाहेक निम्न वर्षहरु सुझावका रुपमा प्राप्त हुन आएको :

- १ वर्ष, १.५ वर्ष, २ वर्ष, ३ वर्ष, ४ वर्ष, ५ वर्ष, ७ वर्ष, ८ वर्ष, ९ वर्ष, १० वर्ष, १२ वर्ष, १४ वर्ष, १५ वर्ष, १६ वर्ष, १८ वर्ष, १९ वर्ष, २० वर्ष, २१ वर्ष, २३ वर्ष, २४ वर्ष, २५ वर्ष, ३० वर्ष, ३५ वर्ष, ४० वर्ष, ६० वर्ष,
- कार्य क्षमताको मूल्यांकनको आधारमा ।

१३. संघीय (केन्द्रिय) विधायिकाको माथिल्लो सदन स्थायी प्रकृतिको बनाउने वा तल्लो सदन जस्तै निश्चित अवधिको बनाउने ?

(क) स्थायी प्रकृतिको बनाउने (निश्चित अवधिमा निश्चित सदस्यहरुको पदावधि पूरा हुने र पदपूर्ति हुँदै जाने) (१९२१४)
(ख) तल्लो सदन जस्तै (१२५८७)
अन्य : (९०९)
यस प्रश्नमा माथि उल्लेखित विकल्प बाहेक अरु सुझाव प्राप्त नभएको ।

संघीय (केन्द्रिय) व्यवस्थापिकाको तल्लो सदन सम्बन्धी :

१४. संघीय (केन्द्रिय) विधायिकाको तल्लो सदनलाई के भन्न उपयुक्त हुन्छ ?

(क) संसद (६९७३)
(ख) व्यवस्थापिका (९१६०)
(ग) प्रतिनिधि सभा (१२४४५)
अन्य : (३९७८)

उल्लेखित विकल्प बाहेक प्राप्त अन्य सुझावहरु :

- जन प्रतिनिधिसभा, जन प्रतिनिधि संघ, राज्य प्रतिनिधिसभा, संघीयता सभा, राज्य सभा, संघीय प्रतिनिधिसभा, संघीय जनप्रतिनिधि सभा, जन सभा, संसद सभा, राष्ट्र सभा, तल्लो सदन, प्रादेशिक राज्य सभा, विधान सभा, लोक सभा, केन्द्रीय सभा, उप सभा, राष्ट्रिय प्रतिनिधि सभा, प्रादेशिक सभा, व्यवस्थापिका संसद, व्यवस्थापिका संघीय सदन, संघीय व्यवस्थापिका, जनपरिषद्, संघीय जनपरिषद्, राजनीतिक सभा, नेपाल सभा, तल्लो जनसभा, प्रान्तीय सभा, राष्ट्रिय सभा, अन्तर राज्य सभा, जनताको सभा, जनगणतन्त्र सभा, संघीय संसद, जनपक्षीय सभा
- नाम जे राखेपनि हुन्छ नामले काम गर्ने होइन व्यक्तिले राम्रो काम गर्नुपर्छ ।

१५. संघीय (केन्द्रिय) विधायिकाको तल्लो सदनमा बढीमा कति सदस्य संख्या राख्नु उपयुक्त हुन्छ ?

(क) ११५ जना (१३८५६)
(ख) १५१ जना (११३७९)
अन्य : (५८५१)

माथि उल्लेखित (क) र (ख) विकल्प बाहेक संख्याको रुपमा प्राप्त अन्य सुझावहरु :

- ५ जना, ६ जना, ७ जना, १० जना, ११ जना, १५ जना, २१ जना, २४ जना, ३६ जना, ५१ जना, ५५ जना, ६१ जना, ७५ जना, ८० जना, ८१ जना, ९१ जना, १०१ जना, १०३ जना, १०५ जना, १०६ जना, ११० जना, १११ जना, १२० जना, १२१ जना, १२५ जना, १२६ जना, १३१ जना, १४१ जना, १६० जना, १६१ जना, १८० जना, २०० जना, २०५ जना, २१५ जना, २३१ जना, २४५ जना, २५१ जना, २७५ जना, ३०० जना, ३५१ जना, ४०० जना, ४०१ जना, ८०१ जना, १००० जना ।
- ७५ देखि १०० जनासम्म,
- आवश्यकता अनुसार, प्रत्येक प्रदेशबाट कम्तिमा १ महिला १ पुरुष पर्ने गरी ४ जना,
- प्रत्यक्ष निर्वाचनबाट १२२ जना र समानुपातिक निर्वाचन प्रणालीबाट १२३ जना गरी २४५ जना
- प्रान्तीय विधायिकाको २ निर्वाचन क्षेत्र बराबर १ निर्वाचन क्षेत्र कायम गर्दा हुन आउने संख्या
- २०४७ को संविधान अनुसार नै निर्धारण गर्नुपर्ने, बढीमा ५१ जना, भारतको जस्तै
- फुर्सद कम हुने गरी संख्या निर्धारण गर्नुपर्ने, प्रत्येक जिल्लाबाट १ जना, १७५ मा नबढाई
- राज्य पुनःसंरचना सम्बन्धी विशेषज्ञको निर्णय अनुसार,
- १ लाख जनसंख्याबाट १ जना, सकेसम्म कम, एक जिल्ला बराबर २ जनाका दरले १५० जना
- प्रश्नमा उल्लेखितभन्दा कम संख्या राख्न मिल्दैन र ?, प्रश्नमा उल्लेखित भन्दा बढी
- जनजाति तथा सिमान्तकृत समुदायलाई समेट्ने गरी, संघीय संरचनाका आधारमा
- आवश्यकता अनुसार थपघट गर्न सकिने व्यवस्था हुनुपर्ने, प्रत्येक प्रदेशबाट १ जना
- निर्वाचन क्षेत्र निर्धारण समितिको निर्णयानुसार, संख्या तोक्नु उपयुक्त नहुने ।

१६. संघीय (केन्द्रिय) विधायिकाको तल्लो सदनको सदस्यहरुको निर्वाचनका लागि कुन निर्वाचन प्रणाली अपनाउन उपयुक्त हुन्छ ?

(क) पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष निर्वाचन प्रणाली) (११६६०)
(ख) समानुपातिक निर्वाचन प्रणाली (१०१८९)
(ग) मिश्रित निर्वाचन प्रणाली (१११५२)
अन्य : (६९३)

(क), (ख) र (ग) विकल्प बाहेक प्राप्त हुन आएका अन्य सुझावहरु :

- प्रत्यक्ष निर्वाचन प्रणाली तर विजेताले ५१% मत प्राप्त गर्नुपर्ने
- मिश्रित सदस्य समानुपातिक (MMPR)
- जातिय समानुपातिक निर्वाचन प्रणाली

१७. संघीय (केन्द्रिय) विधायिकाको तल्लो सदनको सदस्य निर्वाचित हुन उम्मेदवारको उमेर कम्तिमा कति वर्षको हुनु आवश्यक हुन्छ ?

(क) २१ वर्ष (१०५९९)
(ख) २५ वर्ष (१७८१८)

अन्य : (४०१९)

उल्लेखित विकल्प बाहेक प्राप्त हुन आएका अन्य सुझावका रुपमा निम्न अनुसारका वर्षहरु उल्लेख छन् :

- १२ वर्ष, १५ वर्ष, १६ वर्ष, १७ वर्ष, १८ वर्ष, १९ वर्ष, २० वर्ष, २१ वर्ष, २३ वर्ष, २४ वर्ष, २६ वर्ष, २७ वर्ष, २८ वर्ष, २९ वर्ष, ३० वर्ष, ३१ वर्ष, ३३ वर्ष, ३५ वर्ष, ४० वर्ष, ५६ वर्ष, ५९ वर्ष र ६० वर्ष ।
- २५ देखि ४० वर्ष सम्मको
- ३० वर्ष पुरा गरी उपयुक्त अनुभव प्राप्त गरेको
- उमेरको हद आवश्यक नभएको
- मतदाता हुन योग्य उमेर
- नागरिकता प्राप्त गर्ने उमेर

१८. संघीय (केन्द्रिय) विधायिकाको तल्लो सदनको कार्यकाल कति वर्षको राख्नु उपयुक्त हुन्छ ?

(क) ४ वर्ष (७९८७)
(ख) ५ वर्ष (२४६४७)

अन्य : (१२०४)

उल्लेखित (क) र (ख) विकल्प बाहेक प्राप्त भएका अन्य सुझावहरुका रुपमा प्राप्त वर्षहरु यस प्रकार छन् :

- १ वर्ष, २ वर्ष, २.५ वर्ष, ३ वर्ष, ४.५ वर्ष, ६ वर्ष, ७ वर्ष, ८ वर्ष, ९ वर्ष, १० वर्ष, ११ वर्ष, १२ वर्ष, १४ वर्ष, १५ वर्ष, १६ वर्ष, १८ वर्ष, २० वर्ष, २१ वर्ष, २२ वर्ष, २३ वर्ष, २५ वर्ष, २८ वर्ष, २९ वर्ष, ३० वर्ष, ३७ वर्ष र ४७ वर्ष ।

१९. संघीय (केन्द्रिय) विधायिकाको तल्लो सदनलाई विघटन गर्न सकिने व्यवस्था राख्न उपयुक्त हुन्छ वा हुँदैन ?

(क) विघटन सम्बन्धी व्यवस्था राख्ने (२२१३८)
(ख) विघटन सम्बन्धी व्यवस्था नराख्ने (१०६३२)

अन्य : (९०२)

प्रश्नावलीमा उल्लेखित विकल्पको अलावा प्राप्त नयाँ सुझावहरु :

- ५०% सदस्यले राखेको विघटनको प्रस्ताव ७५% सदस्यबाट पारित भएमा
- २/३ बहुमतबाट विघटन गर्न सकिने
- जनताको प्रत्याह्वानमा सदस्यलाई फिर्ता गर्न सकिने
- देश र जनताको हितमा काम गर्न नसकेमा विघटन गर्न सकिने
- राज्य र जनता विरुद्ध कार्य गरेमा विघटन गर्न सकिने
- कारण स्पष्ट गरी विघटन गर्न सकिने
- प्रधानमन्त्रीले राखेको विघटनको प्रस्ताव सदनले समर्थन/अनुमोदन गर्नुपर्ने

<u>ईकाई (प्रदेश) को व्यवस्थापिका सम्बन्धी</u>

२०. ईकाई (प्रदेश) को विधायिकालाई के नाम दिन उपयुक्त हुन्छ ?

(क) प्रादेशिक सभा (१८३९९)
(ख) राज्य सभा (१०९००)

अन्य : (३०७०)

प्रश्नावलीमा समावेश विकल्प बाहेक प्राप्त नयाँ सुझावहरु :

- प्रदेश जनप्रतिनिधिसभा, प्रदेश प्रतिनिधिसभा, प्रान्तीय सभा, प्रदेश सभा, इकाई सभा, जन सभा, क्षेत्रीय सभा, राज्य सदन सभा, राज्य प्रतिनिधिसभा, विधान सभा, स्थानीय सभा, प्रादेशिक राज्य सभा, प्रादेशिक जनसभा, लोक सभा, प्रारम्भिक जनइकाई सभा, समावेशी सभा, प्रादेशिक समिति, प्रादेशिक व्यवस्थापिका, प्रदेश

जनप्रतिनिधि परिषद्, नेपाली सभा, प्रादेशिक विकास सभा, प्रान्तीय संसद, गणराज्य सभा, जनताको सभा, जातिय सभा, क्षेत्रीय संसद, जनवादी सभा, प्रादेशिक संसद, लोकतान्त्रिक सभा, सयुक्त सभा ।

- इकाईको नाम अनुसार इकाई संसदको नाम राख्ने ।

२१. ईकाई (प्रदेश) को विधायिकामा बढीमा कति सदस्य संख्या राख्न उपयुक्त हुन्छ ?

(क) २५ जना (१२०७८)
(ख) ३५ जना (११८१२)
(ग) ५१ जना (८१२२)

अन्य : (१२६७)

उल्लिखित विकल्पको अलावा प्राप्त भएका सुझावहरु निम्न अनुसार छन् :

- ६ जना, ९ जना, १० जना, १३ जना, १५ जना, २१ जना, २२ जना, ३० जना, ३६ जना, ३७ जना, ४० जना, ४१ जना, ४५ जना, ५५ जना, ६० जना, ७५ जना, ८३ जना, १०० जना, १०१ जना, १२५ जना, १४५ जना, १५१ जना, २०५ जना, ५०० जना, ५५० जना, १००० जना,
- जनसंख्याको आधारमा, जनसंख्याको अनुपातमा २५ देखि १५० जनासम्म, जनसंख्याको अनुपातमा २५ देखि ३५ जनासम्म, भूगोल र जनसंख्याको आधारमा २५ देखि ५१ जनासम्म, प्रतिलाख जनसंख्या बराबर १ जना हुनेगरी निर्धारण गर्ने, प्रति ५० हजार जनसंख्या बराबर १ जना,
- प्रदेशको जातिय संरचनाको आधारमा, आवश्यकता अनुसार थपघट गर्न सक्नेगरी तय गरिनु पर्ने, प्रत्येक गा.वि.स.बाट एकजना समेट्ने गरी ८१ जना, प्रत्येक जिल्लाबाट ५ जना प्रतिनिधि रहने गरी, सबै जातिय समुदायलाई समेट्ने गरी आवश्यकता अनुसार, प्रदेशलाई श्रेणीमा विभाजन गरी २५ जना , ३५ जना र ५१ जना, प्रदेश राख्न उपयुक्त नहुने,
- विशेषज्ञको राय अनुसार संख्या निर्धारण गर्नुपर्ने, बढीमा २० जना, बढीमा ७० जनासम्म,

२२. इकाई (प्रदेश) का विधायिकाको सदस्यहरुको निर्वाचनका लागि कुन निर्वाचन प्रणाली अपनाउनु उपयुक्त हुन्छ ?

(क) पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष निर्वाचन प्रणाली) (११४३०)
(ख) समानुपातिक निर्वाचन प्रणाली (१०३३८)
(ग) मिश्रित निर्वाचन प्रणाली (११०४६)

अन्य : (५३९)

उल्लिखित विकल्पको अलावा प्राप्त भएका सुझावहरु निम्न अनुसार छन् :

- समानुपातिक निर्वाचन प्रणाली तर उमेदवार जनताले नै छनौट गर्नुपर्ने
- बन्द सूचीमा आधारित समानुपातिक प्रणाली,
- प्रत्यक्ष निर्वाचन र मनोनयन,
- मिश्रित सदस्य समानुपातिक (MMPR),
- जातीय समानुपातिक,
- विशेष आरक्षण सहितको समावेशी समानुपातिक,
- चुनावमा हुने खर्चलाई पनि विचार गर्नुपर्ने ।

२३. ईकाई (प्रदेश) का विधायिकाको सदस्यमा उम्मेदवार हुने व्यक्तिको उमेर कम्तिमा कति वर्षको हुनु उपयुक्त हुन्छ ?

(क) २१ वर्ष (१४६३५)
(ख) २५ वर्ष (१६५४५)

अन्य : (१८२६)

उल्लिखित विकल्पको अलावा प्राप्त भएका सुझावहरु निम्न अनुसार छन् :

- १० वर्ष, १६ वर्ष, १८ वर्ष, १९ वर्ष, २० वर्ष, २१ वर्ष, २२ वर्ष, २३ वर्ष, २४ वर्ष, २६ वर्ष, २८ वर्ष, २९ वर्ष, ३० वर्ष, ३५ वर्ष, ४० वर्ष, ४५ वर्ष, ५० वर्ष,
- उमेरको हद राख्न नहुने,
- युवालाई प्राथमिकता दिनुपर्ने

२४. ईकाई (प्रदेश) का विधायिकाका सदस्यको कार्यकाल कति वर्षको राख्न उपयुक्त हुन्छ ?

(क) ४ वर्ष (१९८३८)

(ख) ५ वर्ष (१९५०१)

अन्य : (८९२)

उल्लिखित विकल्पको अलावा प्राप्त भएका सुझावहरु निम्न अनुसार छन् :

- १ वर्ष, २ वर्ष, ३ वर्ष, ४.५ वर्ष, ६ वर्ष, ७ वर्ष, ८ वर्ष, ९ वर्ष, १० वर्ष, ११ वर्ष, १२ वर्ष, १३ वर्ष, १४ वर्ष, १५ वर्ष, २० वर्ष, १०० वर्ष, ।

२५. ईकाई (प्रदेश) का विधायिकालाई कार्यकाल पूरा नहुँदै विघटन गर्न सकिने व्यवस्था राख्न उपयुक्त हुन्छ वा हुँदैन ?

(क) विधायिकालाई विघटन गर्ने व्यवस्था राख्ने (२३६०२)

(ख) विधायिकालाई विघटन गर्ने सम्बन्धी व्यवस्था नराख्ने (८५३१)

अन्य : (६१६)

उल्लिखित विकल्पको अलावा प्राप्त भएका सुझावहरु निम्न अनुसार छन् :

- संसद सदस्यलाई प्रत्याह्वान गर्न सक्ने व्यवस्था राख्ने
- जन प्रतिनिधि सभाको सिफारिसमा राष्ट्रपतिले
- जनमत संग्रहबाट विघटन गर्ने
- विघटन गर्ने तर राज्य प्रमुखले सदनमा प्रस्ताव राख्नुपर्दछ
- मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले गर्ने
- एक तिहाइ मतबाट विघटन गर्नुपर्ने
- संसदको सामान्य बहुमतबाट
- वैकल्पिक व्यवस्था नहुँदा सम्म विघटन गर्ने व्यवस्था गर्नुहुदैन
- दुई बर्षसम्म विघटन गर्न नपाइने ।

२६. स्थानीय निकायको संरचना, स्वरुप सम्बन्धी व्यवस्था संविधानमै व्यवस्था गर्न उपयुक्त हुन्छ वा कानूनद्वारा व्यवस्थित गर्न उपयुक्त हुन्छ ?

(क) संविधानमै व्यवस्था गर्न उपयुक्त हुन्छ (२५१०२)

(ख) कानूनद्वारा व्यवस्थित गर्न उपयुक्त हुन्छ (७१९६)

अन्य : (१६९)

उल्लिखित विकल्पको अलावा प्राप्त भएका सुझावहरु निम्न अनुसार छन् :

- संविधान र कानून दुवैद्वारा व्यवस्थित गर्ने
- स्थानीय निकायलाई नै कानून बनाउने स्वायत्तता दिनुपर्ने
- संविधानमा आधारभुत कुरा उल्लेख गरी यसैका आधारमा कानूनद्वारा व्यवस्थित गरिनुपर्ने ।

अनुसूची-५ (क)

उपसमितिको गठन

समितिको कार्यक्षेत्रभित्र पर्ने विषय र सो अन्तरगत संचालन हुने गतिविधि सहितको कार्यतालिका तयार गर्न, संविधान निर्माण कार्यमा आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी सो को विस्तृत विवरण (TOR) र समितिलाई आवश्यक पर्ने सन्दर्भ सामग्रीको विवरण तयार गरी समितिको बैठकमा प्रतिवेदन पेश गर्न मिति २०६५।९।४ मा देहाय बमोजिमका माननीय सदस्यहरु रहनु भएको एक उपसमिति गठन भएको

१. मा. श्री भिमप्रसाद गौतम, संयोजक,
२. मा. श्री नारायण शर्मा पौडेल, सदस्य
३. मा. श्री यशोदादेवी अधिकारी, सदस्य,
४. मा. श्री कृष्णा अमात्य, सदस्य
५. मा. श्री ओम प्रकाश यादव, सदस्य,
६. मा. श्री दानबहादुर कुर्मी (चौधरी), सदस्य
७. मा. श्री महेश प्रसाद यादव, सदस्य,
८. मा. श्री दामोदर चौधरी, सदस्य
९. मा. श्री शिला कतिला, सदस्य,
१०. मा. श्री चलनबहादुर तामाङ्ग, सदस्य

अनुसूची-५ (ख)

उपसमितिको गठन

आफ्नो कार्यक्षेत्रभित्रका विषयमा अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा तयार गरी समितिमा पेश गर्न मिति २०६६।१।८ गते मा. श्री दानबहादुर कुर्मी (चौधरी), मा. श्री नारायणप्रसाद पौडेल, मा. श्री महेन्द्रध्वज जि.सी., मा. श्री युवराज कार्की र मा. श्री विश्वनाथ प्रसाद अग्रवाल रहेको पाँच सदस्यीय उपसमिति गठन भएको थियो । उपसमितिको मिति २०६६।१।८ मा बसेको पहिलो बैठकले उपसमितिको बैठकको संयोजकत्व प्रत्येक बैठकमा उपसमितिका सदस्यहरुले पालैपालो गरी कार्य आरम्भ गरेको थियो । साथै, उपसमितिको केही बैठकहरुमा मा. श्री भिमप्रसाद गौतमलाई आमन्त्रित गरिएको थियो ।

अनुसूची-६

समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण

क्र.स.	पद, नाम थर	कैफियत
१.	कार्यवाहक महासचिव श्री मनोहरप्रसाद भट्टराई	
२.	सचिव श्री कृष्णप्रसाद पाण्डे	
३.	समिति सचिव श्री बलदेव खड्का	
४.	उप सचिव श्री आनन्दप्रसाद अधिकारी	
५.	उप सचिव (कानून) श्री राजीव गौतम (न्याय सेवा, कानून समूह)	मिति २०६५।१२।११ सम्म
६.	जिल्ला न्यायाधिवक्ता (रा.प. द्वितिय) श्री चन्द्रकान्त खनाल (न्याय सेवा, सरकारी वकिल समूह)	
७.	शाखा अधिकृत श्री रामप्रसाद सापकोटा	
८.	शाखा अधिकृत श्री घनिन्द्रराज चिगौरिया	
९.	कम्प्युटर अधिकृत श्री कमला शाक्य	
१०.	खरिदार श्री चित्र बहादुर के.सी.	
११.	खरिदार श्री तिर्थराज बराल	
१२.	ह.स.चा. श्री इन्द्रबहादुर पौडेल	
१३.	कार्यालय सहयोगी श्री नरकुमारी दाहाल	
१४.	कार्यालय सहयोगी श्री बद्री अधिकारी	

मुद्रण तर्फ :

क्र.स.	पद, नाम थर	कैफियत
१.	प्र.मु.अ. श्री पुष्पमुनि बज्राचार्य	
२.	मु.अ. श्री जगदिश्वरलाल श्रेष्ठ	
३.	मु.अ. श्री प्रेमलाल तण्डुकार	
४.	मु.अ. श्री सागरकुमार तुलाधर	
५.	सि.प्रे.टे. श्री दिपकप्रसाद न्यौपाने	
६.	सि.प्रे.टे. श्री गम्भिरमान सिंह	
७.	सि.प्रे.टे. श्री राजेन्द्रप्रसाद लामिछाने	
८.	प्रे.टे. श्री प्रेमबहादुर चन्द	
९.	प्रे.टे. श्री रमेश वासुकला	
१०.	का.स. श्री मदन गिरी	

अनुसूची-७

समितिका बैठक र सो को कार्यसूची

क.सं.	बैठक बसेको मिति	कार्यसूची	समय (घण्टा मिनेट)
१.	२०६५।९।१	१. समितिका सभापतिको निर्वाचनका सम्बन्धमा, २. संविधान निर्माण कार्यमा आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी सो को विस्तृत विवरण (TOR) बनाउने सम्बन्धमा, ३. समितिको कार्यक्षेत्रभित्र पर्ने विषय र सो अन्तर्गत संचालन हुने गतिविधि सहितको कार्यतालिका निर्माण गर्ने सम्बन्धमा	२:००
२.	२०६५।९।४	समितिको कार्यक्षेत्रभित्र पर्ने विषय र सो अन्तरगत संचालन हुने गतिविधि तयारी सम्बन्धमा संविधान निर्माण कार्यमा आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी सो को विस्तृत विवरण (TOR) र समितिलाई आवश्यक पर्ने सन्दर्भ सामग्रीको विवरण सम्बन्धमा ।	२:३०
३.	२०६५।९।११	कार्यतालिकाको मस्यौदा प्रस्तुत एवं मस्यौदा सम्बन्धमा ।	२:००
४.	२०६५।९।१३	संविधान सभाका विभिन्न माननीय सदस्यहरुबाट समितिको कार्य क्षेत्रका विषयमा जानकारी लिने सम्बन्धमा ।	२:००
५.	२०६५।९।१४	समितिको कार्यतालिका सम्बन्धमा ।	३:००
६.	२०६५।९।२९	सभापतिको निर्वाचन सम्बन्धमा ।	३:००
७.	२०६५।१०।६	समितिको कार्यक्षेत्रभित्रका विविध विषयहरु सम्बन्धमा ।	२:००
८.	२०६५।१०।७	समितिको कार्यक्षेत्रभित्रका विविध विषयहरु सम्बन्धमा ।	३:१५
९.	२०६५।१०।१०	समितिको कार्यक्षेत्र र कार्यतालिकाको सम्बन्धमा ।	२:३०
१०.	२०६५।१०।१२	विभिन्न व्यक्तित्वद्वारा समितिसंग सम्बन्धित विषयमा जानकारी ।	३:००
११.	२०६५।१०।१२	विभिन्न व्यक्तित्वद्वारा समितिसंग सम्बन्धित विषयमा जानकारी ।	३:३०
१२.	२०६५।१०।१३	विभिन्न व्यक्तित्वद्वारा समितिसंग सम्बन्धित विषयमा जानकारी ।	२:१५
१३.	२०६५।१०।२०	जनमत संकलनको लागि प्रश्नावली सम्बन्धमा छलफल ।	२:००
१४.	२०६५।१०।२६	जनमत संकलनको लागि प्रश्नावली सम्बन्धमा छलफल ।	१:३०
१५.	२०६५।१०।२८	जनमत संकलनको लागि प्रश्नावली सम्बन्धमा छलफल ।	३:००
१६.	२०६५।१२।३०	प्रश्नावली अध्ययन सम्बन्धमा ।	३:००
१७.	२०६५।१२।३१	अवधारणा पत्रको मस्यौदा, प्रश्नावली अध्ययनको साथै मस्यौदाको लागि उपसमिति गठन सम्बन्धमा ।	१:३०
१८.	२०६६।१।७	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	४:००
१९.	२०६६।१।८	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा । अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा उपसमिति गठन सम्बन्धमा ।	८:३०
२०.	२०६६।१।९	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	७:३०
२१.	२०६६।१।१०	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	७:३०
२२.	२०६६।१।११	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	७:३०
२३.	२०६६।१।१३	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	४:३०
२४.	२०६६।१।१४	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	४:३०
२५.	२०६६।१।१५	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	४:३०
२६.	२०६६।१।१६	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	५:३०
२७.	२०६६।१।१७	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	६:३०
२८.	२०६६।१।२०	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	६:३०
२९.	२०६६।१।२१	प्रश्नावली अध्ययन गर्ने सम्बन्धमा ।	५:३०
३०.	२०६६।१।२२	प्रश्नावली अध्ययन सम्बन्धमा । अवधारणा पत्र समितिमा पेश ।	६:३०
३१.	२०६६।१।२४	समितिमा पेश गरिएको अवधारणापत्र छलफल सम्बन्धमा ।	५:३०

३२.	२०६६।१।२७	प्रश्नावलीको अध्ययन सम्बन्धमा । अवधारणापत्रमाथिको छलफल सम्बन्धमा ।	६:३०
३३.	२०६६।१।२८	अवधारणापत्र परिमार्जन सम्वन्धमा । उपसमितिको समयावधि थप सम्बन्धमा ।	४:३०
३४.	२०६६।२।१	उपसमितिको समयावधि थप सम्वन्धमा ।	३:००
३५.	२०६६।२।४	अवधारणापत्रमाथि छलफल जारी ।	५:३०
३६.	२०६६।२।५	अवधारणापत्रमाथि छलफल जारी ।	५:००
३७.	२०६६।२।६	अवधारणापत्रमाथि छलफल जारी ।	४:१५
३८.	२०६६।२।७	अवधारणापत्रमाथि छलफल जारी ।	४:४५
३९.	२०६६।२।८	अवधारणापत्रमाथि छलफल जारी ।	२:३०
४०.	२०६६।२।१०	अवधारणापत्रमाथि छलफल जारी ।	३:३०
४१.	२०६६।२।११	अवधारणापत्रमाथि छलफल जारी ।	२:००
४२.	२०६६।२।१२	अवधारणापत्रमाथि छलफल जारी ।	३:००
४३.	२०६६।२।१३	अवधारणापत्रमाथि छलफल जारी ।	३:३०
४४.	२०६६।२।१४	अवधारणापत्रमाथि छलफल जारी ।	५:००
४५.	२०६६।२।१९	अवधारणापत्रमाथि छलफल जारी ।	४:३०
४६.	२०६६।२।२८	अवधारणापत्रमाथि छलफल जारी ।	५:००
४७.	२०६६।३।२५	अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा छलफल ।	२:४५
४८.	२०६६।३।२६	अवधारणापत्रमाथिको छलफल सम्पन्न मस्यौदामा छलफल प्रारम्भ ।	६:००
४९.	२०६६।४।१	मस्यौदामा छलफल जारी ।	६:३०
५०.	२०६६।४।१२	अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा तयार भई संविधानसभामा पेश गर्ने ।	५:३०

जम्मा बैठक संख्याः ५० जम्मा समयः २०९ घण्टा ४५ मिनेट

अनुसूची-८

समिति तथा उपसमितिमा आमन्त्रित व्यक्तित्वहरु

समितिको कार्यक्षेत्र तथा कार्य विवरण सम्बन्धमा छलफलको लागि आमन्त्रित व्यक्तित्वहरु

१. मा. श्री अग्निप्रसाद खरेल
२. मा. श्री एकराज भण्डारी
३. मा. श्री खिमलाल देवकोटा
४. मा. श्री राधेश्याम अधिकारी
५. प्रा. श्री कृष्ण खनाल
६. अधिवक्ता श्री रमेश बडाल
७. अधिवक्ता श्री दिनेश त्रिपाठी

अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा उपसमितिमा आमन्त्रित व्यक्तित्वहरु

१. मा. श्री एकराज भण्डारी
२. अधिवक्ता श्री रमेश बडाल
३. अधिवक्ता श्री दिनेश त्रिपाठी
४. अधिवक्ता श्री नारायण झा

सन्दर्भ सामग्री :

Allen, C.K., **"Law in the Making"**, 7th ed. (1964), Universal Law Publishing, New Delhi.

Anderson, George, **"Federalism: An Introduction"** 4th ed. (2008) Oxford, Newyork.

Austin, Granville, "Working A Democratic Constitution" 2nd ed. (2000), Oxford, New Delhi.

Baltan, Bill and Thompson, John, **"Enterpreneurs : Talent, Temperament, Technique"** 2nd ed. (2004), Butterworth, Heinemann.

Bix, Brian, **"Law Language and Legal Determinancy"** 1st ed. (1993), Clarenden Press, UK.

Bruder, Kenneth and Moore, Brooke Neol, **"Philosophy The Power of Ideas"** 6th ed. (2005), Tata McGraw-Hill Publishing Company Limited.

Cardozo, Benjamin N., **"The Nature of Judicial Process"** 1st ed. (1921), Third Indian Reprint (2000), Universal Law Publishing Co. Pvt. Ltd., New Delhi.

Chadda, Maya, **"Building Democracy in South Asia"** 1st ed. (2000), Vistaar Publishing, New Delhi.

Cheema, G Shabbir, **"Building Democratic Institution"**, 1st ed. (2005) Kumarian Press Inc. USA.

D working, Romald, **"Law's Empire"** 1st ed. (1991), Fontana Press, UK.

Dickens, Brian, **"A life in the Law: The Process of Judging**, 1st ed. (2000), Oxford Press, New York.

Freeman, M.D.A., **"The Mortality of Law"** 2nd ed. (1969), Indian Reprint, Universal Law Publishing Co. Pvt. Ltd. New Delhi.

Goldwin, Robert A. at all, **"Constitution Makers on Constitution Making"**, Americal Enterprise Institute for Public Policy Research (1988), Washington DC.

Puymbroeck, Rudolf V. **"Comprehensive Legal and Judicial Development"** (2001), The World Bank.

Raz, Joseph, **"The Authority of Law"** 2nd ed. (1990), Clarenden Press, New York.

Schiavo-Campo, Salvatore at all, **"To Serve and To Preserve : Improving Public** Administration **in a Competitive World"**, 1st ed. (2001), Asian Development Bank.

Schmacher, E.F. **"Small is Beautiful"** 1st ed. (1993), Vintage

Singh, Amita at all, ed., **"Strengthening Governance Through Access to Justice"** 1st ed. (2009), PHI Learning Pvt., New Delhi.

Stone, Julius, **"Social Dimensions of Law ans Justice"** (1964) 1st Indian Reprint, Universal Law Publishing Co. Pvt. Ltd., New Delhi.

Stone, Julius, **"The Province and Functions of Law"** (1964) 1st Indian Reprint, Universal Law Publishing Co. Pvt. Ltd., New Delhi.

Wheare, K.C., **"Federal Government"** 4th ed. (1963) Oxford, New York.

कनक विक्रम थापाको सम्पादन, **"नेपालको संवैधानिक कानून"** दोस्रो संस्करण (२०५४), फ्रिडिल, काठमाडौं ।

टीकाराम आचार्य समेतको सम्पादन, **"लोकतान्त्रिक संविधानका आधारहरु"** प्रथम संस्करण (२०६५) सारथि अध्ययन तथा अनुसन्धान केन्द्र ।

पत्रपत्रिकाहरु :

- नेपालमा प्रकाशित विभिन्न पत्रपत्रिका, लेख र रचनाहरु
- "Harvard Law Review" का विभिन्न अंकहरु
- Newsweeks (2008, 2009) का विभिन्न अंकहरु
- The Economic Times का विभिन्न अंकहरु
- The Economist (2008, 2009) का विभिन्न अंकहरु
- Time (2008, 2009) का विभिन्न अंकहरु